आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्याच फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० काठमाडौं | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

गजब छ बा !

– अविन –

सभामुखज्यू ? हुनुहुन्न त ! हवाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*



"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

आज राष्ट्रिय शोक

काठमाडौं (कास)- सरकारले पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित ७ जनाको मृत्यु हुने गरी भएको हेलिकप्टर दुर्घटनाप्रति दुःख प्रकट गरेको छ। मन्त्रिपरिषदको बुधवार बसेको आकस्मिक बैठकले अकल्पनीय, अप्रत्यासित र दुःखद घटनाबाट राष्ट्रलाई अपूरणीय क्षति पुगेको जनाएको छ। 'नेपाल सरकार यस दुःखद घडीमा अत्यन्त गहिरो दुःख र शोक व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ। साथै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना र सहानुभूति प्रकट गर्दछ,' बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ।

मन्त्रिपरिषद्ले फागुन १६ गते बिहीबारलाई राष्ट्रिय शोक घोषणा गरेको छ। उक्त दिन सम्पूर्ण सार्वजनिक कार्यालय, शैक्षिक संस्था र विदेशस्थित नेपाली दूतावास तथा नियोगमा सार्वजनिक बिदा दिनुका साथै सम्पूर्ण सरकारी कार्यालयमा राष्ट्रिय झन्डा आधा झुकाउने बैठकको निर्णय छ। मन्त्रिपरिषद्ले अधिकारीको अन्तिम संस्कार राजकीय सम्मानसाथ गर्ने र त्यसमा सरकारका तर्फबाट सम्पूर्ण सहयोग उपलब्ध गराउने निर्णयसमेत गरेको छ।

मुलुकलाई अपूरणीय क्षति : नेकपा

सत्तारूढ नेकपाले दुर्घटनाबाट मुलुकलाई अपूरणीय क्षति पुगेको जनाएको छ। अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहालले बुधबार विज्ञप्ति जारी गरी मन्त्री रवीन्द्र अधिकारीसहित ७ जनाको निधनमा शोक व्यक्त गरेका छन्। विज्ञप्तिमा विकासप्रेमी जनप्रतिनिधि, देश विकासमा समर्पित पर्यटन उद्यमी र राष्ट्रसेवक गुमाउनुपरेकामा दुःख व्यक्त गरिएको छ। 'यस दुर्घटनाबाट मुलुकलाई अपूरणीय क्षति भएको छ, मुलुकले जनता र विकासप्रति सदैव समर्पित योग्य जनप्रतिनिधि गुमाएको छ, निजी क्षेत्रबाट देशको विकासमा समर्पित पर्यटन उद्यमी, राष्ट्रसेवक कर्मचारी र हेलिकप्टर चालक गुमाएको छ,' विज्ञप्तिमा छ।

नेकपाले होनहार नेता, विकासप्रेमी जनप्रतिनिधि र प्रचुर सम्भावना बोकेको भरोसायोग्य नेता गुमाएको जनाएको छ। अधिकारीले नेपालको कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदानको पार्टीले उच्च मूल्यांकन गर्नेसमेत विज्ञप्तिमा उल्लेख छ। २०६४, २०७० र २०७४ सालका संविधानसभा र प्रतिनिधिसभा निर्वाचनमा कास्कीबाट निर्वाचित अधिकारी अब्बल राजनीतिकर्मीका रूपमा स्थापित भएको नेकपाले उल्लेख गरेको छ। दुर्घटनामा परी ज्यान गुमाएका मन्त्री अधिकारी, पर्यटन उद्यमी आइछिरिङ शेर्पा, राष्ट्रसेवक कर्मचारी र हेलिकप्टर चालकप्रति पार्टीले श्रद्धाञ्जली व्यक्त गरेको छ।

रवीन्द्र भद्र र सुयोग्य नेता : देउवा

कांग्रेस सभापति एवं प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले हेलिकप्टर दुर्घटनामा परी निधन भएका मन्त्री रवीन्द्र अधिकारी भद्र र सुयोग्य नेता रहेको उल्लेख गरेका छन्।

देउवाले शोक वक्तव्य जारी गरी अधिकारीलगायत दुर्घटनामा परी निधन भएका सातै जनाप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्। 'विद्यार्थी जीवनदेखि संघर्ष गरेर अघि बढेका रवीन्द्र अधिकारी नेपाली राजनीतिका उदीयमान युवा नेताका अलावा व्यक्तिगत रूपमा भद्र र सुयोग्य हुनुहुन्थ्यो,' वक्तव्यमा भनिएको छ। देउवाले सरकार, नेपाल कम्युनिस्ट पार्टी र परिवारजनप्रति समवेदना प्रकट गरेका छन्। उनले यती एयरका प्रबन्ध निर्देशक आइछिरिङ शेर्पाको निधनले मुलुकले सफल व्यवसायी गुमाएको उल्लेख गरेका छन्। दुर्घटनाको गहिरो अध्ययन र अनुसन्धान प्रक्रिया तत्काले अघि बढाउन उनले सरकारसँग मागसमेत गरेका छन्।

कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि विज्ञप्ति जारी गर्दै हेलिकप्टर दुर्घटनामा पर्यटनमन्त्री अधिकारीसहित ७ जनाको निधनले आफू स्तब्ध र मर्माहत भएको बताएका छन्। उनले अधिकारीलाई मिजासिला र भद्र व्यक्तिका रुपमा चित्रण गर्दै उनको निधनमा सरकार, नेकपा, उनको परिवार र शुभेच्छुकप्रति समवेदना व्यक्त गरेका छन्। दुर्घटनामा ज्यान गुमाएका यति एयरका प्रबन्ध निर्देशक शेर्पालगायतको निधनले आफूलाई दुःखी बनाएको भन्दै पौडेलले मृतकका परिवारमा समवेदना व्यक्त गरेका छन्।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले छुट्टै विज्ञप्ति जारी गरी दरबार हत्याकाण्डलगत्तै विद्यार्थी आन्दोलनलाई माथि उठाउन अधिकारीको उल्लेखनीय भूमिका रहेको बताएका छन्। 'आन्दोलनलाई सानातिना विमतिबाट माथि उठाएर लोकतन्त्रका सवालमा सम्पूर्ण एकता निर्माणमा म रवीन्द्रजीको भूमिका स्मरण गरिरहेको छु,' उनले भनेका छन्।

घर बनाउने सपना अधुरै

काभ्रे (कास)- ताप्लेजुङ हेलिकप्टर दुर्घटनामा परेका छन् बनेपाका इन्जिनियर ध्रुवदास भोछिभोय पनि। काठमाडौं बागबजार बस्दै आएका ध्रुवका ८५ वर्षीय बाबु गोकुलदास र ८४ वर्षीया आमा रामकुमारी भने बनेपास्थित पुरानो घरमा बस्दै आएका छन्। ध्रुव एक्ला छोरा हुन्। १० दिनअघि बनेपा आउँदा ध्रुवले पुरानो घर भत्काएर नयाँ बनाएपछि परिवार सबै बनेपामै बस्ने योजना सुनाएका थिए। तर उनको बनेपा सर्ने सपना अधुरै रह्यो। 'हप्ता-हप्तामा आइरहनुहुन्थ्यो,' स्थानीय मनीष भोछिभोयाले भने, 'निवृत्त भएपछि बनेपामै बस्ने सोच सुनाउनुभएको रहेछ।' १० औं तहमा कार्यरत भोछिभोय २०७६ वैशाखबाट निवृत्त हुँदै थिए। मुटुका बिरामी बाबुआमा दुवैलाई आफन्तले ध्रुवको निधनबारे बुधबार साँझसम्म पनि जानकारी दिएका छैनन्। शव आएपछि मात्रै जानकारी दिने भन्दै मृत्युको पुष्टि नगरेको मनीषले बताए।

ध्रुवका श्रीमती यमुना, तीन छोरी र छोरा छन्। छोरीहरू मनीषा र अनिषा मेडिकल डाक्टर हुन् भने वर्षा एमबीबीएस अध्ययन गर्दैछिन्। छोरा धिरज इन्जिनियर छन्। 'काभ्रेले एउटा होनाहार प्रतिभा गुमायो, सामाजिक, सांस्कृतिक क्रियाकलापमा पनि उत्तिकै सक्रिय थिए,' नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य बनेपाका सुरकृष्ण वैद्यले भने, 'जिल्लामा विमानस्थल सम्भाव्यता अध्ययन गर्नेलगायत काममा उनको विशेष भूमिका थियो।' २०३४ मा आजाद मावि बनेपाबाट एसएलसी उत्तीर्ण गरेका ध्रुव पढाइमा अब्बल थिए। 'पहिलो, दोस्रो भइरहन्थे,' उनका सहपाठी बोधनाथ तौजले भने, 'एक अब्बल, इमानदार साथीलाई गुमाउनुपर्दा पीडामा छौं।'

मन्त्रीको अन्तिम उडान

मन्त्री अधिकारी बिहीबार पशुपति क्षेत्र विकास समितिको बैठकमा सहभागी भई बेलुका १० दिनका लागि जर्मन उड्ने योजनामा थिए

■ **सुरज कुँवर** (काठमाडौं)

रासस

ताप्लेजुङमा बुधबार हेलिकप्टर दुर्घटनामा परेकाको शव सुकेटार विमानस्थलमा। बुधबार रातिसम्म चार शव ल्याइपुऱ्याइएका छन्।

प्रधानमन्त्रीको जन्मथलो तेह्रथुममा प्रस्ताव गरिएको विमानस्थलका लागि चुहानडाँडामा निरीक्षण सकिएपछि पर्यटनमन्त्री रवीन्द्र अधिकारीले बुधबार मध्याह्न काठमाडौंस्थित स्वकीय सचिवालयमा फोन गरी आफू फर्किने तयारीमा रहेको बताएका थिए। उनको डायरीमा बुधबारका लागि अन्य कार्यक्रम, भेटघाट, मिटिङ थिएनन्। केहीबेरपछि फेरि फोन गरेर भने, 'म ताप्लेजुङको पाथीभरा पो आइपुगें। केहीबेरमै त्यता (काठमाडौं) फर्किंदै छौं। गाडी लिएर एयरपोर्टमा लिन आउनु।' सचिवालय टोली झन्डावाल गाडीसहित विमानस्थल पुग्यो। त्यसमा थिए, उनका स्वकीय सचिव कृष्णप्रसाद आचार्य।

उनी पुग्दा उता ताप्लेजुङमा हेलिकप्टर दुर्घटनामा परेको खबर काठमाडौं विमानस्थलमा आइसकेको थियो। त्यसमा सवार जीवितै छन् या छैनन् भन्ने यकिन भइसकेको थिएन। मन्त्रीको स्वकीयलाई यसबारे जानकारी रहेनछ। कर्मचारीले उनलाई चिया प्रस्ताव राख्दै अल्मल्याएछन्। डाइनेस्टीको हेलिकप्टरमा सवार क्याप्टेनसहित ७ जनाबारे नकारात्मक समाचार एकैछिनमा डढेलोझैं फैलिएपछि विमानस्थलमा पुगेको स्वकीय सचिवालय टोलीले पनि छनक पाइहाल्यो। उनीहरू भावविह्वल हुँदै रित्तै फर्के।

मन्त्री अधिकारी बिहीबार बिहान पशुपति क्षेत्र विकास समिति सञ्चालक समितिको बैठकमा सहभागी भई बेलुका कतार एयरवेजको जहाजमा १० दिनका लागि जर्मन उड्दै थिए। यता क्वार्टरमा उनकी पत्नीले बुधबारै लगेज तयारी गरिसकेकी थिइन्। विश्वमै सर्वाधिक महत्त्व र ठूलो मानिने बर्लिन मेलामा उनी आगामी वर्ष नेपालले मनाउने भ्रमण वर्ष २०२० बारे जानकारी गराउने टोलीको नेतृत्व गर्दै थिए।

ताप्लेजुङको फुङलिङमा भएको दुर्घटनामा उनीसहित पर्यटन उद्योगमा कहलिएका व्यवसायी आइछिरिङ शेर्पा, नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक तथा रेडियो इन्जिनियर वीरेन्द्रप्रसाद श्रेष्ठ र सिभिल इन्जिनियर ध्रुवदास भोछिभोय, प्रधानमन्त्री कार्यालयका उपसचिव युवराज दाहाल, मन्त्रीका अंगरक्षक अर्जुन घिमिरे (नेपाली सेना) र हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीको निधन भएको छ। योसहित नेपालमा हेलिकप्टर दुर्घटनाको संख्यामात्रै ३३ नाघेको छ। जसमा कम्तीमा ६५ को ज्यान गुमेको छ।

केही दिनयता देशभरको बदलिँदो मौसमबारे पर्यटन मन्त्रालय पनि जानकार थियो। मन्त्रीको निजी सचिवालयले यसबारे जानकारी पनि गराएको थियो। तर, यो कार्यक्रम धेरै अघि नै तय भइसकेको थियो। 'हिजो (मंगलबार) दाङको कार्यक्रम थियो,' मन्त्रीका एक सहयोगीले भने, 'दाङ गएको भए तेह्रथुमको कार्यक्रम रद्द हुने थियो तर दाङका एक एमाले नेताको निधनका कारण कार्यक्रम रद्द गरिएको थियो। 'प्रधानमन्त्रीले पहिले तिमी हेरेर आऊ अनि म जाउँला' भनेकाले ताप्लेजुङको कार्यक्रम तय भइसकेको थियो।

मंगलबार बिहान मात्रै अध्यक्षका हैसियतले मन्त्री अधिकारी प्राधिकरण सञ्चालक समितिको बैठकमा थिए। त्यहीँ उनले प्रधानमन्त्रीको हवला दिँदै यो भ्रमणबारे बोलेका थिए। मन्त्रीले प्राधिकरणको बोर्ड बैठकमा महानिर्देशक सञ्जीव गौतमलाई स्थलगत निरीक्षणका लागि सँगै जान प्रस्ताव गरेका थिए। महानिर्देशकले केही दिनअघि बहाल भएका पर्यटन सचिवसँग बैठक तय भइसकेकाले जान नसकिने जनाएका थिए। उनको स्थानमा मन्त्रीले उपमहानिर्देशक राजन पोखरेललाई प्रस्ताव गरेका थिए। पोखरेल आफन्तको बिहे परेकाले नेपालगन्जमा थिए। अन्ततः विमानस्थल बनाउने निकायबाट उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ र इन्जिनियर भोछिभोय सँगै जाने निश्चय भयो। यसैमा मिसिए हेलिकप्टर कम्पनीका सञ्चालकसमेत रहेका व्यवसायी शेर्पा र प्रधानमन्त्री कार्यालयका उपसचिव दाहाल।

विमानस्थलका एक एयर ट्राफिक कन्ट्रोलरका अनुसार बुधबार बिहानको मौसम हेलिकप्टर उडानका लागि ठीकै थियो। 'पाइलटले तेह्रथुम पुग्दासम्मको मौसम ठीकै छ भनेका थिए,' ती एटीसीले भने, 'तर मध्याह्नतिर ताप्लेजुङको मौसम बदलिएछ।' क्याप्टेन केसीले सुकेटार विमानस्थलका एटीसीलाई पाथीभरामा हिमपात भइरहेको जानकारी गराएका थिए। उनको यो नै अन्तिम सम्पर्क थियो।

डाइनेस्टीका एक अधिकारीका अनुसार पाथीभरामा २६ वर्षीय क्याप्टेन केसी दोस्रोपटकको प्रयासमा उडेका थिए। आकाशमा करिब ३ हजार घण्टा हाराहारी बिताएका उनी पहिलो प्रयासमा हिमपातका कारण उड्न नसकेपछि दोस्रो प्रयासमा उडेको बताइएको छ। सिंगल इन्जिन हेलिकप्टर उड्न कम्तीमा १ हजार मिटर भिजिबिलिटी भए पुग्छ। तर पाइलटले उडान भर्दा जमिनको सतह देखेको हुनुपर्छ।

प्राधिकरणका एक उच्च अधिकारीका अनुसार दुर्घटनाको कारण यसको इन्जिनको अवस्थाबारे प्राविधिक निरीक्षण गरेपछि पत्ता लाग्न सक्छ। यसमा ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर नहुने भएकाले यकिन गर्न चुनौती हुन्छ। यसैबीच सरकारले पूर्वसचिव यज्ञ गौतमको संयोजकत्वमा चार सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ। डाइनेस्टीसँग भएका ५ वटा हेलिकप्टरमध्ये यो तीन वर्षअघि मात्रै खरिद गरिएको ब्रान्ड न्यु थियो।

पोखरावासी स्तब्ध

छोराको निधनको खबरले विक्षिप्त बनेकी मन्त्री रवीन्द्र अधिकारीकी आमा लक्ष्मीदेवीलाई बुधबार साँझ काठमाडौं लैजान पोखरा-५ मालेपाटनस्थित घरबाट बाहिर ल्याउँदै आफन्त।

तस्बिर : भीम/कान्तिपुर

■ **भीम घिमिरे र दीपक परियार** (पोखरा)

सांसदको कोटाबाट चालू वर्षका लागि पूर्वाधार विकास बजेटमा यसपटक रवीन्द्र अधिकारीले छनोट गरेको योजनाले पोखरेलीमाझ तरंग ल्याएको थियो।

योजना थियो- सहरको व्यस्तमध्येको चौरस्ता सिर्जनाचोकमा आकाशे पुल बनाउने। त्यसका लागि उनले ५० लाख विनियोजन गरेपछि महानगरपालिकाका इन्जिनियर शोभित खडकाले डिजाइन पनि तयार पारिसकेका छन्। दुई साताअघि महानगरपालिकाले गरेको पत्रकार सम्मेलनमा मेयर मानबहादुर जीसीले २ करोड ४१ लाख लागत रहने पुल निर्माणका लागि छिट्टै टेन्डर आहवान गरिने बताएका थिए। डिजाइन र इस्टमेट सार्वजनिक गरे पनि महानगरले टेन्डर आहवान गरिसकेको छैन।

कास्की-२ का सांसद एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारीले बुधबार बिहानै पोखरा-८ का वडाध्यक्ष रुद्र बरााललाई फोन गरेका थिए। 'मन्त्रीज्यूले पुलको कुरा के भयो, डिजाइन र निर्माणको काम थाल्ने विषयमा लागिपर्नुस्, ढिला गरेर हुँदैन भन्नुभएको थियो,' बरालले भने, 'बिहान ८ बजे उहाँले फोन गरेपछि म महानगर गएर इन्जिनियरलाई भेटें, तयारी प्रक्रिया बुझेर फिर्दै थिएँ, दुर्घटनाको खबर सुनें।' गत वर्ष पनि उनले फेवातालको जलकुम्भी सफा गर्ने यन्त्र खरिदका लागि ५० लाख छुट्याएका थिए। उनी दुईपटक संविधानसभा सदस्यसमेत रहेका थिए। प्रत्येकपटक पोखरा आउँदा महानगरको विकास योजनामा चासो राख्ने र सबैलाई सम्मान गर्दै नम्र बोल्ने उनको बानीलाई सम्झँदै पोखरेलीहरू सामाजिक सञ्जालमा समवेदना व्यक्त गरिरहेका छन्।

'हामी नेताहरू यस्ता छौं, जो भाषण गर्न जान्दछौं, अरू कला खोज्नुपरे गाह्रो छ,' गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री किरण गुरुङ भन्छन्, 'रवीन्द्रजी फरक हुनुहुन्थ्यो। उहाँको अध्ययनशील बानी थियो। विचार पुऱ्याएर बोल्ने, मीठो बोल्ने। कटु वचन बोल्नेलाई जवाफ नदिई हाँसेर टार्ने कला जोकोहीमा पाउन गाह्रो छ।'

कास्कीको साबिक भरतपोखरी-९, जामुनाबोटका अधिकारीलाई गुरुङले २०३७ सालदेखि चिनेका हुन्। 'त्योबेला म मालेको कार्यकर्ता, भूमिगत अवस्थामा थिएँ,' उनले भने, 'आठ कक्षामा पढ्ने रवीन्द्रलाई किशोर कार्यकर्ताका रूपमा पार्टीमा सहभागी गराइएको थियो।' रवीन्द्रका पिता इन्द्रप्रसाद पछि तनहुँको एउटा विद्यालयमा पढाउन गएपछि सम्बन्ध पारिवारिक भयो। 'राजनीतिक कार्यकर्ता थरीथरीका हुन्छन्, रवीन्द्रको आनीबानी पार्टीको माथिल्लो ओहदामा पुग्ने खालको थियो,' गुरुङ भन्छन्, 'सबैलाई समन्वय गरेर लैजाने, विपक्षीलाई छिटो रिझाउन सक्ने खुबी सबैमा हुँदैन, उहाँमा थियो।'

संसदको विकास समिति सभापति हुँदा अधिकारीले योजना छनोट, बजेट परिचालन र सहयोगका सबै प्रक्रियाबारे राम्रो जानकारी राखेको गुरुङ बताउँछन्। 'उहाँलाई सबै प्रक्रिया थाहा हुन्थ्यो, त्यस्तो अध्ययन गर्ने बानी निकै कम नेतामा पाइन्छ,' उनले भने, 'उहाँसँगै काम गरेका नेता-कार्यकर्ता मात्रै होइन, कर्मचारी पनि सकारात्मक सोच र अरूलाई असल काम गर्न हौस्याउने बानीका कारण प्रभावित भएका थिए।'

गण्डकीका प्रदेशसभा सदस्य राजीव पहारी पछिल्लो समय फेवाताल जोगाउने अभियानको अगुवाइ गरिरहेका छन्। 'रवीन्द्र दाइले एउटा निश्चित मुद्दामा प्रस्ट भएर जानुपर्छ भन्नुभएको थियो,' उनी भन्छन्, 'पार्टीका नेताका रूपमा होइन, मजस्तै धेरै जनासँग उहाँको दाजुभाइकै जस्तो सम्बन्ध थियो। उहाँलाई नजिकबाट चिनेकाहरूले खराब भन्दैनथे।' सांसद विकास कोष र निर्वाचन क्षेत्र पूर्वाधार विकासको बजेटलाई योजना छनोटपछि पारदर्शी तवरले विवरण सार्वजनिक गर्ने बानी सुशासन चाहनेका लागि स्मरणीय रहेको उनले बताए। मन्त्री अधिकारी पछिल्लोपटक गत आइतबार पोखरा-२१ को भविष्य निर्माण मावितको ६६ औं वार्षिकोत्सवमा सहभागी भएका थिए। उनले त्यहाँ पिता इन्द्रप्रसादको नाममा १ लाख ५ हजारको अक्षय कोष राखिदिएका थिए। कार्यक्रममै विद्यालयका लागि शिक्षासेवीहरूबाट अक्षयकोषमा ९ लाख ५३ हजार रुपैयाँ उठेको थियो।

अधिकारीका बाल्यकालका साथी केशवप्रसाद आचार्य भन्छन्, 'ऊ बच्चैदेखि फरक स्वभावको थियो। रिसाउँदैनथ्यो, जस्तो अप्ठ्यारोमा पनि मुसुक्क हाँसेर टार्थ्यो।' नरिसाउने बानीकै कारण अधिकारीले राजनीतिमा छिट्टै अग्रस्थान बनाउन सफल भएको उनी बताउँछन्। 'संयमित हुने, विचार पुऱ्याएर बोल्ने उसको असाधारण क्षमता थियो,' उनी भन्छन्, 'मैले बालसखा गुमाएँ, देशले क्षमतावान नेता गुमायो।'

अधिकारीले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अभियानलाई बल दिएका थिए। आफू सभासद र विकास समितिमा रहँदा विमानस्थल निर्माण सरोकार समितिको बैठक पटक-पटक बोलाएका थिए। गाउँ, टोल र वडा इकाईसमेतका कार्यक्रममा निम्त्याउँदा सहज रूपमा उपस्थित हुने बानीले उनी पोखरेलीमाझ लोकप्रिय थिए।

'म एकदमै हतारमा छु'

■ **चन्द्र कार्की** (तेह्रथुम)

आठराई गाउँपालिका-६, चुहानडाँडामा विमानस्थल बनाउने संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको सपना अधुरै रह्यो। तीन वर्षभित्र बनाइसक्ने गरी अन्तिम सर्वेका लागि बुधबार अपराह्न चुहानडाँडा आएका मन्त्री अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मगाउँमा विमानस्थल बनाउने सपना अधुरै रहेको हो।

चुहानडाँडामा बुधबार बिहान ११ बजेदेखि करिब ४५ मिनेटसम्म भएको औपचारिक कार्यक्रम नै अधिकारीको अन्तिम कार्यक्रम बन्न पुग्यो। एकदमै हतारमा छोटो समय सम्बोधन गरेका उनले चुहानडाँडामा विमानस्थल बनाउन प्रधानमन्त्रीको समेत इच्छा रहेकाले 'चाँडै यहाँबाट हवाईजहाज उड्ने' बताएका थिए। उनले कार्यक्रममा भनेका थिए, 'अबको केही वर्षभित्रै काठमाडौं र आठराईको दूरी छोट्टिएर केही घण्टाको मात्र हुनेछ।'

विमानस्थल निर्माण समितिका उपाध्यक्षसमेत रहेका प्रदेश सांसद तेजमान कन्दङवाका अनुसार मन्त्री अधिकारीले कार्यक्रमलाई सम्बोधन गर्दै अबको तीन वर्षभित्र चुहानडाँडावासीले हवाईजहाज चढेर काठमाडौं पुग्ने बताएका थिए। सांसद कन्दङवा कार्यक्रम स्थलमा मन्त्रीसँगै थिए। अधिकारीले आफ्नै कार्यकालमा विमानस्थल निर्माण सुरु गर्ने बताएका थिए।

कार्यक्रममै सहभागी आठराई गाउँपालिकाकी उपाध्यक्ष रूपा कन्दङवाले मन्त्री अधिकारी एकदमै हतारमा रहेको बताइन्। 'म आज एकदमै हतारमा छु, सबैले बोल्न समय छैन, म पनि थोरै कुरा बोल्छु...,' मन्त्री अधिकारीको भनाइ उद्दत गर्दै कन्दङवाले सुनाइन्। अधिकारीले हतार भएको भन्दै आयोजकमध्येका एक जनालाई मात्र बोल्न भनेका थिए। माला खादा लगाउने समयमा समेत 'छिटो गर्नुस्, आज एकदमै हतार छ' भनेको उपाध्यक्ष कन्दङवाले बताइन्।

मन्तव्यमा अधिकारीले प्रधानमन्त्री ओलीको गाउँमा आफ्नै कार्यकालमा जहाज ल्याएर छाड्ने प्रतिबद्धता जनाएको निर्माण समिति सचिव रामचन्द्र थपलियाले बताए। अधिकारीले प्रधानमन्त्रीले पठाएरै आफू आएको बताएका थिए। 'प्रधानमन्त्रीज्यूले पठाएरै म आएको हुँ, अब चिन्ता नलिनुस्, चुहानडाँडामा जसरी पनि एयरपोर्ट बन्छ,' कार्यक्रममा उनले भनेका थिए।

'उहाँले ताप्लेजुङ जाने विषयमा कुरा गर्नुभएको थिएन,' कन्दङवाले भने, 'काठमाडौं फर्कन हतार छ, भन्नुभएको थियो।' मन्त्री अधिकारीले आठराई गाउँपालिकाको इवास्थित ओलीको जन्मघरचाहिँ हेलिकप्टरबाटै भए पनि हेरेर फर्किने बताएको सांसदले जानकारी दिए। 'प्रधानमन्त्रीको जन्मघर हेलिकप्टरबाटै हेरेर फर्किन्छु, आज हतार छ भन्नुभएको थियो,' उनले सम्झिए, 'त्यसको एक घण्टा नबित्दै दुःखको खबर सुन्नुपऱ्यो।'

विमानस्थलका अलावा जिल्लाको पर्यटन विकास र राष्ट्रिय गौरवका आयोजना चाँडो निर्माणका लागि समेत सक्दो सहयोग गर्ने अधिकारीले बताएका थिए। बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला चुहानडाँडामा प्राविधिकसहितको टोली आएर २९ करोड रुपैयाँ लागतमा विमानस्थल निर्माण हुने प्रतिवेदन मन्त्रालयमा पेस गरेको थियो। केपी ओली पहिलो पटक प्रधानमन्त्री हुँदा अर्को प्राविधिक टोलीले क्षेत्रफलसमेत बढाएर ८७ करोड रुपैयाँ लागतमा विमानस्थल बन्ने प्रतिवेदन दिएको थियो।

स्थानीयले २०२८ सालदेखि चुहानडाँडामा विमानस्थल बनाउन माग गर्दै आएका थिए। पछिल्लो समय स्थानीय समाजसेवी लक्ष्मीनारायण उप्रेतीको अध्यक्षतामा स्थानीयले समिति गठन गरेरै विमानस्थल निर्माण अभियान थालेका थिए।

‘अलपत्र सडकको विवरण देऊ’

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

संघीय संसद्को प्रविधि तथा विकास समितिले मुलुकभरका अलपत्र सडकको विवरण साताभित्र पठाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको छ। समितिका तर्फबाट सभापति कल्याणी खड्काले सडक निर्माणबारे अन्योल भएको भन्दै तत्काल विवरण पठाउन निर्देशन दिएकी हुन्।

‘कुन सडक कुन ठेकेदारले निर्माण गरेको हो, कति वर्षभित्र सम्पन्न गर्नुपर्ने हो, जानकारी नै छैन,’ उनले भनिन्, ‘तत्काल विवरण पठाउनुहोस्, अलपत्र पार्नेलाई नियमअनुसार कारबाही गर्नुपर्छ।’ उनले संघ, प्रदेश र स्थानीय तहमा निर्माण भइरहेका सडक आयोजनाको विवरण पठाउन आग्रह गरिन्। असोज १७ मा सडकको विवरण पठाउन पत्राचार गरे पनि नआएपछि रोष प्रकट गर्दै समितिले सडक डिभिजनका नाम, निर्माण कम्पनीको नाम, ठेक्काको मिति, निर्माण सम्पन्न मितिलगायत विवरण माग गरेको छ। वर्षौंदेखि सडक पूर्वाधारका काम अलपत्र परेको भन्दै अधिकांश सांसदले संघीय सरकारले त्यसको जिम्मा लिनुपर्ने सुझाव दिएका छन्। सांसद गणेश पहाडीले अधिकांश सडक जीर्ण रहेको भन्दै तत्काल निर्माण गर्नुपर्ने बताए। ‘जता हेऱ्यो उतै अलपत्र सडक छन्, धूवाँधूलो उस्तै छ,’ उनले भने, ‘संघीय सरकारले तत्काल निर्माण गर्नुपऱ्यो।’

सांसद जिपछिरिङ लामाले प्रदेश र स्थानीय तहमा बजेट निकै कम भएकाले संघीय सरकारले नै निर्माण अघि बढाउनुपर्ने माग गरे। ‘प्रदेशका सडकको जिम्मा पनि संघीय सरकारले लिनुपऱ्यो,’ उनले भने, ‘अब निर्माण कार्यमा ढिलाइ गर्न हुन्न।’ सांसद राजेन्द्र राईले अलपत्र सडक निर्माण अघि बढाए मात्र समृद्धि र विकास हुन सक्ने बताए।

सांसद टोपबहादुर रायमाझीले प्रदेश र स्थानीय तहमा दक्ष इन्जिनियर नहुँदा काम अलपत्र परेको गुनासो गरे। ‘बजेट छैन, कर्मचारी छैन,’ उनले भने, ‘यसरी आयोजनाको काम कसरी अगाडि बढ्छ, यसको व्यवस्थापन सरकारले चाँडो गर्नुपर्छ।’

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले प्रदेश र स्थानीय तहको सडकको जिम्मेवारी लिन समस्या भएको बताए। ‘त्यसबारे बृहत् छलफल गरेर टुंगोमा पुग्नुपर्छ,’ उनले भने, ‘अब चाँडै छलफल गर्छौं।’ उनले प्रधानमन्त्रीको नेतृत्वमा रहेको अन्तरसरकारी समन्वय परिषद्सँग छलफल गरेर मात्र प्रदेश र स्थानीय तहको सडक निर्माणको जिम्मेवारी लिन सकिने बताए। भौतिक पूर्वाधार तथा यातायात सचिव मधुसूदन अधिकारीले अलपत्र सडकको विवरण एक साताभित्र उपलब्ध गराएर निर्माण प्रक्रियाबारे छलफल गर्ने जानकारी दिए। उनले ७२ हजार किमि सडक प्रदेश र स्थानीयतहको जिम्मामा रहेको बताए।

मन्त्री महासेठले स्थानीय तह र प्रदेशमा निर्माणाधीन सडकका लागि २६ अर्ब दायित्व चाहिनेमा ८ अर्ब पठाइसकेको जानकारी दिए। संघीय सरकारमातहत १५ किमि सडक निर्माण गर्ने जिम्मेवारी रहेको जनाउँदै उनले २ खर्ब १७ अर्ब रुपैयाँ चाहिने बताए। हाल ८५ अर्ब रुपैयाँ मात्र बजेट रहेको उनको भनाइ छ।

विप्लवबारे सरकारको धारणा माग

काठमाडौं (कास)- कांग्रेसले नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाबाट भइरहेका हिंसात्मक गतिविधिबारे सरकार र सत्तारूढ नेकपाको स्पष्ट दृष्टिकोण माग गरेको छ। राष्ट्रिय सभाको बैठकमा बुधबार सांसद जितेन्द्रनारायण देवले नेपाली राजनीतिमा प्रवेश गर्न लागेको हिंसा र आतंकलाई सत्ताधारी पार्टीले गम्भीरतापूर्वक नलिए मुलुक फेरि द्वन्द्वमा फस्ने चिन्ता व्यक्त गरे।

‘विप्लवको पार्टीप्रतिको दृष्टिकोण के हो ? त्यसबारे सरकार तथा नेकपाको दृष्टिकोण अविलम्ब आउनुपर्छ। सरकार स्पष्ट हुन जरुरी छ,’ उनले भने, ‘सतही रूपमा मात्रै हेरियो भने नेपालको फेरि दुर्दिन आउन सक्छ।’ उनले विप्लवलाई लिएर सरकार र नेकपाको नेतृत्वमा सैद्धान्तिक अन्योल देखिएको दाबी गरे। राजनीतिक समाधान भइसकेको र अब आर्थिक विषयको मात्र कुरा गर्ने प्रधानमन्त्रीको भनाइमा सत्य नरहेको भन्दै उनले राजनीतिक विषय समाधान गर्न सुझाए। ‘मूलधारकै राजनीतिक दल संविधान संशोधनको कुरा गरिरहेका छन्। संविधान संशोधन गरेर मेनस्ट्रिमका दलहरूलाई एक ठाउँमा ल्याउन जरुरी छ,’ उनले थपे, ‘शान्तिको पक्षमा रहेका राजनीतिक शक्ति एकठाउँ आउनुपर्छ। र, आतंकवादी हिंसात्मक गतिविधिलाई निस्तेज पारिनुपर्छ।’ उनले कांग्रेसले हिंसात्मक गतिविधिको निन्दा गरिसकेको बताए।

राष्ट्रिय सभा बैठकले केही नेपाल ऐन संशोधन विधेयक पारित गरेको छ। प्रचलित कानुनलाई संविधानअनुकूल बनाउन ५७ वटा ऐनमा संशोधन गरिएको हो।

भारत र पाकिस्तानलाई संयम हुन नेपालको आग्रह

काठमाडौं (कास)- भारत र पाकिस्तानबीच बढदो तनावमा चासो व्यक्त गर्दै नेपालले दुवै देशलाई क्षेत्रीय शान्ति कायम राख्नका लागि संयमता अपनाउन आग्रह गरेको छ। जम्मु-कश्मीरमा दुई देशबीच उत्पन्न तनावले युद्ध निम्तिन सक्ने अवस्थाप्रति सार्क राष्ट्रको अध्यक्षता गरिरहेका हैसियतले चिन्ता व्यक्त गर्दै नेपालले दक्षिण एसियाको शान्ति र स्थिरतामा आघात पर्ने कुनै कदम नचाल्न भनेको हो।

‘दक्षिण एसियाको शान्ति र स्थायित्वको महत्त्वलाई मध्यनजर राख्दै सार्कको वर्तमान अध्यक्षका हैसियतले नेपाल दुवै पक्षलाई उच्च धैर्य अपनाउन र यस क्षेत्रको शान्ति तथा सुरक्षालाई खलल पार्ने कुनै काम नगर्न आहवान गर्दछ,’ परराष्ट्र मन्त्रालयद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, ‘तनावलाई साम्य पारी अवस्थालाई सामान्य बनाउन संवाद र शान्तिपूर्ण तबरबाट समाधान खोज्न पनि नेपाल दुवै पक्षलाई आग्रह गर्दछ।’

१६ हजार कर्मचारी समायोजन बाँकी

काठमाडौं (कास)- संघ, प्रदेश र स्थानीय तहमा समायोजनका लागि फाराम भरेकामध्ये अब करिब १६ हजार निजामती कर्मचारीलाई मात्र समायोजन गर्न बाँकी छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समायोजन महाशाखा प्रमुख सहसचिव केदार पनेरुका अनुसार मंगलबारसम्म तीनवटै तहमा गरी ४५ हजार २ सय ७१ जना कर्मचारीको समायोजन सकिएको छ। संघमा ३१ हजार ६ सय ३५, प्रदेशमा ६ हजार १ सय ६४ र स्थानीय तहमा ७ हजार २ सय ५७ जना निजामती कर्मचारीको समायोजन भएको उनले जानकारी दिए। अहिलेसम्म फाजिलमा २ सय १५ जना कर्मचारीलाई समायोजन गरिएको छ। तिनमा सहायक कम्प्युटर अपरेटर, अपरेटर र विविध सेवाका छन्।

सरकारले संघमा ४७ हजार ९ सय २०, प्रदेशमा २२ हजार ७ सय ५५ र स्थानीय तहमा ६७ हजार ५ सय ३ निजामती कर्मचारी रहने गरी दरबन्दी कायम गरेको छ। समायोजन हुन बाँकी करिब १६ हजारमध्ये वन, कृषि, इन्जिनियरिङ, तथ्यांकलगायत सेवाका बढी छन्। स्वास्थ्य सेवाअन्तर्गत २७ हजार कर्मचारीको समायोजन प्रक्रिया पनि अघि बढेको छ।

कञ्चनपुरस्थित महाकाली नदीबाट बालुवा निकाल्दै कामदार। जथाभावी बालुवा उत्खनन भइरहे पनि सरोकारवाला निकायले चासो दिएका छैनन्। *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

समृद्ध नगरका योजनाकार थिए दाहाल

■ **विप्लव भट्टराई** (इलाम) र **रमेशचन्द्र अधिकारी** (धनकुटा)

राजनीतिक संक्रमणको लामो अवधिमा देशैभरि स्थानीय तहमा विकास-निर्माण ठप्प हुँदा इलाम नगरपालिका भने हरितनगरको अवधारणासहित अघि बढेको थियो। पर्यटकीय पूर्वाधार विकासदेखि जनजीविकाका हरेक पक्षमा नगरको सोच पूर्वका अरू नगरभन्दा भिन्न लाग्थ्यो।

पहाडकी रानी उपनाम पाएको जिल्ला सदरमुकामलाई सिंगार्न इलाम नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत युवराज दाहालसँग प्रस्ट खाका थियो। उनकै अगुवाइमा बनाइएका पूर्वाधार अहिले पनि नगरपालिकाको पर्यटन विकासका सारथि हुन्। मुलुकै पुरानो चियाबारी क्षेत्रमा ट्रेकिङ रोड, चियाबारीमा पोखरी, भ्युटावर, ठाउँ-ठाउँमा प्यागोडा शैलीको चौतारा निर्माणलगायत काममा दाहालले देखाएको तत्परता जोकोहीको मानसपटलबाट हटेको छैन। गौतम बुद्ध सभागृह र शीतभण्डारको काम पनि दाहालकै नेतृत्वमा भएका हुन्।

इलामलाई टिकाउन हवाई मैदान चाहिन्छ भन्दै उनले सुकिलुम्बा विमानस्थल निर्माण गर्न महत्त्वपूर्ण भूमिका निभाएका थिए। नगरपालिकालाई प्लास्टिकमुक्त सहर बनाउने अभियान उनकै अगुवाइमा चलेको थियो। बुधबार हेलिकप्टर दुर्घटनामा प्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय सचिव रहेका दाहालको निधन भएको खबरले इलाम शोकमग्न छ। ‘सुन्दर इलाम निर्माणका लागि अहोरात्र खटिएका दाहाल दुर्घटनामा पर्दा

पाँच वर्षअघि पाथीभरा दर्शनमा गएका बेला परिवारसँग युवराज दाहाल। *तस्बिर : दाहालको फेसबुकबाट*

यी संरचनाले उनको याद झनै ताजा बनाइदियो,’ स्थानीय युवा विशाल लिम्बूले भने, ‘बजार क्षेत्रमा अनेकौं पूर्वाधारसँगै प्यागोडा शैलीको चौतारा निर्माण उनकै भिजन थियो।’ स्थानीय सरकार गठनपछि पनि दाहालकै कार्यकालमा भएका योजनाअनुसार काम भइरहेको छ। ‘यो खबरले सहन नसक्ने पीडा बोध भएको छ,’ नगरप्रमुख महेश बस्नेतले भने, ‘हामीले दिने सच्चा श्रद्धाञ्जली भनेकै उहाँले कल्पना गरेका कामको निरन्तरता र पूर्णता हुनेछ।’

घटना सार्वजनिक भएसँगै नगरपालिकामा लामो समय संगै काम गरेका कर्मचारी भावविह्वल छन्। दाहालले २०६५ माघ ५ देखि २०६९ वैशाख ३१ सम्म इलाम नगरपालिकाको बागडोर सम्हालेका थिए। ‘चार वर्ष सहकार्य गर्दा युवराज सरको काम गर्ने तौरतरिकाले प्रभावित बनाएको थियो,’ नगरपालिकाका शाखा अधिकृत राम शाहले भने, ‘उहाँलाई काम गर्न रकमको चिन्ता कहिल्यै हुँदैनथ्यो। काम गर्नुपर्छ, स्रोत आफैं जुट्छ भन्ने उहाँको मान्यता थियो।’

धनकुटावासी शोकमा

दाहालको गृहजिल्ला धनकुटामा शोक छाएको छ। खबर पाएलगत्तै बुधबार जिल्लाका बजार, पसल र चोकचोकमा भेला भएर स्थानीयले उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्।

दाहालको घर धनकुटा-४, देब्रेबास, स्कुलडाँडाको घुम्तीमा पर्छ। जागिरे जीवनको प्रारम्भमा जिल्लामै रहेर काम गरेका उनी बाल्यकालदेखि नै मिजासिलो स्वभावका रहेको स्थानीय बताउँछन्। देब्रेबासका स्थानीयले शोकसभा आयोजना गर्नुका साथै शोकपुस्तिका राख्ने तयारी गरेका छन्। होनहार व्यक्तित्व गुमाउनुपरेको वडासदस्य होमप्रसाद अधिकारीले प्रतिक्रिया दिए। ‘मुलुकले नै होनाहार व्यक्ति गुमाउनुपरेको छ,’ उनले भने, ‘यस्तो घडीमा समग्र जिल्लावासी शोकाकुल छन्।’

पूर्वसांसद हेमराज भण्डारीका अनुसार केही दिनभित्रै बेलहारामा बन्न लागेको विमानस्थल क्षेत्र अवलोकन गर्न पर्यटनमन्त्री रवीन्द्र अधिकारी र दाहाल आउने तयारीमा थिए। मंगलबार दुवैसँग राजधानीमा भेटघाट गरेका भण्डारीले घटनाबाट आफू मर्माहत बनेको बताए।

धनकुटामै रहेकी दाहालकी कान्छी बहिनी जमुना बुधबार साँझसम्म विक्षिप्त अवस्थामा छिन्। दाजुले अघिल्लो दिन फोनमा चाँडै भेट गर्न आउने बताएको उनले सम्झिइन्। विराटनगर बस्दै आएकी ८५ वर्षीया आमालाई घटनाले बढी पिरोलेको जमुनाले बताइन्। ‘अकल्पनीय घटनाबाट धैर्य गर्न कठिन भएको छ,’ उनले भनिन्। दाहालका बाल्यकालका साथी कमल श्रेष्ठले घटना सुनेदेखि नै असहय पीडा भएको बताए। दाहाल मुखियादेखि क्रमशः सबै पदमा लोकसेवा आयोगबाट उत्तीर्ण हुँदै उपसचिवसम्म पुगेका थिए। उनले जिल्लामा पनि हुलाकलगायत कार्यालयमा काम गरेका थिए।

१३ वर्षअघि २४ को ज्यान गएको थियो

विराटनगर (कास)- १३ वर्षअघि ताप्लेजुङमै भएको हेलिकप्टर दुर्घटनामा तत्कालीन राज्यमन्त्रीसहित २४ जनाको ज्यान गएको थियो। ताप्लेजुङमै बुधबार भएको दुर्घटनाले पुरानो घटना स्मरण गराएको छ।

२०६३ असोज ७ गते वन संरक्षण र व्यवस्थापन जिम्मा समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रममा सहभागी भएर फर्कंदा श्री एयरलाइन्सको हेलिकप्टर प्रतिकूल मौसमका कारण घुन्साको फलेस्थित पहाडमा ठोक्किएर दुर्घटना भएको थियो। दुर्घटनामा तत्कालीन वन तथा भूसंरक्षण राज्यमन्त्री गोपाल राई, उनकी पत्नी मीना, संरक्षणविद् तीर्थमान मास्के, भूगोलविद् हर्क गुरुङ, वन मन्त्रालयका सचिव दामोदर पराजुली, वन विभागका महानिर्देशक शरद राई, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक नारायण पौडेल, विश्व वन्यजन्तु कोष एसिया प्यासिफिक प्रमुख मिङमा शेर्पा, वन्यजन्तु कोष नेपाल प्रतिनिधि चन्द्रप्रकाश गुरुङ, ताप्लेजुङ उद्योग वाणिज्य संघका सदस्य विजय श्रेष्ठ, कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना व्यवस्थापन परिषदका तत्कालीन अध्यक्ष दावा छिरिङ शेर्पालगायत २४ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा फिनल्यान्डका राजदूत पाउली मुस्टोनेन, अमेरिकी सहयोग नियोगका प्रतिनिधि मार्गरेट एलेक्जेन्डर, संरक्षण क्षेत्रका विज्ञ केही विदेशी नागरिक पनि थिए। यस्तै नेपाल टेलिभिजनका पत्रकारहरू सुनील सिंह र हेमराज भण्डारीको मृत्यु भएको थियो।

उडेको एक...

हेलिकप्टर तलतिर गएपछि पाथीभरा मन्दिरका पुजारीले पनि माथिल्लो फेदीका इन्द्रनारायण भट्टराईलाई फोन गरेर जानकारी दिएका थिए। ‘माथि जानुपर्ने हेलिकप्टर तलतिर गयो, के भयो हेर्नुस् है,’ उनले भनेका थिए।

हेलिकप्टर खसेको पुष्टि भएपछि माथिल्लो फेदीबाट प्रहरी र थप स्थानीय तारेहुंगा भीरतर्फ लागे। अस्थायी प्रहरी, स्वास्थ्यकर्मी र स्थानीयवासी घटनास्थल पुगेर उद्धारमा जुटे। स्याउला भाँचेर आगो निभाए र शव एक ठाउँमा जम्मा गरे। घटनास्थलमा रहेका पाथीभरा मन्दिरका कर्मचारी उमिद लिम्बूले भने, ‘हेलिकप्टर जलिरहेको थियो। प्रहरी पुगेपछि उनीहरूसँगै उद्धार गर्न थाल्यौं।’

फुङलिङ नगरपालिका-१०, तारेभीरमा बुधबार हेलिकप्टर दुर्घटनामा मृत्यु भएकामध्ये तीन जनाको शव उठाउन मौसम बाधक भयो। घटनास्थलमा बुधबार हिमपात भएकाले शव उठाउन समस्या परेको हो। पर्यटनमन्त्री अधिकारीसहित चारको शव भने बुधबारै सुकेटार विमानस्थल पुऱ्याइएको छ।

दुर्घटनामा मन्त्री अधिकारी, पर्यटन व्यवसायी आर्डछिरिङ शेर्पा, नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक तथा रेडियो इन्जिनियर वीरेन्द्रप्रसाद श्रेष्ठ र सिभिल इन्जिनियर धुवदास भोछिभोय, प्रधानमन्त्री कार्यालयका अधिकृत युवराज दाहाल, मन्त्रीका अंगरक्षक जमदार अर्जुन घिमिरे र क्याप्टेन प्रभाकर केसीको ज्यान गयो।

प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले घटनास्थलबाट तीन शव रातिसम्म माथिल्लो फेदीमा ल्याउने प्रयास भइरहेका बताए। घटनास्थलमा सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी रहेको प्रहरी नायब उपरीक्षक सञ्जयसिंह थापाले जनाए। घटनास्थलबाट माथिल्लो फेदी पुगेका प्राथमिक स्वास्थ्य केन्द्र इन्चार्ज उमानाथ पौडेलले घटनास्थलमा बाक्लो हिमपात भइरहेको बताए।

सम्झनामा जुझारु...

मुलुक शोकमा परेको छ। शोकमा विहीबार मुलुकभर सार्वजनिक बिदा दिइएको छ।

‘धेरै युवा बिदेसिइरहेका बेला नेपालमै बसेर केही गर्न सकिन्छ, राजनीतिबाटै सुधार गर्न सकिन्छ भनेर लागेको र राम्रो गरिरहेको जुझारु नेता गुमाउनुपरेको छ,’ अधिकारीले आफ्ना गुरु मान्ने त्रिभुवन विश्वविद्यालय पूर्वउपकुलपति केदारभक्त माथेमाले भने। माथेमाका अनुसार राजनीतिलाई फोहोरी खेल मान्ने जमात थियो, राजनीति आफैं विकृत पनि बनेको थियो।

सर्वत्र निराशा छाएका बेला ‘आशाको दियो’ का रूपमा अधिकारी उदाएका थिए। त्यसैले पूर्वउपकुलपति माथेमा आफूलाई भेट्न आउने विद्यार्थी र युवालाई अधिकारीको उदाहरण दिने गर्थे। ‘म उपकुलपति हुँदा उहाँ पृथ्वीनारायण क्याम्पसको स्ववियु सभापति हुनुहुन्थ्यो, त्यो बेलादेखि नै उहासँग सम्पर्कमा थिएँ, अरूलाई पनि उहाँजस्तो बन्न भन्थें,’ माथेमाले अधिकारीबारे भने, ‘राजनीतिलाई फोहोरी खेल भनेर युवा अन्यत्र हिँड्न थालेको अवस्थामा उहाँ कमलजसरी फुल्नुभएको थियो।’

अधिकारी तिनै व्यक्ति हुन्, जो विद्यार्थी राजनीतिदेखि नै राष्ट्रिय मुद्दाको नेतृत्व गर्थे। तिनै नेतृत्वदायी भूमिकाको सम्मानस्वरूप २०६४ र २०७० सालको संविधानसभा तथा २०७४ को प्रतिनिधिसभा गरी लगातार तीनवटा चुनावमा कास्कीका जनताले जिताए।

‘केही गरौं भन्ने भावना धेरैले राख्न सक्छन् तर त्यसअनुसार आफ्नो दृष्टिकोण पनि राख्ने र त्यसमा प्रतिबद्ध भएर लाग्नेहरू थोरै हुन्छन्,’ विद्यार्थी आन्दोलनमा सहकार्य गरेका कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले भने, ‘रवीन्द्रजीसँग केही गरौं भन्ने भावना मात्र होइन, दृष्टिकोण पनि थियो।’ उनका अनुसार अधिकारी जहिल्यै केही नयाँ गरौं भनेर हिँडिरहे। त्यसैले उनको राजनीतिक उचाइ पनि चुलिँदै गयो। समकालीन अन्य नेताभन्दा छिट्टै उनी राजकीय जिम्मेवारी लिन पुगे। ‘विद्यार्थीलाई सहुलियत दिने आन्दोलन होस् कि तत्कालीन राजपरिवारका सदस्य पारसविरुद्ध हस्ताक्षर संकलनको नेतृत्व रवीन्द्रजीले गर्नुभयो,’ नेकपाका केन्द्रीय सदस्य एवं अधिकारीकै समकालीन राजेन्द्र राईले भने, ‘उहाँले कहिल्यै पदको लालच गर्नुभएन, जे-जे प्राप्त गर्नुभयो, आफ्ना असल कर्मले प्राप्त गर्नुभयो। पदले उहाँलाई आफैं पछ्याउँदै आयो।’

२०२६ साल वैशाख २२ गते कास्कीको भरतपोखरी, जामुनाबोटमा जन्मिएका अधिकारी पृथ्वीनारायण क्याम्पसमा पढ्न थालेपछि राजनीतिमा जोडिए। २०४९ सालमा पृथ्वीनारायण क्याम्पस पोखरा र २०५३ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा स्ववियु सभापति निर्वाचित भए। सानैदेखि नेतृत्व गर्ने क्षमता भएका अधिकारीले २०५७ सालमा तत्कालीन राजपरिवारमाथि औंला ठडाएर तत्कालीन शाहज्यादा पारस शाहको कारले ठक्कर दिएर संगीतकार प्रवीण गुरुङको निधन भयो। घटना थापथुप पार्न दरबारले नक्कली ड्राइभर खडा गऱ्यो। अधिकारीले पारस शाहको ज्यादतीविरुद्ध आन्दोलनको नेतृत्व गरे। ‘हत्यारा बस्ने दरबारमा हैन, जेलखानामा हो’ भन्दै हस्ताक्षर संकलन गरी पाँच लाख २३ हजार हस्ताक्षर दरबारमा बुझाए।

त्यतिबेला राजदरबारका सदस्यहरूमाथि हत्याराको संज्ञा दिँदै हस्ताक्षर अभियान चलाउनु चानचुने कुरा थिएन। तत्कालीन मालेको विद्यार्थी संगठनको नेता रहेका अधिकारी उक्त घटनापछि राष्ट्रिय रूपमा परिचित भए। त्यस्तै अधिकारीले विद्यार्थीलाई सार्वजनिक यातायातमा ३३ प्रतिशत छुट दिलाउने आन्दोलनको नेतृत्व गरे। त्यसको प्रतिफल अहिले पनि विद्यार्थीले पाइरहेका छन्।

विद्यार्थी फाँट छोडेपछि अधिकारी पार्टीको मूल काममा लागे। २०६२/६३ को जनआन्दोलन लगायतमा अग्रमोर्चामा रहेर लडदा अधिकारीले पटक-पटक गरी पाँच महिना जेल जीवन पनि बिताए। २०६४ र २०७० सालको संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ कास्की क्षेत्र ३ बाट निर्वाचित भएपछि संसदीय मोर्चामा आफूलाई अब्बल साबित गरे। सार्वजनिक लेखा समितिमा रहेर जलविद्युत्, सार्वजनिक संस्थान, बैंक, उद्योग, सेना, विकास खर्च, मेसिन रिडेबल पासपोर्टलगायत विवादित विषयको अध्ययन गर्ने उपसमितिमा बसेर नेतृत्व गरे। संविधानसभामा राष्ट्रिय हित संरक्षण समिति र युवाको दबाब समिति निर्माण गरी संविधान निर्माणमा निरन्तर खबरदारी गरे।

२०७० को चुनावपछि उनी संसदको विकास समिति सभापति बने। उनले समितिको भूमिकालाई नै नयाँ ढंगले परिभाषित गरिदिए। राष्ट्रिय गौरवका योजना र अन्य विकासका योजनालाई सफल बनाउन उनले संसदीय मोर्चाबाट गरेको नेतृत्व धेरैका लागि स्मरणीय छ। विकास समितिमा देखाएको नेतृत्व क्षमताकै कारण उनलाई पार्टीले पर्यटन मन्त्रालयको जिम्मेवारी दिएको थियो। पार्टीभित्र हुने सैद्धान्तिक लडाइँमा अधिकारी तटस्थ बसेनन्, कुनै न कुनै नेताको लाइन पक्रे। तत्कालीन एमाले विभाजन हुँदा नेकपा मालेतिर लागे र वामदेव गौतमको निकट भएर काम गरे। पछिल्लो समय अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीनिकट भएर काम गरे। पार्टीभित्र हुने गुटबन्दीका निम्छरा खेलमा उनी संलग्न थिएनन्। सबै नेतासँग समदुरीको सम्बन्ध राख्थे।

‘राजनीतिमा अत्यन्त उज्ज्वल सम्भावना बोकेका तपाईंसित सँगै यात्रा गर्ने सम्भावना समाप्त भएको कुरालाई पत्याउन सकिरहेको छैन,’ उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले लेखेका छन्। मन्त्रिपरिषद्मा सँगै काम गरिरहेका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले लेखेका छन्, ‘श्रद्धाञ्जलीका यी शब्द लेख्नुपर्दा हात काँपिरहेका छन्। कसले सोचेको थियो र यो जीवन्त मुस्कान यति अल्पायुको होला भनेर ? अलविदा रवीन्द्र कमरेड, हाम्रो सम्झनाको क्यानभासमा तपाईं सधैंभरि बाँचिरहनु हुनेछ।’

अधिकारी पूर्णतः कमजोरीविहीन थिएनन्। काम गर्ने सवालमा उनीमाथि कतिपय विन्दुमा प्रश्न पनि आए। ४९ वर्षे जीवनको बहिखातामा उनले खेपेका प्रश्नभन्दा बढी आफ्नो कामबाट दिएका जवाफको सूची लामो छ। त्यसैले त मन्त्री ज्ञवालीले भनेजस्तै धेरैको सम्झनाको क्यानभासमा अधिकारी छाइरहेका छन्।

प्रश्न अधुरै

प्रतिनिधिसभाको बिहीबारको बैठकमा पर्यटनमन्त्री रवीन्द्र अधिकारीसँगको प्रश्नोत्तरको कार्यक्रम हुने संसद् सचिवालयले सम्भावित कार्यसूची सार्वजनिक गरिसकेको थियो। बैठकको सुरुमै अधिकारीसँगको प्रश्नोत्तर हुने कार्यसूची थियो। सांसद गगन थापाले फेक रेस्क्युबारे अध्ययन गर्न बसेको समितिको प्रतिवेदन किन सार्वजनिक भएन ? भन्ने प्रश्न टिपाएका थिए। अधिकारीले थापाको प्रश्न सामना गर्ने सचिवालयलाई जानकारी दिइसकेका थिए। बिहीबार १ बजेलाई तय गरिएको संसद् बैठक प्रश्नोत्तरमा होइन अब उनै अधिकारीको शोकमा डुब्नेछ। थापासहित सांसदहरूको अधिकारीलाई प्रश्न गर्ने इच्छासमेत अधुरै रहने भएको छ।

महाशिवरात्रिको अवसरमा पशुपति क्षेत्रस्थित राममन्दिरमा स्वामी आनन्द गिरीद्वारा बुधबार साधुसन्तहरूलाई दिवाभोज गराउँदै । तस्विर : इलिट जोशी/कान्तिपुर

नदी दोहनले इनारको पानी सुक्यो

रामेछाप (कास)- सुनकोसी नदी किनारमा कानुनविपरीत मेसिन लगाएर बालुवा निकाल्दा १ हजारभन्दा बढी बासिन्दाको पिउने पानीको स्रोत सुकेको छ । खाँडादेवी गाउँपालिका ३ भीरपानीको डब्खामा निर्माण भएको इनारमा पानी सुकेको हो ।

पानी सुकेपछि सार्विक भीरपानी, पकरवास र माकादुमका १ हजार २ सय घरपरिवारका लागि वितरणको तयारी अवस्थामा रहेको खानेपानी योजना अलपत्र परेको छ । ३ वर्षअघिदेखि निर्माण भएको इनारको नजिकै जथाभावी गहिरो खाडल बनाई बालुवा निकाल्दा पानीको स्रोत सुक्न गएको हो । यसअघिका वर्ष उक्त क्षेत्रमा बालुवा निकालिएको थिएन ।

बालुवा निकाल्नेले नदी किनारमा गहिरा खाडलहरू बनाएकाले इनारमा पानी सुकेको जानकारी खाँडादेवी गाउँपालिकामा स्थानीयले गराएका छन् । तर गाउँपालिकाले बालुवा निकाल्ने ठेकेदारको डोजर मंगलबारसम्म रोकेको छैन । इनार रहेको क्षेत्रमा निर्बाध २ वटा ठूला मेसिनले बालुवा निकालिरहेका छन् । भीरपानी पकरवास खानेपानी योजनाका सहसचिव राजेश श्रेष्ठका अनुसार वातावरणीय अध्ययन प्रतिवेदनविपरीतको काम बालुवा ठेकेदारबाट भइरहँदा गाउँपालिका र वडाका जनप्रतिनिधिहरू मौन बसेका छन् । 'ठेकेदारले जति परिणाममा पनि बालुवा निकाल्ने भन्ने हैन । प्रतिवेदनमा तोकिएको हुन्छ,' श्रेष्ठ भन्छन्, 'त्यसको हेक्का कसैले राखेको छैन, सामान्य नागरिकलाई प्रतिवेदनको कुरा थाहा छैन, जसलाई थाहा छ उसले नदेखेको जस्तो गरेको छ ।'

नदी किनारको प्राकृतिक स्रोतसाधनको उत्खनन गर्दा ठूला मेसिन औजार लगाउन नपाइने र १ मिटरभन्दा गहिरो खाडल बनाउन नमिल्ने नियम छ । डब्खामा भने ५ मिटर गहिरो खाल्डो बनाएर बालुवा निकालिएको छ । ठेक्का लगाउने गाउँपालिका, जिल्लास्तरीय अनुगमन समिति र प्रहरी प्रशासनको आँखा पुगेको भए पनि उनीहरूले वास्ता नगरेको आरोप स्थानीयको छ । 'सबै काम सेटिङमा भएको छ,' स्थानीयको आरोप छ । स्थानीयले गाउँपालिकाबाट वातावरणीय अध्ययन गराउँदा स्थानीयलाई जानकारी नदिएको उनीहरूको गुनासो छ ।

खानेपानी उपभोक्ता समिति र निर्माण व्यवसायीले निर्माणदेखि हालसम्म पटकपटक इनारको पानी पम्प गरी परीक्षण गर्दा पानी घटेको थिएन । बालुवा निकालेर नजिकै खाडल पारेपछि इनारको पानी घटेको हो । पहिलो जति फाल्दा पनि नसकिने पानी अहिले २ घण्टा फाल्दा सकिन्छ । योजनाको डिजाइनमा लगातार ५ घण्टा पानी तान्नुपर्ने प्रावधान छ । करिब १ हजार २ सय परिवारमा ५ घण्टासम्म पम्प गरेर पानी नफाले वितरण गर्न पुग्दैन । खाँडादेवी गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङले डब्खाको खानेपानी योजना प्रभावित हुने गरी बालुवा निकालेको जानकारी सोमबार मात्र गाउँपालिकामा आएको र मंगलबार नै अनुगमन नभएसम्मका लागि बालुवा निकाल्ने काम रोक्न सम्बन्धित ठेकेदारलाई पत्राचार गरी सकेको बताए । 'हावाको भरमा आएका कुराको पछि लाग्ने कुरा भएन,' तामाङले भने, 'हिजो मात्र पत्र आयो मैले आज नै त्यसबारेमा कदम चालिसकें ।' तामाङका अनुसार बालुवा निकाल्दा ठूला मेसिन नलगाउन र १ मिटरभन्दा गहिरो बनाउन नपाउने सम्झौतामा उल्लेख छ । सम्झौताभन्दा बाहिर गएर काम भएको पाइए गाउँपालिका र अनुगमन समितिले आवश्यक कारबाही गर्ने उनले भने ।

टोलटोलमा जनप्रतिनिधि

सिन्धुपाल्चोक (कास)- स्थानीय तहको झन्डै दुई वर्ष पुग्नै लाग्दा तीन नगरदेखि नौ गाउँपालिकाका जनप्रतिनिधि उपलब्धिमूलक काम देखाउने दौडमा व्यस्त देखिन्छन् ।

जनतामैत्री प्रत्यक्ष सेवा पुऱ्याउनका लागि केही नगर र गाउँपालिकाले 'टोलटोलमा जनप्रतिनिधि' अभियानको रूपमा सुरु गरिसकेका हुन् । एक वर्षदेखि लगातार जनताको गुनासो संकलन गर्न ३ लाख छुट्टाएर 'टोलटोलमा मेयर' कार्यक्रम गरिरहेको मेलम्ची नगरपालिकाका मेयर डम्बर अर्यालले बताए । 'दीर्घकालीन योजनाको बजेट सुनाउन, जनताको माग र गुनासो संकलन गर्न वडापिच्छिको चोकमा पुगिरहेका छौं,' उनले भने । गाउँमै पुगेर जनप्रतिनिधिसहित शिक्षा, स्वास्थ्यजस्ता सबैका प्रमुखलाई उभ्याएर जनताको समस्याबारे बुझ्ने र समाधान गरिरहेको उनले सुनाए ।

झन्डै एक अर्ब बराबरको बजेट धनी मेलम्ची नगरले अहिलेसम्म दस करोड खर्चेको छ । 'जनताको मागलाई ध्यान राखेर गाउँ जोड्ने सडकमा नै अत्यधिक बजेटिङ गरेका छौं,' उनले भने ।

पाँचपोखरी थाङपाल गाउँपालिकाले 'दुर्गम बस्तीमा जनप्रतिनिधि' अभियान बनाएर गाउँको समस्याबारे बुझ्दै समाधानमा जुटिरहेको जनाएको छ । 'त्यही क्रममा पाँचपोखरी थाङपाल वडा ५ गुन्सामा बत्तीको उज्यालो पुगेको छ , हालसम्म बिजुली नपुगेको बरुवामा अभियानसँगै बिजुली लैजाँदै छौं,' पाँचपोखरी थाङपाल गापाकी उपाध्यक्ष सुनीता अधिकारीले भनिन् । छोङ्पुलङ् लापरटा खोला साना जलविद्युत् सहकारीबाट १ करोड २६ लाख बराबरको लागतमा गुन्सागाउँको ७ सय ७० परिवारको घर झिलीमिली भएको उनले दाबी गरिन् ।

'यो अभियानका लागि बजेटिङ भने गरेका छैनौं,' उनले भनिन् । पाँचपोखरी थाङपालले सामाजिक सुरक्षा भत्तासहित ४२ करोडमा ६० प्रतिशत खर्च गरेको छ ।

'माझी, दनुवार समुदायको बसोबास रहेको भीमटार, माझीगाउँ हुदै माथिल्लो सिम्पाल काभ्रेसम्म जनइच्छा बुझ्न जाने गरेका छौं,' इन्द्रावती गाउँपालिकाका प्रमुख वंशलाल तामाङले भने । सिम्पाल काभ्रेसम्म सडकजस्तै १२ वडामा नै यात्रु बस सञ्चालन गरेर 'सात दिनमा जनतासामु' अभियानलाई सफल बनाएको उनले जनाए ।

'जनप्रतिनिधिसहित सबै शाखा प्रमुखलाई लिएर साता दिनमा जनतासामु पुग्छौं, त्यही आधारमा आगमी योजना बनाउँछौं,' उनले भने । जनताको गुनासो बुझ्ने र योजना अवलोकन गर्ने कार्यक्रम छुट्टै राखेर काम भइरहेको उनको कथन छ । विभिन्न कार्यक्रममार्फत जनताको माग बुझदै विकासेकार्यमा लागिपरेको लिसंखु पाखर गाउँपालिकाले जम्मा ३८ करोड बजेटमा धेरै पूर्वाधारमा लगाएको छ । 'कार्यक्रम नै नबनाए पनि गाउँगाउँमा पुगेर समस्याबारे बुझिरहेका छौं, यसलाई अलग्गै कार्ययोजना बनाएर लैजानेछौं,' उनले भने । सडक, भवनजस्ता भौतिक पूर्वाधारले जनतालाई सुविधा पुऱ्याउने अध्ययनमा पाएपछि यसमा लागिरहेको उनले प्रस्टाए । जिल्लाभरमा आफ्नो कार्यक्षेत्र नमुना बनाउने होडमा लागेका जनप्रतिनिधिले विकट क्षेत्रलाई लक्ष्य बनाएर विकास निर्माण तीव्र बनाएका छन् ।

मेयर-उपमेयरको विवाद सतहमा

■ रमेशकुमार पौडेल (चितवन)

स्थानीय तह चुनावमा एउटै गठबन्धनबाट विजयी भएका भरतपुर महानगरपालिकाका मेयर र उपमेयरबीचको मतान्तर छताछुल्ल भएको छ । नेपाली कांग्रेसबाट विजयी उपमेयर पार्वती शाह ठकुरी र कांग्रेसकै तर्फबाट विजयी वडाध्यक्षहरूले फागुन ७ को बोर्ड बैठक बहिस्कार गरेपछि सुरु भएको मेयर रेणु दाहाल र उपमेयर शाहबीच विवाद उत्कर्षमा पुगेको हो ।

बोर्ड बैठक बहिस्कार गरेसँगै उपमेयर शाहले आफूलाई सत्तारुढ नेकपाका कार्यकर्ताबाट केही दिनअघि फेसबुक म्यासेन्जरमा धम्की आएको र सुरक्षालाई लिएर मेयर संवेदनशील नभएको खुलासासमेत गरिन् ।

लगत्तै उनले मेयरप्रति लक्षित विभिन्न १२ बुँदाहरू सार्वजनिक गरिन् । उपमेयर शाहले राजधानी काठमाडौंमा मंगलबार पत्रकार सम्मेलन नै राखेर आफ्ना असन्तुष्टिहरू व्यक्त गरेपछि मेयर दाहाल पनि प्रतिवादमा उत्रेकी छन् ।

उपमेयर शाहले महानगरमा लेखा समिति गठन नभएको र विनालेखा समिति कामहरू हुँदा अनियमितता बढेको लगायतका आरोपहरू लगाएकी छन् । तर बुधबार पत्रकार सम्मेलन आयोजना गरेर मेयर दाहालले प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद सुवेदीप्रति असन्तुष्ट रहेकी उपमेयर शाह एकाएक आफूप्रति पनि खनिन थालेको बताइन् । भतिजीलाई जागिर लगाउने सम्बन्धमा सुवेदीसँग शाहको असन्तोष बढेको उनको भनाइ थियो ।

'अरु मतान्तर हैन रोजगार, लाभ र सेवा सुविधाका कुराहरू छन् । काम, जिम्मेवारी, भूमिका र समग्र महानगरको हितको कुरै छैन । भतिजीलाई जागिरका लागि प्रशासकीय अधिकृतलाई दबाब दिइरहनुभएको थियो । त्यहीबाट असन्तोष बढेको हो,' पत्रकार सम्मेलनमा मेयर दाहालले भनिन् । शाहले भतिजीलाई प्राविधिकका रूपमा जागिरमा राख्न खोज्दा प्रशासकीय अधिकृतले नियमले नमिल्ने जवाफ दिएको मेयर दाहालले बताइन् ।

'प्रमुख प्रशासकीय अधिकृतसँगको कुरा यति नै हो । तर यसैलाई उहाँले बढाउँदै लगेर मलाईसमेत अनाहकमा मुछ्न थाल्नुभयो । बेथिति भयो भनेर मिथ्या अफावा फैलाउँदै हुनुहुन्छ । हैन बेथिति केके भएको हो, एक दुई तीन गरेर सबै राख्नुस् जवाफ दिन तयार छु,' मेयर दाहालको भनाइ थियो । लेखा समिति निर्माणमा आफू सकारात्मक भएको मेयर दाहालले बताइन् ।

'लेखा समिति लगायत आवश्यक समिति बनाउने भन्ने नियम नै छ । यो नगरसभाको विषय हो । आवश्यक समिति बनेका पनि छन् । कांग्रेसकै वडाध्यक्षको नेतृत्वमा आर्थिक समिति, पूर्वाधार समिति बनेका छन् । उपमेयर नै अनुगमन समितिको संयोजक हुनुहुन्छ । लेखा समिति पनि बन्ला,' मेयर दाहालले भनिन् । लेखा समितिबिना महानगरको काम हुँदा अनियमिता हुन सक्ने खतरा बढेको उपमेयर शाहको भनाइ छ ।

'लेखा समिति छैन, जिन्सी समिति छैन । यसरी बिनासमिति काम गर्दा अनियमिताको आशंका बढेका छन् । यतातर्फ लगौं भन्दा कसैले सुन्दैनन् । कर्मचारीहरू मलाई टेर्दैनन् । मेयर मूकदर्शक बन्ने । मैले आफ्ना कुरा कहाँ राख्ने ? मिडियामा जाउँभन्दा हुन्छ केही फरक पर्दैन भने । अनि पत्रकार सम्मेलन राखें,' शाहले भनिन् । उनले भतिजीलाई जागिरको कुरा गरे पनि त्यसैका आधारमा असन्तुष्टि राख्दै नहिँडेको बताइन् ।

'हो, जागिरको कुरा गरेको हो तर मिल्दैन भनेपछि म चुप लागेर बसे । तर मेरो अहिलेको आपत्ति महानगरको रवैया प्रति हो । अन्य झिना मसिना व्यक्तिगत कुराले हैन' उपमेयर शाहले भनिन् । मेयर दाहालले भरतपुर विकासमा अगाडि बढ्दै जाँदा विषयान्तर गर्न अहिले विभिन्न कुराहरू ल्याइएको बताइन् । यो विषयलाई नेपाली कांग्रेस पार्टीले गम्भीरताका साथ लिनुपर्ने मेयर दाहालको अपिल छ । उपमेयर शाह विवाद समाधानमा अब पार्टी नै अगाडि बढ्ने बताउँछिन् । 'मैले पार्टीमा कुरा राखेको छु । पार्टीले नै मिलाउँछ ।

दुई वर्षदेखि मेरो कुरा सुनुवाइ भएन । कर्मचारीहरूबाट समेत लगातार अपमानित हुन थालेपछि बाध्य भएर पीडा सार्वजनिक गरेकी हुँ,' उनले भनिन् । भरतपुरमा बलियो अवस्थामा रहेको कांग्रेसले स्थानीय चुनावमा अचनाक तत्कालीन माओवादी केन्द्रसँग तालमेल गरेको थियो ।

तालमेलपछि मेयरमा माओवादी र उपमेयरमा कांग्रेसबीच भागबण्डा भएको थियो । मतगणना हुँदै गर्दा मेयर पदमा तत्कालीन एमाले उम्मेदवार देवी ज्ञवालीले लगातार अगाडि रहेका बेलामा माओवादीका कार्यकर्ताले मतपत्र नै च्यातेका थिए । चुनाव सकिएका ६ महिना नहुँदै कटुतापूर्ण सम्बन्ध रहेका तत्कालीन एमाले र माओवादीबीच संघीय संसद् र प्रदेशसभा चुनावमा तालमेल भयो । पछि पार्टी नै एक भयो ।

चुनावका समयको भन्दा फरक अवस्था विकसित भए पनि मेयर उपमेयरबीच विवादहरू सार्वजनिक भएका थिएनन् । साउनमा सम्पन्न महानगरको समिक्षा बैठक भने उपमेयरसहित कांग्रेसबाट निर्वाचित वडाध्यक्षहरूले बहिस्कार गरेका थिए । तीनवटा नगरसभा हुँदा पनि विवाद देखिएको थिएन ।

भरतपुर महानगरका कुल २९ वटा वडाहरू छन् । जसमध्ये १७ वटा वडाहरूमा सत्तारुढ नेकपाका वडाध्यक्ष छन् । कांग्रेसका १२ जना छन् । नगरपालिका बोर्डमा नेकपाको सहज बहुमत छ । निर्वाचनयता विवादहरू देखा नपरेको भरतपुरमा केही राष्ट्रिय चर्चामा नै आएका ठूला आयोजनाहरू कार्यान्वयनमा आउँदै पनि छन् । तर मेयर उपमेयर मतान्तर सार्वजनिक भएपछि नगरवासी भने चिन्तित छन् ।

बेथिति भयो भनेर मिथ्या अफावा फैलाउँदै हुनुहुन्छ । बेथिति केके भएको हो, एक दुई तीन गरेर सबै राख्नुस् जवाफ दिन तयार छु ।

- रेणु दाहाल, मेयर

दुई वर्षदेखि मेरो कुरा सुनुवाइ भएन । कर्मचारीहरूबाट समेत लगातार अपमानित हुन थालेपछि बाध्य भएर पीडा सार्वजनिक गरेकी हुँ ।

- पार्वती शाह, उपमेयर





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप ९ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२९ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बव करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एन्ड एस (हड्डार हन्ट)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एन्ड एस (इन्सपायर)
७:००	सुमनसँग
७:३०	द्वान्दी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
८:३०	सम्मी एडमेन्चर्स
९:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर समाचार
११:००	एस एन्ड एस (इन्सपायर)
१:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	सुमनसँग
३:००	द्वान्दी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडमेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी जोल्डी (स्मीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१९५४०
प्रसूति ग्रृह	४२५३०७६
टेकु अस्पताल	४२५३३७६
पाठघर अस्पताल	५४२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७६
मानसिक अस्पताल	४५२१३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०४२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४९९१७२५
भक्तपुर अस्पताल	६६९०६६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४९९१०७८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६१५२
काठमाडौं मोडेल अस्पताल	४२४०८७५/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२९७०६६/४२९७०६५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर नेर्सिङ अस्पताल	४४६७०६०
मेडीकेयर नेर्सिङ अस्पताल (एम्बुलेन्स)	४४६७०६०
कान्तिपुर हस्पिटल	४९९९२५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४५०६२२५
नार्भिक, थाथापली	४२५८५५६
वयोधा अस्पताल (प्रा.) लि.	४२८६३०८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१०३६/६६३७०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
भक्तपुर रेडक्रस	६६१२०६६
नेशनल किड्नी सेन्टर	४३६३६५२/४३६०८८९
नेपाल मेडिसिटी	४२१०६५५/४२१७०६६
मानसिक अस्पताल	४४८०१७०
हृत्यागस अस्पताल	४३७०६०४/४३७०६०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति ग्रृह	४३५४५३०/४३८२९६२
ओजस्वी अस्पताल र रिसर्च इन्स्टिच्युट	४२५८५१२/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०५/४४२०८२३
मरोमा अस्पताल प्रा.लि.	४४०४१८८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२९२५४४
जनमैत्री हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-५०९३३८/५०९३३०५/५०९३३७२
विनायक अस्पताल तथा प्रसूति ग्रृह	४३८३५५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६९३८२/४२२९०६५/४२६८१९३
हेलिपाड हेल्थ सामुदायिक अस्पताल	४४०३५९८/४४००६५५
शहीद मेमोरियल अस्पताल	४६०२९३५/०१६२०८६७२
स्पार्क हेल्थ सेवा अस्पताल	४२७३०९४/४२७०२२३
ओजा समाज अस्पताल	४३९३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२७७
अल्का अस्पताल	५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७६००/५६३९१८४
हिमाल अस्पताल/एम्बुलेन्स	४४१५०७६/४४१७६७२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०१९-६६०८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तर्राष्ट्रिय मैत्री बाल अस्पताल	४४१९१३८/४४१५४४१
बी.पी. स्मृति अस्पताल	४३८६०२४/४३८००६६
सुमेरु अस्पताल	५२७५३७०/५२७५०८८/९९
वेलकेयर हस्पिटल	४४२६९३५/४४२६९८४
ग्लोरेष्ट हस्पिटल	४७८२२५४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५५४२०६५/५५५२०६६
ट्रिज सिटी हस्पिटल	४३५२२४८/४३५०६५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८९४३४/४२८९४३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९७०/४३८५९९१
नि:शुल्क सोमेत्री दातव्य	४२५५४०/४२५५५०१
दीर्घायु गुरु हस्पिटल	४४६२५२३/९८४४८५५५७
ज्ञानेश्वर सिंह मेमोरियल अस्पताल	०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/४५५५८७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५०
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क अन्तवाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४८०८६
नेपाल मिटर दयाकरी संघ	४२०४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

न्यून जनशक्तिको भरमा प्रयोगशाला

कान्तिपुर संवाददाता (काठमाडौं)

टेकुस्थित देशको एक मात्र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला जनशक्ति अभाव खेपिरहेको छ। विज्ञ जनशक्ति अभावको प्रत्यक्ष असर प्रयोगशालाको दैनिक कामकारबाहीमा परिरहेको छ। ६४ जना कुल दरबन्दी भएको प्रयोगशालामा अहिले ५० कर्मचारी मात्रै छन्, बाँकी रिक्त छन्। सेवा थपिने, जनशक्ति नबढ्ने हुँदा काम छिटोछरितो हुन नसकेको बताउँदै प्रयोगशालाका निर्देशक डा. हरिशचन्द्र उप्रेती भन्छन्, 'एउटा शाखाको कर्मचारी अर्को शाखामा पठाएर काम चलाउँछौं, यसरी प्रयोगशाला चुस्त रूपमा अघि बढ्न सकेको छैन।'

अनौठारोग (सरुवा रोग र महामारी) अध्ययनका लागि बनाइएको विशेष प्रयोगशालाका लागि एक जना पनि जनशक्ति छुट्याएको छैन। समुदायमा कुनै बेला अचानक नयाँखाले महामारी देखिए कसरी काम गर्ने भन्ने चिन्तामा छन् प्रयोगशालाकर्मी। महामारी अध्ययन, अनुसन्धान र पहिचानका लागि मात्रै आठ विशेषज्ञ चाहिएको बताउँदै निर्देशक उप्रेतीले भने, 'यस्ता महामारी र अनौठा रोग पहिचान गर्न लामो समय चाहिन्छ, यहाँभित्रकै अरू कर्मचारी खटाएर सम्भव छैन।' यसका लागि स्वास्थ्य प्रयोगशाला विज्ञानविज्ञ, प्राविधिक र जैविक विज्ञानसम्बन्धी विज्ञ आवश्यक छन्। अत्याधुनिक उपकरणसहित तयार पारिएको यो प्रयोगशाला जनशक्ति अभावकै कारण नियमित सञ्चालनमा आउन सकेको छैन।

अघिल्लो वर्षमा भन्दा गत पुसमा देशभर तीन गुणाले इन्फ्लुन्जा भाइरस संक्रमण बढ्यो। जनशक्ति अभावका कारण संक्रमणको परीक्षण प्रक्रिया ढिलो भएर बिरामीले रिपोर्ट समयमा पाएनन्। निर्देशक डा. उप्रेती भन्छन्, 'अधिकांश जनशक्ति इन्फ्लुन्जा भाइरस परीक्षणकै काममा लाग्न पऱ्यो, यसले अरू रोगका परीक्षणका रिपोर्ट पनि ढिलो तयार भयो।'

१४ जनशक्तिको दरबन्दी रिक्त छ। पाँच प्याथोलजिस्ट हुनुपर्ने ठाउँमा २ जना मात्रै छन्। पर्याप्त प्राविधिक छैनन्। माइक्रोबायोलजिस्टलगायत सातौं, आठौं, दसौं तहका कर्मचारीको दरबन्दी पनि खाली नै छ। कुल कर्मचारी दरबन्दी संख्या नै अपर्याप्त भएको ठाउँमा भएका दरबन्दी पनि रिक्त भइदिँदा प्रयोगशालाको दैनिक काम लचिलो र छिटो हुन सकेको छैन। स्वास्थ्य मन्त्रालयले यसै वर्षदेखि औषधि प्रतिरोधी जीवाणुको फैलावटबारे अध्ययनको जिम्मेवारी यही प्रयोगशालालाई दिएको छ। यो अध्ययनका लागि पनि जनशक्ति छैनन्। रगत, हार्मोन, संक्रमण, परजीवीलगायत जनस्वास्थ्यसम्बन्धी दसथरी परीक्षण, पहिचान र अध्ययन हुने यो प्रयोगशालामा कमसेकम ८४ जना कर्मचारी चाहिने निर्देशक उप्रेती बताउँछन्। दैनिक ७

६४ जना दरबन्दी भएको प्रयोगशालामा अहिले ५० कर्मचारी मात्रै छन्

सयदेखि एक हजारको संख्यामा जनस्वास्थ्य परीक्षण बाहेक प्रयोगशालाभित्र भएका विभिन्न केन्द्रले अध्ययन, अनुसन्धान गर्ने जिम्मेवारी पनि पाएका छन्। राष्ट्रिय एचआईभी र हेपटाइटिस बी केन्द्र, इन्फ्लुन्जा, रुबेला जस्ता विषयका लागि पनि केन्द्रले यस्ता काम गर्छन्। प्रयोगशालाअन्तर्गत देशभर दर्ता भएका अन्य प्रयोगशालाको अनुगमन र नियमन गर्ने जिम्मेवारी पनि छ। जनशक्ति अभावकै कारण अनुगमन पाटो पनि फितलो भएको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले जनस्वास्थ्य प्रयोगशालाको सेवा विस्तारका लागि जनशक्ति थपिने बताए। उनले भने, 'रगतसम्बन्धी धेरै परीक्षण नेपालमा हुन सकेका छैनन्, रगतजस्तो संवेदनशील चिज विदेश पठाउनु हुँदैन, जनशक्ति थपेर प्रयोगशालामा पठाउने योजना छ।' मन्त्रालयले सातै प्रदेशमा जनस्वास्थ्य प्रयोगशाला केन्द्र विस्तार गर्ने उनले बताए।

छोटकरी

बालबालिका पढाउन अक्षयकोष स्थापना

ललितपुर (कास)- दक्षिण दुर्गम पहाडी भेगका निम्न आय भएका बालबालिकाको अध्यापनका लागि अक्षयकोषको स्थापना भएको छ। डुकुछापका रामकृष्ण ब्लोन लामाले आश्राङ लुकुनीस्थित बालमनोरमा आधारभूत विद्यालयलाई कोष स्थापना गर्न १ लाख ५ हजार प्रदान गरेका हुन्। लामाले बुबा राजकुमार ब्लोन र आमा सानुकान्छी सिन्तान तामाङको सम्झनामा प्रदान गरेको रकमको ब्याजबाट जेहेनदार, गरिब विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने विद्यालय व्यवस्थापन समिति अध्यक्ष तुलसीप्रसाद तिमल्सिनाले जानकारी दिए। कोष स्थापना गरेबापत् लामालाई विद्यालयले सम्मानपत्रद्वारा सम्मान गरिएको थियो।

बाल स्वास्थ्यमा जापानी सहयोग

काठमाडौं (कास)- नवजात शिशु र बाल स्वास्थ्य हेरचाहका लागि जापान सरकारले बाँके जिल्ला अस्पताललाई आर्थिक सहयोग गर्ने भएको छ। बुधबार नेपालका लागि जापानी राजदूत मासासी ओगावा र एडीआरए जापानका कार्यक्रम व्यवस्थापक युका ओनिसीले अस्पताललाई करिब ६ करोड रुपैयाँ सहयोग सम्झौता सहितको हस्ताक्षर गरेको हो। सम्झौता पत्रमा उल्लेख भएअनुसार बाँकेको दुई स्वास्थ्य चौकी स्तरोन्नति र ४८ वटा सुविधायुक्त चिकित्सासम्बन्धी सामग्री सहयोग गर्ने जनाएको छ। कार्यक्रमको पहिलो चरणमा विशेषगरी नवजात शिशुको स्याहार तथा बाल सुरक्षालाई प्राथमिकता दिने प्रतिबद्धता जापानको छ। समुदायमा नवजात शिशु र बाल स्वास्थ्यसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम आयोजना गर्नेसमेत जापानी दूतावासको प्रेस विज्ञप्तिमा उल्लेख छ।

सामूहिक प्रतिबद्धता

ललितपुर (कास)- महालक्ष्मी नगरपालिकाका मेयर, वडाध्यक्ष, राजनीतिक दलका प्रतिनिधि र स्थानीय टोलबासीले प्लास्टिक झोलामुक्त जीवन जिउने प्रतिबद्धता जनाएका छन्। यती आवास टोल विकास समिति र महालक्ष्मी नगरपालिकाको अगुवाइमा अभियान सुरु भएको हो। अभियानमा महालक्ष्मी नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठ, उपमेयर निर्मला थापासहित टोलबासी थिए। समिति अध्यक्ष हरिकाजी राईले सरकारको प्लास्टिक झोला निषेध कार्यक्रम प्रभावकारी नभएको भन्दै सशक्त ढंगबाट अगाडि बढ्नुपर्नेमा जोड दिए। मेयर श्रेष्ठले नगरपालिकाले प्लास्टिक झोला मुक्त गर्न नीति तथा कार्यक्रम बनाएर अगाडि बढ्ने योजना रहेको बताए।

सुनसहित पक्राउ

काठमाडौं (रासस)- महानगरीय प्रहरी अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले अवैध सुनसहित एक जनालाई पक्राउ गरेको छ। सुरक्षा कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पार्किङ क्षेत्रबाट अवैध सुनसहित प्युठानका दीपकबहादुर खत्रीलाई बुधबार दिउँसो पक्राउ गरेको हो। महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता पूजा सिंहले विदेशबाट आएका यात्रुसँग सुन संकलन गर्दैगर्दा उनलाई पक्राउ गरिएको जानकारी दिए। प्रहरीले पक्राउ खत्रीसँग सुनका तीनवटा बालासमेत बरामद गरेको छ।

निःशुल्क स्वास्थ्य शिविर

ललितपुर (कास)- सरस्वती उच्च मावि र समावेशी बहुउद्देश्यीय सहकारी संस्था मिलेर ठेचोमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ। सुमेरु अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा आँखा, स्त्री, किड्नी, हाडजोर्नी रोगसम्बन्धी ४ सय ५९ जनाले उपचार गराएका थिए। उपचारका लागि सुमेरु अस्पतालका निर्देशक दिलीप डंगोलको नेतृत्वमा ५ जना डाक्टरसहितको टोली आएको थियो।

बिरामीलाई झन् सास्ती

चिकित्सक आन्दोलनमा हिँडेपछि राजधानीका वीर, ट्रमा, कान्ति बाल, प्रसूति गृहसहित सरकारी अस्पतालका बिरामी अलपत्र

फातिमा बानु (काठमाडौं)

तीन सातादेखि वीर अस्पतालको ट्रमा सेन्टरमा भर्ना भएकी हुन् सिन्धुपाल्चोककी ४० वर्षीया विष्णुकुमारी दाहाल। बुधबार बिहान शल्यक्रियाका लागि पालो आयो। चिकित्सकको सल्लाहअनुसार मंगलबार रातिदेखि नै भोकै बसिन्। कुरुवाले औषधि, रगत, स्टिललगायत शल्यक्रियाका लागि आवश्यक सबै सामान किनेर ठिक्क पारे। बुधबार बिहानबाट चिकित्सक राउन्डमा समेत नआएपछि उनको उपचार रोकियो, शल्यक्रिया भएन। २२ दिन अगाडि घाँस झार्ने क्रममा रूखबाट लडेर मेरुदण्ड भाँचिएकी उनी अस्पताल बसाइ अझै लम्बिने भयो भनेर चिन्तित देखिइन्। शल्यक्रिया गर्न ठिक्क पर्नु भनेर गएका चिकित्सक किन आएनन् उनलाई जानकारी छैन। 'योभन्दा पहिला पनि दुई पटक आमाको अप्रेसन क्यान्सिल भएको थियो,' कुर्न बसेका छोरा रुपेश दाहालले भने, 'शरीर कमजोर भएर अप्रेसन गर्न मिलेको थिएन।' यो पटक आमालाई कसोकसो अप्रेसन हुन सक्ने बनाएको थिएँ, डाक्टर नै आएनन्।' अब शल्यक्रिया कहिले हुन्छ, डाक्टर आइहाले पनि आमाको शरीरमा चिर्न सक्ने बल होला नहोला भन्ने चिन्तामा उनको दिन बित्यो।

१६ दिनदेखि ट्रमा सेन्टरमा उपचारत सर्लाहीकी ३७ वर्षीया लताकुमारी पाखिनको पनि बुधबारकै लागि शल्यक्रिया तोकिएको थियो। घरको सिँढीबाट लडेर खुट्टा भाँचिएकी उनको तोकिएको दिन शल्यक्रिया भएन। सामान ठिक्क पारेर बसेका उनका बुबा फइनबहादुर लामाले भने, 'अप्रेसन गर्ने भनेर अस्तिबाटै भोकै राखियो, भोकै बसेर सास्ती मात्रै भयो छोरीलाई।' चिकित्सक आउलान् र शल्यक्रिया गर्दैलान् भनेर बुधबार साँझसम्म उनले छोरीलाई भोकै राखे। पानी मात्रै दिए। चिकित्सक नआएको झोकमा उनले अस्पताल प्रशासनसँग झगडासमेत गरे। 'डाक्टर किन नआएको उहाँहरूलाई नै सोध्नुस्,' भन्ने प्रशासनको जवाफबाट उनी निराश भए। ठूलो अस्पतालमा राम्रो उपचार हुन्छ भनेर सर्लाहीबाट आएका उनी राजधानी आएकोमा पश्चाताप गर्दै थिए।

कर्मचारी समायोजन ऐन विभेदकारी भएको भन्दै सरकारी चिकित्सकले बुधबारदेखि आकस्मिकबाहेक सबै सेवा बहिस्कार गरेका हुन्। उनीहरू आन्दोलनमा हिँडेपछि राजधानीका सरकारी अस्पतालमा बिरामी अलपत्र परे। देशभरका १४ सय सरकारी चिकित्सक आन्दोलनमा उत्रिएपछि अस्पतालको सेवा प्रभावित बन्यो। ट्रमा सेन्टरमा बुधबार चिकित्सकले ओपीडी टिकट काउन्टर खोल्नै दिएनन्। दैनिक तीन सयको हाराहारीमा बिरामीको ओपीडी टिकट काटिने ट्रमा सेन्टरमा बुधबार एउटा पनि काटिएन। फलोअपमा आएका बिरामीले पनि सेवा पाएनन्। फलोअपमा पनि आकस्मिक अवस्थामा आएका बिरामीलाई अस्पतालले टिकट नै नकाटी उपचार गरेर पठायो। ओपीडीका बिरामी पनि थपिएपछि आकस्मिक कक्ष खचाखच देखिएको थियो। ट्रमा सेन्टरमा अधिकांश चिकित्सक सरकारी सेवाकै छन्। सेवा गर्न नमानेपछि उनीहरूको आन्दोलनलाई समर्थन गर्ने भन्दै करार र रेसिडेन्ट चिकित्सकले पनि काम गर्न मानेनन्। ट्रमा सेन्टरका निर्देशक डा. विनोद शेरचनले भने, 'अरु बिरामी त आए गए। लामो समयदेखि शल्यक्रियाका लागि पालो पाएका बिरामीले दुःख पाए।' ट्रमा सेन्टरमा १३ बिरामी शल्यक्रियाका गर्ने तयार पारिएकोमा बुधबार ७ बिरामीको शल्यक्रिया हुन सकेन। सरकारले छिटोभन्दा छिटो आन्दोलन रोकिने पहल गरेर अस्पतालको सेवा प्रभावित हुनबाट जोगाउनुपर्ने निर्देशक डा.शेरचनले बताए। एक सय ६८ बेडको यो अस्पतालमा आकस्मिकबाहेक शल्यक्रिया गर्नुपर्ने बिरामीले पालो कुरेपछि मात्रै सेवा पाउँछन्। बिरामीको पालो पछाडि धकेलिएपछि उनीहरू चिन्तित छन्।

आन्दोलनका कारण बुधबार बिहानैबाट सरकारी अस्पतालका सेवा प्रभावित भए। वीर अस्पतालमा पनि चिकित्सक टिकट काउन्टरमा ताला लगाइदिए। बिहानको समयमा एक हजार टिकट काटिने वीरमा बुधबार एउटै टिकट काटिएन। चिकित्सक आउँछन् भन्दै दिउँसोको सेवाका लागि बिरामीलाई टिकट काट्न लगाइयो। दिनैभरि हातमा टिकट लिएर बसेका बिरामी उपचार नै नगरी घर फर्किए। टाढाबाट उपचार गर्न आएका बिरामीले दुःख पाए। वीरमा कार्यरत तीन सय चिकित्सकमध्ये ५० प्रतिशत सरकारी सेवाकै छन्। बाँकी अरु करार र मेडिकल अधिकृत पनि आन्दोलनको समर्थनमा हिँडेपछि सेवा ठप्पप्रायः भयो। वीर अस्पतालका निमित्त निर्देशक डा. भूपेन्द्र वस्नेतले भने, 'आकस्मिक उपचार र शल्यक्रियाबाहेक अरु सेवा दिन सकिएनँ।' थापाथलिस्थित प्रसूति गृहको ओपीडीको एउटा पनि टिकट काटिएन। दिनैभरि सेवा प्रभावित भयो। दैनिक ७ सय बिरामीको तथा गर्भवतीको लाइन लाग्ने यो अस्पतालमा सरकारी चिकित्सकले कामै नगरिदिएपछि विकास समितिका चिकित्सकको भरमा सेवा चल्यो। ओपीडीमा आएका गम्भीर खालै बिरामी पनि आकिस्मक कक्षबाट दिनुपरेपछि आकिस्मक कक्षमा भीड बढेको थियो। अस्पतालकी प्रशासन प्रमुख रानु थापा भन्छिन्, 'चिकित्सक नआउँदा बिरामीले प्रशासनलाई गाली गरेर गए, बिरामीलाई भोलि आउनु भनेर फर्काउन सकिन्छ, गर्भवतीलाई भोलि भनेर फर्काउने हामीले।' यस्तो संवेदनशील अस्पतालका चिकित्सकले आन्दोलन गर्न मिल्दैनथ्यो।'

टेकुस्थित सरुवा रोग अस्पतालमा खोप लगाउन आएका बिरामी त्यसै फर्किए। ओपीडी खुल्दै खुलेन। करार चिकित्सक र मेडिकल अधिकृतको भरमा सेवा दिन कठिन भएको अस्पतालका निमित्त निर्देशक डा.अनुप बाँस्तोलाले बताए। माग पूरा नभएसम्म अनिश्चितकालका लागि सेवा ठप्प पार्ने सरकारी चिकित्सकको अडान छ। सरकारी चिकित्सक संघका अध्यक्ष डा. दीपेन्द्र पाण्डे भन्छन्, 'पटक-पटकको आन्दोलनपश्चात पनि हाम्रो माग पूरा भएन, उपाय केही नपाएपछि हामीले यस्तो अप्रिय निर्णय लिन बाध्य भएका हौं।'

सरकारी चिकित्सकको आन्दोलनले आकस्मिकबाहेक सबै सेवा बन्द भएपछि बुधबार ट्रमा सेन्टर (माथि) र कान्ति बाल अस्पतालमा अलपत्र बिरामी।

तस्बिर : कविन अधिकारी, बिजु महर्जन/कान्तिपुर

Pioneer Moto Corp Pvt. Ltd.
Uttardhoka, Kathmandu: Tel: 01-4446042/43, 9801142988(Anish), 9801142989(Anil), 9801142995(Dikshant), 9801142997(Rajkumar), 9801142958(Shraddha), 9801142964(Surendra), 9801142948(Avishek), 9801143231(Vijayata), 9801143219(Saurav),9801143243(Sandhya)
Thapathali: 01-4101627/28/78, 9801142926(Runa), 9801142928(Amita)
Biratnagar: 021-460972, 9801142933 (Amit), 9801142934 (Shambhu), 9801142936 (Dhiren), 9801143166 (Dilip), Email: sales@nissan-nepal.com

NOW YOU CAN ALSO VISIT US AT:
Maharajgunj: 01-4721772,4720771, 9851189271, 9851189272, 9851189273, 9851189276, 9851179553, **Bhaktapur:** 9811015988, 9840175221, **Birtamode:** 023-541113, 9801412223, **Janakpur:** 041-424298, 9801651863,9802013636, **Bardibas:** 044-550213, 9807850200, **Pokhara:** 061-431437, 9856016772, 9856016773, **Butwal:** 071-415408, 9802737877,9812986506, **Bhairahawa:** 071-527054, 9801229991, 9801229992, **Nepalgunj:** 081-551744, 9858023645, 9849914576, **Dhangadhi:** 091-416234, 9801712451, **Narayanghat:** 9801369201, 9801369127, **Itahari:** 025-585037, 9852085085, 9802086873

24x7 SERVICE CENTRE:
Khumaltar: 01- 5548969
Service Helpline: 9801205500

For more information, please visit www.nissan-nepal.com, NissanNep, Nissannepal_, nissan_nepal or **visit any of our dealerships across the country**

सम्पादकीय

भारत-पाकिस्तान तनाव रोक्न संवादको दबाब

भारत र पाकिस्तानबीच हवाई आक्रमण र प्रतिकारको सुरुवातले दक्षिण एसियामा पुनः युद्धको त्रास बढाएको छ । क्षेत्रीय शान्ति र स्थायित्वमा चिन्ता थपेको छ । नेपाल सरकारले दुवै छिमेकीलाई संयम अपनाउन र यस क्षेत्रको शान्ति र सुरक्षामा खतरा पुऱ्याउने कुनै पनि गतिविधिमा नलाग्न आग्रह गरेर सही सन्देश दिएको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को अध्यक्षको हैसियत उद्धृत गर्दै परराष्ट्र मन्त्रालयले जारी गरेको वक्तव्यमा परिस्थितिलाई सामान्य बनाउन र वार्ताद्वारा समाधान खोज्न आग्रह गरिएको छ ।

तास खेलमा अप्ठ्यारो पर्दा ट्रमकार्ड खेलेजस्तै वैदेशिक मामिलामा अप्ठ्यारो पर्दा खेल्ने कार्ड हो- शान्तिपूर्ण वैदेशिक सिद्धान्त अवलम्बन । भारत-पाकिस्तान द्वन्द्व बढे त्यसको विभीषिकाले युद्धरत दुई मुलुकलाई मात्र क्षति गर्दैन, त्यसको बाछिटाले हामी छिमेकीलाई पनि पोल्नेछ । दुवै आणविक राष्ट्रबीचको यो तनावलाई संवादमा फर्काउन आग्रह गर्नु हाम्रो आफ्नै सुरक्षाको पनि सरोकार हो । त्यसका लागि छिमेकी मुलुकहरूबीच एकमत कायम गरी छरछिमेकको चासो बरोबर प्रतिविम्बित गरिरहनु र विकसित घटनाक्रमप्रति चनाखो भइरहनुपर्ने भएको छ ।

छिमेकीहरूबीच उत्पन्न तनाव कम गर्ने सन्दर्भमा सार्क बडापत्रको भूमिका हुँदैन, शान्तिका लागि उत्साहित गर्नेबाहेक । भारत-पाक सम्बन्धकै कारण सार्क शिथिल छ । सार्कले युद्ध रोक्न भूमिका खेल्न सक्ने अवस्था छैन । युद्धरत छिमेकीहरूलाई शान्तिपूर्ण वार्ताको टेबलमा बस्न उत्साही पार्नु र पारिरहनु सार्कको सम्भावना ब्युँताउन पनि सान्दर्भिक हुनेछ । यो संगठन स्थापना गर्दा भारत-पाक तनाव कम गर्दै विश्वासको वातावरण बनाउने संयन्त्र होस् भन्ने अनौपचारिक उद्देश्य राखिएको स्मरणीय छ ।

पहिले-पहिले भारत-पाकिस्तान तनाव हुँदा, युद्धमा ओर्लिंदा संयुक्त राज्य अमेरिकाले मध्यस्थकर्ताको भूमिका खेल्थ्यो । अमेरिका र पाकिस्तान नजिक मानिन्थे । भारत र रसिया नजिक भएको ठानिन्थ्यो । विश्व शक्तिको त्यो परिदृश्य फेरिएको छ । अमेरिका र भारत नजिकिएको मानिँदै छ । तैपनि अमेरिकाले भारत-पाकिस्तान तनाव घटाउन मध्यस्थकर्ताको भूमिका खेल्न र समाधान निकाल्न सक्छ । चीन र रसियाले पनि शान्तिका लागि मध्यस्थकर्ताको भूमिका खेल्न सक्छन् ।

भारत-पाकिस्तान तनाव बढ्दै गयो, युद्धभेदी विमानबाट बम वर्षा हुन थाल्यो भने संयुक्त राष्ट्रसंघ चुप लाग्न मिल्दैन । चुप लाग्दैन पनि । यसमा राष्ट्रसंघ सुरक्षा परिषद्को भूमिका हुनुपर्छ । अहिले उनीहरू दुवैतिरका सीमा क्षेत्रमा आक्रमणमा उत्रिएका छन् । शीतयुद्धसँगै परम्परागत युद्धको अवस्थामा प्रवेश गरेका छन् । भारतले पाकिस्तानले आतंकवादीहरूलाई आश्रय दिइरहेको आरोप लगाएको छ भने पाकिस्तानले भारतले कश्मीरमा 'लाइन अफ कन्ट्रोल' उल्लंघन गर्दै विवादरहित पाकिस्तानी क्षेत्रभित्र घुसपैठ गरेको आरोप लगाएको छ ।

भारत-पाकिस्तानलाई शान्तिवार्तामा ल्याउन ढिला भए आतंकवादको मुद्दा हुँदै हातहतियारको युद्ध र त्यसबाट आणविक युद्धसम्मको त्रास बढ्नेछ । दुवै देशमा राष्ट्रवादको उत्तेजना बढेको छ । भारतीय र पाकिस्तानी मिडिया आ-आफ्ना प्रधानमन्त्रीलाई उकासिरहेको भान हुन्छ । उनीहरू आफ्नो पक्षको हमला दमदार रहेको दाबी पस्किरहेका छन् । दुवैतिरका मिडिया समाचार र सरकारी अधिकारीहरूका ट्वीट हेर्दा उनीहरू युद्धमा छन् र आफूले जितिरहेका छन् भन्ने दर्शाउन चाहिरहेका छन् ।

भारतमा आम निर्वाचन नजिकिँदै छ । प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानमाथि 'सर्जिकल स्ट्राइक' को तानाबाना बुनेको आशंका गरिँदै छ । पाकिस्तानमा पनि पूर्वक्रिकेट खेलाडी इमरान खान प्रधानमन्त्री बनेपछि शक्ति निर्माणमा लागेका छन् । उनले पनि भारतलाई 'देखाइदिने' नीति लिएका छन् । दुवै नेताले आफ्नो फाइदा होइन, राष्ट्रिय स्वार्थ हेर्नुपर्ने र शान्तिवार्तामा आउनुपर्ने अन्तर्राष्ट्रिय दबाब बढेन भने सबभन्दा धेरै गरिबहरू बस्ने यस क्षेत्रमा प्रगति होइन, क्षति अवश्यम्भावी देखिँदै छ । भारत र पाकिस्तानका नेतृत्वले सुझबुझ पुऱ्याए युद्धको विभीषिका र सत्यानाशतिर जान दिने छैनन् ।

संविधानको इच्छामृत्यु !

डेटलाइन तराई

चन्द्रकिशोर

संविधानले संस्थागत विकास कसरी गरिराखेको छ ? कस्ता प्रवृत्ति र संरचनाको उठान भइराखेको छ ? अहिलेको लोकतान्त्रिक राजनीतिक अभ्यासको केन्द्रविन्दु 'संविधान' छ कि छैन ? संविधानले परिकल्पना गरेका संस्थाहरूमाझ पारस्परिक सन्तुलन र नियन्त्रणको दशा र दिशा के छ ? संविधान ल्याउने राजनीतिक शक्तिहरू संविधान कार्यान्वयनको संक्रमणलाई छिचोल्न ऐक्यबद्ध छन् कि छैनन् ? संविधान लागु गर्नेहरूले संविधानभित्र नैतिक ऊर्जा कति हाल्न सकिरहेका छन् ? लोकतन्त्रको काम विविधतालाई संरक्षित गर्नु हो भने संविधानले स्थापित गरेको कथ्य र संविधानका कार्यान्वयनकर्ताले विजारोपण गरेको तथ्यबीच तालमेल कस्तो छ ? लोकतन्त्र असहमतिहरूमाझ सामञ्जस्य खोज्ने, असहमतिलाई सम्मान दिने, व्यक्तिको स्वतन्त्रता र मानव अधिकारलाई अधिकतम ठाउँ दिने शासनतन्त्र मानिएको हो भने उत्कृष्ट भनिएको संविधानले कस्तो परिस्थिति निर्माण गरेको छ ? यी प्रश्नहरू आफ्नै भाषा र शैलीमा सुदूर देहातमा उठ्दैछन् ।

यतिखेर काठमाडौंको बन्द कोठाको 'कफी गफ' गर्माएको छ । त्यसको बाछिटा केन्द्रीय भनिने मिडियामा देखिएको छ । उसो त काठमाडौंले जहिले पनि 'षड्यन्त्रको सिद्धान्त'लाई बढी पक्षपोषण गर्छ । आफ्नो रुचि र बेरुचि अनुसार त्यसलाई उठान र बैठान गर्छ । काठमाडौंको अन्तरमनमा हल्लिरहेको त्यो हल्लाको हैसियत थाहा पाउन मलाई सकसक लागिरहेको छ । त्यहाँको नागरिक समाजको ठूलो हिस्साको भूमिका प्रकारान्तरले शक्तिशाली संघीय सरकार र उसका उरन्ठेउला काममा प्रत्यक्ष/अप्रत्यक्ष समर्थन जनाउनमा सीमित छ । यसका बाबजुद पनि सवा तीन वर्षको छोटो अवधिमै संविधानको स्थायित्व र विद्यमान राजनीतिक गतिको निरन्तरताबारे किन संशय बढेको छ ? अनेक आशंका आँकलन गरिँदैछ । यो हुन्छ र त्यो हुन्छ जस्ता कथन सुनिन्छ । प्रकारान्तरले यसको दोष जनताकै टाउकोमा थोपरिएला । जनताले धैर्य देखाएन, जनताले तुरुन्त सन्तुष्ट हुने मनोविज्ञान देखायो आदि-आदि । उही पुरानो कथनलाई स्थापित गरिने एउटा कोणबाट फेरि प्रयत्न हुँदैछ- नेपाल भूमिमा लोकतन्त्र फाप्दैन र यहाँ लोकतान्त्रिक राजनीति गर्नलायक जनता मौजुद छैन ।

मूलतः नेपालमा नेपाली तौरतरिकाको लोकतन्त्र विकसित गरिनुपर्छ । यो मौलिकताभित्र कुनै वंश परम्परामा आधारित कुनै शासन पद्धतिको अस्तित्व स्वीकार गरिँदैन । अर्थात कुनै पनि रूप र रङ्गको राजतन्त्रले नेपाली जनमनको आकांक्षालाई आकार दिन सक्दैन भन्ने लागेपै यो संस्थाको निर्मूलन गरिएको हो । नेपाली समाजको सहिष्णु चरित्रले गर्दा त्यो संस्था भनेर चिनिने उत्तराधिकार पात्रलाई आफ्नो लोकतान्त्रिक अभ्यास गर्ने खुला छुट दिएको छ । लोकतन्त्रद्वारा समाज परिवर्तन र समाजद्वारा लोकतन्त्र परिवर्तन यो दुइटै पक्षलाई यतिखेर विवेचना गर्नु अपरिहार्य हुँदै गएको छ । विविधता नेपाली समाजमात्र होइन, यहाँको लोकतन्त्रको पनि आत्मा हुनुपर्ने हो । पुर्खाले आर्जेको मुलुक वा सबैको साझाजस्ता विशेषण जोडिएर खडा गरिएको तन्त्र वा त्यो संस्था जो राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीक हो भन्नेजस्ता संकथन अहिले फेरि प्रवेश गराउनुको अर्थ नेपाली समाज भित्रको विविधता, व्यक्तिको सर्वोच्चताजस्ता पक्षलाई इन्कार गर्नु हो । यस्ता संकीर्ण र विकृत संकथन जनताको अधिकार कुल्चिएर उफ्रन्छन् । यथार्थमा हाम्रा नेता अब पनि देश भित्रको कुनै शक्ति वा भूराजनीतिलाई औंल्याएर आफ्नो उत्तरदायित्वबाट पन्छिन चाहन्छन् । अहिले देखापरेको प्रत्येक समस्याको आश्रयको पहिलो थलो दलहरू भएका छन् । संसद भित्रका दलहरू राष्ट्रियता, लोकतन्त्र र अस्मितामाथि संवेदनशील नहुँदाको परिणति हो कि अहिले कैंची लिएर हिँड्नेहरू मुखर भएका छन् ।

संविधान जारी हुनुअघि अहिलेका संस्थाहरूको तयारी अवस्था थिएन । संविधान कार्यान्वयन हुँदै जाँदा नयाँ संस्थाहरू बनाउँदै जाने, पुराना संस्थाहरूको छवि उजिल्याउने, स्वयं दलहरूले आफूमा निरन्तर परिष्कार र परिमार्जन गर्दै जानुपर्ने थियो । मतादेशबाट छानिएका संस्थाहरूलाई भूमिका र अधिकार दिएर मात्रै पनि संघीय लोकतन्त्र स्थापनाको काम सकिने होइन । अहिले प्रतिपक्षको खोजी किन भइरहेको छ ? संघीय सदनभित्रै संविधान संशोधनका राजनीतिक अडान राख्ने मधेस केन्द्रित दलहरूले प्रादेशिक अभ्यासलाई साधन वा उपयोग गर्ने माध्यममात्रै बनाए कि ? संविधानलाई व्यवहारमा उतार्न संस्कार र कार्यशैली लोकतान्त्रिक हुनु जरुरी छ । संविधान आफैमा आस्था र विश्वासको केन्द्र बहुसंख्यकलाई भएन भने यो संविधान आफैले आफ्नो इच्छामृत्युमा हस्ताक्षर गर्न बाध्य हुनेछ । त्यसैले संविधानको पक्षमा हुनेहरूले अहिलेको यो यथार्थप्रति जति आँखा चिम्लिए, त्यति नै यो संविधानको आयुको प्रत्याभूति कम हुँदै जान्छ । अहिलेका संघीय संसदमा रहेका सबै शक्तिले असन्तुष्टि र आलोचनालाई सहज, स्वाभाविक र जायज ठान्नुपर्छ ।

संविधान कार्यान्वयनमा हुँदै गरेको रिक्तता, दलहरूबीच बढ्दै गरेको तिक्तता, दलतन्त्रप्रति फैलिँदो अविश्वास, समाजको दलीयकरणले निम्त्याएको विखण्डन, दलहरूमा आन्तरिक लोकतन्त्रको अभावलाई लिएर ठोस चिन्तन आवश्यक छ । संविधानले गणतन्त्रलाई संस्थाकरण गऱ्यो, संघीय अभ्यासलाई केन्द्रीकृत पद्धतिको विकल्पका रूपमा ल्यायो, तर दललाई लोकतन्त्रीकरण गर्ने काम बाँकी छ । दललाई यथावस्थामा राखेर, पद्धतिमात्रै लोकतन्त्रीकरण गरेर लोकतान्त्रिक प्रक्रिया पुरा हुनसक्दो रहेनछ । संविधानले एक प्रकारको पद्धति स्थापित गऱ्यो, मतादेशले बहुतहमा दलहरूलाई शासन गर्ने वैधता दिएकै छ, अब पुग्यो भनेर हुँदैन । हामीले गम्भीर रूपमा बुझ्नुपर्ने विषय के हो भने दलहरू भित्रको केन्द्रीकृत राजनीतिक संरचनाले संवैधानिक पद्धतिलाई बलियो र पुष्ट बनाउन सक्दैन । सानातिना उथल-पुथलले पनि यी 'महानायक'हरू तर्सिने गर्छन् ।

संघीय सरकारले प्रादेशिक अभ्यासप्रति न्याय देखाउन सकिरहेको छैन । त्यो संविधानप्रति बन्चरो प्रहार हो । देहातमा सुनियो- बाँसलाई काट्न बन्चरोमा बाँसकै लठ्ठी हुन्छ रे । अहिले यो संविधानलाई मूर्तरूप दिने पात्रद्वारा नै यसको मर्मप्रति जानी-जानी बेवास्ता गर्न खोजिएको छ । बजेट वितरण, जनशक्ति व्यवस्थापन, कानुन निर्माण, राजनीतिक निर्णय, राजनीतिक अभ्यासको ढाँचा सबै थोकमा संघीय सरकारले आफैंतिर बढी लाभ लिन खोज्यो भने त्यसले संवैधानिक यात्रालाई टेवा दिएको कसरी मानिन्छ ? हामी संविधानलाई बलियो बनाउन र यसको संस्थागत विकास गर्न आवश्यक भएको आवाज उठाइरहेका छौं । यो संविधानको अन्तरवस्तुप्रति नै असन्तुष्ट पक्ष नभएका होइनन् । तर अहिले संविधान कार्यान्वयनको कार्यभार बोक्ने पंक्तिको जिम्मेवारी थियो- यो संविधानले जेजति आत्मसात गरेको छ, त्यस अनुसार शक्ति र स्रोतको वितरण र व्यवस्थापनमा सघाउ पुऱ्याउन् । संघीय संसदमै रहेका संविधानप्रति असहमति राख्ने पक्षसँग सार्थक संवाद गरी संशोधन अगाडि बढाउनुपर्थ्यो । संविधानभन्दा बाहिर रहेका शक्तिहरूलाई मूलधारमा ल्याउने इमानदार पहल हुनुपर्थ्यो । तर उनीहरू अहिलेका शासकीय त्रुटिबाट आफ्नो हिंस्रक कर्मलाई समेत जायज ठहऱ्याउँदैछन् ।

भन्न खोजिएको के हो भने संविधानले आत्मसात गरेको पद्धतिलाई वैधता प्रदान गर्दै सामाजिक-आर्थिक रूपान्तरणलाई अगाडि बढाउनुपर्थ्यो । तर संघीय सरकारको एक वर्ष बित्थामा बित्यो । बरु सत्तारुढ भित्रैबाट प्रदेशको सीमांकनबारे परिमार्जनसहित नक्साहरू कोरिन थालिएको छ । उनीहरूले सँवैधानिक यात्रालाई कमजोर पार्ने नियतले प्रदेश पुनर्संरचनाका माग गर्नथालेको हो भनी टिप्पणी सुनिएको छ । यसको सोझो अर्थ फेरि अर्को द्वन्द्वको भुमरीमा छिर्नु हो ।

प्रादेशिक अभ्यासमा गइसक्दा पनि मुख्यमन्त्रीहरूको काठमाडौंमोह हराएको छैन । उनीहरूले संविधानले दिएका अधिकार र कार्यभार कार्यान्वयनको जिम्मेवारीका कारण प्रादेशिक सत्तालाई जति गुरुत्वपूर्ण देखाउनुपर्ने हो, त्यति सकिरहेका छैनन् । प्रादेशिक सरकारहरू प्राप्त अधिकार र कानुन भित्रैबाट अनुभूति हुने सेवा प्रवाहमा केन्द्रित हुन सकिरहेका छैनन् । बहुतहको संरचनामा कुनै एक तहको गति कमजोर हुँदा वा पक्षाघात गराइँदा त्यसको चपेटामा पुरै पद्धति पर्छ । दक्षिणपन्थी र संविधानपन्थी दुइटै संघीयतामाथि खनिएका छन् । अहिले जोखिमपूर्ण दुइटा अवस्थाका कारण संविधानको इच्छामृत्युको कुरा गर्नु परिरहेको छ । पहिलो, संविधान कार्यान्वयन गर्ने बहुतहका सूत्रधारहरू आ-आफ्नै ठाउँमा संकुचनका सिकार भएका छन् । दोस्रो, परिवर्तनका अभियन्ता दलहरूभित्र लोकतान्त्रिक अभ्यास कमजोर हुँदा त्यसको प्रहार संविधानरूपी कागजी दस्तावेजमाथि परिरहेको छ । संविधानप्रति असन्तुष्टि, शासकीय कमजोरी, दलहरूको कार्यशैली लगायत यावत कुरालाई संविधानसँग जोडिँदैछ । यस अर्थमा संविधानले मतभेदको अधिकाधिक र उपयुक्त व्यवस्थापन, शक्तिको पुनर्निर्माण र वितरणमा न्याय, सुशासनको प्रत्याभूति गर्न सकेर नै आफ्नालागि लामो यात्रा बनाउन सक्छ ।

यो संविधान नेपाली जनताकै अधिकारको प्रत्याभूति हो । यसलाई गतिशील र जीवन्त बनाइराख्न जनताको चाहना अनुसार विना जालझेल विभिन्न आन्दोलनको माग अनुसार संविधान संशोधन गर्नुपर्छ । अहिलेका कतिपय असन्तुष्टि आफैमा खण्डित र अपूर्ण हुन् । दलहरूलाई चेताउने काम जनताले नै गर्ने हो । एउटा दलको विकल्प अर्को गतिलो दल हुन्छ र जुन दलले राष्ट्रिय आकांक्षाको तस्बीरलाई सफा पार्ने र मुलुकको सँवैधानिक गन्तव्यको प्रत्याभूति दिन्छ, जनताले त्यसलाई रोज्छन् । तर अहिले सबैले विना लेखाजोखा संविधानमाथि प्रहार गरिराखेका छन् । संविधानले आत्मसात गरेका मूल्य-मान्यता भत्किँदै गएपछि उसको इच्छामृत्यु सन्निकट हुनपुग्छ ।

datelineterai@gmail.com

सबैले बिना लेखाजोखा संविधानमाथि प्रहार गरिराखेका छन् । संविधानले आत्मसात् गरेका मूल्य-मान्यता भत्किँदै गएपछि उसको इच्छामृत्यु सन्निकट हुन्छ ।



पाठक मञ्च

रोजगार कार्यक्रमको बेहाल

श्रम मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनार्थ ७५३ रोजगार संयोजकको आवेदन माग गरी प्रारम्भिक योग्यताक्रम निर्धारण गरी कम्प्युटर सीप परीक्षा सञ्चालन गरेको सर्वविदितै छ । हरेक परीक्षामा नमुना प्रश्नपत्र अगावै उपलब्ध गराइने मान्यता विपरीत नमुना प्रश्नपत्र उपलब्ध नगराए सम्पन्न परीक्षामा ५० पूर्णांकको दुई नम्बर प्रतिप्रश्नका दरले २५ प्रश्न सोधिएको परीक्षाको उत्तीर्णांक २५ राखिएको थियो । जबकि यो मापदण्डमा कुनै परीक्षार्थीको २५ नम्बर आउँदैन । यसरी सञ्चालित परीक्षाको नतिजामा ५२१ जनामात्र उत्तीर्ण भएका छन् । उत्तीर्ण भएका मध्येले पनि रोजेको स्थानीय तह नपाएमा करार नगर्ने सम्भावना धेरै छ । करार गरेका मध्येले पनि राजीनामा दिएमा वा १० दिनभित्र काममा नखटिएमा स्वतः उक्त स्थान रिक्त हुनेछ । २३२ संख्या सुरुमै रिक्त रहेको, वैकल्पिक उम्मेदवार नरहेको यस्तो अवस्थामा रिक्त पद संख्या बढ्दै जानेछ । लोकसेवाको मापदण्ड अनुसार ४० प्रतिशत प्राप्तांक ल्याउने परीक्षार्थीलाई उत्तीर्ण मान्ने नीतिगत निर्णय गर्ने हो भने आवश्यक संख्यामा पदपूर्ति पनि हुने र वैकल्पिक उम्मेदवार पनि हुने भएकाले कार्यक्रम सञ्चालन सहज हुनेछ । काम गर्न इच्छुक, प्रारम्भिक योग्यता सूचीमा परेका र सीप परीक्षामा ४० प्रतिशतभन्दा माथि प्राप्तांक ल्याएका सम्पूर्ण उम्मेदवारले काम गर्न पाउन् ।

- सुजन लम्साल र विशाल तामाङ, *काठमाडौं*

आयातीत बुद्धिजीवी !

कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित लेखमार्फत राजेन्द्र महर्जनले प्रधानमन्त्री केपी शर्मा ओलीका सपनालाई टाइटानिक जहाजको जस्तै दुःखद अन्त्य हुने आशंका गर्नु भएछ । एकताका उहाँले आफ्नो विद्रतालाई बाहुन र क्षत्रीविरुद्ध प्रयोग गर्दै ती समुदायलाई शासक र शोषकको रूपमा चित्रित गर्नुहुन्थ्यो । जबकि देशको सबैभन्दा विकट क्षेत्र कर्णालीमा सबैभन्दा ठूलो बस्ती तिनै समुदायको छ । त्यहाँका जनसमुदायको दिनचर्या कत्तिको दुःखद छ, त्यो उहाँलाई जानकारी नभएको पनि होइन । तर पनि उहाँ त्चारनदेखिको बल लगाएर तिनीहरूकै विरुद्ध खनिनुहुन्थ्यो । त्यसपछि लाग्नुभयो, प्रधानमन्त्री ओलीले नेपालीलाई देखाएका सपना विरुद्ध । पानीजहाज, रेल, पाइपमा ग्यास, हावाबाट बिजुली आदि-आदि । उहाँका नजरमा प्रधानमन्त्री ओली एउटा 'अनपढ तुच्छ बाहुन' बाहेक केही पनि होइनन् । जसले केवल सपनामात्रै बाँड्दै हिँड्छन्, तर कार्यान्वयनतर्फ सिन्को 'नि भाँच्दैनन् । केही महिनाअघि राष्ट्रिय नाचघरमा यी महान लेखकले तिनै 'तुच्छ व्यक्ति'को हातबाट पुरस्कार ग्रहण गरे । त्यो दृश्य हेर्नलायक थियो ।

समृद्धिको सपना देख्नु नै अपराध हो भन्ने दूषित मानसिकताले प्रेरित कथित बुद्धिजीवीका यस्ता विचार पढ्दा बडो नमज्जा लागेर आउँछ । आफूलाई स्वघोषित परिवर्तनको संवाहक ठान्ने तर करिब डेढ दशकसम्म जेलनेल भोगेर बाँकी जीवन परिवर्तनको लडाइँमा होमिएकालाई सम्भ्रान्त वर्गको देख्ने आँखाहरूमाथि कतै आयातीत चस्मा लगाइएका त छैनन् ?

- गंगा भट्टराई पाण्डेय, *कालिगण्डकी-४, स्याङजा*

भारत-पाक तनाव र सार्क

भारत र पाकिस्तान बीचको जारी तनावले हाम्रा दुवै मित्रराष्ट्रहरू युद्धको तम्तयारमा लागेको बुझ्न सकिन्छ । यसको मुख्य कारण भनेकै आतंकवाद नै हो । विवादित कस्मिर क्षेत्रलाई आधार बनाएर भारत-विरुद्ध पटक-पटक आक्रमण भएको विगतदेखि वर्तमान अवस्थासम्म आइपुगदा प्रस्ट हुन्छ । त्यसको मुख्य योजनाकार पाकिस्तान नै हो भन्ने भारतीय पक्षको दाबी रहँदै आएको छ । त्यसो त आतंककारी आक्रमणको सिकार पाकिस्तानले पनि भोग्दै आएको छ । अब पाकिस्तानले कसलाई दोष थोपर्ने त ? छिमेकमा कहिलेकाहीं तनाव हुन्छ । हाम्रै समाजमा पनि त्यसो भए त्यो तनावलाई सधैं कायम राख्ने कि निराकरणको उपाय गर्ने ? आतंकवादी समूहको निर्माणसँगै त्यहाँ जोडिने मुख्य आपराधिक क्रियाकलाप भनेकै अवैध हतियार, लागुऔषध, मानव बेचबिखनका साथै कानुनले वर्जित गरेका सामग्रीको ओसार-पसार नै मुख्य चुनौती हुन् । भारत र पाकिस्तानको यो स्थितिमा नेपालको के भूमिका हुनुपर्छ ? त्यतातिर हामीले ध्यान पुऱ्याएका छौं कि छैनौं ? दक्षिण एसियाली राष्ट्रहरूको संगठन सार्कको औचित्य समाप्त भएकै हो ? स्थापना कालदेखि हरेक सदस्य राष्ट्रले अन्य शीर्षकमा भन्दा पनि आतंकवाद र सूचना आदान-प्रदानमा कति खर्च गऱ्यौं ? कि गर्दै गरेनौं ? गरिएको हो भने कस्मिरको घटना हुनुभन्दा अघि नै किन सुरक्षा निकायले त्यसको सूचना पाउन सकेनन् ? हामीले सार्कस्तरीय सुरक्षाका लागि एक देशले अर्को देशलाई हुने सम्भावित आतंकवादी हमलाको सूचना किन आदान-प्रदान गर्न यति लामो समयसम्म चुक्यौं ?

- डिल्लीराम खनाल, *दमक, झापा*

थला परेको सेयर बजार

सेयर बजारमा देखिएको समस्यालाई व्यवस्थित गर्न नसक्दा नेप्से परिसूचक घटिरहेको छ । कारोबार रकम बढ्नसकेको छैन । लगानीकर्ताको खर्बौं रकम खरानी भइरहेको छ । बैंकको ब्याज कम नहुनु तथा लगानीकर्ताले अनलाइन मार्फत सेयरको कारोबार गर्न नसक्दा यसको असर परिसूचकमा परेको छ । प्यान नम्बरलाई अनिवार्य गर्ने कार्यविधिले सेयर बजारमा नकारात्मक प्रभाव परेको छ । थला परेको सेयर बजारलाई उकास्नुको सट्टा ब्रोकरहरूले बजारलाई झन् धरापमा पार्न आन्दोलन गर्न थालेका छन् । नेपाल स्टक एक्सचेन्जले ब्रोकरहरूलाई मार्जिन ट्रेडिङको लागि निवेदन आह्वान गर्नुका साथै उपत्यका बाहिर पनि ब्रोकर कार्यालय खोली सेवा प्रदान गर्न अनुरोध गर्नुका साथै सेयर बजारमा देखिएको समस्यालाई विस्तारै समाधान गरिने तदारुकता देखाएको छ । सेयर बजारमा एकलौटी रूपमा रहेको ब्रोकरको सिन्डिकेट खारेज गरी सम्पूर्ण बैंकले ब्रोकरको कार्य गर्ने व्यवस्था नेपाल स्टक एक्सचेन्जले जतिसक्दो छिटो गरी सेयर बजारमा पारदर्शिता ल्याई नयाँ लगानीकर्तालाई उत्साहित गर्नु नै सेयर बजारमा सबैको पहुँच पुऱ्याउनु हो ।

- प्रमोद पौडेल, *वीरगन्ज-११, श्रीपुर*

समानान्तर सरकार चल्ने भयो

फागुन १४ गते कान्तिपुरमा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अन्तर्वार्ता पढें । संघसँग विरोध केवल २ नं. प्रदेशको मात्र रहेनछ । महेन्द्रबहादुर शाहीका विचारमा पनि त्यही कुरा आए, जसलाई २ नं. प्रदेशले उठाउँदै आएको छ । अरु देशको संघीयतामा केवल संघ र प्रदेश छन् । प्रदेशको मातहतमा स्थानीय सरकार रहन्छन् र त्यसलाई सरकार पनि भनिँदैन । तर यहाँ तीनवटै सरकारलाई अलग-अलग राखिएको छ, जुन उचित होइन । महेन्द्रबहादुर शाहीलाई पनि उचित लागेको छैन । संघले प्रदेशको काम र विमर्श प्रदेश प्रमुखमार्फत नै गर्ने अन्तर्राष्ट्रिय मान्यता छ । तर यहाँ संघ प्रदेशमा हस्तक्षेप गर्न चाहन्छ । यसको कारण शाहीले भने अनुसार संघको नेतृत्वमा पुगेकाहरूको एकात्मक मानसिकता नै हो । मानसिकता यही रहिरहयो भने प्रदेशसित द्वन्द्व हुने निश्चित छ । प्रदेशले पनि आफ्नो सीडीओ र प्रहरी राख्ने कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीको कुराले यही प्रस्ट हुन्छ । संघको अहिलेको व्यवहारले प्रदेशमा संघको समानान्तर सरकार चल्नेछ ।

- डा. शिवशंकर यादव, *छपकैया, वीरगन्ज*

रित्तो कुर्सीले गिज्यायो

मंगलबारको संसद बैठकमा सांसदहरू अनुपस्थित भएको देखिनेगरी पत्रकारको क्यामेरामा कैद भएका रित्तो कुर्सीहरूले जनताको तर्फबाट जननिर्वाचित प्रतिनिधिहरूलाई लाजमर्दो तरिकाले गिज्याइरहेको देखिन्छ । के संसदमा पनि 'हाटा' अर्थात 'हाजिर गरेर टाप कस्ने' प्रवृत्ति छ र ? जनताले दैनिक भोगिरहेका समस्या समाधानका लागि आफ्ना प्रतिनिधिहरूले कुरा उठाउने अपेक्षा गरिरहेका हुन्छन् । तर जनप्रतिनिधिहरू कामको समयमा कुर्सी खाली गरेर कहाँ-कहाँ सवार भएका होलान् ? उनीहरू संसद सञ्चालन भएको दिन हाजिरमात्र गरेर हिँड्ने गर्छन् या अनुपस्थिति नै हुने हुन् ? यो पनि जान्न पाए हुन्थ्यो । अनि सांसद अनुपस्थित रित्तो कुर्सीको लागि उनीहरूले राज्यकोषबाट बैठक भत्ता, खाजा खर्च र यातायात खर्च बुझ्छन् कि बुझ्दैनन् ? कानुन बनाउने, कार्यान्वयन गराउने सर्वोच्च निकायको रूपमा रहने संसदभित्र नै कानुनी शासनको अनुभूति छैन, नियम अनुसार समयको पालना हुँदैन, भौतिक रूपमा उपस्थिति हुँदैनन्, महत्त्वपूर्ण सहभागिता हुँदैन भने अन्य कार्यालयमा आम राष्ट्रसेवकबाट नियमित उपस्थिति, पारदर्शी कामकारबाहीको के अपेक्षा गर्ने ? हालै मात्र जापानमा एक मन्त्री ३ मिनेट ढिला संसदमा उपस्थित हुँदा माफी मागेका थिए । तर नेपालको संसदीय अभ्यासमा समय पालनाको हालत यस्तो छ ।

- नोदनाथ त्रिताल, *चौबिसे गाउँपालिका-३, धनकुटा*

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np
(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

सामाजिक सुरक्षाको विरोधाभास

साधना प्रतीक्षा

बसबाट झर्दै गर्दा उनले भाडासँगै ज्येष्ठ नागरिक परिचयपत्र झिकिन् र सहुलियतको भाडा तिरेर बाटो लागिन्। उनी पुरै भाडा तिर्न नसक्ने वर्गकी महिला थिइनन्। म उनलाई राम्ररी चिन्छु। काठमाडौंमै घर भएकी उनी केही समय अघिमात्र सरकारी सेवाबाट निवृत्त भएकी हुन्। उनले कञ्जुस्याइँ गरेकी होइनन्, सरकारले दिएको सुविधा उपयोग गरेकी हुन्। मैले चिनेका अर्का एक जनाका चार भाइ छोरा कमाउने छन्। उनको प्रशस्त सम्पत्ति पनि छ, तर उनी नियमित रूपमा वृद्धभत्ता बुझ्ने गर्छन्। उनको नागरिकताको प्रमाणपत्रले उनलाई सो सुविधासँग आबद्ध गराएको छ। उनी 'सरकारले दिएको सुविधा किन नलिनु' भन्दै 'हात्तीको मुखमा जिरा'जस्तो भत्ता रकम थाप्न पुग्छन्। नागरिकको हैसियतले पाएको सुविधा उपयोग गर्नु आलोचनाको विषय होइन।

म दैनिक हिँड्ने बाटो छेउमा उनी प्रायः भेटिन्छन्। बाटो छेउका पोथ्रा-पोथ्री फाँडेर दाउराको भारी बनाउनु उनको दैनिकी हो। उमेरले असीको हाराहारी होलान्, आँखा राम्ररी देख्न सक्दैनन्। पुस-माघको

जसलाई आवश्यक छैन, उनीहरू सरकारी सेवा-सुविधा लिन्छन्, जसलाई अति आवश्यक छ, उनीहरूको पहुँच छैन।

जाडोको पर्वाह छैन। पर्वाह छ, केवल दैनिक एक-दुई भारी दाउराको। यही दाउराले धानिएको छ, उनको जीवन। घरेलु मदिरा बनाउनेकहाँ दाउरा पुऱ्याएपछि पेटभरि खान र 'पिउन' पनि पाउँछन्। लगाउनलाई कसैले दया गरी दिएका तथा फालेका जडाउरी छँदैछन्। उनको घर त्यतैतिरका थोत्रा सत्तल-पाटी तथा सडक-पेटी हो। उनले सामाजिक सुरक्षा भत्ता पाउँदैनन्। किनकि उनीसँग नागरिकताको प्रमाणपत्र छैन। एकजना आफन्तकहाँ घरेलु काम गर्ने प्रौढ थिइन्। दुई-चार घरमा काम गरेर मुस्किलले गुजारा चलाउँथिन्। बिरामी पतिको बोझ उनैमाथि थियो। उपचारका क्रममा पतिको मृत्यु भयो। उपचारमा लागेको ऋण छुँदै थियो। उमेरका आधारमा सरकारले घोषणा गरेको एकल महिलाको भत्ता पाउन सक्थिन्। तर पाइनन्। उनीसँग न नागरिकताको प्रमाणपत्र थियो, नत विवाह दर्ता।

उनीहरू त केवल प्रतिनिधिमात्र हुन्। कागजी प्रमाणका आधारमा अनागरिक भएर नागरिक अधिकारबाट बञ्चित असंख्य नागरिक पीडादायी जीवन जिउन बाध्य छन्। अनौठो विरोधाभाष छ। जसलाई आवश्यक छैन, उनीहरू सरकारी सेवा-सुविधा लिन बाध्य छन्, जसलाई अति आवश्यक छ, उनीहरूको पहुँच त्यहाँसम्म पुगनसकेको छैन। सर्वसाधारणका ओझेलमा परेका यस्ता मुद्दा कसले उठाउने ? चाकडी र प्रभुताका उचालिनसक्नुका पुष्पहारभित्र छिरेर निर्लज्ज मुस्कुराउने 'जनवादी' नेताहरूलाई सर्वहारा जनताका पीडाको के सम्झना ? सडक पेटीमा लुगलुग काम्दै भुस्याहा कुकुरसँगै गुडुल्किएर रात बिताउने सडक बालबालिका पनि यसै देशका नागरिक हुन् भन्ने हेक्का अब उनीहरूलाई कहाँ रहला र ?

जुन देशमा मुठ्ठीभर पुँजीपतिहरूको हितमा बलपूर्वक एकलौटी निर्णय गर्ने जनवादी सरकार छ, बिना कुनै एजेन्डा सडक र सदनमा प्रस्तुत हुने हावादारी प्रतिपक्ष छ, त्यहाँका हामी जनताले समृद्धिको सपना देख्नुको औचित्य नै के छ र ? नवधनाढ्यको आतिथ्यमा गमक्क पर्दै समृद्धिका सपना बाँड्ने सरकारले अति विपन्न वर्गलाई कसरी चिनोस् ? भोको पेटले रत्यौंनिएर एक पोको समोसा र मिठाइमा लोभिँदै यौनहिंसाको सिकार भैरहेका विपन्न बालिकाको पीडा उनीहरूलाई एकादेशको कथा लाग्दो हो ! सय किलोभन्दा माथिको फूलको मालाबाट आएको मगमगाउँदो बासनाले किसान-मजदुरहरूको ठसठसी गन्हाउने पसिनालाई पनि बिर्साउँदो हो ! उनीहरूलाई लाग्दो हो, सयौं थुँगा फूलको यो मगमगाउँदो फूलबारीमा सर्वत्र सौन्दर्य र पूर्णता छ। यस्तै रुमानी सपनाभित्र हराइरहने शासक वर्गका कारण यस मुलुकमा आम नागरिकले सुशासनको अनुभूति गर्न पाएका छैनौं।

हामी भन्छौं, सरकार सचेत छैन। तर हाम्रो सरकार कति सचेत छ भन्ने कुराको प्रमाण एउटा कलाकारले मुलुकको राजनीतिक विसङ्गतिलाई गीत बनाएर गाउनासाथै उसको ध्यानाकृष्ट हुनु होइन र ? पशुपति शर्माको गीत आपत्तिजनक भन्दै विरोधमा उत्रने सत्तापक्षीय युवालाई निर्मला र निर्मलाजस्ता अबोध बालामाथि भएका जघन्य अपराधका घटना आपत्तिजनक किन नभएका होलान् ? यहाँ एकातिर विशिष्टहरू सुविधामाथि सुविधा थप्ने होडबाजीमा देखिन्छन् भने अर्कातिर आम नेपालीलाई इमानदारीको कमाइले छाक टार्न धौधौ भैरहेको छ। भूकम्प पीडित तथा अति विपन्न वर्गका निम्ति बस्ती बनाइदिनेदेखि लिएर अन्तर्राष्ट्रिय रङ्गशालासम्म निर्माणको दायित्व एकजोडी कलाकारले लिनुपर्दा राज्यको हैसियत उदाङ्गिएको यथार्थबोध नगरी उल्टै गर्वका साथ उनीहरूकै नेतृत्वमा आफ्नो सहभागिता जनाउने सरकारको लाचारीपन देख्दादेख्दै पनि म पुनः सामाजिक सुरक्षाकै परिभाषा खोज्न पुग्छु।

हाम्रो मुलुकमा सामाजिक सुरक्षाका नाममा सबै वर्गका नागरिकलाई समान रूपले ज्येष्ठ नागरिक तथा एकल महिलाको भत्ता, सार्वजनिक यातायात तथा सरकारी अस्पतालमा ज्येष्ठ नागरिकलाई विशेष सहुलियत, विपन्न वर्गका लागि सरकारी अस्पतालमा निःशुल्क उपचार आदि व्यवस्था गरिएको छ। समावेशिता तथा आरक्षणको व्यवस्था वर्गका आधारमा हुनुपर्नेमा जातीयताका आधारमा भैदिनाले त्यसबाट लक्षित वर्गभन्दा पहुँच हुनेहरू नै बढी लाभान्वित भएजस्तै घोषित सामाजिक सुरक्षाले पनि उपयुक्त गन्तव्य पहिल्याउनसकेको देखिँदैन। यस्तो सुविधा प्राप्त गर्न निश्चित अभिलेखीकरण र प्रमाणीकरण आवश्यक पर्ने हुनाले अति विपन्न, निरक्षर तथा प्रशासनिक निकायसम्म पहुँच नभएका नागरिक यसबाट बञ्चित भइरहेका देखिन्छन्। संघीय संरचना भित्रको जनप्रतिनिधित्वले पनि लक्षित वर्ग पहिचान तथा प्रमाणीकरणभन्दा औपचारिकतामा सीमित भत्ता वितरण कार्यक्रमलाई प्राथमिकता दिइरहनुले सस्तो लोकप्रियतातर्फ संकेत गरेको देखिन्छ। राजधानीका फराकिला सडक, सपिङ मल, भ्युटावर, मोनोरेल, पानीजहाज आदिमा समृद्धिका सपना देखाउनुभन्दा बहुसंख्यक विपन्न वर्गलाई यस्ता सपना देख्न योग्य बनाउने कार्यक्रम तय गर्नु सरकारको प्राथमिकता बन्नुपर्छ।

कृषि विकासमा मुर्कुटा सोच

कृष्णप्रसाद पौडेल

केही साताअघि चितवनका किसानले बन्दागोभीमा डोजर चलाएको समाचार आएपछि एक जनाले प्रश्न तेर्स्याए, 'सरकारले नेपालको समग्र कृषि चेतना, चिन्तन र अभ्यासमा डोजर चलाइरहेको छ। यो किन समाचार र बहसको विषय बन्दैन, हाम्रो समाजमा ? के अब हाम्रो कृषिले खुट्टा टेक्न नसक्ने हो ? युवा पुस्ताको रगत र पसिनाको कमाइ छिमेकीलाई बुझाउँदै पेट भर्नु हाम्रो नियति हो ?' यस्ता प्रश्नको बहस कहिले होला, किसानका दुःख भने बढेका बढ्दै छन्।

यस अघि पनि गोलभेडा र दूध बाटोमा फालेका समाचार आएका थिए। कास्की, हेम्जाका किसानहरूको चिन्ता समाचारै आयो, 'सकी-नसकी गरेको लगानी र मिहेनतको फाइदा बिचौलियाको पोल्टामा जानमात्र रोक्न सक्ने सरकार भए हामीलाई अरु केही चाहिँदैन।' उर्वर भूमिमा निर्वाहको जिन्दगी बिताउन बाध्य किसानलाई सघाउन यो एक वर्षमा सरकारले के गर्छु भन्यो र के गऱ्यो ?

आफू र आफ्ना पोस्न कृषि विकासका योजना र कार्यक्रम अनुदान र सहुलियतका सजिला उपायकै वरिपरिमात्र सीमित गरिएको छ।

प्रधानमन्त्री केपी ओलीले फागुन २ गते प्रस्तुत गरेको आफ्नो एकवर्षे कार्यकालको प्रगति विवरणको पेज २० मा लेखिएको छ-

यस वर्ष किसानले समयमै मल पाए। यो एक वर्षमा २ हजार हेक्टरमा थप सिंचाइ सुविधा उपलब्ध गराइएको छ। कृषकलाई उन्नत बीउ सहज रूपमा उपलब्ध गराइएको छ। धानको उत्पादन यस वर्ष ८.९ प्रतिशत, मकै ३.५ प्रतिशत र तरकारी उत्पादन १६.५ प्रतिशतले वृद्धि भएको छ। खाद्यान्न संकट हुने डोल्पा, मुगु, हुम्ला लगायतका दुर्गम जिल्लाहरूमा १ लाख ३ हजार १ सय ४५ क्विन्टल खाद्यान्न पुऱ्याइएको छ। यस वर्ष कुनै पनि ठाउँमा खाद्यान्न संकट हुन पाएन। विदेशबाट फर्केका र शिक्षित बेरोजगार युवाका लागि २ लाख रुपैयाँका दरले युवा किसानलाई अनुदान उपलब्ध गराइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि यान्त्रीकरणमा जोड दिन १९ वटा 'कष्टम हायरिङ सेन्टर' निर्माण गरिएको छ। थप २५ वटा निर्माण भैरहेको छ। साना किसानको सावाँ र ब्याजसमेत गरी १ अर्ब ३२ करोड रुपैयाँ ऋण मिनाह गरिएको छ।

सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा ३० देखि ३५ मा भनेको थियो-

पाँच वर्ष भित्रमा कृषि उपज दोब्बर गराउन आधुनिकीकरण र व्यावसायीकरण गरिने, कृषियोग्य भूमिको अतिक्रमण र खण्डीकरण रोकिने, करार, सहकारी र सामुहिक खेती प्रोत्साहन गरिने, प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा माछामा आत्मनिर्भर हुने, कृषि उत्पादनको बहुउपयोग हुनेगरी उत्पादन विविधीकरण र मूल्य शृंखला विस्तार, निर्यातयोग्य उच्च मूल्यका कृषि उपजको निर्यात, अर्गानिक नेपाल बनाउन कृषि उपजको अर्गानिक उत्पादन अभियान तत्काल सुरु गर्ने, कृषि उत्पादनलाई चाहिने मल, बीउ, औषधी, उपकरण र अन्य आवश्यक सेवा गाउँपालिका, नगरपालिकाको कृषि सेवा केन्द्रमार्फत तत्काल उपलब्ध गराइने, बाली लगाउनुपूर्व नै धान, गहुँ र उखुको न्युनतम समर्थन मूल्य तोकिने, आधुनिक प्रविधि प्रयोग गरी साना, मझौला र ठूला सिंचाइ निर्माण र कार्यान्वयन गरी पहाड र तराईका कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार गरिनेछ।

सरकारको योजनालाई सामाजिक इन्जिनियरिङ मान्ने हो भने नीति तथा कार्यक्रम त्यस्तो योजना कार्यान्वयनको प्रस्ताव हो। यसर्थ सरकारले प्रस्तुत गरेको उपलब्धि, कम्तीमा पनि आफैले गर्छु भनी गरेको प्रस्तावमा आधारित हुनुपर्ने हो। त्यस्तो प्रस्ताव फेरबदल गरेको हो भने कहीं कतै उल्लेख हुनुपर्ने हो। तर माथि प्रस्तुत दुई विवरणलाई केलाउँदा आपसमा धेरै तात्त्विक साइनो देखिँदैन। यसले सरकार आफ्नै कामको योजना, नीति र कार्यक्रमप्रति कति बेखबर रहेछ भन्ने देखाउँछ।

कृषि सपार्ने के गऱ्यो त यो सरकारले ?

कृषि सपार्ने नेतृत्व लिएको मन्त्रालय वर्षभरि बाटो बिराएको कुहिराको कागझैं अलमलमा बस्यो। पहिलो, यसले नीति तथा कार्यक्रममा के लेखिएको छ भन्ने नै बिर्सियो। भाषणमा कहिले प्रांगारिक कृषि, कहिले बीचको बाटो भन्दै असल कृषि अभ्यास (गुड एग्रिकल्चर प्राक्टिस) का नाममा रासायनिक र प्रांगारिक दुवै सँगसँगै लैजाने मुर्कुटा सोच अघि सार्‍यो। दोधारे दृष्टिकोणमा अलमलिएको कृषि मन्त्रालय बाँदरजस्तै अस्थिर भयो र हाँगा हल्लाएर पात झारेकामै मख्खियो।

सक्रमणकालमा रसायनिक घटाउँदै र प्रांगारिक बढाउँदै जानु स्वाभाविक हुन्थ्यो। दुबै सँगसँगै लैजाने कुरा केही

नगर्ने बहाना थियो। यस वर्ष किसानले समयमै मल पाए भनेर १० वर्षमा प्रांगारिक मुलुक बनाउने आफ्नै घोषणाको उपहासमात्र गरियो। धान, मकै र तरकारी उत्पादन वृद्धिका लागि मौसमी वर्षालाई धन्यवाद दिनुपर्ने हो। नत्र यो सबै गर्न सरकारले खास के गऱ्यो भन्ने प्रश्नको उत्तर पनि चाहिन्छ। विदेशबाट फर्केका र शिक्षित बेरोजगार युवा किसानलाई अनुदान उपलब्ध गराइएको र साना किसानको सावाँ र ब्याजसमेत ऋण मिनाह गरिएको विषयलाई उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ। यस्तो सहुलियत कसले र कसरी पायो र यसरी दिइने सहुलियतले कसरी कृषि उत्पादन बढाउन सकियो भनेर भन्नसकेको भए राम्रै उपलब्धि भएको देखिन्थ्यो।

आफू र आफ्ना पोस्न कृषि विकासका योजना र कार्यक्रम अनुदान र सहुलियतका सजिला उपायकै वरिपरिमात्र सीमित गरियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत अन्य कार्यक्रम कृषि विकासका नाममा बिचौलिया र दलाल पोस्न र कर्मचारीलाई भ्रष्ट बनाउन दुरुपयोग भैरहे। कृषि यान्त्रीकरणमा जोड दिन भन्दै १९ वटा कृषि औजार भाडामा लिने (कष्टम हायरिङ) केन्द्र निर्माण भएको र थप २५ वटा निर्माण भैरहेको कुरा गरियो। यस्ता केन्द्रको बेहाल सरकारलाई पत्तो नभएको भन्दै कर्मचारीले नै उडाउने गरेका छन्।

आफ्नो घोषणा, वार्षिक नीति र कार्यक्रम बिर्सेर अहिले मल कारखाना, शीत भण्डार र हाइटेक नर्सरी बनाउन भन्दै अनुदान वितरण गर्ने नयाँ प्रस्ताव बनेका छन्। सहरी सडने-गल्ने फोहोरबाट प्रांगारिक मल बनाउने उद्योगको कुरा स्वाभाविक होला। तर गाउँले किसानका गोठभकारा सुधार्ने सहयोग दिनुको साटो मल कारखानालाई अनुदान दिने कुरा गरेर यस्तो कारखानाका खेती गर्ने बिचौलिया मोटा बनाउनमात्र उद्यत रहयो। मझौला शीत भण्डार बनाउन अनुदान उपलब्ध गराउने भन्दै कार्यविधि र प्रस्ताव आह्वान र लेनदेन मिलाउनमै व्यस्त रह्यो। हाइटेक नर्सरीको कुरा पनि उस्तै छ। ग्राफटिङका लागि पर्याप्त रुटस्टक बनाउने, माउ रुख हुर्काउने जस्ता प्राविधिक काम नगरी सिंहदरबारका सरकारी अधिकारीहरू बिचौलिया पोस्ने अनुदान वितरणका कार्यविधि बनाउँदै सरकारी तथा दाताका परियोजना सञ्चालन गर्न व्यस्त रहे।

कृषि कर्मचारीको चाख र उक्साहटमा कृषि विकास योजना र कार्यक्रमलाई ५१ वटा ज्ञान केन्द्रमा सीमित गरियो। स्थानीय सरकारको रेखदेखमा जिम्मा लगाउनुपर्ने कृषि कर्म सिंहदरबारकै पेवा बनाइयो। जसले पाल्यामा बिरामी भएको बाख्रो उपचारका लागि बुटवल ल्याउनुपर्ने परिस्थिति आयो। प्रदेशलाई नै प्रांगारिक बनाउन उत्साहित कर्णाली प्रदेश सरकारलाई अर्थपूर्ण सहजीकरण र सहयोगसमेत गरिएन। यी सबै कुराले कृषिमा देखिएका विकराल समस्याको थुप्रोमा बसेर पनि सरकार गम्भीर नभएको प्रस्ट देखियो।

लेखक दिगो कृषि अभियानकर्ता हुन्।

'संघले शासकीय मनस्थिति फेर्नुपर्छ'

- केन्द्रमा रहेकाहरूको सोचाइ संकीर्ण देखिन्छ।
- शान्ति सुरक्षा व्यवस्थापन प्रदेश सरकारले जति केन्द्र सरकारले गर्न सक्दैन।
- संघीय संरचनाबाट आम्दानी बढाउन सकिन्छ।

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीको पदभार ग्रहण गरेलगत्तै **त्रिलोचन भट्ट** चौकीदारीका लागि युवाले भारत चहार्नुपर्ने अवस्था अन्त्य गर्ने बताएर चर्चामा आएका थिए। उनी प्राकृतिक स्रोत, जलसंसाधन, पर्यटनको भरपुर सम्भावना रहेको सुदूरपश्चिमले विकासमा फड्को मार्नेमा विश्वस्त देखिन्छन्। मुख्यमन्त्री भट्टसँग *कान्तिपुर*का **चित्रांग थापा** र **अर्जुन शाह**ले गरेको कुराकानी :

कान्तिपुर कुराकानी

प्रदेश सरकार गठनको एक वर्ष कस्तो रह्यो ?

प्रदेश संरचनाको जग बसाल्ने बेला हामी आइपुगेका हौं। पहिलो वर्ष हामीले कानुन निर्माण गरेरलाई प्राथमिकता दियौं। हामीले २२ वटा विधेयक तयार गरेका थियौं। १८ वटा त पारित भएर ऐनकै रूपमा आइसके। २५ वटा कार्यविधि बनाएका छौं। ४ वटा निर्देशिका, गठन आदेश नियमावली पनि हामीले तयार गरेका छौं। भौतिक व्यवस्थापन पनि हाम्रो प्राथमिकतामा परेको छ। हामी आउँदा कहाँ बस्ने भन्ने नै समस्या थियो। प्रदेश मातहत कुनै निकाय थिएनन्। अहिले हामीसँग अल्पकालीन भए पनि भौतिक व्यवस्थापन भएको छ। प्रदेश सरकारका योजना कार्यान्वयन गर्न ९ वटै जिल्लामा निकाय स्थापना भई सञ्चालनमा छन्। यही अवधिमा हामीले २ वटा बजेट ल्यायौं। यो एक वर्षमा हामीले गोरेटो तयार गऱ्यौं।

प्रदेशको संघसँग समन्वय कस्तो छ ?

निर्वाचन अघि नै संविधानमा तोकिए अनुरुप साझा अधिकार, एकल अधिकार, प्रदेशका अधिकारका सम्बन्धमा कानुन निर्माण गरिसक्नुपर्थ्यो। कानुन अभावले क्षेत्राधिकारमा अन्योल हुँदा समस्या भयो। निर्वाचनबाट तीनै तहमा सरकार गठन भइसकेपछि पनि संविधानले सुनिश्चित गरेको अधिकार प्रत्यायोजन गर्न आनाकानी गरियो। केन्द्रमा रहेकाहरूको सोचाइ संकीर्णता देखिन्छ। शासकीय मनस्थिति फेरिनुपर्छ। बुझाइमै फरक भइसकेपछि कार्यान्वयनमा जटिलता आउँछ। हामीसँग जनअपेक्षा धेरै छन्। हामीले काम धेरै गर्नुछ। विकास मात्रै हैन, शान्ति सुरक्षा, सुशासनका दायित्व प्रदेश सकारले नै लिने हो। तर संरचनाले हामीले अप्ठेरो पारिरहेको छ। कर्मचारी समायोजन लगायतका विषयमा केन्द्रले छिटो टुंगो लगाएर हामीलाई मार्गप्रशस्त गरिदिनुपर्छ।

सुरक्षा कमाण्डको अधिकार संघ आफैले लिन खोजेको देखिन्छ। प्रदेशलाई अप्ठेरो पर्दैन ?

संविधानले दिएका अधिकार फटाफट प्रदेशमा हस्तान्तरण हुनुपर्छ भन्ने हाम्रो मुख्य जोड हो। संघीय सरकारले आवश्यक कानुन बनाएपछि प्रदेशले बनाउने हो। पछिल्लो समयमा प्रदेश प्रहरीको कमाण्ड पनि संघीय मन्त्रालयले नै गर्ने खालको प्रावधानसहित कानुन ल्याउन खोजिँदैछ। संघको प्रतिनिधिका रूपमा रहने प्रमुख जिल्ला अधिकारीमार्फत कमाण्ड गर्ने भन्ने खालको कुरा आएको छ, त्यसले दोहोरो कमाण्डको अवस्था सिर्जना गर्छ र अप्ठेरो आइलाग्न सक्छ। यस्तो हुनुहुन्न। शान्ति सुरक्षा व्यवस्थापन नजिकको प्रदेश सरकारले जति केन्द्र सरकारले गर्न सक्दैन।

प्रदेश सरकारको विकास खर्च किन न्युन ?

प्रदेश सरकारको योजना कार्यान्वयन गर्ने आफ्नै संरचना र कर्मचारी नभएकाले पहिलो चौमासिकमा विकास खर्च न्युन देखिएको हो। अहिले त्यस्तो छैन। कार्यान्वयन एकाइहरू स्थापना भइसके। अर्को, रकमको अंक खर्च देखाउनु मात्रै मुख्य उपलब्धि मान्नुहुन्न। खर्च अनुसारको परिणाम अर्थात उपलब्धि के रह्यो भन्ने कुरा उत्तिकै महत्त्वपूर्ण पक्ष हो। कर्मचारी समायोजन प्रक्रिया चलिरहेकाले केही अलमल छ, तर चाँडै निष्कर्षमा पुग्छ होला। योजना कार्यान्वयनका लागि ठेक्का प्रक्रिया अघि बढेका छन्। उपभोक्ता समिति गठन भइसकेका छन्। दोस्रो चौमासिकको अन्त्यसम्म विकास खर्चले फड्को मार्नेछ।

प्रदेश सरकारका दीर्घकालीन महत्त्वका ठोस योजना के हुन् ?

अभावजति विकट तथा दूरदराजमा छ। पहिले समस्याग्रस्त समुदायका व्यक्तिहरू केन्द्रसम्म पुग्न सक्दैनथे। अहिले प्रदेश सरकार भइसकेपछि त्यो अवस्था रहेन। सर्वसाधारणको अपेक्षा प्रदेश सरकारप्रति धेरै हुनाले चालु आर्थिक वर्षमा प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकासका योजनाको संख्या साढे दुई हजारभन्दा बढी छ। यस अघि प्रदेशसँग आफ्नो कुनै निकाय थिएन। योजना छनोट, त्यसको सम्भाव्यता अध्ययन थिएन। हामी सम्भावनाका कुरामात्रै गर्थ्यौं, तिनको प्राविधिक पक्षबारे ध्यान दिइएको थिएन। संघ, प्रदेश र स्थानीय तहले गर्ने योजनाको मापदण्डसमेत बनेको थिएन। त्यसैले पहिलो बजेटमा सम्भाव्यता अध्ययनमात्र राख्यौं। अहिले हामीले योजना पहिचान गरेका छौं। केही योजनाको सम्भाव्यता अध्ययन गरेका छौं। पूर्वाधार विकासका ठोस योजना बनाएर अघि बढेका छौं। एकीकृत विकास योजनाको मोडलमा हामी अघि बढ्न खोज्दैछौं। कृषि, सडक, खानेपानी, शिक्षा, स्वास्थ्यका आवश्यक पूर्वाधारहरू सँगसँगै अघि बढाउँदैछौं। ९ वटा प्रदेश गौरवका सडक योजना बनाउने निर्णय गरिसकेका छौं। यी सडकले सबै जिल्लालाई जोड्नेछन् र उत्तर-दक्षिणको नाकासम्म ती सडक लिंक हुनेछन्। सबै योजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउने कार्य अघि बढिसक्यो। पर्यटन, ऊर्जा र जडिबुटी क्षेत्रको विकासमा स्पष्ट योजनाका साथ अघि बढ्दैछौं। स्थानीय तह, प्रदेश र समुदायको साझेदारीमा प्रदेशले बनाउने मिल्ने व्यवस्था भए अनुरुपका विद्युत आयोजना सुरु गर्छौं।

बजेट पेस भएको आसपास 'डल्लो बजेट'को खुबै चर्चा थियो, के हो त्यो डल्लो बजेट ?

शब्द र बुझाइमा अलमल हो। कतिपय योजना रकमसहित विनियोजन गरिएका हुन्छन्। कतिपय योजनाका लागि एकमुष्ट रूपमा मन्त्रालयमा रकम पठाइएको हुन्छ। उक्त रकमबाट मन्त्रालयले आवश्यकता अनुरुप योजना तथा बजेट तय गर्छ। त्यसैलाई डल्लो बजेट भनेर व्याख्या गरिएको हो। सरकारले रकम लुकाएर राखेको होइन।

समायोजनका क्रममा कर्मचारीको रोजाइ प्रदेश किन नपरेको हो ?

अक्सरको मानसिकता तथा चिन्तन केन्द्रीकृत छ। एकात्मक व्यवस्थामा बसेका, सुविधाको वरिपरि रहन खोज्ने, राष्ट्रहित भन्दा पनि व्यक्तिहितमा केन्द्रित हुने मनोविज्ञान र प्रवृत्तिले यो समस्या देखिएको जस्तो लाग्छ। यस्तो मनोविज्ञान पछिसम्म रहने छैन। समायोजनपछि पनि प्रदेशमा कर्मचारी अभाव देखिएको अवस्थामा नियुक्ति गर्नेगरी प्रदेश लोकसेवा आयोग गठन हुन्छ। यसका लागि केन्द्र सरकारले प्रक्रिया अगाडि बढाइसकेको छ। प्रदेश लोकसेवा गठन सम्बन्धी विधेयक लगभग तयार छ।

प्रदेश संरचनाले खर्चमात्रै बढायो भन्ने टिप्पणी बढ्दैछ नि !

प्रदेश संरचना बोझ हैन। खर्च मात्र बढाएको भन्ने तर्क वस्तुपरक हैन। संघीयता नभएका बेला खर्च जोगिने वा विकास हुने भए हिजोको व्यवस्थामा किन भएन ? संरचना थपिने वित्तिकै खर्च बढ्नेभन्दा पनि हामी कस्तो मनोविज्ञानले काम गर्छौं भन्ने कुरा मुख्य हो। संघीय संरचनाबाट आम्दानी दोब्बर गर्न सकिन्छ। हिजोकै मनस्थितिले काम गऱ्यौं भने अलमल हुनसक्छ। हामी सबै परिवर्तनका वाहक बन्यौं, राष्ट्रहितमा हाम्रा काम केन्द्रित गऱ्यौं, सबैमा अनुशासन र मितव्ययी भावना जागृत गर्न सक्यौं भने संघीय संरचनाले चाँडै नतिजा दिन्छ। सोचमा परिवर्तन र पद्धति स्थापना अहिलेको मुख्य अभिभारा हो।

प्रदेशको नामकरणमा विवाद नभए पनि राजधानीका विषयमा भने झमेला किन भयो ?

गोदावरीको जंगल मासेर राजधानी राख्ने कुरामा कतिपयको आलोचना थियो। सर्वोच्च अदालतमा मुद्दासमेत परेको हो। पर्याप्त सोचविचार तथा प्रक्रियासम्मत तवरले गोदावरीमा राजधानी राख्ने निर्णय गरिएको हो। गोदावरीको जंगल पुरै सखाप पार्ने भन्ने हैन। त्यहाँ मौलिक र व्यवस्थित राजधानी बनाउँछौं। त्यहाँको पर्यावरण जोगाउन र जंगल विकास गर्न योजना बनाएरै अघि बढ्ने हो।

यस प्रदेशको समृद्धिका आधारहरू के-के देख्नुभएको छ ?

प्राकृतिक स्रोत पहिचान तथा कार्यान्वयन मुख्य कुरा हो। पर्यटन विकास अर्को आधार-स्तम्भ हो। जलस्रोतमा यो प्रदेश धनी छ। जडिबुटी छ। कृषि विकास अर्को आधार हो। यी क्षेत्रमा योजना निर्माण तथा कार्यान्वयन गरेर प्रदेशलाई समृद्ध बनाउन सकिन्छ। उहिल्यैदेखि पछाडि पारिएको यो प्रदेशमा गर्नुपर्ने थुप्रै छ। जनतालाई तत्काल विकास चाहिएको छ। अल्पकालीन र दीर्घकालीन विकास योजना निर्धारण गरेर सरकार अगाडि बढ्नेछ। काम सुरु गरिसकेका छौं। जलविद्युतका योजना सुरु गर्न तम्तयार छौं।

अब भारतमा चौकीदारी गर्न जानुपर्ने छैन भन्नुभएको थियो। रोकिए त भारत जानेहरू ?

एकै वर्षमा कायापलट हुने होइन। युवा स्वरोजगार कार्यक्रमका लागि कानुन निर्माण प्रक्रिया सुरु गरेका छौं। कानुन निर्माण भएपछि काम गर्न चाहने कुनै पनि युवाले आर्थिक अभावमा रोकिनुपर्ने अवस्था रहन्न। उत्पादन वृद्धिका कार्यक्रम बढाएका छौं। उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आह्वान गरिरहेका छौं। चमत्कारै गर्छु भन्दिन, इमानदार प्रयत्न गर्छु।

बलिउड अभिनेत्री विपाशा वसु मुम्बईमा एउटा कार्यक्रममा सहभागी हुने क्रममा । *तस्बिर : आईएएनएस*

नाटक हेर्दै छ पोखरा

कान्तिपुर संवाददाता (लेखनाथ)

राजधानीलगायत देशका विभिन्न सहरमा नाटक महोत्सव चलिरहेका छन् । नाटकको माहोलबाट पोखरा पनि अछुतो रहन सकेन ।

पोखरा थिएटर र युथ क्रिएसन थिएटरले गन्धर्व नाटकघरमा अन्तर्राष्ट्रिय नाटक महोत्सव गरेका छन् । 'नाटक हेर्छ पोखरा' को थिममा आयोजित महोत्सवमा नेपालका पाँच, भारतका दुई र मेसेडोनियाको एउटा नाटक मञ्चन हुने छन् ।

महोत्सवका पहिलो दिन बुधबार पोखरा थिएटरकै प्रस्तुति 'निरमाया' मञ्चन भयो । सरुभक्तले तीन दशकअघि लेखेको नाटकको निर्देशन पोखरा थिएटरका अध्यक्ष परिवर्तनले गरेका हुन् । समाजमा अझै पनि कुनै न कुनै रुपमा दलन, उत्पीडन, शोषण कायम रहेकोले त्यसविरुद्ध विद्रोह बोल्नुपर्ने सन्देश दिएको छ नाटकले । यसअघि गन्धर्व नाटकघरमा दुई चरणमा सफलतापूर्वक मञ्चन भइसकेको नाटकमा दर्शकले स्थानीयता भेट्टाउँछन् ।

महोत्सव उद्घाटन क्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले चालू आर्थिक वर्षभित्र प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्ने तयारी रहेको बताए । विभिन्न जातजातिका संस्कार-संस्कृति झल्काने बहुसांस्कृतिक ग्राम बनाउन जग्गाको खोजी भइरहेको पनि उनले सुनाए । 'प्रज्ञा प्रतिष्ठानको आफ्नै सुविधासम्पन्न भवन होस् भन्ने हाम्रो चाहना छ,' उनले भने, 'नाटक देखाउने, सांस्कृतिक गतिविधि गर्ने थलो उक्त भवन हुनुपर्छ ।'

प्रदेश सांसद प्रभा कोइरालाले नाटच क्षेत्रको विकास प्रदेशले भूमिका खेल्ने बताइन् ।

महोत्सवका सल्लाहकार साहित्यकार सरुभक्तले उक्त अवसरमा पोखरामा नाटकको इतिहास खोतले । धनशमशेर राणाको पालदेखि सुरु भएको पोखरेली नाटकको आरोह-अवरोह उनले संक्षेपमा भने । 'अहिले भइरहेका थिएटरलाई स्थायित्व प्रदान गर्ने विषयमा सरकारले सोच्नुपर्छ,' उनले भने, 'प्रदेशस्तरीय प्रज्ञा प्रतिष्ठान गठन गर्नुपर्ने अहिलेको आवश्यकता हो ।' प्राज्ञ हरिदेवी कोइरालाले नाटकमा जीवनका सुखदुःख अनुभूति हुने बताइन् ।

परिवर्तनले पोखरामा भएका सबै नाटचसंस्थाको अपनत्व हुने गरी महोत्सव गरेको बताए । युथ क्रिएसन थिएटरका अध्यक्ष कपिल शर्माले पाँच वर्षदेखि जुर्मुराएको पोखरेली नाटक नसुस्ताओस् भन्न महोत्सव कोसेढुंगा हुने जनाए ।

महोत्सवको अवसरमा नाटक मञ्चन गर्दाका पुराना तस्बिरहरूको प्रदर्शनी पनि गरिएको छ । महोत्सव उद्घाटन अघि कलाकार समूहले बाजागाजासहित च्याली गरेको थियो । गैह्रापाटनमा रहेको महोत्सवस्थलबाट सुरु च्याली, पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुंगा, सिद्धार्थचोक हुँदै पुनः महोत्सव स्थलमा पुगेर टुंगिएको थियो ।

'निरमाया' मञ्चन गर्दै कलाकार । *तस्बिर : दीपक परियार/कान्तिपुर*

विराटनगर पनि

मोरङ (कास)- विराटनगरमा पनि बुधबार अन्तर्राष्ट्रिय नाटक महोत्सव सुरु भएको छ । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले आरोहण गुरुकुलमा महोत्सवको उद्घाटन गरे ।

पहिलो दिन रंगकर्मीहरूले महाभारतमा उल्लेख विराटनगरको महत्त्वसँग जोडिएको कथालाई मञ्चन गरे । विराटपर्वअन्तर्गत पाण्डवहरूले १२ वर्षे वनबासपछि एक वर्ष बिताएको गुप्तबासको कथा रोचक थियो । विराट राजाको दरबारमा पाण्डवहरूले बिताएको एक वर्षलाई धीरज राईले संवादमा उतारेका थिए । नाटकको निर्देशन सुमन पोखरेलले गरेका थिए ।

फागुन २४ सम्म चल्ने महोत्सवमा इटली, श्रीलंका, अफगानिस्तान, बंगलादेश र भारतका नाटक पनि देखाइने छन् । यसअघि बिहीबारका लागि तय गरिएको बंगलादेशको विवर्तन जेसौर नाट्य समूहको नाटक भने मञ्चन नहुने भएको छ । महोत्सवका सल्लाहकार तथा राष्ट्रियसभा सदस्य खेम नेपालीका अनुसार, सुरक्षालगायतका कारण विवर्तन जेसौर नआउने भएपछि त्यहींको अर्को समूहले नाटक गर्ने निश्चित भएको छ ।

आरोहण गुरुकुलका महासचिव विवश पोखरेलले महोत्सवमा नाटक हेरेर दर्शकहरूले नेपाली नाटकको स्तरबारे जानकारी पाउने बताए । मुख्यमन्त्री राईले सामाजिक सांस्कृतिक पक्षको उजागर र सुधार गर्ने दिशामा नाटक महोत्सवले राम्रो सन्देश दिनेमा विश्वास जनाए ।

पूर्वरजिस्ट्रारको आत्मकथा

ललितपुर (कास)- सर्वोच्च अदालतका पूर्वरजिस्ट्रार डा. रामकृष्ण तिमल्सेनाको आत्मकथा बजारमा आएको छ । 'अदालतभित्र अदालतबाहिर' मंगलबार पूर्वराष्ट्रपति डा. रामवरण यादवले सार्वजनिक गरे ।

उक्त पुस्तक 'जीवनको जग,' 'न्याया धीश/प्रधानन्यायाधीश,' 'न्यायिक भ्रमण,' 'कलेज' र 'जीवनको अर्को पाटो' गरी पाँच खण्डमा विभक्त छ । सात जना पूर्व प्रधानन्यायाधीशसँग रजिस्ट्रारका रूपमा काम गरेका तिमल्सेनाको पुस्तकबाट अदालतका प्रक्रिया बुझ्न केही सहज हुने उल्लेख गर्दै पूर्वराष्ट्रपति डा. यादवले भने, 'नेपालको इतिहासको कठिन समयमा अदालतले प्रजातन्त्रको रक्षा गरेको छ । आमसञ्चार, नागरिक समाज र चेतनशील समुदायले पनि अदालतको सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ ।'

पूर्व प्रधानन्यायाधीश मीनबहादुर रायमाझीले सर्वोच्च अदालतमा काम गर्दा आफूलाई थाहा नभएको विषयबारे जानकारी उक्त पुस्तकमा समेटिएको बताए । पूर्व शिक्षामन्त्री डा. गंगालाल तुलाधरले पछिल्लो समयमा सबैमा आत्मकथा लेख्ने चाहना बढेको सुनाउँदै न्यायालयमा बस्नेले पनि जीवनी लेख्दा कठिनाइ हुन सक्ने बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तथा पूर्व प्रधानन्यायाधीश अनुपराज शर्मा, पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठलगायतले पनि बोलेका थिए । डा. तिमल्सेनाले आफ्नो ब्रह्मले देखेका कुरा पुस्तकमा उतारेको दावी गरे । उक्त पुस्तक घोस्ट राइटिङ नेपालले निकालेको हो ।

'फिल्म नाटकजस्तो हुनुमा निर्देशकको दोष'

कान्तिपुर संवाददाता (काठमाडौं)

पछिल्लो समय फिल्ममा रंगकर्मीहरूको लोभलाग्दो सहभागिता छ । पञ्चायत कालमै नेपाली फिल्ममा रंगकर्मीहरूको सहभागिताा ठूलो रहेको भए पनि 'लुट' फिल्ममा दयाहाङ राई, सौगात मल्ल, प्रवीण खतिवडा, कर्मा शाक्यको उपस्थितिपछि नेपाली फिल्ममा भिन्न लहर आएको मानिन्छ ।

नेपाल अन्तर्राष्ट्रिय नाटच महोत्सवको तेस्रो दिन मण्डला थिएटरमा 'सिनेमा र नाटकको भूमध्यरेखाबाट' विषयमा अभिनेता विपिन कार्की, बुद्धि तामाङ र अभिनेत्री मेनुका प्रधान प्रस्तुत भए । उनीहरूले फिल्ममा काम गर्दाको अनुभवदेखि चरित्र निर्माणसम्मका अनुभव साझा गरेका थिए । पछिल्लो समय 'फिल्म नाटकजस्तो र नाटक फिल्मजस्तो' हुनुमा कलाकारभन्दा पनि निर्देशकहरू बढी जिम्मेवार रहेको विपिनले बताए ।

'चरित्र निर्माण कलाकारलाई गर्न लाउँदाको आएको परिणाम हुन सक्छ, यो,' उनले भने ।

मेनुका र बुद्धिले पनि सही थपे । 'हामीले त इमानदार भएर चरित्रमा काम गर्ने हो,' बुद्धिले भने, 'कतिसम्म पुग्छ र कतिसम्म चाहिन्छ भन्ने जजमेन्ट हामीले गर्न सक्दैनौं ।'

यही विषयमाथि दर्शकदीर्घाबाट रंगकर्मी लुनिभा तुलाधर, अरुणा कार्की, कमलमणि नेपाललगायतले बोल्दै फिल्ममा नयाँ र सिर्जनात्मक काम नै अहिले रंगकर्मीहरूबाट भइरहेको दावी गरे ।

बहरमपुरबाट चम्पावती

भरसक मानिसहरू सर्पको अगाडि पर्न चाहँदैनन् । बुधबार राजधानीको शिल्पी थिएटरमा देखाइएको 'चम्पावती' मा भने भारतको बंगाली समुदायका सर्प समात्ने केही जातिको कथाव्यथा समेटिएको थियो । साहुकहाँ सर्प बेच्न जाने परिवारको कथाव्यथा समेट्दै तयार पारिएको नाटक यो महोत्सवको तेस्रो दिन मञ्चन गरिएको हो ।

नेपालमै पनि सर्प समातेर बेच्दै गुजारा गर्ने समुदाय छ । नाटक 'चम्पावती' ले तिनै नेपाली समुदायकै जस्तो कथा बोकेको थियो । खासमा सर्प नचाउने समुदायको कथा हो, 'चम्पावती' मा । दाजुबहिनीको सानो परिवार र त्यसमा समयले ल्याएको उथलपुथल नाटकमा देख्न सकिन्छ । चम्पावती र उनका दाजु सर्प समातेरै जीविकोपार्जन गरिरहेका छन् । एक दिन साहुले सर्पको सट्टा चम्पावतीलाई नै किन्न खोज्छन् ।

यसपछिका संघर्षहरूमा नाटकले गति लिन्छ । नारीमाथि हुने यौनजन्य हिंसा, पितृसत्तात्मक सोच र संघर्ष नाटकले पस्केको छ । कथित ठूलो समुदायले निम्न वर्गमाथि लाद्ने शोषणका किस्साहरू पनि नाटकले पस्किन्छ ।

बंगाली भाषामा मञ्चित नाटकले कुनै न कुनै रूपमा समाजमा चेलीबेटी बेचबिखन कायम छ भन्ने अर्थ्याउँछ । परिआएको बेला महिलाले महिलाकै लागि संघर्ष गर्छ भन्ने दृष्टान्त पनि नाटकमा देखाइएको थियो ।

ऋत्विक थिएटरको तर्फबाट विप्लप डेले निर्देशन गरेको नाटकमा कलाकारले निकै राम्रो अभिनय गरेका थिए । सन् १९८० मा स्थापना भएको थिएटरले सामाजिक राजनीतिक अवस्थाको फराकिलो चित्र प्रस्तुत गर्दै कलाकारको सामाजिक दायित्व प्रस्तुत गर्दै आएको छ । 'चम्पावती' भने बंगलादेशका लेखक तथा नाटककार सैयद शमसुल हकले लेखेका हुन् ।

शिल्पी थिएटरमा पश्चिम बंगालको बहरमपुरका रंगकर्मी 'चम्पावती' मञ्चन गर्दै । *तस्बिर : अनिश रेग्मी/कान्तिपुर*

'मि न्होंबे ट' छायांकनका क्रममा कलाकारहरू खेमराज गुरुङ र सुमन गुरुङ । *तस्बिर : आश गुरुङ/कान्तिपुर*

KOICA
Korea International Cooperation Agency

Re-Invitation for BID

WORLD FRIENDS KOREA

Bid Number: KOICA-NEPAL-2019-02

This is a re-announcement of the Bid Number: KOICA-NEPAL-2018-03

Korea International Cooperation Agency (KOICA) Nepal Office intends to invite foreign and local Eligible Bidder for the **Procurement, delivery and installation of ICT Equipments items in IRDN Project site Nawalparasi** under the project for **Inclusive Rural Development Project, Nawalparasi**.

1. **PROJECT SUMMARY**
   - 1.1 **Bid Title**: Supply of ICT Equipment for the project of "Inclusive Rural Development in Nawalparasi (IRDN), Nepal"
   - 1.2 **Duration**: 30 days after the contract is signed
   - 1.3 **Scope of the Work**: Procure, deliver and install ICT equipment for office purpose in ward offices of IRDN Project Area, Nawalparasi, Nepal.
   - 1.4 **Budget**: USD 36,927 (Inclusive of VAT).
2. **BID SUMMARY**
   - 2.1 Employer: Korea International Cooperation Agency (KOICA) Nepal Office
   - 2.2 Bid Type: International Open Competitive Bidding (Fixed lump sum price contract)
   - 2.3 Criteria for successful bidder: Lowest bidder who pass the qualification assessment; the details has been explained in bid document
   - 2.4 Bid Schedule

ACTIVITY	DESCRIPTION	DATE	REMARKS	DAYS
Bid Announcement	• Local newspaper	Feb 28, 2019	KOICA Nepal Office	D+0
Q & A	• Receiving questions	March 1-6, 2019	E-Mail, Fax	D+6
	• Providing Answers	March 7, 2019		D+7
Submission of Bid Documents	• Submission of Bid Documents	5:00 PM March 11, 2019	@ KOICA Nepal Office	D+11
Bid Open	• Bid Opening	From 2:00 PM March 13, 2019	@ KOICA Nepal Office	D+13
Evaluation	• Evaluation	From 2:00 PM March 13, 2019	@ KOICA Nepal Office	D+13

**KOICA does not plan to hold Bid Conference this time.*

2.5 Queries can be placed through email;

- Interested Bidders are required to get the detailed BID DOCUMENT from KOICA by sending a request mail at nepal@koica.go.kr, with the title **"Bid for IRDN Equipment'** OR the BID DOCUMENT can also be downloaded from the official website of KOICA Nepal Office https://www.koica.go.kr/sites/nepal_en/index.do and official Facebook page of KOICA Nepal Office **https://facebook.com/koica.npl/**
- **Interested bidders should submit their bid application (hard copies) in the formats provided by KOICA by 5:00 PM, March 11, 2019 at KOICA Nepal Office, Jwagal 5th Cross, Kupondole, Lalitpur Nepal.**

- ❖ KOICA will not be responsible for any costs or expenses incurred by Bidders in connection with the preparation or delivery of bids.
- ❖ KOICA Nepal Office requires that Bidders to observe the highest standard of ethics during the procurement and execution of such contracts. In pursuance of this policy, KOICA
  1) Will reject a proposal for award if it determines that the Bidder recommended for award has engaged in corrupt or fraudulent practices in competing for the contract in question.
  2) Will recognize a bidder as ineligible, for a period determined by KOICA.
- ❖ The Bidder is expected to examine all instructions, forms, terms and specifications in the bidding documents. Failure to furnish all information required by the bidding documents or submission of a bid not substantially responsive to the bidding documents in every respect shall be at the bidder's risk and may result in the rejection of the bid.

KOICA NEPAL OFFICE
TEL: 977-1-526-0718 / FAX: 977-1-526-1859
Email: nepal@koica.go.kr, Jwagal 5th Cross, Kupondole, Lalitpur

CONFUCIUS INSTITUTE
KATHMANDU UNIVERSITY

Admission open for
Chinese Language Courses +
Automobile Mechanic Training Program



Class Starts from
5th March 2019

Venue :
Kathmandu University
Dhulikhel

Study In China Scholorship is also available

For application please contact
CIKU, Balkumari, Lalitpur, Tel: 01-5186191

नेपाल पुलिस स्कुल
साँगा, काभ्रे

विद्यार्थी भर्ना सम्बन्धी सूचना

नेपाल प्रहरीको कल्याणकारी कार्यक्रम अन्तर्गत सञ्चालित नेपाल पुलिस स्कुल, साँगा काभ्रेमा प्रहरी कर्मचारीका सन्ततिलाई ६०% र सर्वसाधारण नागरिकका सन्ततिलाई ४०% सिट अनुपातमा शैक्षिक सत्र २०७६ का लागि निम्नानुसार भर्ना खुलेको जानकारी गराइन्छ :-

क्र.सं.	कक्षा	सिट सङ्ख्या
१	४	३ सेक्सन
२	५	१ सेक्सन
३	६	रिक्त सङ्ख्या

क्र.सं.	कक्षा	सिट सङ्ख्या
४	७	रिक्त सङ्ख्या
५	८	रिक्त सङ्ख्या

भर्ना प्रकृया
फारम वितरण र दर्ता :- २०७५ फागुन १७ गते शुक्रबार देखि ऐ.चैत्र १४ गते बिहीबार १४:०० बजेसम्म
प्रवेश परीक्षा :- २०७५ चैत्र १६ गते शनिवार ।
प्रवेश परीक्षा हुने स्थान :- नेपाल पुलिस स्कुल, साँगा, काभ्रे ।
समय :- बिहान ११:३० बजे

फारम पाइने स्थान:-
१) नेपाल पुलिस स्कुल, साँगा काभ्रे ।
२) महानगरीय प्रहरी कार्यालय, रानीपोखरी ।
www.nps.edu.np बाट डाउनलोड पनि गर्न सकिनेछ ।

फारम दर्ता गर्ने स्थान :-
१) नेपाल पुलिस स्कुल, साँगा काभ्रे ।
२) महानगरीय प्रहरी कार्यालय, रानीपोखरी ।

फारम दर्ता गर्दा चाहिने कागजातहरू:-
- बहालवाला प्रहरी कर्मचारीको हकमा कार्यरत कार्यालयबाट दर्जा खुलेको सिफारिस पत्र,
- अभिभावकको १ प्रति फोटो (वहालवाला प्रहरी कर्मचारीको हकमा युनिफर्म लगाएको),
- भूपू प्रहरी कर्मचारीको सन्ततिको हकमा पेन्सन पट्टाको प्रतिलिपि,
- विद्यार्थीको २ प्रति पासपोर्ट साइजको फोटो,
- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- दोस्रो त्रैमासिक परीक्षाको लब्धाङ्कपत्रको प्रतिलिपि ।

थप जानकारीका लागि:
www.nepalpolice.gov.np, www.nps.edu.np,
Facebook URL: https://www.facebook.com/NCOPSIAN
☎ ०११-६६१३०१, ९८५१२-८६००५, ०११-६६८६००

गिलुङमा गुरुङ फिल्म

कान्तिपुर संवाददाता (लमजुङ)

घुमाउने घरको आँगन, एक हूल मानिस । पुरानो भकारीले छाएको छाप्रोमुनी घाँटु गुरु गीत गाउँदै छन् । गीति लय र मादलको तालमा ६ जना घाँटुसरी कम्मर मर्काइरहेका छन् । गुरुसँग भेडीगोठाले घाटु गीत गाउँदै र सिक्दै छन् । सानैदेखिका साथी तर विवाह भए पनि सम्बन्धविच्छेद भइसकेकी घाटुसरी नजिकै आएर नाच्चा गोठालेलाई असहज लाग्छ ।

गुरुङ संस्कृतिको महत्त्वपूर्ण पाटो मानिने घाटुको अध्ययनका लागि गाउँ आएर मञ्चमा बसेका पूर्वप्राज्ञ इन्द्रबहादुर गुरुङ, उनकी पत्नी काशीपिरी गुरुङ, राजकुमार गुरुङ, दीपु गल गुरुङ, उच्चाँ गुरुङलगायतले घाटुसरी ज्योतिमायालाई रानी यम्फावतीको रूपमा सम्मान गर्छन् । उनले लगाएको लावा (धान भुटेर सिन्कामा उनेर बनाइएको मुकुट) टाउकोबाट झिक्दै मौलिक ताज लगाएर रानी बनाइन्छ । घाटु सिकाउँदै आएका गुरु जुठेबा (चन्द्रप्रसाद गुरुङ) ले गीतमा 'परशुराम' राजा भएअनुरूप आफ्ना शिष्य गोठालेलाई परशुराम राजा बनाउनुपर्ने बताउँछन् । उनलाई रानीछेउ लगिन्छ । घुमाउने घरभित्रबाट कपडाको मुकुट ल्याएर गोठालेलाई लगाइदिन्छन् । आँगनबाट स्थानीय बासिन्दाले ताली बजाउँछन् ।

'घाटु गीतलाई आधार मानेर नयाँ प्रयोग गर्न खोजिएको हो,' उक्त दृश्यलाई निर्देशन गरिरहेका माओत्से गुरुङले भने, 'अब गीतमा होइन, घाटुमै राजा परशुराम र रानी यम्फावती देखिनुपर्छ ।'

गुरुङ फिल्म 'मि न्होंबे ट' (आँखाभित्रको फूल) को दृश्य हो यो । यसको छायांकन सकिनासाथ 'गल्वन्दीई चैस्यो डोल्स्यो...' (गलबन्दीले तानौंला सोल्टिनी) गीतको काम थालियो । 'संस्कृतिलाई आँखाभित्रको फूलसँग जोडेका छौं यो फिल्ममा । गोठालेको दुःख, पीडा, मायाप्रेम छदैंछ,' माओत्सेले भने ।

उक्त फिल्ममा सुमन गुरुङ नायिका र खेमराज घले नायक छन् । सुमित गुरुङ, एलिजा गुरुङ, पवित्र गुरुङ, विवेक गुरुङ लगायतले पनि खेलेका छन् । माघ १९ देखि गिलुङ, टक्सार र भेडीगोठमा छायांकन थालिएको फिल्मलाई खिमबहादुर गुरुङले खिच्दै छन् ।

नयाँ वर्ष २०७६ का अवसरमा फिल्म प्रदर्शन गरिने निर्माण पक्षले बताएको छ । बुद्धकुमार गुरुङ, राजकुमार गुरुङ र अमीर गुरुङको लगानीमा निर्मित उक्त फिल्ममा आश गुरुङ, रोशन गुरुङ र अमीर गुरुङले गीत लेखेका छन् । तेजेन्द्र गुरुङ, धनबहादुर गुरुङ र दुर्गा गुरुङको संगीत छ ।

भारत-पाक तनाव

नियन्त्रण रेखामा त्रास, हजारौं कश्मीरीले घर छाडे

पाकिस्तान प्रशासित कश्मीरको सीमावर्ती चाकोठीका बासिन्दा घर छाडेर सुरक्षित स्थानतर्फ जाँदै । *तस्बिर : एएफपी*

नयाँदिल्ली (एजेन्सी)- कश्मीरको लाइन अफ कन्ट्रोल (एलओसी) क्षेत्रमा लगातार गोली हानाहान र बम प्रहार हुन थालेपछि हजारौं कश्मीरी घर छाडेर भाग्न थालेका छन् ।

एलओसीका १२ स्थानमा मंगलबार राति गोली हानाहान भएको थियो । त्यस क्रममा आफ्ना ५ सैनिक घाइते भएको भारतीय सेनाका प्रवक्ता देवेन्दर आनन्दले जनाएका छन् । पाकिस्तानका ५ चौकी ध्वस्त पारेको दावी पनि भारतले गरेको छ । पाकिस्तानले पनि आफ्ना ५ सैनिकको मृत्यु भएको जनाएको छ । एएफपीका अनुसार त्रासका कारण नियन्त्रण रेखाक्षेत्रका हजारौं कश्मीरीले घर छाडेका छन् । केहीले लामो समयदेखि प्रयोगमा नआएका बंकर सफा गरेका छन् भने केही नयाँ बंकर बनाउनतिर लागेका छन् ।

पाकिस्तान प्रशासित कश्मीरको कोट्ली र झेलुम उपत्यकाका २ हजार नागरिकले घर छाडेको जनाइएको छ । कोट्लीका एक सरकारी अधिकारी उमर आजमले भने, 'थुप्रै मानिस घर छाडेर सुरक्षित स्थानतिर लागिरहेका छन्, सैनिक गतिविधि बढेपछि एलओसी क्षेत्रमा इन्टरनेटसमेत काटिएका छन् ।' महिला, पुरुष तथा बालबालिकाहरू आ-आफ्ना सामान बोकेर सडकमा देखिएका छन् । केहीले आफ्ना गाईवस्तुसमेत लिएर हिँडेको देखिएको छ । सीमावर्ती चाकोठी गाउँका ४६ वर्षीय पसले हबिब उल्लाह अवानले बुधबार बिहानै ८ जनाको परिवारसहित निस्कँदा गाउँमा बम खसिरहेको बताए । अधिकांश मानिस चाकोठी छाडेर पाकिस्तानी कश्मीरको सहर मुजफ्फरावादतर्फ गइरहेका छन् । भारत नियन्त्रित कश्मीरमा पनि त्रासको स्थिति छ । भारतको कमालकोटे र पुँचका बासिन्दाले पनि भारी मात्रामा बम खसिरहेको बताए । अधिकारीहरूले स्थानीय बासिन्दालाई बंकरको तयारी गर्न आग्रह गरिरहेका छन् । पुँचका बासिन्दा पनि सुरक्षित स्थानतर्फ भागिरहेका छन् । बढ्दो तनावबीच भारतको चण्डीगढ, जम्मु-कश्मीर, पन्जाब र उत्तराखण्डका सबै विमानस्थलमा एलर्ट जारी गरिएको थियो । पाकिस्तानमा पनि लाहौर, मुल्तान, फैसलाबाद, सियालकोट र इस्लामाबाद एयरपोर्टबाट सबै आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान रद्द गरिएका थिए । यस्तै, भारत र पाकिस्तानको वायुसीमाभित्र चल्ने अन्तर्राष्ट्रिय उडान पनि अवरुद्ध भएका थिए । केही विमानले रुट परिवर्तन गरेका थिए ।

संयम अपनाउन अमेरिकाको आग्रह

यसैबीच, अमेरिकाले भारत र पाकिस्तानबीच जारी तनाव कम गर्न केही नियन्त्रणमा रहेर मात्र थप क्रियाकलाप गर्न आग्रह गरेको छ ।

अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेका हुन् । भियतनामको हनोईमा रहेका पोम्पेओले भारतीय विदेशमन्त्री सुषमा स्वराज र पाकिस्तानी विदेशमन्त्री शाह मोहमद कुरेसीसँग पनि कुराकानी गरेका छन् ।

जारी तनावलाई बढावा नदिई संयम अपनाउन अमेरिकाले सधैं प्रयास जारी राख्ने पोम्पेओको भनाइ छ । उनले प्रत्यक्ष वार्ताका लागि दुवै मन्त्रीलाई अनुरोध गरेको जनाएका छन् ।

'हामी वार्ता चाहन्छौं'

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले बाध्यतावश आफ्नो सेनाले जवाफ दिएको बताएका छन् । बुधबार देशवासीका नाममा सम्बोधन गर्दै उनले दुवै मुलुकसँग भएका हतियारसहित युद्धमा गए त्यसको परिणाम कल्पना पनि गर्न नसकिने बताए । 'पुलवामा आक्रमणपछि मैले भारतलाई अनुसन्धानमा सहयोगका लागि प्रस्ताव गरेको थिएँ, मलाई थाहा छ, यस्तो आक्रमणका पीडित परिवारले कस्तो महसुस गर्नुपर्छ, यसकारण मैले सिधा रूपमा अफर गरेको थिएँ, हामीले हाम्रो जमिन प्रयोग होस् तर आतंकवादका लागि होइन भनेर भनेका थियौं, यदि हामीलाई प्रमाण दिइन्थ्यो भने त्यसको जवाफ दिनु हाम्रो बाध्यता हुन्थ्यो र तर भारत कारबाहीमा उत्रिन्छ, त्यसको जवाफी कारबाही गर्नैपर्छ ।

उनले कुनै पनि सार्वभौम मुलुक त्यत्तिकै चुप बस्न नसक्ने उल्लेख गर्दै भने, 'चुप रहेर आफैंलाई अपराधी बनाउन सकिँदैनथ्यो, हाम्रो मुलुकमा आइन्छ भने हामी पनि आउन सक्छौं ।' उनले बुधबारको पाकिस्तानी कारबाहीको जवाफ दिन भारतका २ मिग जहाज आफ्नो सीमामा प्रवेश गरेकाले तिनीहरूलाई खसालिएको बताए । 'पाइलट हामीसँग छन्, म भारतलाई भन्न चाहन्छु, हामी थोरै बुद्धिको प्रयोग गरौं,' उनले भने ।

दोस्रो विश्वयुद्धको उदाहरण दिँदै उनले भने, 'दोस्रो विश्वयुद्धमा हिटलरले रुसमाथि विजय प्राप्त गर्ने सोचेका थिए, तर उनले रुसको चिसो बर्बादीको कारण बन्न सक्नेछ भनेर सोचेनन्, भियतनाम युद्धमा त्यत्रो वर्ष लाग्नेछ भनेर कसलाई थाहा थियो ? युद्धका विषयमा गरिएको आँकलन गलत हुन्छ ।'

उनले भने, 'यो लडाइँ अगाडि बढ्ने हो भने, यसले कता लिएर जानेछ भनेर हामीले यो समयमा सोच्नु पर्दैन ? न मेरो, न नरेन्द्र मोदीको नियन्त्रणमा हुनेछ । यसैले आतंकवादको विषयमा कुनै पनि तरिकाले वार्ता गर्न चाहन्छौं र यो समस्याको समाधान गर्नुपर्छ ।'

'तनाव चाहँदैनौं'

भारतीय विदेशमन्त्री सुषमा स्वराजले भारतले पाकिस्तानमाथि नभई आतंकवादी संगठन जैश-ए-मोहम्मदको क्याम्पमा कारबाही गरेको बताएकी छन् । चीनको बुझेनमा रुस-भारत-चीनका विदेशमन्त्रीहरूको १६ औं बैठकलाई सम्बोधन गर्दै उनले पाकिस्तानमा गरिएको कारबाही कुनै सैन्य अभियान नभएको स्पष्ट पारेकी हुन् । 'भारत कुनै पनि रूपबाट तनाव बढाउन चाहँदैन, हामी जिम्मेवारी र संयमपूर्वक काम गर्नेछौं,' उनले भनिन् । स्वराजले पाकिस्तानले आफ्नो भूमिका रहेका आतंकवादीलाई कारबाही गर्न अस्वीकार गरिरहेको र जैशले भारतका कैयौं भागमा आतंकवादी हमला गर्ने षड्यन्त्र रचिरहेकाले अचानक आक्रमणको निर्णय लिनुपरेको उल्लेख गरिन् । तर कारबाहीमा सर्वसाधारणको ज्यान नजाओस् भन्नेतर्फ ध्यान दिइएको उनले स्पष्ट पारिन् ।

उनले कश्मीरबाट गतिविधि सञ्चालन गर्दै आएको जैशलाई पाकिस्तानले सहयोग गर्दै आएको पनि आरोप लगाइन् । तीन देशका विदेशमन्त्रीको बैठकमा पनि आतंकवादको कुनै पनि रूपको कडा शब्दमा निन्दा गरिएको थियो ।

ट्रम्प-किम भेट

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ-उन बुधबार भियतनामको हनोईस्थित होटल मेट्रोपोलमा भेट गर्दै । उनीहरूले बिहीबार पुनः वार्ता गर्ने कार्यक्रम छ । *तस्बिर : रोयटर्स*

हनोई, भियतनाम (एएफपी)- उत्तर कोरियाली नेता किम जोङ-उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको शिखर सम्मेलनले सकारात्मक नतिजा निकाल्ने आफ्नो विश्वास रहेको बताएका छन् ।

भियतनामको राजधानी हनोईमा बुधबार भएको दुई नेताबीचको भेटमा किमले भने, 'म विश्वस्त छु सम्मेलनबाट विशिष्ट परिणाम प्राप्त हुनेछ, जसलाई सबैले स्वागत गर्नेछन् ।' उनले वार्ता सफल पार्न आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने पनि बताए ।

ट्रम्प र किमले हनोईस्थित सोफिटेल मेट्रोपोल होटलमा करिब २० मिनेट कुराकानी गरेका थिए । त्यसपछि उनीहरू आफ्ना निकट सहयोगीका साथ सोही होटलमा भोजमा सहभागी भएका थिए ।

ट्रम्प र किमबीच २०१८ को जुनमा पहिलोपटक शिखर वार्ता भएको थियो । उक्त भेटमा किमले कोरियाली प्रायद्वीपलाई आणविक हतियारबाट स्वतन्त्र बनाउने विषयमा हस्ताक्षर गरेका थिए । तर वार्तापछि लामो समयसम्म उत्तर कोरिया र अमेरिकाबीच औपचारिक छलफल हुन सकेको थिएन ।

'हामी पुनः वार्ताका लागि हनोई आएका छौं,' किमले भने, 'मलाई लाग्छ थप विचारका साथ अघि बढ्ने समय आएको छ, हामीले यस घडीमा धैर्य बन्दै उत्कृष्ट सोचविचारसहित अघि बढ्ने प्रयास गर्नुपर्छ ।'

दुई नेताबीच कुराकानी हुनु पहिले उनीहरूले हार्दिकतासाथ हात मिलाएका थिए । उनीहरूले बिहीबार पुनः भेट्ने र विस्तृत छलफल गर्ने कार्यक्रम छ ।

विमान खसालेको...

मन्त्रालयले पाक सेनाको हिरासतमा रहेका भनिएका पाइलटलाई तत्काल र सुरक्षित रूपमा फिर्ता गरिने आशा व्यक्त गरेको छ । घाइते सैनिकको तस्बिर जारी गरेर पाकिस्तानले अन्तर्राष्ट्रिय मानवीय कानुन र जेनेभा महासन्धि उल्लंघन गरेको दाबी भारतको छ । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पाकिस्तानी नियन्त्रणमा रहेका सैनिकको सुरक्षाका लागि प्रार्थना गरेको उल्लेख गर्दै सबै भारतीय आफ्नो देशलाई सुरक्षित र मजबुत राख्न एकजुट रहेको बताएका छन् । कंग्रेस अध्यक्ष राहुल गान्धीले पनि भारतीय सैनिक सकुशल फिर्ता हुने आशा गरेका छन् ।

विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले भारतीय वायुसेनाले एउटा पाकिस्तानी लडाकु विमान पाकिस्तानी क्षेत्रमा खसालेको दाबी पनि गरे । तर पाकिस्तानले यसलाई अस्वीकार गरेको छ ।

उता, बुधबार आयोजित पत्रकार सम्मेलनमा पाकिस्तानी सेनाका प्रवक्ता गफुरले आफ्नो मुलुकले क्षमता र सामर्थ्य देखाउन उक्त कदम चालेको उल्लेख गर्दै त्यसको विकल्प नभएको बताए । तर भारतीय विमान खसालिएको घटना 'जवाफी कारबाही' भने नभएको उनले उल्लेख गरे । उनले आफूहरूले युद्ध नचाहेको उल्लेख गर्दै भने, 'पाकिस्तान युद्धको वातावरणोन्मुख छैन, हामी दुई देश र क्षेत्रीयस्तरमै शान्तिको कामना गर्छौं ।' गफुरले आफूहरूसँग युद्ध लड्ने क्षमता भए पनि जिम्मेवार राष्ट्रका रूपमा युद्धमा जान नचाहेको बताए । उनले पाकिस्तानी जेटले भारतीय भूमिको ६ निसानामा कारबाही गरेको उल्लेख गर्दै भारतीय सेनाभन्दा खुला क्षेत्रलाई निसाना बनाइएको बताए । उनले शान्तिका लागि पहल गर्न पनि अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेका छन् । सन् १९७१ मा भएको भारत-पाक युद्धयता एलओसी क्षेत्रमा भएको यो पहिलो हवाई आक्रमण हो ।

ब्रिटिस फोर्सबाट राजीनामा दिएर हिमालतिर

■ **नवीन पोखरेल** (लन्डन)

ब्रिटिस आर्मीको जागिर खान नेपालमा बर्सेनि दसौं हजार युवा मैदानमा उत्रन्छन् । बेलायतमा स्थायी बसोबास र अन्य सुविधाले पनि आकर्षक मानिन्छ आर्मी करिअर । तर एक युवा ब्रिटिस आर्मी, त्यसमा पनि स्पेसल फोर्सेसको जागिर र ५ लाख पाउन्ड (करिब ७ करोड रुपैयाँ) पेन्सन माया मारेर विश्व कीर्तिमान राख्न हिमाल आरोहणमा निस्कने साइतमा छन् ।

म्याग्देली युवा निर्मल पुर्जा 'निम्स' (एमबीई) यसै वर्ष सन् २०१९ को ७ महिनाभित्र ८ हजार मिटर उचाइका विश्वका सबै १४ हिमाल चढ्ने सुरमा छन् । उनको महत्त्वाकांक्षी योजना 'प्रोजेक्ट पोसिबल १४:७' मार्च २० देखि सुरु हुनेछ । अभियानकै लागि १९ मार्चबाट लागू हुने गरी उनले ब्रिटिस आर्मीबाट राजीनामा दिएका छन् । पुर्जाको यो महत्त्वाकांक्षी प्रोजेक्ट एकदम खर्चिलो छ । यसका लागि कम्तीमा १० करोड ५० लाख रुपैयाँ (७ लाख ५० हजार पाउन्ड) आवश्यक हुने बताएका छन् ।

'मानिस यसलाई विल्कुल असम्भव ठानिरहेका छन् । अभियान चुनौतीपूर्ण पनि छ तर मलाई पूर्ण विश्वास छ कि सबैको साथ भए म यसमा सफल हुनेछु,' उनले भने, 'कृपया विश्वभरका नेपाली र मानवजातिलाई सहयोग गरिदिन म अपिल गर्दछु ।'

३५ वर्षीय निर्मलको अझै १० वर्ष बाँकी थियो जागिर । फुल पेन्सन आउन ६ वर्ष मात्र बाँकी । 'मैले ५ लाख पाउन्ड पेन्सन गुमाएर आरोहणमा लाग्ने निधो गरेको हुँ,' पुर्जाले कान्तिपुरसँग भने, 'आर्मीमा मेरो राम्रो तलब सुविधा (मासिक ६ लाख रुपैयाँ) थियो । तर, नेपाल, नेपाली र सम्पूर्ण मानवजातिको प्रतिष्ठा उँचो बनाउन मैले प्रोजक्ट पोसिबलको महत्त्वाकांक्षी योजना बनाएँ ।'

उनले यस पटकको अभियानमा घर रिमोर्गेज गरेर करिब ७५ लाख रुपैयाँ (५५ हजार पाउन्ड) खर्च आफ्नै खाताबाट जोहो गरेका छन् । यसअघि पनि घर रिमोर्गेज र आफ्नो कमाइबाट पटकपटक गरी करिब एक लाख पाउन्ड खर्च गरिसकेको उनले स्मरण गरे । यस पटकको अभियान एकदम खर्चिलो र ठूलो भएकाले विश्वका सबैसामु सहयोग मागिरहेको उनले सुनाए । व्यापारिक प्रतिष्ठानहरूले पनि आर्थिक प्रायोजन गरिदिऊन् भन्ने उनको अपेक्षा छ । त्यसबापत् हरेक हिमालमा प्रायोजकहरूको ब्यानर, झन्डा फहराउने र ब्रान्ड एम्बेसेडर बनिदिने उनको प्रतिबद्धता छ ।

उनले 'गो फन्डमी' पेजमार्फत आर्थिक सहयोग गरी आफ्नो योजनामा सघाउन अनुरोध गरेका छन् । गो फन्डमीमार्फत ७५ हजार पाउन्ड उठाउने लक्ष्य उनको छ, जसले दोस्रो चरणको मिसन केटु र नांगा पर्वतको आरोहण खर्च कभर गर्छ । हालसम्म यस अपिलबाट लगभग ११ हजार पाउन्ड उठिसकेको छ ।

निर्मलको अभियान घाइते सैनिक भेट्टान र नेपालका पिछडिएका बालबालिकाको सहयोगमा काम गर्ने ब्रिटिस मिलिट्री तथा नेपाली च्यारिटीको सहयोगार्थ हुनेछ । यसबाहेक जलवायु परिवर्तन र विश्व तापमान वृद्धिबारे जनचेतना जगाउने उद्देश्य पनि उनले सुनाए । सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राममा गएर उनको अभियानलाई सहयोग गर्न सकिनेछ ।

सन् २००३ मा ब्रिगेड अफ गोर्खाजमा प्रवेश गरेका उनी सन् २००९ देखि 'यूके स्पेसल फोर्सेस' (स्पेसल बोट सर्भिस) को अंग बने । दुई सय वर्षको गोर्खा इतिहासमा स्पेसल बोट सर्भिसमा छानिने उनी पहिलो गोर्खा हुन् । उनले सन् २०१२ देखि मात्र आरोहण यात्रा प्रारम्भ गरेका हुन् । यसबीचमा उनले सगरमाथा तीन पटक, ८ हजार मिटरमाथिका ४ वटा हिमाल र ७ महादेशमध्ये ४ महादेशका अग्ला हिमाल पनि चढिसके ।

उनलाई धेरैले निम्स भनेर चिन्छन् । उनी सर्वोच्च शिखर सगरमाथा चढ्ने पहिलो सर्भिङ ब्रिटिस गोर्खा पनि हुन् । निर्मलको नाममा आरोहणका कैयौं विश्व कीर्तिमान् छन् । उनले सगरमाथादेखि लोत्से आरोहण जम्मा १० घण्टा १५ मिनेटमै सम्पन्न गरे, जुन यसअघि २० घण्टाको रेकर्ड थियो । ५ दिनमै सगरमाथा, लोत्से र मकालु (जो ८ हजार मिटरभन्दा अग्ला छन्) चढे । १७ दिनमा सगरमाथा दुई पटक, लोत्से र मकालु एक/एक पटक चढ्ने उनी विश्वकै पहिलो व्यक्ति हुन् । यद्यपि निर्मल स्पेसल फोर्सेसमा भएकाले उनका उपलब्धि र आरोहणका विश्व कीर्तिमानका समाचार सार्वजनिक भएनका थिएनन् ।

चाइना ग्रेटवाल हेल्थ सेन्टर प्रा.लि.
पाइल्स, फिसर, फिस्टुला र मलद्वार सम्बन्धी सम्पूर्ण रोगहरुको प्रभावकारी उपचार यस केन्द्रमा गरिन्छ ।
बौद्ध, चुच्चेपाटि-७, काठमाण्डौ (भाटभटेनी बिल्डिङ्ग संगै)
निःशुल्क चेकजाँच उपचारमा 50% छुट
सम्पर्क: ०१-४४८०२३३, ९८५१२११५९९

युरोलोजीको विना अप्रेशन सफल उपचार
• नेपालमै पहिलो पटक अमेरिकी प्रविधी द्वारा युरोलोजीको उपचार,
• केटाको लिङ्गको छाला काट्ने, sexual Power बढाउने, Protest निकाल्ने, Hydrocele सम्बन्धी उपचार
• साथै पुरुष जनेन्द्रियमा हुने सम्पुर्ण समस्याको सफल उपचार
फिर चेकजस्त
हवाई हेल्थ सेन्टर प्रा. लि.
मित्रपार्क, चावहिल (नेपाल टेलिकम अपोजिट)
फोन :01-4481616,9851211988
पुनश्चः चाडपर्व र विदामा पनि अस्पताल खुल्ला रहनेछ ।

Nepal Herbs Exp 2019
"गुणस्तरीय जडिबुटी, दिगो अन्तर्राष्ट्रिय बजार प्रोत्साहन र सम्मान, जिम्मेवार उद्यमको आधार"
Organizer NEHHPA
8th Nepal Herbs Expo 2019
Falgun 17-19, 2075 (10:30 am- 7:00 pm)
Chhaya Centre, Thamel, Kathmandu
Main Attraction
Agriculture and natural product
Organic certified product
Technology/Machine
Cosmetic/Spa and Massage
Ayurveda/Clinic
Nursery/Floriculture
Know Medicinal Plants
Traditional Healing center
Why to Visit?
Saves time and money
Traditional use of MAPs
Certified organic products
Natural dietary supplements
Natural cosmetic products
Make up of fiber and fabrics
Alternative medicine
Counseling and clinic
Branding/Showcasing
Quality/Certification
Market trend
Market requirements
THEMATIC SESSION
Policy and value chain | Technology and quality | Organic and supply
In Associations With : MOICS MOFE
Supporters : TEPC giz
Partner: CHHAYA CENTRE PTB
BUYER SELLER MEET. B2B
nehhpa2@gmail.com nepalherbsexpo2019@gmail.com
www. nhexpo2019.nehhpa.org.np
www.fb.me/nehhpa
Be an exhibitor, Be a customer, Be a supporter

GRAND OPENING TODAY
NEPAL SOLAR TODAY EXPO
International Exhibition For The Solar Industry
LED EXPO
Int'l Exhibition On LED Lighting Products & Technology
BATTERY EXPO
Int'l Exhibition On Battery Products & Technology
A Hi -Tech Business Platform For Indian Solar - LED & Battery Industry
28th Feb ~ 2nd March 2019
Exhibition Hall, Bhrikutimandap, Kathmandu, Nepal
१६ देखि १८ फाल्गुण २०७५
प्रदर्शनी हल, भृकुटीमण्डप, काठमाण्डौ
Time: 10:00 am to 6:00 pm | Entry Free
समय: १० बजे देखि ६ बजे सम्म | प्रवेश निःशुल्क
Associate Sponsor: ULKA CURE for positive tubular, POWER FLOW THE LIFELINE OF BATTERY PLATES., ULKA GOLD for positive plate
Branding Partner: CLEON Power Your World, Colorwheels Digitalize Your World
Confrence Partner: SOLAR QUARTER www.solarquarter.com
Supporting Association: SESI, isle indian society of lighting engineers, TELMA, BEMA, NSEFI, @7th Battery Forum China, IPC Designers Council PCB Designer (CID)
Agency Partners: daily rolling MEDIA & EVENTS
Service Provider: SE SUBHAM ENTERPRISES P. Ltd.
Organized by: STAR EXHIBITIONS Mumbai India
Event Manager: dn events DN EVENTS P. LTD.
Mob: +977 9841435491 | +977 9851076662
+977 9818514494
E-mail : zakir@starexhibitions.in | dneventsdn@gmail.com
Web : www.solartodayexpo.com

बलात्कार आरोपमा पक्राउ

उदयपुर (कास)- दस वर्षीया बालिकलाई बलात्कार गरेको आरोपमा कटारी नगरपालिका ८ स्थित जनप्रिय निमाविका एक शिक्षक पक्राउ परेका छन् । बालिका पढाउने बहानामा घरमै बलात्कार गरेको आरोपमा शिक्षक विनोद लोहनीलाई बुधबार प्रहरीले नियन्त्रणमा लिएको हो ।

चितवनको कठार नगरपालिका ४ घर भई जनप्रिय निमाविको अस्थायी शिक्षक २८ वर्षीय लोहनीलाई बलात्कार आरोपमा नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक अर्जुन रानाभाटले बताए । मंगलबार राति साढे ८ बजेको समयमा बालिका पढाउने बहानामा बालिकाकै कोठामा पसेर शिक्षक लोहनीले बलात्कार गरेका थिए ।

शिक्षक लोहनीलाई इलाका प्रहरी कटारीमा राखिएको छ । पीडितको कटारी अस्पतालमा उपचार हुन नसकेपछि विराटनगर पठाएको प्रहरीले जनाएको छ ।

विद्यालय जाँदा छातीमा बाआमाको तस्बिर

दाङ (कास)- घोराहीकी एलिसा रोका छातीमा बाआमाको तस्बिर अंकित लकेट लगाएरमात्रै विद्यालय जान्छिन् । १० कक्षा अध्ययनरत उनलाई गलामा झुन्डिरहने लकेटले सधैं कर्तव्यबोध गराइरहन्छ । उनी बाआमाप्रतिको आदर, सम्मान र कर्तव्य बिर्सन सक्दिनन् । 'तस्बिरले बाआमासँगै भएको महसुस गराउँछ,' उनले भनिन्, 'माया, ममता र जिम्मेवारीबोध हुन्छ । पढाइमा उत्साह ल्याउँछ ।'

१० कक्षा अध्ययनरत घोराहीकै आर्यन मियाँ पनि छातीमा बाआमाको तस्बिर टाँगेरै जान्छन् । उक्त लकेटबिना उनी दिन बिताउन सक्दैनन् । 'यसले बाआमाले हामीप्रति गरेको योगदानको सम्झना गराउँछ,' उनले भने, 'पढ्दै गर्दा बाआमाप्रतिको हाम्रो कर्तव्य पनि स्मरण हुन्छ ।' ४ कक्षा पढ्ने साया गुरुङ र ५ कक्षाकी स्तुति पोखेल पनि बाआमाको तस्बिर हेर्दै विद्यालय जान्छन् । दिनभर त्यही तस्बिरसँगै पढ्छन् र घर फर्कन्छन् ।

आधुनिकताका नाममा बालबालिकामा संस्कार, संस्कृति र कर्तव्य हराउँदै गएको भन्दै घोराहीस्थित विद्यानीलकण्ठ माविले संस्कारयुक्त शिक्षा पद्धतिको सुरुवात गरेपछि उनीहरू यसरी विद्यालय जान थालेका हुन् । विद्यालयले सबै विद्यार्थीलाई बाआमाको तस्बिर अंकित लकेट अनिवार्य गरेको छ । अंग्रेजी माध्यममा पढाइ हुँदै आएको विद्यालयमा अहिले गुड मर्निङको सट्टा नमस्कार, हाजिर गर्दा एस सर, एस म्याडमको सट्टा नेपाल आमाको जय भनिन्छ ।

'विद्यार्थीमा मातृभाषा, मातृभूमि र बुवाआमाप्रति प्रेम जागृत गर्दै कर्तव्यबोध गराउन यस्तो शिक्षण पद्धति थालिएको हो,' प्राचार्य शरदकुमार शर्माले भने, 'यसले मानवीय कर्तव्य सिकाइरहेको छ । आफ्नो सभ्यता र संस्कृति सम्झाइरहेको छ ।' बाआमाको तस्बिर छातीमा टाँगेर हिँड्दा विद्यार्थीमा बाआमाप्रतिको आदरभाव बढ्ने विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोविन्दप्रसाद न्यौपानेले बताए । 'यसले बुढेसकालमा वृद्धाश्रममा पुग्नबाट बचाउने अपेक्षा छ । बाआमाले सन्तानमाथि गरिरहेको लगानी र मिहिनेतको स्मरण गराइरहेको छ,' उनले भने ।

विद्यार्थीमा दुर्व्यसन, समूहगत लडाइँ, झगडा जस्ता विकृति बढिरहेकाले यस्तो संस्कार उपयोगी हुने घोराहीस्थित पद्मोदय पब्लिक माविका प्राचार्य डा. कृष्णराज डीसीले बताए । 'संस्कार सिक्ने ठाउँ विद्यालय नै हो । सबभन्दा पहिले संस्कार सिकाउने शिक्षकहरूको आचरण ठीक हुनुपर्छ,' उनले भने, 'कतिपय शिक्षकहरूको गलत व्यवहारका कारण विद्यार्थी गलत बाटोमा लागेका छन् । गुरु आफैं नमुना हुन सक्नुपर्छ ।' यस्तो संस्कार विस्तारै सबै विद्यालयमा लागू गर्दै जान आवश्यक रहेको उनले बताए । हरेक संस्कार सानैबाट सिक्नुपर्ने भएकाले शिक्षकले आफू उदाहरण बनेर बालबालिकालाई संस्कार सिकाउनुपर्ने स्कुल अफ ट्वेन्टिइकी सञ्चालक प्रतीक्षा गौतमले बताइन् । 'पहिले शिक्षक आफ्नै परिवर्तन हुन तयार हुनुपर्छ,' उनले भनिन्, 'त्यसपछि अरूलाई परिवर्तन गर्न सजिलो हुन्छ । संस्कारबिनाको शिक्षाको काम छैन ।'

बर्गिकृत विज्ञापन

घर जग्गा

मुलपानीमा १६,००,०००। गुँठीगोरेटोमा ७,००,०००। ९००,०००। प्रतिआना 9841442223, 9851092720

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midasrealestate9@gmail.com

घरघडेरी एकदम लिनेले मात्र ९८६०-९३४८६४

सांखु सलमबुर्ताभित्र, भक्तपुरको सुडाल तथा सागा शिवमन्दिर छेउमा टुक्राजग्गाहरू बिक्रीमा, 9851021659, 9843843520, 9851193737, 9851151685

पसल चल्ती ६ आना सस्तो, ९८५१०८८८९९

बुटवल भैरहवा कमर्सियल घरजग्गा ९८५१०६५९२५

तल्लो भड्गाल,स्पेसल चोकबाट ५मिनेटको दूरीमा ६आना जग्गा, आनाको १९,००,०००। ९८५११९५३४२, ९८४१६३०२८२, ९८५११५९२८८

कपनरामन्दिर ०-५-०, आकाशेधारामा ०-४-०-२, ९८४१३४५००५

आठआनामा बनेकोतिनतल्ले घरबिक्रीमा भक्तपुर, बांसबारी ९८१३५७१३८०

महाराजगंज चक्रपथ रिङरोडको कर्मसियल ३-६-०-० जग्गाबिक्रीमा 9849897245

सल्लाघारीमा घर लिनेलेमात्र सम्पर्क 9869051613

चण्डोलमा १-१-३-० घडेरी टुक्रागर्नसकिने 9851027364

मुलपानि १६फिट बाटोमाराम्रो ०-४-१-२ जग्गा सिधासम्पर्क 9851030568

सानागाउँको आधुनिक घर ९८०२०७५८३०, ९८२३४०६०६९

चापागाउमा दशआना जग्गाको ६०००००। 9860802415

सशस्त्रप्रहरी हस्पिटलअगाडि घर, गेष्टहाउस बिक्रिमा ९८४१६४९६३१

भैसेपाटिमा आर्कषक घर,तथा घडेरी बिक्रीमा ९८४८९०५०११, ९८२३४५३२११

एकतावस्तीमा ०-४-२-० बंगला घर 9841265324

भक्तपुर राधेराधे भाटभटेनी अरनिको हाईवेबाट 300m १३ फिटकोबाटोमा तिनआनामा गाडिपार्किङ सहित एकतल्लाको नयांघरबिक्रीमा मुल्य एककरोड दशलाख ९८५१००२०२५, ९८४१७३३९४६

टोखामा एकतल्ले नयाघर १,०५,००,०००। 9851206023

आधुनिक इन्टेरीयर सहितका तुरुन्त सर्न मिल्ने पद्मा कोलोनी तेश्रो फेज सितापाइलाका घरहरू बिक्रीमा सम्पर्क ९८४११५२२१५, ९८४११५२२१६

घरजग्गाको बिज्ञापन हजारमा www.propertyonad.com 9851205679

ललितपुर रिंगरोड सानेपामा कमर्सियल दुईरोपनी जग्गाबिक्रि ९८५१०३३९९२

जगातीबाट डोलेश्वरजाने ३०फिटे पीचबाटोमा घडेरीहरू बिक्रिमा ९८४१४३२५८३, ९८५१०१९८०८

सन्तानेश्वर चापागाउंका टुका जग्गाहरू ९८५१०७६७८०

कपिलवस्तु गजेहडा बजारमा ढाईतल्ले घर बिक्रीमा 9813297851

लगनखेल बसपार्कसंगै बतुकभैरबमा राम्रोचलिरहेको बेकरी उद्योगबिक्रिमा मुल्य- ८०,००,००० स-९८१३३१४५१६

नयांबसपार्कमा १२७०००। भाडा आउने कमर्सियल घर बिक्रीमा 9851122299

मध्यपुरठिमी सिद्धीगणेश सातमा हाल अठारफिट (प्रस्तावित एघरमिटर) बाटोको १-६-०-० बिक्रीमा ९८६३३२५६३४

शान्तिनगर ८ मीटर बाटोमा ०-३-२-० जग्गा प्रतिआना ६५,००,०००/- रामजी- ९८४९६८९२००

हात्तिगौंडा माथिल्लो भंगालमा ०-४-०-० जग्गा तुरुन्तैबिक्रीमा आनाको 16,00,000/- 9810270461

मनोहराटाउन प्लानिङको ८ मिटरबाटोमा दक्षिणमोहडाको पाँचआना ३०x६० फिटकोप्लट ४० लाखआनाको 9808222086

ईमाडोलमा ०-३-०-० बनेको २.५ तल्लेघर 9823206202, 9851093018

बालकोट बसपार्कबाट सिरुटारजाँदा ३००मि. ०-५-१-० जग्गाबिक्रिमा 9851029955

लाजिम्पाट MBL टावरपछाडिको ६आनाघर जग्गाबिक्रीमा 9813013400

दहचोकमा घडेरीहरू प्रतिआना ८,५०,०००/-, ९८५११५७६३३

हरिसिद्दि दक्षिणपूर्व दोहोरोमोड्डा ०-७-०-० २०.५लाख/आना(नोदलाल) 9843686369

टिकाथली मेनरोडको सटरवाला घर तु.बिक्रिमा ९८५१०६६७७९

बालुवाटार युरोपियन बेकरीनजिकै २६ फिटबाटोमा ०-११-२-० जग्गा सरलमूल्यमा टुक्राएरपनि दिनमिल्ने 9823582607, 9860193128

लुभुमा ०-४-०-०, दुवाकोटमा ०-४-०-०, 9841399733

नख्खुको आकर्षक घर बिक्रीमा ९८६३०२०६३५

चितवन खैरहनी नपा २ चैनपुर औद्योगीकछेउमा खानेपानीट्यांकीको पूर्वमा साढे १६ गठा १६.२५ लाखको दरले बिक्रीमा 9823407015

भक्तपुर ताथली जनकपुर इन्जिनियरिङ कलेज छेउमा ०-४-२-० जग्गा आनाको ११लाखमा 9840135628

ईमडोल बोजेपोखरी ०-५-२-० २५००,००० ९८५१११७३०३

मण्डिखाटार सहयोगिमार्ग ख्ए एरियमा ९ आना जग्गामा बनेको साडे दुईतल्लाको घरजग्गा बिक्रिमा सम्पर्क ९८१३५४४५७४

बालकोटफाटमा मिलेको टुकाजग्गा 9841512522, 9851078105

सोह्रखुट्टेमा ०-४-१-० माबनेको अतिबेलियो पाँचतले घरबिक्रीमा 9863030344

भक्तपुर सिपाडोलमा अरनिको हाइवेबाट ५०० मिटरको दूरीमा टुक्रा जग्गाहरू बिक्रीमा (रु.१७,२५,०००) सम्पर्क: ९८५१२२६९९७, ९७५१०११८२७

बसुन्धारामा २०आनाको कम्पाउण्डसहितको घरभाडामा, 9851085854

ग्राण्डि हस्पीटलको मुख्य ठाउमा घर बिक्रीमा अथवा पुरै घर भाडामा लजको लागी उपयुक्त 9813134350

नयांबानेश्वरचोकमा दुईरोपनी जग्गा र त्यसमा बनेको भवन बिक्रीमा 9810201014

चितवन, कलंकी काठमाडौंको घडेरी बिक्रीमा ९८५१०८६२३८

बानेश्वर भक्तपुर दुवाकोट वरीपरी घरजग्गाहरू 9841949259

काड्राघारीमा साढे पाँच आनामा बनेको ३.५ तल्लेघर बिक्रीमा रु. ४,४४,४४,४४४/-, ९८५१०६२७२९

ललितपुर टिकाथलीको ०–४–०–० जग्गा बिक्रिमा ९८५१२१९९७५

२० रोपनी दहचोकको सस्तोजग्गा ९८६९६२३०७०

दुइधारामित्र रानीवनमा ५आना जग्गा बिक्रिमा ९८१३८१५८५७

बढ्दानिलकण्ठ Park Village रिसोर्टबाट 1KM पूर्व चपलीभंगालमा २४आना ११,५०,०००/- प्रतिआना सिधासम्पर्क 9801104951(सागर) 9802925577(मनोज)

भक्तपुर सरस्वतीखेलमा टुक्राजग्गा बिक्रिमा 9861721991

त्रिशुली कोलनीको घर तु.बिक्रीमा 9841462676

तराईको सस्तो जग्गा चाहियो ९८१३६७३६०४

नगरकोट जाने नयाा हाईवेमा तेलकोटबाट २किमी अगाडि २२ आना जग्गा बिक्रिमा प्रति आना ४लाख सिधा सम्पर्क ९८५१२४९३६१, ९८४३८१०५०७

चितवनटाडि, माधवपुर, जुटपानीमा सस्तोजग्गाहरू ९८५१२१८९३२

चितवन गुप्तजानगरमा १५कठ्ठा जग्गासस्तोमा प्रतिकठ्ठा २७लाखमात्र ९८२३३९१७२२

एयरपोर्टमा चलिरहेको गेष्टहाउससस्तोमा १५,००,०००/- ९८०८५९३४४६

पेप्सिकोला प्लानिङमा दक्षिणपूर्व मोहडाभएको ०-४-१-० मावनेको २.५तल्ले घरबिक्रिमा ९८१०१६६५१६

शान्तिनगरमा पाँचआनामा ४.५तल्ले बतिसकोठाको सातफल्याटको घरबिक्रिमा 9861591000

बालुवाटार बसुन्धारामा घर जग्गा सट्टापट्टा 9851049771

गोलढुङ्गामा ०-३-०-० प्रतिआना १२,२०,०००। ९८५१०७४००१

धापासीमा नयांघर बिक्रीमा १,८३,००,०००। ९८४०३२०८९६

लाजिम्पाट MBL टावरपछाडिको ६आनाघर जग्गाबिक्रीमा 9813013400

सांखु न.पा. ५नं.वडा कार्यालयअगाडी ३२फुटे बाटोमा जोडिएको २-२-२-० ९८६००१४२६६

लुभु बिसफिट बाटोमा चारपाटे मिलेको ०-२५-०-० जग्गाबिक्रि ९८५१०३३९९२

सातदोबाटो रिङरोडबाट १कि.मी. साढेदुईतल्ले नयाँघर ९८६०७७७४५७, ९८५१०६८६७७

सवारी साधन

१५०सिसि गण्डकी ९-लट-फेस रातोपल्सर 9819176426(तनहुं)

2017 F11, 2015 S4+, 2012 M2Di (Scorpio) 9851137243

2015 CretaSX, 2013 Ecosport 9851137241

2013, 2014, 2015 Swift 9851137242

2012, 2014 Polo1.6 Highline 9851137420

2011 Tatavicta, 2016 Aventura 9851137244

कुनैपनि सवारीसाधन खरिदबिक्रि गर्नुपरेमा HamroAuto 015524612, 9851137240

अल्टो, स्यान्ट्रो आफैलाई चाहियो 9851164699

सम्पर्क

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

सस्तोमा Cash Deposit धितोफुकुवा 9841027010

Cash Deposit, धितोराखी ऋण चाहिएमा ९८६५५८९१७७, ९८६६१८०८७४

सबैभन्दा सस्तोमा Cash Deposit Document धितोफुकुवा 9848933430

सेकेन्डहयाण्ड फर्निचर खरिदबिक्री बसुन्धारा 9851234047

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

Investor's Need for movie 9866073337

ऋण चाहिएमा धितोफुकुवा गर्नुपरेमा ९८५१११६२९३९

(विद्यार्थी- पर्यटक) भिषा Bank.Deposit, 9851144882

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9818013909

Cash Deposit विदेशकोलागि सस्तोमा 9803453019

Cash Deposit No collateral 9841756349

सस्तोमा Cashdeposit धितोफुकुवा C0flng 9851243313, 9860700917

विद्यार्थीलाई बैंक व्यालेन्स/धितोफुकुवा 9851103654, 9851243351

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८४९२०६६८०, ९८५१११७९८०

करोडौं लोन लिनदिन, धितो खरीद बिक्रीको लागी Big Loan Consultancy 9813138779

Valley भित्रको जग्गा धितो पास गरी तु.लोन लिन 9813138779

Australia Visa documentation, bank loan, cash deposit 4421920, 9851057183

महालक्ष्मी सेकेण्डहाण्ड फर्निचर खरिदबिक्रीमा ९८५१०९५६०५

बेतबासका सामान होलसेलमा किनेर बिक्रीगर्न चाहाने फर्निचर व्यावसायीले ९८४१३१५४९१

होटल रेष्टुरेण्ट पार्टिप्यालेसहरूमा तरकारी चाहिएमा ९८४१०३८४७६

विविध बिक्रीमा

काड्राघारी, सनसीटीचोकनजिकै सस्तोक्याफे बिक्रीमा, 9869836562

कलंकीको फेन्सीपसल विशेष कारणवस ९८४१९२३४०२

खाली सटर बिक्रीमा पुतलीसडक, 9808902962

पुरानोबानेश्वर पोलिक्लिनिककोलागि उपयुक्त पसल बिक्रीमा 9841663276

जिमको सामान तुरुन्त बिक्रीमा ९८४३६८५०९६

नक्साल भाटभटेनीमा चलिरहेको लेडिज फेन्सीपसल बिक्रीमा ९८४१०७३४२५

हात्तिगौंडाचोकको जुत्तापसल बिक्रिमा मूल्य ५,५०,०००/- ९८४१६२४७३८

सातदोबाटोचोकमा चलिरहेको होटल बिक्रिमा ९८५११८५१५६

१५०जनाभन्दा धेरै विद्यार्थी अध्ययनरत पुरानो जापानिज भाषा इन्स्टीच्युट बिक्रिमा ९८०३६४४४४७

माछापोखरीको मेडिकल सस्तोमा बिक्रीमा ९८५११०१९१४

पुतलीसडकचोकमा खाली सटर बिक्रिमा ९८१३३९६१४९

जापानिज कोरीयनभाषा प्रशिश्रणकेन्द्र बिक्रीमा गोंगबुचोक ९८५११९३०११

बौद्धको लेडिज फेन्सी पसल बिक्रीमा 9808312503

सेकुवा, म:म ३००,०००/- ९८०४०१५०५१ सिनामंगल

चलिरहेको गेष्टहाउस अर्जेन्ट बिक्रिमा 9886266238

चलिरहेको मम र सेकुवाकर्नर बिक्रिमा चन्द्रागिरी चेर्कपोष्टमा ९८२३५५९७९७

चलिरहेको गेष्टहाउस बिक्रिमा गंगबु ९८२३०८३३०१

रिसेप्सनिष्ट -१, एकाउन्टेन -१ ४३६५२३४, ९८६१०३१५५०

पासीकोटमा चलीरहेको किरानापसल तुविक्रीमा ९८४१२०३२५९

सामाखुसी टोखारोडमा चलिरहेको ब्युटिपार्लर बिक्रीमा 9823707841

बागबजार टुकुचा भ्याली इन्टिच्युट सँगैरहेको खाजाघर बिक्रीमा 9840374010

अनलाइन बिज्ञापन १बर्षको २००० www.onlinebigyapan.com 9851120180

बानेश्वरचोकको खाद्यान्नपसल बिक्रिमा २०,००,०००/- ९८०२२१६१२०

Office Space Sale at Bagbazar for Consultancy/ Travel Agency 9841291594

१०-३० सेल्सहुने रेस्टुरेन्ट बिक्रीमा जोरपाटी दक्षिणढोका 9823006490

गौशालाको गेष्टहाउस डान्सबार बिक्री/भाडामा ९८४१४२७३८५

काठमाडौंमा १०सम्मको स्कुल बिक्रिमा ९८५११०३३२९, ९८४३०७५६२५

सामाखुशीमा ग्याँसडिपोसहितको किरानापसल तु.बिक्रीमा 9847715320

चलिरहेको भाडापसल बिक्रिमा त्यागल ९८६७०५३५५३

राम्रो व्यापार भैरहेको कलेजको क्यान्टिन 9813207563

क्याफे बिक्रिमा पुरानोबानेश्वर 9803757656, 9840840686

किराना पसल बिक्रिमा अनामनगर 9840633278

गेष्टहाउस बिक्रीमा माछापोखरी 9861154195, 9813771334

बालाजु बाइपासस्थित फेन्सीपसल बिक्रीमा, ९८५१२४९५५८

सिमराको होटलट्टेनींग इन्सटिच्युट रु.११,००,०००/-, ९८५५०१७५०७

चलिरहेको रेष्टुरेण्ट बिक्रीमा जावलाखेलमा 9841606974

चालु अवस्थामा रहेको थकाली किचेन बिक्रीमा ९८४३७६५६९, ९८५११८५५६०

कोटेश्वरमा राम्रो चलिरहेको क्याफे तु.बिक्रीमा 9806494167, 918995513

दुईवटासटरसहितको गेष्टहाउस सेंचालक बिदेश जानुपर्ने भएकोलेबिक्रिमा ९८४४२८५२०४

महाराजगन्जको औषधी पसल बिकिमा ९८५१२१९९७५, ९८४१७१५२४९

मैतिदेवीमा चलिरहेको Institute बिक्रीमा 9843544911

चलिरहेको क्याफे बिक्रिमा, पार्टनरसीपमा पनि चलाउनसकिने, ९८०३१२३६११, बालकुमारी

बानेश्वरचोक जनताबैङ्कको ओरालोमा चलिरहेको liqore shop बिक्रिमा ९८४३९११५८०

सोहखुरेचोकैमा चलिरहेको पुरानो भाडापसल बिक्रिमा ९८०३२००७६८

अर्जेन्टपरेकोले राम्रो चलिरहेको रेष्टुरेन्ट बिक्रिमा अठारलाख ९८०८८७६६४६

नयाँ बसपार्कको गेष्ठहाउस बिक्रीमा 9813375308

न्यूरोडमा फेन्सी पसलबिक्रीमा ९८०८५९६१८९, ९८०११६०२००

नारायणथानको पसल बिक्रीमा सम्पर्क ९८६०२२१६७८

रेष्टुरेण्ट एण्ड सेकुवाकर्नर बिक्रीमा 9823144935

निर्माण सफाई

ढलमंगाल टवाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

सेफटीट्यांकी सफाई गाडीमा १५००/ 9843768737

सेफटीट्यांकी सफाई ठूलोगाडीमा मेसिनबाट 5251092, 9851024364

सेफटीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलटुवाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल, टवाइलेट, जामखोल्ने सस्तोमा 9841663344

सेफटीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9808849489

ढलमंगाल टवाइलेट जामखोल्ने सस्तोमा 9860668715

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9863806904

सेफटीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849519040

पलम्बिङ्ग सोलारफिल्टर रिजर्भटैंकी ईनारसफाई ढलजामखोल्ने 9851168028

सेफटीटैंकी सफाई २०००। ९८४१६७२२३०, ९८५१०९९५७२

सेफटीटैंकी ढलमंगाल टवाइलेट जामभएमा ९८५१०७९२३५

ढलमंगाल टवाइलेट जामखोल्ने 9851013512, 9841607856

ढलटवाईलेट जामखोल्ने सेफटीट्याङ्की सफाई 9841934680

ढलमंगाल बनाउने जामखोल्ने सेप्टीटैंकी मेसिनवाट ९८४१४४८७७० होमप्रसाद

ढलमंगाल टवाईलेट जामखोल्ने १००। ९८४९८३७०८३

ढलमंगाल जामखोल्ने, प्लम्बिङ्ग, ईनारसफाई 9851116022

फिल्टर सोलार इनारबोरिंग प्लम्बिङ्ग 9841441798

सेफटीटैंकी सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफटीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

प्रोफेसनल पानीट्याङ्की सफाई ९८५११५२२९९, ९८४१३६७८५१

सेफटीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

भ्याकुमबाट सेफटीटैंकी सफाई ०१-४११४४५५, ४४८५९९९, ९८५१०५२२९९

ढल टवाईलेट जामखोल्ने १०० 9841000096

ईनारसफाई, प्लम्बिङसेवा, सोलारफिल्टर, रिजर्भटेन्कीसफाई ढलजामखोल्ने 9851168028

सेफटीट्याङ्की, ढलटवाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700

सेफटीट्याङ्की गाडीबाट सफाई जामखोल्ने 9808206288

भाडामा

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

ललितपुरमा घरफल्याट भाडामा लिनदीनै किनबेच 9863520848

मण्डिखाटार एकतावस्तीमा १२ आना बनेको बंगलाभाडामा ९८४१३४६८९०

चपली मेनरोडमा २-रोपनीजग्गा, लाजिम्पाटमा अफिसकोलागि सटर, कोठाहरू 9851002207

घर फल्याट भाडामा लिनदिन 9813672969

महाबौद्ध मासनगल्लीमा लेडिज आइटमलाई उपयुक्त पसल ९८४१३३४५९५

सातदोबाटो Swimmingpool पछाडी घर 9843501380

काठमाण्डौंमा तुरुन्तातुरुन्तै घरफल्याट भाडामालिन दिनपरेमा 9864540396

कलकीं मालपोत अगाडी अफिस, गोदामलाई उपयुक्त सटरहरू ९८०१२३४१२३

थलीमिलनचोकमा फल्याट् भाडामा ९८१८२७९२९१, ९८६९११०३३१

नयांवानेश्वर शान्तीनगरमा ४.५ तल्ला नयांघर (Toilet-10, Car-3, MoterBike-15 Parking) भाडामा NGO, INGO, सरकारी अफिसको लागि उपयुक्त ९८०३२००१०९

फल्याट भाडामा सहकारी, अफिसकोलागि सुकेधारा निलोपुल ९८४१३१५४९१

ललितपुरमा चाडै घरफल्याट लिनदिन, 9851085854

होस्टलकोलागी घरभाडामा चाहियो चारखाल ,डिल्लिबजार ,धोबीधारा एरियामा 9823021343

म्हैपीमा फल्याट भाडामा छ 9851142042

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस् 9851105268

प्लाष्टिक कारखानालाई ३फेजलाईन भएको एकरोपनी टहराचाहियो 9851057104, 9851104682

फल्याट, बंगलो अफिसस्पेस लिनदिन सम्झनुहोला www.homeKtm.com 9801117335

गोल्फटार तल्लो भंगालमा स्कूल, अफिसकोलागि उपयुक्त घर-जग्गा भाडामा ९८५१२२४०८८

३/४रोपनी जग्गाभाडामा तुचाहियो 9803718609, 9813009405

चाहियो

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 15000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

कर्मचारी आवश्यकता 13,500/- 9823748140, 9808108288

Salesgirls/ Salesboys कोटेश्वर 14,500/- 9860520491

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 01-4020315, 9803575899

नयांअफिस बालाजुलाई कर्मचारी 01-4388962, 9818349301

गोंगबुमा कर्मचारी 15,500/- 9813485858, 9823037715

कालिमाटी अफिसलाई कर्मचारी १५,५००/- 9808179676

साधारण सेक्युरीटी तुअर्जेन्ट 16000/- 9841687964 9808787334

Salesgirls/ Salesboys चावहिल 15,000/- 9851054287

कलंकीमा कर्मचारी 15,500/- 9813374034, 9846819731

गोंगबु अफिसलाई कर्मचारी 14,999/ 9824937551, 9849365964

भक्तपुर, बनेपा अफिसलाई Receptionist, ITSector अन्तराष्ट्रिय सामानहरू उत्पादन/प्याकिंगगर्नेमा थपकर्मचारी 22500/- + भाडाखाजा सबैलेगर्नमिल्ने (कामघरैमा) 9813866659, 9840841546, 9808113484, 9840647924

+2 कर्मचारी खानबस्नसहित ग्वार्कोचोक 9823602975, 9841518958

सुकेधाराचोकमा विभिन्नपदमा कर्मचारीहरू 01-43755956, www.tejjobnepal.com

कालिमाटि टेकु भन्सारचोकमा महिला पुरुष कर्मचारी अर्जेन्ट, रु.२५०००/-, ९८१३५८६५२२, ९८६१८८१८४५

गोगबु चोकमा अगरबति, डल्स, पेपरकटिङ्ग, मालामा रोजगार कामघरैमा, रु.२५००० /-, ०१-४३६३०५८, ९८१३००५००९

कर्मचारी आवश्यकता 15,500/- 9851043920, 9805926330 बौद्ध

छपाई अफिसमा लेडिज हेल्परहरू 9818791781

Salesgirls/ Salesboys 15,500/- 9821964324, 9851038458

अफिसलाई कर्मचारी 15,500/- 016634964, 9808470885 लोकन्यलीचोक भक्तपुर

बुढानिलकण्ठ ग्रील कारखानाको लागि मिस्त्री-४ तलब-२५०००। हेल्पर-३ तलब-१२०००। तु.चाहियो ९८४११९९५७८

वेल्डिङ्गमिस्त्रि, सिकारु हेल्पर चाहियो ९८५१०७१०४५

अफिसलाई कर्मचारी 13,500/- 9803281849, 9851010159 चावहिलचोक

Salesboys/ Salesgirls आवश्यकता 9860001619, 9813017714 चावहिल

सेक्युरिटीगार्डको तु.आवश्यकता १५,०००-२०,०००।- 9808323444

गार्डहरूको आवश्यकता बस्नेव्यवस्था १६,०००। 9803383045

Salesman चावहिलचोक 13,500/- 9815855212, 9860868898

सामाखुशी कर्मचारी 15,500/- 9810205441, 9851043853

वेटर ५ जना चाहियो ९८४१८५८५८५

कलंकीस्थित गेष्टहाउसकोलागि २ जना रुमब्वाई ९८५२०५७४२४

कम्पनीलाई १३-कर्मचारी 13,000/- 9843331147, 9818536944

भारतको बम्बई, गुजरात, उडिसा, पंजाबमा अवस्थित सरकारी उद्योग तथा पानी जहाज कम्पनीहरूमा १३५ सेक्युरिटिगार्ड अर्जेन्ट चाहियो, सरकारी सुविधा तलब: भ.पु.३५,०००।- सिभिल २३,०००।- कोठामाडौंमापनि गार्डहरू आवश्यकता ०१४९१६६८९, ९८५११५०५२३, ९७४१४२७४००

International कस्मेटिक कम्पनीलाई कर्मचारी 15,000/- 9803321649

बालाजुमा कर्मचारी 15,500/- 9813109357, 9869540591

चावहिल गोपिकृष्णहल नजिकैको अफिसमा साधारणदेखि SEE/Above कर्मचारीअर्जेन्ट 25,000+खाजाभाडा 01-4820559, 9808445748

फास्टफुडकुक वेटर हेल्पर डिसवासर १०,०००- ३०,०००। 9808075255

भारतमा भिआइपीको गाडी चलाउने ड्राइभरहरू तुरुन्त चाहियो तलब ५०,०००। -६०,०००। 9824644373, 9844352785

सेक्युरिटीगार्ड खानेबस्ने १०,०००।- 9801284237, 01-4390521

English Teachers (Montessori, Primary, Secondary) Attractive Salary-Chabahil 01-4471549, 9841200709

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

सामाखुशीमा Smart Salesgirls 15,500/- 9866669139, 9810046315

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 15,500/- 9813644084

सेक्युरिटीगार्ड जावलाखेल, टोखा, भक्तपुर 9801284241

चावहिल, भक्तपुरमा, सातदोबाटोमा, कलंकीमा, कोटेश्वरमा Receptionist, ITSector अन्तराष्ट्रिय सामानहरू उत्पादन/प्याकिंगगर्नेमा पढेनपढेका कर्मचारीहरू 28500/-+गाडीभाडा (कामसबैले गर्नमिल्ने) 9863336846, 9810393520

सुरक्षा गार्डको आवश्यकता उमेर २० देखि ५० आवश्यक संख्या २० जना हाईट कम्तीमा ५.३इन्च तलब सुविधा नेपाल सरकारले तोकेको अनुसार सम्पर्क ९८४१९१०६७२ यूनिक सेक्युरिटी सर्भिस प्रा.ली. कोठामण्डौ-१४, बल्खु

अफिसमा ४-महिला कर्मचारी गंगबु 4381562, 9851145152

तन्दुरीरोटी कुक किचेन हेल्पर आर्कषक तलब बसुन्धारा 9849438739

घरायसी कामगर्ने महिलाहरू चाहियो ९८५१२२७६१६

कोटेश्वरको होटेललाई हाउसकिपिङ्ग चाहियो खानबस्नसहित 9840286484

रिसोंटकोलागि वेटर, मसाल्ची चाहियो 9803896325

कुक वेटर हेल्पर भाडामाझने बालकुमारी ९८०८३६३०७९

रेष्टुरेन्टलाई कुक र कुकहेल्पर चाहियो, जोरपाटी ९८५१०३३३१७

गोंगबु अफिसलाई कर्मचारी 13,500/- 9813602790, 9851083112

सेकुवाकर्नर क्याफेकोलागी सेफ कुक चाहियो खान बस्नसुविधा बसुन्धारा 9849008931

गट्ठाघरको बिहानी साकोसलाई केहि बजार प्रतिनिधीहरू चाहियो योग्यता एसइपास ०१-६६३९५६५, ९८४१८५०६०३

वेटर, हेल्पर तलब १३०००। फास्टफुड कुक तलब २०,०००। म:म मिस्त्री तलब १४०००। न्युरोड ९८५१०४१५७२, ४२२०४१२

NCAM लाई 13,500/- 9806669064, 9860061827

NG ग्रुप इलेक्ट्रोनिक कम्पनिकोलागि एकाउण्टेन १५,०००, हेल्पर १००००, मार्केटिङ्ग २५००० चाहियो ९८५११३२३५५, ०१५१५३२११

चावहिल सेकुवाकर्नरलाई कुक खानसहित आकर्षकतलब ९८४९६९३५५६

वेटर चाहियो खानेबस्नेसुविधा, बागबजार ९८०८९९६५५५

इमान्दार कर्मचारी आवश्यकता 12,500+ गाडीभाडा 9813370285

कस्मेटिकभित्र इमान्दार कर्मचारी ११,५००/- 9808508600

रेष्टुरेण्ट बार, लेडिज वेटर 9803079129

बसन्तपुरमा कुक, वेटर, वेट्रेस, मसाल्ची, ९८६९३९७२०१

अनुपम विद्यासदन मा.वि लाजिम्पाटको लागि कार्यालय सहयोगी-२ तथा सुरक्षागार्ड-२ तु.आवश्यकता, खानबस्ने निःशुल्क ९८५११५८७१७, ९८५११५८७१४

Receptionist अन्तर्राष्ट्रिय सामानहरू उत्पादनगर्नेमा पढेनपढेका महिलापुरुषहरू 28,500/-गाडीभाडा 01-5545189, 9813830958 सातदोबाटो, 9863992202, 9863877828 कलंकी

अफिसलाई लेडिज रिसेप्सनिष्ट बालाजु ९८६६४०५४५३

फयाक्टीको लागि Night काम गर्ने कामदार चाहिय

अर्थ वाणिज्य

kantipurdaily.com

विश्व बैंक प्रतिवेदन

नेपाली महिलाका आर्थिक अधिकार कमजोर

उद्यम तथा व्यवसाय, रोजगारी, आर्थिक, कानुनी अधिकार र निर्णयको सूचकांकमा नेपाली महिलाले ५३.१३ अंक प्राप्त गरेका छन् । विश्वको औसत सूचकांक भने ७५.१३१ छ ।

कान्तिपुर संवाददाता (काठमाडौं)

उद्यम तथा व्यवसाय, रोजगारी, आर्थिक, कानुनी अधिकार र निर्णयमा नेपाली महिला अझै पछाडि रहेको विश्व बैंकको एक प्रतिवेदनले देखाएको छ ।

बैंकले बुधबार सार्वजनिक गरेको प्रतिवेदनको सूचकांकअनुसार नेपालका महिलाहरूले ५३.१३ अंक प्राप्त गरेका छन् । विश्वको औसत सूचकांक भने ७५.१३ छ । 'विमेन, बिजनेस एन्ड द ल' प्रतिवेदनअनुसार दक्षिण एसियाका आठ मुलुकहरूमध्ये नेपाल पाँचौं नम्बरमा परेको छ । १० वर्षको तथ्यांकलाई आठ सूचकांकअनुसार १ सय ८७ देशमा गरिएको गणनामा नेपाल १ सय ६४ स्थानमा पर्छ । १ सय ६४ औं स्थानमा ब्रुनाई, नेपाल र नाइजर पर्छन् । प्रतिवेदनले स्थानको वर्गीकरण भने गरेको छैन ।

सूचकांकमा दक्षिण एसियाली मुलुकहरूमा सबैभन्दा बढी अंक माल्दिभ्सको छ । उसले ७३.७५ प्राप्त गरेको छ । छिमेकी मुलुक भारत दक्षिण एसियामा दोस्रो स्थानमा दरिएको छ । उक्त देशको महिलाहरूको आर्थिक र कानुनी अधिकार तथा निर्णयमा ७१.२५ अंक छ । बंगलादेश, पाकिस्तान र अफगानिस्तानभन्दा नेपाल राम्रो देखिन्छ । अन्य मुलुकहरूको तुलनामा दक्षिण एसियाका सबै देशका महिलाहरूको अवस्था कमजोर छ ।

छ वटा देशले यो सूचकांकमा शतप्रतिशत (१००) अंक नै प्राप्त गरेका छन् । ती देशमा बेल्जियम, डेनमार्क, फ्रान्स, लाटभिया, लग्जेम्बर्ग र स्विडेनले १०० अंक प्राप्त गरेका हुन् । १९ देशले ९५ अंक प्राप्त गरेका छन् । 'महिलालाई तिनको पूर्ण सम्भावनासम्म पुग्नका लागि समान अधिकार हुने हो भने यो संसार न्यायसंगत मात्रै होइन अझ समृद्ध हुने थियो,' विश्व बैंक समूहकी इन्टरिम प्रेसिडेन्ट क्रिस्टलिना गिर्योगिभाले भनेकी छन्, 'परिवर्तन भइरहेको छ तर चाहिनेजति छिटो होइन । अझै पनि २.७ अर्ब महिलाले पुरुषसरह जागिर रोज्ने विकल्प पाइरहेका छैनन् ।'

महिलालाई पछि पार्ने अवरोध हटाउन जरुरी रहेको उनले बताइन् । 'यो रिपोर्टमार्फत हामी सुधार सम्भव छ र परिवर्तनलाई तीव्रता दिन चाहेको दर्साउन खोज्दै छौं,' उनलाई उद्धृत गर्दै विश्व बैंकको विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिअनुसार महिलाले पुरुषको तुलनामा चार भागको तीन भाग मात्रै कानुनी अधिकार प्रयोग गर्न पाइरहेका छन् । आफू र परिवारका लागि रोजगारी वा उद्यम सञ्चानल गर्न र आर्थिक निर्णय लिन उनीहरूलाई अझै पनि बन्देज लगाउने गरिएको छ ।

उक्त सूचकांकले महिलाको श्रम जीवनका विभिन्न तह केलाएको छ । जागिर सुरु गर्दादेखि पेन्सन पाउँदासम्मका र यी तहसँग जोडिएका कानुनी सुरक्षाको पाटोलाई देखाइएको छ । लैंगिक समानता हासिल गर्नु अल्पकालीन प्रक्रिया नभएको र यसका लागि बलियो राजनीतिक इच्छाशक्ति एवं सरकार, नागरिक समाज, अन्तर्राष्ट्रिय संस्थाहरूको संगठित प्रयास आवश्यक रहेको विश्व बैंकले जनाएको छ । कानुनी र नियामक सुधारले समानता हासिल गर्न आधारभूत भूमिका खेल्ने बैंकको जारी विज्ञप्तिमा छ ।

पछिल्लो दस वर्षको गणनाले देखाएको प्रगति भने महत्त्वपूर्ण रहेको बैंकको विश्लेषण छ । यो अवधिमा विश्वको औसत सूचकांक ७० बाट ७५.१३१ मा वृद्धि हुनुका साथै महिलाको आर्थिक समावेशिता सुधार्ने कानुन र नियमनसहित अन्य २७४ वटा आर्थिक सुधार भएको उसको विश्लेषण छ । कार्य क्षेत्रमा हुने यौन उत्पीडनविरुद्ध ३५ देशले कानुनी सुरक्षा लागू गराएका छन् । यसले दुई खर्ब महिलालाई सुरक्षा दिने बताइएको छ । कुल २२ वटा मुलुकले महिलाका कामका अवरोध हटाएका छन् भने १३ देशले समान पदका लागि महिला-पुरुषलाई समान पारिश्रमिक अनिवार्य गरेका छन् ।

यी प्रयत्नहरूमा पनि विश्वका विभिन्न क्षेत्रका महिलाले आफ्नो नोकरी अवधिमा विभेदपूर्ण कानुन र नियमन झेल्दै आएको बैंकको अध्ययनले पुष्टि गरेको छ । अध्ययनका अनुसार महिलाको समान अधिकारका लागि ५६ वटा देशले दस वर्षभित्रमा कुनै पनि पहल गरेनन् । सम्पत्ति अधिकारमा लैंगिक विभेद देखिएको त्यसमा उल्लेख छ । कानुनी विभेद नै सबै विभेदको जड भएको अध्ययनको निष्कर्ष छ । यसले महिलाका लागि रोजगारी र उद्यमशीलतामा बाधा उत्पन्न गराएको बताइएको छ । कानुनमै विभेद भए त्यसले आर्थिक परिणाममा असर पार्ने विश्व बैंकको ठहर छ ।

दाङकी एक महिला टाउकामा घाँस बोकेर भेंडा डोऱ्याउँदै । *तस्बिर : दीपक बोहोरा/रासस*

हेलिकप्टर दुर्घटनाप्रति निजी क्षेत्रद्वारा दुःख व्यक्त

कान्तिपुर संवाददाता (काठमाडौं)

ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटनाप्रति निजी क्षेत्रले दुःख व्यक्त गर्दै अपूरणीय क्षति भएको जनाएको छ ।

एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा परी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी, पर्यटन व्यवसायी आइछिरिङ शेर्पा र नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकृतहरूसहित सातको निधनले मुलुकलाई अपूरणीय क्षति पुगेको जनाएको छ । निजी क्षेत्रका विभिन्न संघसंस्थाले विज्ञप्ति जारी गरी दुख व्यक्त गरेका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघले विज्ञप्ति जारी गर्दै दुर्घटनाबाट मुलुकलाई अपूरणीय क्षति पुग्न गएको उल्लेख गरेको छ । 'घटनाबाट महासंघ स्तब्ध भएको छ । मुलुकलाई अपूरणीय क्षति पुग्न गएको छ,' विज्ञप्तिमा भनिएको छ, 'दुर्घटनामा परी ज्यान गुमाउनुहुने व्यक्तित्वहरूको परिवारजनमा पर्न गएको असहच पीडाप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।'

गैरआवासीय नेपाली संघ (एनआरएनए), अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पनि दुर्घटनाको दुःख व्यक्त गरेको छ । 'हेलिकप्टर दुर्घटना र त्यसमा सवार सबैको देहावसान भएको खबरबाट गैरआवसीय नेपाली संघ परिवार स्तब्ध भएको छ,' प्रवक्ता भूषण घिमिरेले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दुर्घटनामा मन्त्री अधिकारी, यती एयरलायन्सका प्रबन्ध निर्देशक एवं पर्यटन व्यवसायी आइछिरिङ शेर्पालगायत सात जनाको मृत्यु भएकोमा गहिरो शोक प्रकट गर्दछ ।' राजनीतिमा समाजसेवी तथा युवा नेताका रूपमा परिचित अधिकारीसँग गहिरो सम्बन्ध र सहकार्य रहेको संघले जनाएको छ । मन्त्री अधिकारीको निधनबाट मुलुकले राष्ट्रवादी र होनहार नेता गुमाएको संघले जनाएको छ । यस्तै नेपाल एलपी ग्यास उद्योग संघले पनि दुर्घटनाप्रति दुःख व्यक्त गरेको जनाएको छ ।

'हेजिङ' का लागि बाटो खुल्यो

कान्तिपुर संवाददाता (काठमाडौं)

विदेशबाट लगानी ल्याउँदा मुद्राको सटही दरमा हुने परिवर्तनबाट हुने नोक्सानीबाट बच्न हेजिङको सुविधा प्रयोग गर्न पाइने भएको छ । मन्त्रिपरिषद्ले जारी गरेको हेजिङ नियमावली राजपत्रमा प्रकाशित भएपछि यस्तो सुविधा प्रयोगका लागि बाटो खुलेको हो ।

राजपत्रमा सूचना प्रकाशित भएसँगै हेजिङको प्रक्रिया सुरु हुने राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकले तयार पारेको हेजिङ नियमावली माघ तेस्रो साता मन्त्रिपरिषद्ले पारित गरेको थियो । विशेषगरी विदेशी ऋण र लगानीमा निर्माण हुने आयोजनामा लगानीको सुरक्षका लागि सरकारले हेजिङ नियमावली ल्याएको हो । यसले लगानीकर्तालाई लगानी गर्दाकै समयको सटही दरमा आफ्नो लगानी फिर्ता लैजाने सुविधा दिनेछ ।

बाँकी पृष्ठ १२ ▸▸

९५ प्रतिशत वैदेशिक रोजगार बचतपत्र बिकेन

यज्ञ बञ्जाडे (काठमाडौं)

रोजगारीका लागि बिदेसिएका नेपालीलाई लक्षित गरी सरकारले जारी गरेको वैदेशिक रोजगार बचतपत्रमध्ये करिब ९५ प्रतिशत बिक्री भएको छैन ।

विगत ९ वर्षमा राष्ट्र बैंकले ११ अर्ब ८ करोड ७९ लाख रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र जारी गरिसकेको छ । तीमध्ये ५८ करोड ६८ लाख रुपैयाँ बराबरका बचतपत्र मात्र बिक्री भएको देखिन्छ । बिक्री भएको बचतपत्र कुल जारी रकमको ५.२९ प्रतिशत हो । नागरिकलाई बचतपत्रबारे सचेतना नहुनुका साथै बैंकको पहुँचमा पुग्न नसकेकाले अपेक्षित रूपमा बिक्री हुन नसकेको जानकारहरू बताउँछन् ।

वैदेशिक रोजगार बचतपत्र सरकारी आन्तरिक ऋण उठाउने एक वित्तीय औजार हो । पछिल्लो दशकमा नेपालबाट रोजगारीका लागि बाहिरिने संख्या बढेसँगै रेमिटचान्स आप्रवाह पनि बढेको थियो । त्यही बेला मुलुक भित्रिएको रेमिटचान्समध्ये ठूलो अंश उपभोग र बाँकी अनुत्पादक क्षेत्रमा प्रवाह भएको सरकारी तथ्यांक सार्वजनिक भयो । यसकारण वैदेशिक रोजगारीमा गएका नागरिकलाई बचत गर्न प्रोत्साहन गर्नुका साथै उनीहरूको बचत उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने उद्देश्यले सरकारले वैदेशिक ऋणपत्र निष्कासन सुरु गरेको हो ।

आर्थिक वर्ष ०६६/०६७ मा राष्ट्र बैंकले पहिलो पटक १ अर्ब रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र जारी गरेको थियो । त्यति बेला ४० लाख रुपैयाँको मात्र बिक्री भयो । उक्त बचतपत्रको ब्याजदर वार्षिक ९.७५ प्रतिशत परिपक्वता अवधि पाँच वर्ष थियो । त्यसपछि हरेक वर्ष विभिन्न रकमको बचतपत्र जारी गर्दै आएको छ । त्यस्ता सबैजसो आह्वानमा निकै कम मात्र बचतपत्र बिक्री भएको राष्ट्र बैंकले जनाएको छ । आर्थिक वर्ष ०७२/७३ मा तीन पटक गरी राष्ट्र बैंकले करिब ८४ अर्ब रुपैयाँ र त्यसपछिको दुई आर्थिक वर्षमा १/१ अर्ब रुपैयाँ बराबरको बचतपत्र जारी गरेको थियो ।

यस्तै पछिल्लो पटक असार २७ मा राष्ट्र बैंकले २५ करोड रुपैयाँ बराबरको वैदेशिक रोजगार बचतपत्र आह्वान गरेको थियो । त्यति बेला पनि जम्मा ४० लाख (जारी रकमको १.६० प्रतिशत) बचतपत्र बिक्री भयो । यो बचतपत्रको ब्याजदर १० प्रतिशत थियो ।

रेमिटचान्समार्फत मुलुक भित्रिएको रकम उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने उद्देश्यले बचतपत्र जारी भए पनि अपेक्षित रूपमा बिक्री नभएको राष्ट्र बैंकले स्विकारेको छ । अपेक्षित रूपमा बचतपत्र बिक्री नहुनुमा प्रमुख चार कारण रहेको राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन विभाग प्रमुख नरबहादुर थापाले बताए ।

पहिलो विदेशमा काम गर्ने नेपालीको बचत तुलनात्मक हिसाबले न्यून छ । यसकारण आफ्नो कमाइ दैनिक उपभोगमा खर्चिनुपर्ने कारण उनीहरूको बचत न्यून रहेको हो । आम्दानीले दैनिकी धान्न पर्याप्त नभएको अवस्थामा बचत हुने कुरा भएन । उनीहरूका लागि बचतपत्र विलासिताको वस्तु जस्तै बन्यो । यसकारण उनीहरूको रोजाइमा परेन ।

दोस्रो बचतपत्र आह्वानले निरन्तरता पाएन । यसको अर्थ विदेशमा गएकाले आफूले चाहेको समयमा बचतपत्र खरिद गर्न पाएनन् । समय समयमा आह्वान हुने भएकाले समयको सुनिश्चितता भएन । तेस्रो बचतपत्र सीमित ठाउँमा मात्र पाइन्छ । घरजग्गा जस्तो सहज उपलब्धता छैन । चौथो बचतपत्रले ठूलो पुँजीगत लाभ दिँदैन । घरजग्गा, पशु, सेयरलगायतमा लगानी गर्दा थप पुँजीगत लाभकर प्राप्त गर्न सकिन्छ । बचतपत्रमा पुँजीगत लाभ प्राप्त भएन । यसकारण आकर्षण घटेको हुन सक्छ ।

सरकारले रोजगारीका लागि बिदेसिएका नागरिक र गैरआवासीय नेपाली (एनआरएन) ले यस्तो बचतपत्रमा लगानी गर्न पाउने व्यवस्था छ । 'मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको चार महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको बुबा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरीको नाममा मात्र खरिद गर्न पाउँछन्,' राष्ट्र बैंकले भनेको छ । वार्षिक १० प्रतिशत ब्याज दिने र सो ब्याज ६/६ महिनामा भुक्तानी हुने व्यवस्था छ ।

यस्तो ब्याज बचतपत्र खरिदकर्ता आफैंले वा इच्छाइएको व्यक्तिमार्फत भुक्तानी लिन पनि पाउँछन् । आफ्नो बैंक खाता वा इच्छाइएको व्यक्तिको बैंक खातामा जम्मा हुने गरी ब्याज भुक्तानी लिन आफ्नो वा इच्छाइएको व्यक्तिको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्बर आवेदन फर्ममा उल्लेख गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

त्यसो त पछिल्ला वर्षहरूमा रोजगारीमा जाने नेपालीको संख्या घट्दो छ । आर्थिक वर्ष ०७१/७२ मा ५ लाख १२ हजार नेपाली वैदेशिक रोजगारीमा गएकामा गत वर्ष यस्तो संख्या घटेर ३ लाख ५८ हजारमा सीमित भएको छ । चालु आर्थिक वर्षको छ महिनामा यो संख्या झन् घटेर १ लाख १३ हजार ९० रहेको राष्ट्र बैंकले जनाएको छ ।

यस्तै विगत पाँच वर्षमा रेमिटचान्सबाट प्राप्त रकम बढ्दै गए तापनि चार वर्षको तथ्यांक हेर्दा सोको वृद्धिदरमा कमी आएको देखिन्छ । आर्थिक वर्ष ०७१/७२ मा रेमिटचान्स वृद्धिदर १३.६ प्रतिशतले बढेकामा गत वर्ष ८.६ प्रतिशतमा सीमित भएको छ । यद्यपि गत वर्ष मात्र ७ खर्ब ५५ अर्ब रुपैयाँ रेमिटचान्स नेपाल भित्रिएको छ । यस्तै चालु आर्थिक वर्षको ६ महिनामा ४ खर्ब ४३ अर्ब रुपैयाँ मुलुक भित्रिएको छ । यो ३०.२ प्रतिशतको वृद्धि हो ।

अर्थतन्त्रका सेवा क्षेत्र (खासगरी थोक तथा खुद्रा व्यापार, शिक्षा, स्वास्थ्य, यातायात आदि) विस्तारमा रेमिटचान्सको योगदान महत्त्वपूर्ण रहेको सरकारी तथ्यांक छ । यस्तै कुल घरपरिवारमध्ये ३८.४ प्रतिशतको आम्दानीको मुख्य स्रोत रेमिटचान्स रहेको केन्द्रीय तथ्यांक विभागको तथ्यांक छ । 'रेमिटचान्स आप्रवाहको ठूलो हिस्सा शिक्षा, स्वास्थ्यललगायत उपभोगका खर्च हुने गरेकाले रेमिटचान्सको भूमिका गरिबी निवारण तथा जीवनस्तर सुदृढीकरणमा महत्त्वपूर्ण देखिन्छ,' नेपाल जीवनस्तर सर्वेक्षण २०११ मा उल्लेख छ ।

सहमति जुटाउन चार उपसमिति

तस्बिर : रासस

कान्तिपुर संवाददाता (काठमाडौं)

महाकाली सन्धिअनुसार गठित पञ्चेश्वर प्राधिकरणअन्तर्गतको पञ्चेश्वर विज्ञ समूहको बैठक जारी रहेको छ ।

सन्धिअनुसारको सहमति जुटाउन चार उपसमिति गठन भएको ऊर्जा मन्त्रालयका प्रवक्ता प्रवीणराज अर्यालले बताए । 'भारतीय कम्पनीले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का हरेक बुँदामा छलफल भइरहेको छ,' उनले भने, 'पानीको बाँडफाँटको विषयकमा सहमति जुटाउन चार वटा उपसमिति गठन भएका छन् । उपसमितिले भ्याएसम्म बिहीबार नै प्रतिवेदन दिनेछ ।'

विज्ञ समूहको बैठकको नेतृत्व नेपालका तर्फबाट जल तथा ऊर्जा आयोगका सचिव देवेन्द्र कार्की र भारतका तर्फबाट सेन्टर वाटर कमिसनका अध्यक्ष मसुद हुसेनले गरेका छन् । अघिल्लो वर्ष समूहको बैठक नयाँदिल्लीमा बसेको थियो । २०५२ माघ १९ गते भएको महाकाली सन्धिको धारा ४ अनुसार चाँदनी-दोधारा क्षेत्रको सिँचाइका लागि भारतले १० घनमिटर प्रतिसकेन्ड पानी उपलब्ध गराउने प्रावधान छ ।

बैठक सुरु हुनुपूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले सम्झौताअनुसार छलफल गर्न नेपालका अधिकारीहरूलाई निर्देशन दिएका थिए । २३ वर्षअघि भएको महाकाली सन्धिअनुसार नेपालले चाँदनी-दोधारा क्षेत्रमा पाउनुपर्ने १० घनमिटर प्रतिसेकेन्ड (३५० क्युसेक) पानी हालसम्म नपाएकाले यस विषयलाई गम्भीरताका साथ उठाउनुपर्ने ओलीको सुझाव थियो । महाकाली सन्धिको धारा ३ मा नेपाल र भारतको सीमामा पर्ने गरी पञ्चेश्वर बहूद्देश्यीय आयोजना निर्माण गर्ने उल्लेख छ । आयोजनाका लागि दुवै देशले संयुक्त रूपमा विस्तृत परियोजना अध्ययन गर्ने र लाभको आधारमा लागत व्यहोर्ने पनि सन्धिमा उल्लेख छ ।

पञ्चेश्वर विज्ञ बैठक

'पानीको बाँडफाँटका विषयमा सहमति जुटाउन चार वटा उपसमिति गठन भएका छन् । उपसमितिले भ्याएसम्म बिहीबार नै प्रतिवेदन दिनेछ'

तर, सन्धिको यो धारा कार्यान्वयन गर्दै दुवै देशले लाभ लिने गरी निर्माण गर्ने भनिएको पञ्चेश्वर बहूद्देश्यीय आयोजनाको विस्तृत परियोजना अध्ययनको विषयमा सहमति जुटुन सकेको छैन । भारतीय परामर्शदाता कम्पनी वाकपोसले डीपीआर तयार पारी दुई वर्षअघि पञ्चेश्वर प्राधिकरणलाई बुझाइसकेको छ । भारतीय कम्पनीले तयार पारेको डीपीआरमा पञ्चेश्वर आयोजनाबाट ४ हजार ८ सय मेगावाट विद्युत् उत्पादन गर्न सकिने उल्लेख छ ।

तर, भारतीय कम्पनीले तयार पारेको डीपीआरमा शारदा नदीको पानीको बाँडफाँटलगायतको विषयमा नेपालले असहमति जनाउँदै आएको छ । सन्धिमा छ महिनाभित्र डीपीआरको तयार गर्ने उल्लेख भए पनि अहिलेसम्म यसमा सहमति जुट्न सकेको छैन । भारतीय पक्षले शारदा र तल्लो शारदामा अहिले प्रयोग भइरहेको पानी कटाएर बाँकी आधाआधा गर्ने तर्क राख्दै आएको छ ।

नेपालले भने सीमाबाट १ सय ६० किलोमिटर तल रहेको तल्लो शारदा नहरले उपभोग गरिरहेको पानीलाई सन्धिले नसमेट्ने भन्दै त्यसको पानीलाई घटाउन नमिल्ने तर्क राख्दै आएको छ । महाकाली सन्धिअनुसार दुवै देशले पञ्चेश्वर बहूद्देश्यीय आयोजना निर्माण गर्ने उल्लेख गरिए पनि केही साताअघि भारतीय प्रभावशाली मन्त्रीले भने यसको मोडालिटी फेर्नुपर्ने धारणा सार्वजनिक गरेका थिए ।

वर्ल्ड सस्टेनेसल डेभलपमेन्ट समिटमा सहभागी हुन नयाँदिल्ली पुगेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँगको भेटमा भारतीय जलस्रोत तथा सडक यातायात तथा राजमार्गमन्त्री नितिन गडकरीले दुई देशले नभई व्यापारिक हिसाबले यसको निर्माण गर्नुपर्ने धारणा राखेका थिए ।

कर्मचारीलाई घुम्न एक महिनाको तलब

हेटौंडा (कास)- प्रदेश ३ सरकारले आफ्नो मातहतमा रहेका कर्मचारीलाई घुम्नका लागि एक महिनाको तलब उपलब्ध गराएको छ ।

आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले उक्त रकम उपलब्ध गराएको हो । उक्तमा कर्मचारीले कम्तीमा पाँच दिन भ्रमण वा घुम्न जानैपर्ने नियम सरकारले बनाएको छ । प्रदेश ३ को राजधानीबाहेक अन्य पर्यटकीय स्थलमा भ्रमण गरेको तस्बिर र प्रतिवेदन सम्बन्धित कर्मचारीले पेस गर्नुपर्ने प्रावधान छ ।

गत असार १ सम्म प्रदेश मातहतमा रहेका कर्मचारीलाई एक महिनाको तलब उपलब्ध गराइएको हो । हालसम्म प्रदेश मातहतका १ सय ५६ जना निजामती कर्मचारीले रकम लिएर आन्तरिक भ्रमण गरिसकेका छन् । 'एक महिनाको तलब लिएर घर बस्न पाइँदैन,' मुख्यमन्त्री कार्यालयका सचिव रमेश सिवाकोटीले भने, 'भ्रमण गरेको, तस्बिर र प्रतिवेदन नबुझाएसम्म पेस्की फर्स्योट हुँदैन ।'

प्रदेश सरकारले चालु आवको नीति तथा कार्यक्रममा प्रदेशका मन्त्रालय, आयोग तथा सचिवालयहरूमा रहेका निजामती कर्मचारीका लागि भ्रमण खर्च उपलब्ध गराउने नीति पारित गरेको थियो ।

प्रदेश सरकारमा आबद्ध कर्मचारीहरूलाई आफ्नो पदअनुसार आउने एक महिनाको तलब बराबरको रकम आन्तरिक पर्यटन प्रवर्द्धनका लागि खर्च गर्न दिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । उक्त कार्यक्रमअनुसार नै कर्मचारीहरूले पेस्की लिएर भ्रमण गरिरहेका छन् । प्रदेश ३ का सबै मन्त्रालय, आयोगसहित गरी १ सय ५६ जना कर्मचारीले आन्तरिक भ्रमण गरिसकेका छन् । मुख्यमन्त्री कार्यालयबाट ११ जना कर्मचारीले भ्रमण खर्च लिएका छन् ।

अर्थ संक्षेप

कृषि उत्पादनमा जापानी सहयोग

काठमाडौं (कास)- कृषि उत्पादन र बजारीकरणको सुधारका लागि जापानी दूतावासले भूकम्प प्रभावित काभ्रेवासीलाई करिब १९ लाख रुपैयाँ प्रदान गर्ने भएको छ । नेपालका लागि जापानी राजदूत मासामिचा साइगो र एमडीए मल्टिसेक्टरल्यान्ड इन्टिग्रेटेड सर्भिसेजका माइको कोबायासीले अनुदानपत्रमा हस्ताक्षर गरेका छन् ।

तीनवर्षे परियोजनाले सिँचाइ प्रणालीको निर्माण र मर्मत गर्नुका साथै अर्गानिक उत्पादनका लागि स्थानीय कृषकलाई तालिम दिनेछ । कृषि सहकारीको क्षमता अभिवृद्धि गर्ने र बजारीकरणका उपाय सिर्जना गर्ने जारी विज्ञप्तिमा छ । कृषि उपजबाट आम्दानी गर्ने ९१ कृषकको संख्या बढाएर तीन सय घरधुरी पुऱ्याउनु अर्को उद्देश्य भएको दूतावासले जनाएको छ ।

लक्ष्मी बैंकको ९९औं शाखा

काठमाडौं (कास)- लक्ष्मी बैंकले काठमाडौंको कीर्तिपुरमा ९९औं शाखा सञ्चालनमा ल्याएको छ । यसमार्फत ग्राहकको वित्तीय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायीमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ ।

सिटिजन लाइफको नयाँ योजना

काठमाडौं (कास)- सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले 'वार्षिक अग्रिम भुक्तानी जीवन बिमा' नामक नयाँ योजना ल्याएको छ ।

यसमा वार्षिक रूपमा बिमांकको पाँच प्रतिशत रकम बिमितलाई भुक्तानी गर्ने व्यवस्था छ । यो योजनाअनुसारको आफ्नो बिमा शुल्क भुक्तानीको भार व्यवस्थापन सहज गराउने बैंकको दाबी छ ।

बबईमा एक्स्टेन्सन काउन्टर

काठमाडौं (कास)- नेपाल इन्भेस्टमेन्ट बैंकले बर्दियाको बाँसगढी नगरपालिका १ स्थित बबई चेपाङमा एक्स्टेन्सन काउन्टर खोलेका छ । यो सुर्खेत शाखाअर्न्तगत रहेको छ । यसबाट रकम खातामा जम्मा गर्न र झिक्न मिल्नुका साथै रेमिटचान्सको सुविधा, मोबाइल बैंकिङजस्ता बैंकिङ कारोबार गर्न सकिनेछ । यसले सुर्खेत-कोहलपुर खण्डमा पर्ने सम्पूर्ण व्यापारिक केन्द्रका साथै छिन्चु, बबईलगायतका जनतालाई सुविधा दिने जारी विज्ञप्तिमा छ ।

माछापुच्छ्रेको नयाँ शाखा

काठमाडौं (कास)- माछापुच्छ्रे बैंक लिमिटेडले ठाकुरद्वारा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । त्यहाँ चौबिसै घण्टा चल्ने एटीएमको पनि व्यवस्था गरिएको बैंकले जनाएको छ ।

फागुन ३० मा 'एचआर मिट'

काठमाडौं (कास)- यही फागुन ३० र चैत १ मा १२ औं मानव संशाधन भेला (एचआर मिट) हुने भएको छ । यस पटकको भेला 'प्रविधिको युगमा मानव संसाधनमा' भन्ने मूल नारामा केन्द्रित छ । दुई दिनसम्म चल्ने उक्त सम्मेलनमा मानव संसाधन क्षेत्रका अनुभवी तथा विज्ञहरूको सहभागिता रहने जनाइएको छ । भेलाबारे जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो । भेलामा 'इन्भेस्टमेन्ट एन्ड इम्प्लिमेन्टेसन इन एच आर टेक्निोलोनजी', 'प्लान एन्ड पोलिसिज टु स्ट्रेन्थेन हचुमन क्यापिटल' लगायत विविध विधामा छुट्टाछुट्टै सत्रमा छलफल गरिने विज्ञप्तिमा उल्लेख छ ।

मानव संसाधनलाई सुदृढ, सशक्तीकरण र सुसज्जित गर्ने उद्देश्यले निरन्तर निरन्तर रूपमा यस्तो भेला आयोजना गर्दै आएको मानव संसाधन भेला आयोजक समितिका अध्यक्ष तथा ग्रोथ सेलर्सका प्रबन्ध निर्देशक मोहन ओझाले बताए । 'परिस्थिति बदलिएको छ, हामीले मानव व्यवस्थापनमा धेरै प्रविधिको विकास देखेका छौं,' उनले भने ।

महोत्सवको तयारी अन्तिम चरणमा

हेटौंडा (कास)- हेटौंडामा बिहीबारदेखि सुरु हुने बृहत् राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको तयारी अन्तिम चरण पुगेको छ । हेटौंडा उपमहानगरपालिका ५ स्थित क्याम्पाडाँडाको खेल मैदानमा फागुनको २६ गतेसम्म सञ्चालन हुने महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ । मकवानपुर उद्योग वाणिज्य संघद्वारा आयोजित महोत्सवमा विशेषगरी प्रदेश ३ का १३ जिल्लाका कृषि, घरेलु तथा औद्योगिक उत्पादनलाई विशेष प्राथमिकता दिँदै स्टलहरूको राखिएका छन् । प्रदेश ३ को राजधानी हेटौंडा भएपछि पहिलो पटक हुन लागेको महोत्सवमा चार सय वटा स्टलहरू रहने मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कटवालले बताए ।

सेतक चिनीबाट साढे २ करोड राजस्व

डोल्पा (कास)- अघिल्लो वर्षको तुलनामा यो वर्ष जिल्लामा सेतक चिनीबाट संकलन हुने राजस्वमा वृद्धि भएको छ । शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज सुलीगाड र निकुञ्जभित्रका विभिन्न सामुदायिक वनले दिएको निकासी पुर्जीबाट साढे दुई करोड रुपैयाँ राजस्व संकलन भएको छ ।

निकुञ्जका अनुसार मध्यवर्ती क्षेत्रभित्रका वनबाट यस वर्ष १३ लाख ३५ हजार किलोग्राम सेतक चिनी संकलन गरिएको छ । सेतकचिनीको राजस्वबापत २ करोड २५ हजार रुपैयाँ राजस्व संकलन भएको निकुञ्जका सूचना अधिकृत छत्रबहादुर खड्काले बताए । त्यस्तै विभिन्न सामुदायिक वनबाट ८ लाख ५५ हजार राजस्व संकलन भएको डिभिजन वन कार्यालयले जनाएको छ । सेतक चिनीले बर्सेनि राम्रो भाउ पाउन थालेपछि संकलनतर्फ स्थानीयबासी आकर्षित भएका छन् । डोल्पाका कम उचाइ भएका स्थानदेखि उच्च पाटनसम्म सेतक चिनी पाइन्छ । विगत दुई वर्षदेखि मात्र यसको संकलन हुन थालेको हो ।

नेपाल स्टक एक्सचेन्ज

१५ फागुन २०७५ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
कृषि विकास बैंक	३३२	३३३	२७४४२	१
आँखुखोला जलविद्युत	८२	८५	२८६०	३
अपी पावर लि	१२५	१२४	२९६७७	-१
अरूणभ्याली हाइड्रोपावर	९७	९७	१५५०	०
एसियन लाइफ इन्स्योरेन्स	५४९	५५२	३०००	३
बैंक अफ काठमाडौं लि.	२४०	२३९	८६६३	-१
भार्गव विकास बैंक	१२६	१३७	२०००	११
बुटवल पावर क. लि.	३४०	३३८	८३०६	-२
सेन्टल फाइनान्स	१०७	१०८	२९२८	१
सेन्चुरी कमर्सियल बैंक	१५९	१५८	११२४२	-१
चौतारी लघुवित्त	५८१	५८४	१९७०	३
छिमेक लघुवित्त विकास बैंक	८६९	८६५	३६०५	-४
चिलिमे हाइड्रोपावर	५०१	५००	३६६०	-१
सिटिजन बैंक इन्टरनेशनल	२०१	२०२	५६४१	१
सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	२५०७	२५४०	२००३	३३
सिमिल बैंक	१५०	१४९	८४९१	-१
डिप्रोक्स डेभलपमेन्ट बैंक	५८०	५७५	११९३	-५
देव विकास बैंक	१२२	१२४	३५५६	२
एभरेष्ट बैंक लि.	५०७	५०७	३७५६	०
फस्ट माइक्रोफाइनान्स डेभ. बैंक लि	३५१	३६०	४०७६	९
फरवार्ड माइक्रोफाइनान्स	१५२०	१५२६	४६२	६
गण्डकी विकास बैंक	१८०	१७७	२६७१	-३
गरिमा विकास बैंक	१८२	१८०	३५२९	-२
ग्लोबल आईएमई बैंक लि.	२५७	२६०	९३८१	३
ग्रामीण विकास बैंक	४३३	४४२	१८१९	९
ग्रिन डेभलपमेन्ट बैंक	१०२	१०२	५८५	०
गुराश लाइफ इन्स्योरेन्स	६८४	६९०	१०७९	६
गोर्खा फाइनान्स	१०३	१०३	१५८२	०
हिमालयन बैंक	४२८	४३२	१७८४	४
हिमालय डिष्टिलरी	१३२३	१३२१	४८४	-२
हिमालय पावर पार्टनर	३८२	३७८	३०७१	-४
जलविद्युत लगानी तथा विकास क.	१६९	१७०	८२३	१
आईसीएफसी फाइनान्स	१३१	१३३	६७७३	२
जानकी फाइनान्स	१४६	१४६	७४८	०
आईएमई जनरल इन्स्योरेन्स	४०५	४००	६२४	-५
जानकी फाइनान्स	१६२	१६२	७८९	०
जनता बैंक नेपाल लि.	१६४	१६३	१२९६२	-१
जेविल्स फाइनान्स	१३३	१३३	१३१०	०
ज्योती विकास बैंक	१३४	१३४	१८९४	०
कैलाश विकास बैंक	२०७	२०७	१३१०	०
कालिका लघुवित्त	८३०	८४०	४८९	१०
कामना सेवा विकास बैंक	१३३	१३२	३६३६	-१
कन्चन डेभलपमेन्ट बैंक	१४५	१४३	७६५	-२
कन्काई विकास बैंक	११८	११४	१७३८	-४
कुमारी बैंक लि.	२२९	२३१	५५२३	२
लक्ष्मी बैंक	१८६	१८६	५३३९	०
लक्ष्मी लघुवित्त	७५२	७५३	१७२०	१
लाइफ इन्स्योरेन्स	१६००	१६०४	१५०४	४
लुम्बिनी विकास बैंक	१७२	१६९	३३५११	-३
लुम्बिनी जनरल इन्स्योरेन्स क. लि.	५०५	५०२	७२२०	-३
माछापुच्छ्रे बैंक लि.	२०५	२०६	२५९७७	१
महालक्ष्मी विकास बैंक	१६०	१५७	१८६२	-३
मन्जुश्री फाइनान्स	११५	१११	२५९७२	-४
मेगा बैंक	१५७	१५८	१८२९२	१
मितेरी डेभलपमेन्ट बैंक	२३४.१९	२३२	१६६०	-२.१९
मुक्तिनाथ विकास बैंक	३३४	३३६	५५२४	२
नबिल बैंक	६८७	६८७	४७९४	०
नागबेली लघुवित्त विकास बैंक	६२६	६२९	५५८	३
नेशनल हाइड्रोपावर	६२	६१	३०१३	-१
नेशनल लाइफ इन्स्योरेन्स	६२१	६२५	२०२८	४
नेशनल माइक्रोफाइनान्स	१६००	१६००	३२२	०
नया नेपाल लघुवित्त	४६३	४६४	६५१	१
नेको इन्स्योरेन्स	५१२	५१३	८६०२	१
नेपाल बंगलादेश बैंक लि.	१८२	१८४	४४६३	२
नेपाल बैंक लि.	२८५	२८५	५७८४५	०
नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक	११७	११५	६८०	-२
नेपाल क्रेडिट एन्ड कमर्स बैंक	२०३	२०५	१४३७०	२
नेपाल दुरसंचार कम्पनी	६८१	६८४	९६५	३
नेपाल इन्स्योरेन्स	३६९	३७४	२९७९	५
नेपाल इन्भेष्टमेन्ट बैंक	५०४	५०३	९२१४	-१
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	१०१०	१०१५	३८०६	५
नेपाल एसबीआई बैंक	३७२	३७५	४५९४	३
नेरूडे लघुवित्त	४५१	४५३	९८९	२
न्यान्दी ग्रुप पावर	११४	११८	८३९	४
एनआईसी एसिया बैंक	३७६	३७८	७८८८	२
निर्धन उत्थान बैंक	७०२	६९३	१८६१	-९
एनएमबी बैंक	३०४	३०३	३३६९६	-१
ओरियन्टेल होटल	४१०	४१८	५७२	८
प्रभु इन्स्योरेन्स	४०२	४०८	१४८४	६
प्रिमियर इन्स्योरेन्स	९९७	९९४	४९२१	-३
प्राइम कमर्सियल बैंक	३०४	३०६	१३९९०	२
प्राइम लाइफ इन्स्योरेन्स	४३९	४३७	२३७२	-२
प्रुडेन्सियल इन्स्योरेन्स	६७५	६६५	२४११	-१०
पूर्णिमा विकास बैंक	१५४	१६०	३८५२	६
राधी विद्युत	१५७	१५८	५४४	१
राइराङ हाइड्रोपावर	८६	८९	८७०	३
रिलायन्स फाइनान्स	११४	११२	७०१	-२
रिडी हाइड्रोपावर	८५	८५	२०५७	०
आरएमडीसी लघुवित्त	५२०	५२१	२२५	१
आरएसडीसी लघुवित्त	३७०	३६८	५६१	-२
समता माइक्रोफाइनान्स	१३११	१३१६	२०२	५
सामुदायिक लघुवित्त	७७२	७७५	१२८०	३
सानिमा बैंक	२९१	२९१	७६१९	०
सानिमा माइ हाइड्रो	२१३	२१५	२८५६	२
शिखर इन्स्योरेन्स	८७०	८६१	१५९०३	-९
सिद्धार्थ बैंक	२७५	२७७	४४४२	२
सिद्धार्थ इन्स्योरेन्स	५९५	५९१	१६१७	-४
सोल्टी होटल	२००	२००	४२७२	०
स्ट्यान्डर्ड चार्टर्ड बैंक	५३०	५३०	२३६८	०
समिट माइक्रोफाइनान्स	६६०	६५०	७४७०	-१०
सनराईज बैंक	२०५	२०६	५१९१	१
सूर्य लाइफ इन्स्योरेन्स	५१५	५१३	८३५७	-२
स्वावलम्बन विकास बैंक	८०५	७८०	५७०	-२५
स्वदेशी लघुवित्त वित्तिय संस्था	५८६	५९५	४८३	९
सिनर्जी पावर	८७	८८	३४८	१
तिनाउ डेभलपमेन्ट बैंक	१४८	१५६	१९४७	८
युनाइटेड फाइनान्स	१४८	१४६	६००	-२
युनाइटेड मोदी हाइड्रोपावर	१०७	१०८	४६०	१
उन्नति माइक्रोफाइनान्स	१२३१	१२४०	४४५	९
अप्पर तामाकोशी हाइड्रोपावर	२२३	२२४	२६४८०	१
विजय लघुवित्त	६६३	६६९	४८४	६
वमी माइक्रोफाइनान्स	११२२	१११८	३६८	-४

कुल कारोबार मूल्य : २१९,९३९,२६१ कारोबार संख्या : ,९२६

सेयर संख्या : ८०९,४६३ नेप्से : १,१०५.५३ (२.९७)

माछापुच्छ्रे बैंक लिमिटेडको सखुवा- महेन्द्रनगर शाखा कार्यालय स्थानान्तरण सम्बन्धी अत्यन्त जरूरी सूचना

यस माछापुच्छ्रे बैंक लिमिटेडको सखुवा- महेन्द्रनगर शाखा कार्यालय क्षिरेश्वरनाथ नगरपालिका, वडा नं ०५, महेन्द्रनगर चोकमा संचालन भई आइरहेकोमा, ग्राहक वर्गहरूमा थप गुणस्तरिय सेवा प्रवाह गर्ने उद्देश्यका साथ मिति २०७५/११/१९ गते आइतबारका दिनदेखि साबिक स्थानबाट करीब ५० मि. दक्षिण तर्फ इलाका प्रहरी कार्यलय, महेन्द्रनगर सर्गैको भवनमा स्थानान्तरण भई कारोवार संचालन गर्न गइरहेको हुनाले बैंकका सम्पूर्ण ग्राहक महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

साथै स्थानान्तरण कार्यको लागि शुकबार मिति २०७५/११/१७ गते दिउसो २.०० बजे देखी २०७५/११/१८ गते सम्म सो शाखाले प्रदान गर्दै आएको ए.टि.एम सेवा बन्द हुने ब्यहोरा समेत जानकारी गराउदछौं । यसबाट हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरूमा पर्न जाने असुबिधा प्रति हामी क्षमाप्रार्थी छौं ।



Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सखुवा-महेन्द्रनगर, धनुषा
फोन नं: ०४१-५४००९४

घर जग्गा चाहियो

काठमाण्डौको पुतलीसडक, डिल्लीबजार, नक्साल, अनामनगर, ज्ञानेश्वर, बालुवाटार, आसपासको क्षेत्रमा कम्तिमा १०-१२ आना जग्गा वा घर चाहिएकोले तु. सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८४९२५५४३३

दिगो विकासका लागि सम्झौता

काठमाडौं (कास)- राष्ट्रिय सहकारी महासंघ नेपाल र संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी) बीच प्रदेश २ मा कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएको छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीको भूमिकालाई मजबुत बनाउने सम्झौता भएको हो । दिगो विकास लक्ष्यको विषयमा सचेतना जगाउन संयुक्त रूपमा पहल गर्ने र सबै सरोकारवालाहरू, सहकारी संघसंस्थालाई लक्ष्य प्राप्तिका लागि योगदान दिन पैरवी गर्ने सम्झौतामा उल्लेख छ । यो साझेदारीले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न र लक्ष्य प्राप्तिमा उनीहरूको योगदानका लागि सहकारीको विशाल नेटवर्कले महत्त्वपूर्ण काम गर्ने यूएनडीपीका नेपालका आवासीय प्रतिनिधि रेनाउड मेयरले बताएका न् ।सम्झौताअनुसार महासंघले आफ्नो गतिविधिमा दिगो विकास लक्ष्यलाई जोड्नेछ ।

हेजिङ...

जलविद्युत्, विद्युत् प्रसारण लाइन, रेलमार्ग र द्रुतमार्ग निर्माणसँग ठूला आयोजनाले मात्रै हेजिङ सुविधा पाउने नियमावलीमा उल्लेख छ । मन्त्रिपरिषद्बाट सिफारिस भएका अन्य आयोजनाले पनि यो सुविधा पाउने प्रावधान नियमावलीमा राखिएको छ ।

विदेशी विनिमयमा निहित जोखिम व्यवस्थापन गर्ने भएकाले नियमावली जारी भएसँगै विदेशी लगानी बढ्ने राष्ट्र बैंकको अपेक्षा छ । विदेशी विनिमयको दरमा आएको परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिम व्यवस्थापन गर्ने सुविधा नै हेजिङ हो ।

हेजिङ सुविधा लिएकाहरूले विनिमय दरमा जतिसुकै घटबढ भए पनि ऋण ल्याउँदाकै विनिमय दरले विदेशी मुद्रा सटही सुविधा पाउँछन् । यसले गर्दा लगानीकर्तालाई नोक्सान नहुने र लगानी आकर्षित हुने राष्ट्र बैंकको विश्लेषण छ ।

एक सय मेगावाटभन्दा माथिका विद्युत् आयोजना, २२० केभीए वा सोभन्दा माथिका तीन किलोमिटरभन्दा लामो विद्युत् प्रसारण लाइन, १० किलोमिटरभन्दा लामो रेल, मेट्रो तथा मोनो रेलमार्ग निर्माण र ५० किलोमिटरभन्दा लामो द्रुतमार्ग निर्माणका लागि आउने विदेशी ऋणलाई हेजिङ सुविधा प्रदान गरिने नियमावलीमा व्यवस्थ छ ।

हेजिङ नियमावलीमा व्यवस्था भए अनुसार लगानीकर्ताले राष्ट्र बैंकलाई हेजिङ सुविधाका लागि निवेदन दिनुपर्छ । योग्य निवेदनकर्तालाई राष्ट्र बैंकले उनीहरूको मुद्रा जम्मा गर्न खाता उपलब्ध गराउने र उक्त दिनको सटही दरमा नेपाली मुद्रा लगानीकर्ताको अन्य बैंकमा रहेको खातामा जम्मा गराउने प्रावधान नियमावलीमा छ ।

लगानीकर्ताले राष्ट्र बैंकमा जम्मा गरे बापतको रकमलाई बैंकले विनिमय दर स्थिर रहने गरी लक गर्ने र सोही विनिमय दरअनुसार विदेशी ऋण तिर्नका लागि भुक्तानी गर्ने व्यवस्था नियमावलीमा छ ।

हेजिङ सुविधा दिए बापतको शुल्क भने अर्थ मन्त्रालयले जोखिम, परियोजनाको लगानी, प्रकृतिको आधारमा सहमति गरी तय गर्ने नियमावलीमा उल्लेख छ । एक पटक दिइएको हेजिङ सुविधा बढीमा १० वर्षको हुने र लगानीकर्ताले चाहेमा पुनः नवीकरण गर्न सक्ने व्यवस्था पनि नियमावलीमा छ ।

(जि.प्र.का. भक्तपुर द.नं. ५५२)

नेपाल इन्जिनियरिङ कलेज

(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

चाँगुनारायण, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-५२२१००६, फ्याक्स: ९७७-१-५२२१००१

इमेल: info@nec.edu.np, वेबसाइट: www.nec.edu.np

विज्ञप्ति

मिति २०७५/११/१३ को एक संचार माध्यममा प्रकाशित "नेपाल इन्जिनियरिङ कलेजबाट जारी भएको प्रेस विज्ञप्ति" मा यस कलेजको गंभिर ध्यानाकर्षण भएको छ । उक्त विज्ञप्ति यस कलेजको आधिकारिक नभएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध गर्दछौं । झुठले भरिएका उक्त विज्ञप्ति कलेज मास्न-बेच्न उद्यत श्री लम्बोदर न्यौपाने समूहको भएको हाम्रो ठम्याई छ । कलेज संचालनको लागि बनाइएको "नेपाल इन्जिनियरिङ कलेजको विधान - २०५१" र पछि २०६० सालमा जि.प्र.का. भक्तपुरमा दर्ता गरिएको विधानमा "कलेज मुनाफा रहित उद्देश्यको हुनेछ" भनी लेखिएको र सोहि उद्देश्य अनुसार कलेज हाल सम्म संचालित छ । पछिल्लो समय कलेजको विकासमा कुनै खर्च नगरी हुन गएको संचालन बचत र कर छलीबाट प्राप्त समेत गरी हुने १२-१५ करोड वार्षिक रकम, कलेजले आफै जोडेको ३६ रोपनी जमिन र १ लाख वर्गफुट घर समेत आफ्नो सम्पत्ति हुने गरी कलेजलाई निजी प्रा.लि. बनाउने समूहले २०७४/०१/२५ मा कलेजलाई प्रा.लि. बनाएको र सरोकारवालाहरूको आन्दोलनले गर्दा मिति २०७४/०८/२० मा उक्त प्रा.लि. खारेज भएको हो ।

कलेजबाट लम्बोदरको १३ करोड समेत गरी उहाँको समूहले २३ करोड रुपैया लग्नु भएको छ । उक्त रकम फिर्ता नगरेकोले मिति २०७५/०६/१५ को संचालक समितिको १९९औं बैठकले श्री न्यौपानेलाई संचालकबाट निष्काशन गरेको हो । कलेज खातामा प्राप्त भएको देखिने ३२ करोड र खाताबाट भुक्तान भएको देखिने २१ करोड गरी करिब ५३ करोड रुपैया कलेज लेखा प्रणालीमा प्रविष्ट गराइएको छैन । यसको हिसाब पनि उक्त समूहले बुझाउने पर्नेछ । यी सबैबाट बच्न र सके सम्मानित सर्वोच्च अदालत सम्मै प्रभावपारी कलेज निजी बनाई हडप्ने प्रयासकै रूपमा लम्बोदर समूहको विज्ञप्तिलाई कलेजले बुझेको छ । पोखरा विश्वविद्यालयले सामाजिक कलेजलाई सम्बन्धन दिएको, नेपाल इन्जिनियरिङ परिषद्ले सामाजिक कलेजलाई स्वीकृति दिएको र नेपाल सरकार शिक्षा मन्त्रालयले पूर्व त्रुटी सच्याई सामाजिक संस्थाको रूपमा रहेको यस कलेजकै नाममा मनसाय पत्र दिएका छन् ।

कलेज स्थापनाको लागि निर्व्याजी सापटी स्वरूप जम्मा ४२.८६% ऋण दिने लम्बोदर समूह यो कलेजका हामी "स्वामी" तसर्थ हाम्रो स्वामित्व भन्दछ भने ५७.२४% ऋण दिने दीपक भट्टराई संस्थापक समूह यो हाम्रो होइन, समाजको हो भन्दछ । कलेज नविकरण हुनै नसक्ने भएमा वा खारेज भएमा कानुन अनुसार सबै सम्पत्ति नेपाल सरकारको हुन्छ भन्ने तथ्य लुकाउने लम्बोदर समूहको प्रयासको निरन्तरता हो त्यो विज्ञप्ति । सत्य तथ्य जनमानसमा पुऱ्याउने जिम्मेवारी भएका राज्यका चौंथो अङ्गका रूपमा रहेका संचार जगत्लाई लाञ्छना लगाइएकोमा कलेज दुःख व्यक्त गर्दछ । संचार जगत्लाई बदनाम गर्ने र आफू अनुकूल बनाउन दबाब दिने बदनियतले "प्रकाशित गलत विवरण" भनिएको हुँदा "श्री लम्बोदरले भनेको मात्र छाप्नु-बोल्नु" भन्ने सन्देश दिन खोजेको देखिन्छ । हामी यसलाई स्वतन्त्र संचार जगत् माथिको प्रहारको रूपमा बुझ्दछौं । विगत २५ वर्षदेखि सामाजिक संस्थाको रूपमा संचालित कलेजलाई निजी बनाई हडप्न गरेको प्रयास श्री राजनारायण पाठक काण्ड सम्म पुगेर छताछुल्ल भएबाट लम्बोदर समूहले आर्जन गरेको "ठूलो इज्जत प्रतिष्ठामा आघात पुगेको" भनी उल्लेख भएको देख्दा कलेज आश्चर्य व्यक्त गर्दछ । अख्तियारका पूर्व आयुक्त श्री पाठकको ९ घण्टे श्रव्य दृश्यमा पटक पटक श्री लम्बोदर न्यौपानेको नाम आएको अवस्थामा सबैलाई झुक्याउन झुठले भरिएको भ्रामक विज्ञप्ति निकाली कलेजको छाप र लेटर प्याडको अनाधिकृत प्रयोग गरेकोलाई यस कलेज घोर निन्दा गर्दछ ।

सामाजिक संस्था नेपाल इन्जिनियरिङ कलेजका कोही शेयर धनी छैनन् । छन् भने शेयर बाँडफाँडको रेकर्ड र शेयर दर्ता किताब कहाँ कुन कार्यालयमा दाखिला-खारेज भएको हो त्यसको विवरण जनता सामु प्रमाण पेश गर्न हामी चुनौति दिन्छौं । कलेज स्थापनाको लागि ५ वर्षमा फिर्ता हुने गरी निर्व्याजी सापटी दिएको हो भन्ने रकम प्राप्तिको भर्पाइको रूपमा कलेजले प्रदान गरेको कागजलाई "प्राइभेट कम्पनीको शेयर प्रमाणपत्र" को रूपमा मनगढन्ते कुरा गर्ने गरिएकोलाई कलेज प्रष्ट पार्न चाहन्छ । "कलेजको सम्पूर्ण चल अचल सम्पत्ति निजी लगानीमा खरीद भएका हुन्" भनी लम्बोदर समूहले सबै भन्दा ठूलो झुठ बोलेका छन् । कुन सम्पत्ति किन्दा, क-कसले कति रकम कुन बैंक मार्फत, कहिले उपलब्ध गराएको हो सो को विवरण र कलेजबाट दिएको रकम प्राप्तिको भर्पाई समेत सार्वजनिक गर्न उक्त समूहका श्री लवराज भट्टराई, डा. राम रत्न उपाध्याय, डा. उपेन्द्र गौतम, मा.सूर्य बहादुर के.सी. र श्री लम्बोदर न्यौपानेलाई चुनौति दिन्छौं ।

"२०६० मा दर्ता भएको भनिएको सामाजिक संस्थाबाट कलेज कहिल्यै संचालन भएको छैन, होइन" भनी कुतर्क गर्ने समूहका नाइके श्री लम्बोदर न्यौपानेले पेश गरेको ०७१/०७२ र ०७२/०७३ को लेखा परीक्षण प्रतिवेदनमा कलेज जि.प्र.का. भक्तपुरमा दर्ता भएको र मुनाफा रहित उद्देश्यको भनी आफै सही गर्नु भएको छ । "२०६० साल भन्दा पहिला खरीद भएको तसर्थ निजी, दर्ता भएको भनिएको संस्थाको विधानमा उल्लेख नभएको-स्वामित्व हस्तान्तरण नगरिएको" जस्ता कुतर्कलाई यो कलेज निन्दा गर्दछ । यदि यो लम्बोदर समूहको सम्पत्ति हो भने सो को प्रमाण, लालपूर्जा, भवन निर्माण प्रमाणपत्र, गाउँबाट प्राप्त १७४ रोपनी जमिनमा बनेका छात्रावास, सूचना प्रविधि केन्द्र, प्रयोगशाला भवनहरू बनाउन कसले तपाईलाई अनुमति दियो सो अनुमतिपत्र समेत सार्वजनिक गर्नु हुन चुनौती दिन चाहन्छौं । "निजी कलेजले तिर्नुपर्ने कर अद्यावधिक रूपमा चुक्ता हुँदै आएको कुरा समेत जानकारी गराउँछौं" भनी विज्ञप्तिमा उल्लेख भएको असत्य कुराको हामी निन्दा गर्दछौं । ०७३/०७४ र ०७४/०७५ को कर भुक्तानी कागजातबाट कलेजको कर कलेज सामाजिक हो भन्ने पक्षले तिरेको प्रमाणित हुन्छ । यदि कलेज निजी थियो भने सबैलाई झुक्याएर गोप्य रूपमा संचालक समितिको बैठक नडाकेर उक्त समूहको "क्लासिफाइड माइन्युट" निर्णय पुस्तिकामा समेत लेखाङ्कित नगरिकन प्रालि किन दर्ता गर्नुपऱ्यो, सो बारे विस्तृत विवरण सार्वजनिक गर्नको लागि चुनौती दिन्छौ

प्यूठानको नौबहिनी गाउँपालिका ८ लुप्लुङस्थित चुनढुंगा खानी । यहाँबाट शुभश्री अग्नि सिमेन्टले दुई वर्षदेखि चुनढुंगा उत्खनन गर्दै आएको छ । *तस्बिर : गिरुप्रसाद भण्डारी/कान्तिपुर*

निकुञ्ज क्षेत्रमा पाइप गाड्न सुरु

■ **पवन यादव** (सिमरा)

वन क्षेत्र भएको कारण विगत तीन महिनादेखि अडकिएको पथलैया-अमलेखगन्ज निकुञ्ज क्षेत्रमा पाइपलाइन गाड्ने काम बुधबारदेखि थालिएको छ ।

संघीय सरकारको मन्त्रिपरिषद् बैठकले यही माघ ३ गते भएको बैठकको निर्णयअनुसार पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभार बाराले निकुञ्ज क्षेत्रको रूख काटेर पेट्रोलियम पाइपलाइन गाडने अनुमति दिएपछि रूख कटान गर्ने र पाइपलाइन गाड्ने काम सँगसँगै सुरु गरिएको हो ।

मोतीहारी-अमलेखगन्ज पाइपलाइनको दूरी ६९ किलोमिटर रहेको नेपाल आयल निगम अमलेखगन्ज डिपोका प्रमुख प्रदीप यादवले बताए । यसमध्ये ३२ किलोमिटर पाइपलाइन भारतीय क्षेत्रमा र ३६ किलोमिटर पाइपलाइन नेपाल क्षेत्रमा पर्दछ । भारतको रक्सौलदेखि पथलैयासम्म पर्ने २७ किलोमिटर दूरीमा पाइपलाइन गाड्ने काम सम्पन्न भएको छ ।

निकुञ्ज क्षेत्रबाहेकको ६० किलोमिटर दूरीमा पाइपलाइन गाड्ने काम एक साताअघि सम्पन्न भइसकेको उनले जानकारी दिए । 'निकुञ्ज क्षेत्रको ९ किलोमिटर क्षेत्रमा एक महिनाभित्र पाइप गाड्ने काम सकिन्छ,' उनले भने, 'त्यसपछि पाइपलाइन टेस्टिङको काम सुरु गर्छौं ।' पाइपलाइन टेस्ट गर्न झन्डै १५ दिन समय लाग्ने अनुमान गरिएको उनले बताए । यसरी सबै प्रक्रिया पूरा गरी वैशाखको पहिलो सातासम्ममा पाइपलाइनबाट तेल ल्याउन सकिने उनले जानकारी दिए ।

मोतीहारी-अमलेखगन्ज पाइपलाइन

उनका अनुसार निकुञ्ज क्षेत्रका रूख कटान अनुमति दिइने काम ढिलो भएको कारण पाइपलाइनबाट तेल ल्याउने लक्ष्य निर्धारित समयमा भेटाउन सकिएन । अबको डेढ महिनामा पाइपलाइन गाड्ने र टेस्ट गर्ने सबै काम सम्पन्न हुने उनले दाबी गरे ।

निकुञ्ज क्षेत्रका रूख काट्ने प्रक्रिया पुऱ्याएर अनुमति लिनमै छ महिना समय लाग्यो । पथलैयादेखि अमलेखगन्जसम्मको निकुञ्ज क्षेत्रको पाइपलाइन गाड्ने रुटबाट आठ वटा ब्लकमार्फत ६ हजार ५ सय ६३ वटा रूख तथा पोल परेका छन् । त्यस्तै उक्त रुटबाट ८८१ हजार ६ सय लाग्राहरूको कटान, मुछान, ढुवान, पाइलिङ, घाटगद्दी, जरा उखेल्नेलगायतका काम सुरु गरिएको उनले जानकारी दिए ।

निकुञ्ज कार्यालयबाट खटिएका कर्मचारीको रोहवरमा टिम्बर कर्पोरेसन शाखा कार्यालय पथलैयाले रूख कटान मुछान गर्ने नेपाल आयल निगमले जनाएको छ ।

आठ वटै ब्लकबाट काटिएका रूखबाट ५२ हजार १ सय २४ दशमलव २४ क्युफिट काठ र १ सय ८८ दशमलव ८६ चट्टा दाउरा संकलन हुने अनुमान टिम्बर कर्पोरेसनले गरेको छ । निकुञ्ज क्षेत्रमा पाइप गाडिएपछि बरौनी-पटना-कानपुर पाइपलाइनमध्ये पटनाबाट सिधै तेलका लागि यहाँको पाइपलाइन जडान गरिने मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजना कार्यालय सिमराले जनाएको छ ।

तेल भण्डारण गर्न यसअघि अमलेखगन्ज डिपोमा रहेको चार वटा पुराना टचांकीलाई भारतीय ठेकेदारमार्फत मर्मत कार्य भइरहेको छ । जसमध्ये दुई वटा टचांकीको मर्मत कार्य सम्पन्न भइसकेको परियोजना कार्यालयले जनाएको छ । पहिलो चरणमा १६ हजार किलोलिटर तेल भण्डारण गर्न सक्ने पूर्वाधार तयार गरिएको छ । तेल भण्डारण गर्न थप ६/७ वटा भर्टिकल टचांक बढाउने योजना नेपाल आयल निगमले बनाएको जनाइएको छ । अहिले दैनिक दुई सय टचांकर रक्सौलस्थित डिपोबाट इन्धन भर्छन् । वैशाखदेखि इन्धन भर्न रक्सौल पुग्नुपर्ने बाध्यता हट्ने जनाइएको छ ।

२ सय ७५ करोड भारु खर्चमा परियोजना सम्पन्न गर्ने लक्ष्य लिइए पनि पाइपलाई क्षेत्रमा पर्ने घर क्षेत्रमा पाइपलाइन व्यवस्थित पार्न खर्च बढेकाले परियोजनाको कुल खर्च अहिले ३ सय २४ करोड भारु पुगेको उनले परियोजना अधिकारीले जानकारी दिए ।

पाइपलाइनबाट तेल भित्रिने काम सुरु भएपछि नेपाल आयल निगमले इन्धन ढुवानीमा खर्च गर्दै आएको रकममध्ये झन्डै ३ देखि ५ अर्ब रुपैयाँ खर्च बचत हुने अनुमान आयल निगमले गरेको छ ।

जैविक मलका नाममा करोडौं बजेट

■ **राजु चौधरी** (काठमाडौं)

सरकारले जैविक मलका नाममा करोडौं छुट्टाए पनि खर्चको लेखाजोखा हुने गरेको छैन । विषादी निरुत्साहित र प्रांगारिक उत्पादनमा जोड दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २०६९ देखि जैविक मल उत्पादनका लागि बजेट विनियोजना गर्दै आएको छ ।

सुरुको वर्ष करिब ५९ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसपश्चात बर्सेनि करिब १० करोड रुपैयाँ विनियोजन गर्दै आएको छ । खर्च कहाँ/कसरी हुन्छ ? त्यसको लेखाजोखा छैन । सरकारसँग उत्पादनको तथ्यांक पनि छैन ।

'केन्द्रबाट जिल्लागत रूपमा कार्यक्रम बनाएर किसानलाई वितरण गर्ने भनेर पठाइएको थियो,' मन्त्रालयका एक अधिकारीले भने, 'त्यसपश्चात कुनैको पनि प्रतिवेदन आएको छैन ।' उनका अनुसार पुँजीका हिसाबले व्यवसायीहरूले मल उत्पादन गर्न मन्त्रालयमा दर्ता गराएका छन् ।

हाल करिब ४० कम्पनी दर्ता छन् । ती व्यवसायीहरूले कति उत्पादन गर्छन् ? त्यसको कुनै विवरण सरकारसँग छैन । ती अधिकारीका अनुसार विगतमा कृषि सामग्री कम्पनी लिमिटेडबाट वितरण हुन्थ्यो । टेन्डर प्रक्रियाबाट खरिद गरेर किसानलाई बिक्री वितरण गरिन्थ्यो । त्यसपश्चात् जिल्लास्तरबाट वितरण सुरु भयो । गत वर्ष कृषि निकायहरू नरहने हल्लाका कारण बजेट विनियोजन गरिएन । जिल्लामा बजेट गएन । तर प्रधानमन्त्री कृषि आयोजनाअन्तर्गत वितरण भयो ।

'कृषक समूह/सहकारी/डिलरमार्फत किसानलाई वितरण हुन्थ्यो । सहकारी र डिलरलाई कमिसन दिन्थ्यो । डिलर कमिसन प्रतिक्विन्टल करिब २५ रुपैयाँ हुन्छ,' कृषि विभागका एक अधिकारीले भने, 'विगतमा प्रभावकारी भएन । वितरण मोडालिटी नै परिवर्तन गर्नुपर्छ ।'

सरकारले बजेट विनियोजना गरे पनि सदुपयोग/दुरुपयोग सम्बन्धमा कुनै अनुगमन गरेको छैन । प्रभावकारी रूपमा अनुगमन नहुँदा रकम दुरुपयोग भएको ती अधिकारीको भनाइ छ । 'प्याकेजमा जिल्लास्तरमा वितरण भएको रकम सदुपयोग भएन । रकम अन्यत्र प्रयोग भएको गुनासो आयो,' कृषि विभागका ती अधिकारीले भने । जानकारका अनुसार अधिकांश उत्पादनमा विषादी प्रयोग गरिएको छ । अर्गानिक भन्ने बित्तिकै पूरै प्राकृतिक खेती हुनुपर्छ । उत्पादन ढुक्क साथ खान सक्ने अवस्था नै छैन ।

'एकातिर अर्गानिक घोषणा गर्दै आएका छौं अर्कोतिर अर्बौं रुपैयाँको विषादी आयात भएको छ,' मन्त्रालयका अर्का अधिकारीले भने, 'सरकारी घोषण र नीतिमा तालमेल मिलेको छैन ।'

उत्पादनको तथ्यांक छैन, मल अर्गानिक भए/नभएको विवरण हुँदैन

उनका अनुसार अर्गानिक मलको रकम सीमित कम्पनीहरूले मात्रै लगेका छन् । सबै लथालिंग भएको जानकारहरू बताउँछन् । 'कृषि मन्त्रालय कमिसनको पछि मात्रै लागेको देखिन्छ । जहाँ कमिसन त्यही मात्रै लाग्यो । कार्यकर्ता पोस्ने काम मात्रै भयो,' कृषिविज्ञ कृष्ण पौडेलले भने, 'कार्यविधिहरूमै समस्या छन् । कार्यविधिमा साना किसानकोमा पुग्दैन । बिचौलिया/दलाल ठेकेदार को पहुँचमा मात्रै भयो ।'

मल प्रवर्द्धनको नाममा सीमित कम्पनीहरूले लगेका छन् । जानकारका अनुसार ती व्यवसायी/किसानहरूले उत्पादन गर्ने मल अर्गानिक भए/नभएको पनि विवरण हुँदैन ।

कृषि मन्त्रालयअन्तर्गत मल र माटो परीक्षण गर्ने त्याब पनि छ । व्यवसायीको मल/माटो परीक्षण गरेर कम्पनी दर्ता हुन्छ । व्यवसायीले उत्पादन सुरु गरेपछि परीक्षण हुँदैन । जसले गर्दा समस्या देखिएको ती अधिकारीको भनाइ छ । 'समस्या विकराल छ । कानुन नभएको पनि होइन । अन्तर्राष्ट्रिय/युरोपियन युनियनभन्दा कडा मापदण्ड छन्,' उनले भने, 'कार्यान्वयन नै हुँदैन ।'

कृषि विभागका उपमहानिर्देशक प्रकाशकुमार सिग्देलका अनुसार प्रांगारिक मलका लागि १५ करोड बजेट विनियोजन भएको छ । 'प्रांगारिक उत्पादनमा उपभोक्ताहरू पनि बढीभन्दा बढी मूल्य तिर्न तयार छन् । उत्पादन बढाउन अभियानकै रूपमा लगेका छौं,' उनले भने । अर्गानिकको माग बढदै गएकाले ७ वटै प्रदेशमा कार्यक्रम सञ्चालन गर्ने उनले बताए । उनका अनुसार प्रांगारिक खेतीमा केही प्राविधिक समस्या पनि छ । एउटा व्यक्तिले मात्रै गरेर हुँदैन । सानो क्षेत्रमा गरेर हुँदैन । अर्गानिकका लागि ठूलो क्षेत्रफलमा गरेको हुनुपर्छ । 'एक व्यक्तिले ५ रोपनी, समूहमा १० हेक्टर (करिब दुई सय रोपनी) खेती गर्नेलाई बीउबिजनदेखि बजारसम्मको कार्यक्रम पनि ल्याउने योजना छ,' उनले भने । ज्ञान केन्द्रमार्फत दिने अनुदानमा मल नभई आवश्यक सामग्री दिने प्रस्ताव गरेको बताए ।

अर्गानिक प्रमाणीकरणको प्रक्रिया धेरै लामो भएकाले अर्गानिक भए/नभएको व्यवसायीले स्वघोषणा गर्नुपर्ने बताए । त्यसपश्चत विभागले अनुगमन गर्नेछ । 'अर्गानिक तरकारी स्टल, अनलाइन पनि छन् । अनुगमन हुन सकेन,' सिग्देलले भने ।

मन्त्रालयका वरिष्ठ माटोविज्ञ गंगादत्त आचार्यले सबै विषय अध्ययन गर्न कार्यदल गठन भएको बताए । 'कृषि तथा पशुपन्छी विकासमन्त्रीको अध्यक्षतामा प्रांगारिक कृषि उत्पादन प्रणालीलाई व्यवस्थित बनाउन उच्चस्तरीय कार्यदल गठन भएको छ,' उनले भने, 'प्रांगारिक कृषि प्रवर्द्धनका लागि कस्तो संस्थागत व्यवस्था र कानुनी ढाँचा निर्माण गर्ने, त्यसको सिफारिससहितको प्रतिवेदन पेस गर्नेछ ।' हाल मन्त्रालयले प्रांगारिक कृषि उत्पादनलाई बढावा दिन छ वटा मल कारखाना, चार वटा जैविक विषादी उत्पादन कारखाना निर्णय गरेको छ । छ वटा माटो तथा बाली संरक्षण मिनी ल्याब स्थापना र चार वटा माटो परीक्षण मोबाइल भ्यान खरिद गरेको छ । ती भ्यान पनि प्रभावकारी उपयोग भएको छैन ।

गाउँपालिकामा खुल्दै उद्यम

ताप्लेजुङ (कास)- आठराई त्रिवेणी गाउँपालिकाका बालचन्द्र आङवोहाङले सिमेन्टको इँटा बनाउने उद्योग खोले । सदरमुकाम फुङलिङमा व्यवसाय गर्ने उनले गाउँपालिकाको केन्द्र हाङपाङमा गएर उद्योग स्थापना गरे । सिमेन्ट, बालुवा, माटोलगायतका कच्चा पदार्थ मिलाएर बनाइने उद्योगमा उनले प्रत्यक्ष ११ जनालाई रोजगारी दिएका छन् । मासिक १८ हजार रुपैयाँ उनीहरूले तलब पाउँछन् । खोलामा बालुवा संकलन, ढुवानी गर्ने, ढुंगा फुटाउने, बोक्नेले रोजगारी पाइरहेका हुन् ।

३५ लाखको लगानीमा उद्योग खोलेका उनको कम्पनीमा अहिले दिनमा तीनदेखि चार सय वटासम्म इँटा बनिने गरेको छ । गाउँपालिकामा धेरै संरचना बनिने भएकाले आफूले उद्योग खोलेको बालचन्द्र बताउँछन् । 'मैले स्थानीयलाई नै रोजगारी दिएको छु, कच्चा पदार्थ पनि स्थानीय नै प्रयोग गरेको छु, गाउँपालिकाले पनि यहींको प्रयोग गर्नुपर्छ भन्ने मेरो मान्यता छ,' उनले कान्तिपुरसँग भने, 'दर रेट पनि बाहिरको यहाँ आइपुग्दा भन्दा सस्तो गरेको छु ।' एउटा इँटाको ८० रुपैयाँ दर भए पनि ६५ रुपैयाँमा बिक्री गरिरहेको उनले बताए ।

२०७२ सालको भूकम्पपछि यस्तो इँटा राम्रो र भूकम्प प्रतिरोधि हुने भएकाले आफूले यसमा लगानी गरेको आङवोहाङ बताउँछन् । जिल्ला सदरमुकाम र आसपासको क्षेत्रमा तराईका जिल्लाबाट इँटा ल्याउने गरिएको छ । त्यस्तो इँटा हाडपाडसम्म पनि आएको थियो । अधिकांश इँटा फुटेर आउने र गुणस्तर खस्किने भएकाले त्यसको प्रयोगबाट बनेका संरचना भरपर्दो नहुने दाबी आङवोहाङ कन्ट्रक्सनको छ । स्थानीय खड्गविक्रम सुवेदीका अनुसार सिमेन्टबाट इँटा बनाउने यहाँको अलि ठूलो लगानीको उद्योग हो । ८/१० लाखसम्मका उद्यमहरू खोल्ने र तयारीको क्रम तीव्र छ ।

फोटोकपी गर्ने, फोटो स्टुडियो चलाउने, स्टेसनरी व्यवसाय गर्नेहरू त प्रसस्तै छन् । 'गाउँपालिका, नेपाल राष्ट्र बैंकको शाखा, प्रहरी चौकी, माध्यमिक विद्यालय भएपछि धेरैनै सम्भावना हुँदो रहेछ,' सुवेदीले भने, 'अब मोटरसाइकल ग्यारेज खोल्ने, यहींबाट गाडी किनेर यातायात चलाउन इच्छा गर्नेहरू पनि छन् ।' कम्प्युटर, हार्डवेयरजस्ता पसल तथा मर्मत सेन्टर कस्तो चल्छ भनेर अध्ययन गर्नेहरू पनि आएको उनले सुनाए ।

छाप, लेटरप्याड बनाउने, डिजाइन गर्ने जस्ता काम गाउँपालिकामा हुन थालेको स्थानीय बताउँछन् ।

धनुषामा धान महँगियो

■ **श्यामसुन्दर शशि** (जनकपुर)

धनुषाको एक थोक पसलमा धान तौलँदै । *तस्बिर : कान्तिपुर*

किसानबाट सस्तोमा खरिद गरिएको धानको मूल्य कारोबारीले वृद्धि गरेका छन् । किसानको हातबाट व्यापारीको हातमा गएसँगै धानको मूल्यमा उल्लेख्य वृद्धि भएको हो ।

एक महिनाअघि धान खरिद गर्ने थोक पसल (घाटगद्दी) मा कतरनी धान २ हजार २ सय, बासमती ४ हजार ७ सय, सोना मन्सुली १ हजार ९ सय ५० र रामविलास २ हजार ५ सय प्रतिक्विन्टलमा बिक्री भयो । अहिले कतरनीको मूल्य २ हजार ८ सय पुगेको छ भने बासमती ६ हजार २ सय, सोना मन्सुली २ हजार ५ सय र रामविलास २ हजार ७ सय प्रतिक्विन्टलमा बिक्री भइरहेको छ ।

अहिले सोना मन्सुली चामल ३ हजार ५ सय, रामविलास ४ हजार, कतरनी ५ हजार र बासमती १० हजार ५ सय प्रतिक्विन्टलमा बिक्री हुँदै छ । यो थोक बाजारको मूल्य हो । खुद्रा बाजारमा भने चामलको मूल्य प्रतिकिलो ५ देखि १० रुपियाँ अधिक छ ।

केही वर्षयता धनुषा, महोत्तरी, सिरहा, सप्तरीलगायतका तराईका जिल्लामा आधा उसिनेको चामल खाने चलन बढेको छ । यी जिल्लाहरूमा यस्ता मिलहरूको आभाव भएकाले भारतीय चामलप्रतिको आकर्षण बढेको छ ।

श्रीराम राइस मिलका सञ्चालक राजकिशोर साहका अनुसार किसानहरू आफैंले उत्पादन गरेको चामलको सट्टा भारतबाट आयातित आधा उसिनेको चामल खान मन पराउँछन् । 'मोटो र मनसुली चामल खानेको संख्या निरन्तर घटदै छ । हाम्रो देशमा मोटो चामलकै उत्पादन बढी हुन्छ । मागअनुसारको उत्पादन गर्नुपऱ्यो नि,' राजकिशोर साहले कान्तिपुरसँग भने ।

धेरै उत्पादन दिने र थोरै हेरचाह र पानीमा पनि राम्रो उत्पादन हुँदा किसानहरू आफ्नो खेतमा रामविलास, सोना मन्सुलीलगायतका मोटो जातिको धानको खेती गर्न मन पराउँछन् । तर मोटो जातका धानको उपभोक्ता दिनदिनै घटै गएको छ ।

केही वर्षअघिसम्म तराईका जिल्लाहरूमा उत्पादन हुने मोटो अरवा चामल सिन्धुली, रामेछाप, उदयपुरलगायतका पहाडी जिल्लाहरूमा खपत हुन्थे अचेल ती जिल्लाहरूमा पनि आधा उसिनेको चामलको माग बढ्न थालेको चामल उत्पादक चन्देलाल साह भन्छन् ।

सुपाच्य तथा मधुमेहका रोगीहरूले समेत खान सक्ने भएकाले आधा उसिनेको भारतीय चामलप्रतिको आकर्षण बढेको चामल उत्पादकहरू बताउँछन् । भारतीय सरकारले कृषि उत्पादनमा दिने सब्सिडीका कारण त्यहाँका व्यावसायीहरू सस्तोमा चामल बिक्री गर्न सकेको उनीहरूको दाबी छ ।

'हामीले धान खरिद गर्दा अधिकतम एक सप्ताहभित्र किसानलाई भुक्तानी गर्नुपर्दछ तर भारतमा १ महिनादेखि ६ महिनाको बीचमा भुक्तानी गर्ने प्रावधान छ । भारत सरकार अधिकांश मोटो धान आफैं खरिद गर्छ । हामीलाई प्रतिस्पर्धा गर्न गाह्रो भएको छ,' श्रीराम राइस मिलका अर्का सञ्चालक ओमशंकर साहले भने ।

उसिना चामल खाने शैली

तीन दशकअघिसम्म उसिना चामल खाने चलन थियो । किसानहरू घरघरमा धान उसिनेर चामल बनाउँथे । उसिना चामल उत्पादन गर्न धनुषामा पाँच ठूला चामल मिल थिए । जसमा तीन हजार अधिक कामदारले रोजगारी पाएका थिए । यहाँको उसिना चामल भारत, बंगलादेश र चीनसम्म निर्यात हुन्थ्यो । अचेल उसिना र आधा उसिना चामल भारतबाट आपूर्ति गर्नुपर्ने बाध्यता छ ।

गिरिजा राइस मिलका सञ्चालक तथा जनकपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रमेश साहले गलत सरकारी नीतिका कारण उसिना चामल उत्पादन गर्ने मिलहरू बन्द भएको बताउँछन् । साहका अनुसार तत्कालीन सरकारले धान चामल निर्यात कम्पनी सुरु गरेपछि निजी चामल मिलहरू बन्द भएका हुन् ।

'सरकारले आफैं धान खरिद गरी चामल बिक्री गर्न थाल्यो । अनि चामल उत्पादक मिलहरूमाथि लेवी पनि लगायो । चामल उत्पादकहरू घाटामा गए अनि मिल बन्द भयो,' साहले भने ।

अर्का चामल उत्पादक चन्देप्रसाद साह उपभोक्ताहरूको खानपान शैलीमा परिवर्तन भएको बताउँछन् । साहका अनुसार पहिले उसिना चामल खाने चलन थियो । तिसको दशकमा अरवा खाने चलन बढ्यो अनि केही वर्षदेखि पुनः उसिना चामल खाने चलन बढेको छ ।

संस्थागत औद्योगिक क्षेत्रको निर्धारणबिना उसिना चामल उद्योग सञ्चालन गर्न कठिन हुने उनीहरूको दावी छ । उसिना चामल उद्योगमा अत्यधिक धूवा, धूलो र पानीको प्रयोग हुने हुँदा यस्ता उद्योग सञ्चालन गर्न औद्योगिक क्षेत्र निर्धारण गर्नुपर्ने श्रीराम राइस मिलका सञ्चालक साह भन्छन् ।

घोडाघोडीमा पर्यटक घटे

घोडाघोडी (रासस)- विश्व सिमसार क्षेत्रमा सूचीकृत कैलालीको घोडाघोडी ताल क्षेत्रमा पर्यटकको संख्यामा कमी आएको छ ।

करिब १ सय ३८ हेक्टर क्षेत्रफलमा रहेको ताल क्षेत्रको सरसफाइ तथा भौतिक संरचनाको उचित व्यवस्थापन नहुँदा पर्यटकको संख्यामा कमी आएको हो । गत वर्ष माघ मसान्तसम्म करिब ८१ हजार पर्यटक घोडाघोडी ताल क्षेत्रमा आए पनि अहिले घटेर ७२ हजार ७ सयमा सीमित भएको छ ।

महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा उक्त ताल रहे पनि उचित व्यवस्थापन हुन नसक्दा पछि पर्दै गइरहेको लम्कीचुहा नगरपालिका ४ कौवापुरका कमल ढकालले बताए । तालमा जमेका लेउ र फोहरको सरसफाइ नहुँदा ताल नै दुर्घन्धित भएको छ । कञ्चनपुरबाट घोडाघोडी ताल अवलोकन गर्न पुगेका सन्तोष घिमिरेले पनि तालमा खासै परिवर्तन नभएको गुनासो गरे । उनले भने, 'हामी स्कुल पढ्दा घोडाघोडी ताल घुम्न आउँदा पनि यस्तै लेउ र सुकेको कमलको फूलले ढाकेको थियो र अहिले पनि यस्तै फोहर नै छ ।'

पोखराबाट भ्रमणका क्रममा घोडाघोडी तालको अवलोकन गर्न आएका महेश गुरुङले पनि पर्यटकलाई लोभ्याउने कुनै नयाँ कुरा नरहेको बताए । गुरुङले गोही तथा अन्य वनस्पतिलाई असर नपर्ने गरी सरसफाइ गरी आएका पर्यटकलाई भुल्ने वातावरण मिलाउनुपर्ने सुझाव दिए ।

सुन चाँदीको भाउ (तोलामा)

छापावाल सुन	६२,६००/००
तेजावी सुन	६२,३००/००
असल चाँदी	७७५/००

नेपाल राष्ट्र बैंक

फागुन १६ गते, २०७५ (फेब्रुअरी २८, २०१९) (रूपैयाँमा)

मुद्रा	इकाई	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१०० को	१६०.००	१६०.१५
अमेरिकी डलर	१ को	११३.६६	११४.२६
युरो	१ को	१२९.५७	१३०.२५
पाउन्ड स्टर्लिङ	१ को	१५१.३७	१५२.१७
स्विस फ्रैन्क	१ को	११४.०४	११४.६४
अस्ट्रेलियन डलर	१ को	८१.४३	८१.८६
क्यानाडियन डलर	१ को	८६.५२	८६.९८
सिंगापुर डलर	१ को	८४.३५	८४.७९
जापानी येन	१० को	१०.२९	१०.३४
चिनियाँ युआन	१ को	१७.०२	१७.११
साउदी अरब रियाल	१ को	३०.३१	३०.४७
कतारी रियाल	१ को	३१.२२	३१.३८
थाई भाट	१ को	३.६२	३.६४
संयुक्त अरब इमिरेट दिराम	१ को	३०.९४	३१.११
मलेसियन रिंगिट	१ को	२७.९५	२८.१०
दक्षिण कोरियन वन	१०० को	१०.१६	१०.२२
स्विडिस क्रोनर	१ को	१२.२८	१२.३५
डेनिस क्रोनर	१ को	१७.३६	१७.४६
हङकङ डलर	१ को	१४.४८	१४.५६
कुवेती दिनार	१ को	३७४.६२	३७६.६०
बहराइन दिनार	१ को	३०१.४९	३०३.०८

यो विनिमय दरलाई बैंकले आवश्यकताअनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोकने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेवसाइट www..nrb.org.np मा उपलब्ध हुनेछ ।

कर्मचारी आवश्यकता

विगत २० वर्ष देखि उद्योग सेवा र व्यापार क्षेत्रमा काम गर्दै आएको चावहिल, काठमाडौं स्थित एक प्रतिष्ठित कम्पनि Everest Holdings Pvt. Ltd. लाई मेहनति, लगनशिल र दिर्घकाल सम्म काम गर्ने कर्मचारीहरु आवश्यक भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क राख्नुहोला ।

पद	योग्यता	तलब	संख्या
कार्यालय सहयोगी	+2 साधारण कम्प्यूटर जान्ने	आफ्नो समझदारीमा	४ जना
बजार प्रतिनिधि	+2		१० जना
सहायक बजार प्रतिनिधि	SEE/SLC		१० जना

Everest Holdings Pvt. Ltd.
Chabahil, Kathmandu
(Om Hospital पछाडि)

Contact: 9801355577
9818343381
Email: jvacancy@gmail.com

VACANCY ANNOUNCEMENT

Shakti Mineral Pvt. Ltd, the mining based company with basic motive of mineral prospecting, exploration, development and promotion announces vacancy on the following position.

Position	Requirement	Qualification & Experience	Job location
Maintenance Manager (Heavy equipment unit)	2	Mechanical engineer having bachelor degree in related field with at least 5 year experience in heavy equipment.	Kathmandu

All the Interested candidates are requested for sending us CV with latest photo within 10 days of publication date:
Email: Info@shaktimineral.com
PO Box No. 5231, Kathmandu

२१ वर्षीय 'सीडीओ'

■ **भीमबहादुर सिंह** (जाजरकोट)

भेरी नगरपालिका ४, सालघारीका सुरेश सुनार सबैभन्दा कान्छो प्रमुख जिल्ला अधिकारी (सीडीओ) बनेका छन् । विकट भूगोल र पिछडिएको दलित परिवारमा जन्मिएका सुनार २९ वर्षमै सीडीओ बनेका हुन् । उनी गत सातादेखि बझाङको प्रमुख जिल्ला अधिकारीमा कार्यरत छन् ।

जाजरकोटका दलित युवा त्यो पनि कम उमेरमै सीडीओ बनेपछि आफन्तसहित जिल्लावासीमा खुसी छाएको छ । उनी अन्य जाजरकोटी युवाको प्रेरणाको स्रोत बनेका छन् । बाँकेको सहायक प्रजिअका रूपमा कार्यरत सुनारलाई सरकारले बझाङको प्रजिअ बनाएर पठाएको हो । ६ वर्षअघि निजामती सेवा प्रवेश गरेका सुनारले मालपोत कार्यालय, नगरपालिकालगायत कार्यालयमा प्रमुख भएर सेवा गरिसकेका छन् ।

पाँच वर्षसम्म शाखा अधिकृत भएर सरकारी सेवामा कार्यरत सुनार गत वर्ष लोकसेवा आयोगको खुला परीक्षाबाट उपसचिव बनेका थिए । सुनार नेपालकै सबैभन्दा कान्छा उपसचिव हुन् ।

त्रिभुवन विश्वविद्यालयबाट मानविकी र व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण सुनारले कानुनमा समेत स्नातक तह पूरा गरेका छन् । उनी जाजरकोटमा एक परिश्रमी, लगनशील तथा अनुशासित युवाका रूपमा परिचित छन् । सुनारले त्रिभुवन आधारभूत विद्यालय रिसाङबाट १ देखि ८ कक्षाको अध्ययन पूरा गरी त्रिभुवन मावि खलंगाबाट ०६० सालमा एसएलसी उत्तीर्ण गरेका थिए ।

आर्थिक अभावमा सुविधा सम्पन्न कलेज भर्ना हुन नपाएपछि उनले जाजरकोटकै भेरी ज्ञानोदय क्याम्पसमा प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेर नायब सुब्बाबाट सरकारी जागिर छिरेका हुन् । डेढ वर्ष नायब सुब्बा जागिरको सिलसिलामै उनी लोकसेवा आयोग परीक्षा पास गरेर शाखा अधिकृत बने ।

इमान्दार, मिजासिलो, अध्ययनशील, अनुशासित र लगनशील विद्यार्थी भएकै कारण सुरेश कम उमेरमा माथिल्लो पदमा पुग्न सफल भएको त्रिभुवन

सुरेश सुनार

मावि का प्रधानाध्यापक हेरम्बबहादुर शाहले बताए । 'सुरेश तल्लो कक्षामै लगनशील विद्यार्थी थिए,' उनले भने, 'तर दलित तथा विपन्न परिवारको छोरा भएका कारण त्यसबेला उनको पढाइमा केही समस्या भएको थियो ।'

बाबु केशव सुनार र आमा जयाको कोखबाट जन्मिएका उनको विज्ञान विषय पढेर डाक्टर वा इन्जिनियर बन्ने योजना थियो । तर गरिबीका कारण सफल हुन नसकेको सुनारले बताए । नेपालगन्ज तथा काठमाडौंका कलेजमा विज्ञान पढेर डाक्टर/इन्जिनियर बन्ने धोको पूरा नभएपछि निरन्तरको लगनशीलताका कारण प्रमुख जिल्ला अधिकारी बन्न सकेको उनी बताउँछन् । 'बाआमालाई ऋणको भारी बोकाएर प्राविधिक विषय पढ्नुको औचित्य ठानिनँ,' उनले भने, 'बुवाको पनि छोरालाई डाक्टर बनाउँछु भन्ने इच्छा थियो, गरिबीका कारण उहाँ पनि सफल हुनुभएन ।' गत वर्ष निजामती सेवाको उपसचिव बनेपछि वल्ल बुवाले खुसी साट्नुभएको हो ।

आर्थिक समस्याका कारण स्नातकदेखि स्नातकोत्तर तहसम्म कलेज नगएरै उत्तीर्ण गरेको उनले बताए । आगामी दिनमा असल राष्ट्रसेवक बनेर जनविश्वासमैत्री निजामती सेवा प्रवाह गर्ने उनको लक्ष्य छ । युवा उमेर, जोस तथा जाँगरलाई सतमार्गमा लगाई दुःख गर्ने, अनुशासित बन्ने र मिहिनेत गरे अवश्य दक्ष जनशक्ति बन्न सकिने उनको बुझाइ छ ।

हिमपातले मनाङी आजित

■ **आश गुरुङ** (लमजुङ)

मनाङको नासोंदेखि चक्रीय अन्नपूर्ण पदमार्ग भएर माथिल्लो क्षेत्र जाँदै गरेका पर्यटक । भारी हिमपातले उनीहरू अघि बढ्न सकेका छैनन् । *तस्बिर : कान्तिपुर*

सधैंको हिमपातले मनाङवासी आत्तिएका छन् । हिमपातपछि एक ठाउँबाट अर्को ठाउँ जान नसक्दा स्थानीयको दैनिकी उकुसमुकुस बनेको छ । सडक तथा पदमार्ग अवरुद्ध छ ।

हावाहुरीसहितको हिमपातले काठका कापादेखि हिउँलाई घरभित्र समेत पुऱ्याउँदा स्थानीय ढोका थुनेर बस्न बाध्य छन् । माथिल्लोदेखि तल्लो क्षेत्र लमजुङ सिमाना ताल आसपाससम्म हिमपात भएको छ । लमजुङदेखि मनाङ जाने सवारी केही बीच बाटोमै रोकिएका छन् । कर्मचारी कार्यालय जान तथा आउन सकेका छैनन् । स्थानीयलाई शौचालय जानै मुस्किल छ ।

लोकप्रिय मावि चामेका प्रधानाध्यापक सुरेश थापाका अनुसार फागुन लागेपछि मनाङी सहरबाट गाउँ फर्किने समय हो । गाउँ आएर आफ्ना बालबालिका केहीले विद्यालय पठाउन थालेका छन् । तर पछिल्लो हिमपातले पठनपाठन ठप्प भएको उनले बताए । सोमबार रातिदेखिको हिमपातले तल्लो क्षेत्रसमेत हिउँमय बनेको नासों गाउँपालिका ७, ताचैकी विष्णु घलेले बताइन् । '२/३ दिन भयो हिमपात भएको । घर बाहिर निस्कने अवस्था छैन । तल्लो क्षेत्रमै यस्तो छ भने माथितिर के होला ?' उनले भनिन् ।

मनाङमा गएको माघ ८ देखि निरन्तरजसो हिमपात भइरहेको छ । यसअघि पुस २२ गतेदेखि निरन्तर हिमपात भएर ४ दिनपछि मत्थर भएको थियो । पछिल्लो समय एक सातायता कहिलेकाहीं घाम लाग्ने र मौसम बदली रहे पनि बस्ती क्षेत्रमै जम्ने गरी हिमपात भएको थिएन । त्यही बेला प्रशासन, स्थानीय तह र स्थानीयले नासों गाउँपालिकाको दानक्युदेखि चामे र चामेदेखि मनाङ डिस्याङ गाउँपालिकाको भ्राताङसम्मको सडक खुलाएका थिए । सडक खुलाएको सातापछि पुन बन्द भएको छ । हिमपातपछि चामे साथै माथिल्लो क्षेत्रमा करिब ४ फिटसम्म हिउँ जमेको स्थानीयले बताए । केही ठाउँमा यसअघिकै करिब २ फिटजति हिउँ पग्लिन बाँकी थियो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय मनाङका प्रमुख बाबुराम तिरुवाका अनुसार अब पर्यटक आगमन हुने समय हो । पर्यटक आउन थालेका छन् । पर्यटक आउने समय हिमपात भएपछि समस्या पारेको उनले बताए । 'केही पर्यटक फर्किएका छन् । केही बाटोमै रोकिए । माथि जानेसमेत बाटोमा रोकिएका छन् । फकँदै गरेकासमेत रोकिए,' उनले भने, 'बाहिर निस्किएर जानसमेत मुस्किल छ ।' उनका अनुसार गएको आइतबार माथिल्लो क्षेत्रको बाटो खुलाउने भन्दै गएका १६ व्यवसायी युवा हिमपातपछि फर्किएका छन् । 'माथिल्लो बाटो यसअघि नै बन्द थियो । मानिस जोखिम मोलेर हिँडेका थिए । अहिले त नासोंदेखि नै बन्द भयो ।'

निमित्त प्रमुख जिल्ला अधिकारी जयराज भण्डारीका अनुसार मनाङमा माघ ८ देखि निरन्तर हिमपात भइरहेको छ । २/४ दिन मौसम सफा भएका बेला साताअघि चामेदेखि तल्लो क्षेत्र र माथिल्लो क्षेत्रको भ्राताङसम्म सडक खुलाइएको थियो । सोमबार रातिदेखिको हिमपातले खुलाइएका बाटो पुरिदिएको उनले बताए । 'हिमपातले न कार्यालय जानआउन सक्नु न शौचालय जानै । भान्सामा समेत जान सकिएन,' उनले भने, 'काठको कापबाट समेत हिउँ उडेर आएको छ । घरभित्रै सेताम्य हुने अवस्था छ ।'

हिमपातपछि मनाङको मौसम अँध्यारो छ । सोलार तथा विद्युत्मा समेत समस्या आएकाले इन्टरनेट, मोबाइल, टेलिफोन चल्न सकेको छैन । अधिकांश मोबाइल टावर सञ्चालन हुन सकेका छैनन् । बुधबार दिउँसोसम्म लागेको मोबाइल फोन तथा टेलिफोन साँझपख प्रायः सबै स्विच अफ भएका छन् । हिमपातपछिको चिसोले राति माइनस २० डिग्री र बिहान माइनस १० डिग्री सेन्टिग्रेटसम्म तापक्रम झरेको भण्डारीले बताए ।

हिउँदे अन्नबालीमा क्षति

कर्णाली प्रदेश ब्युरो (सुर्खेत)

लगातारको भारी हिमपातले उच्च लेकाली क्षेत्रको जनजीवन प्रभावित बनेको छ । हिमपातका कारण हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालीकोटवासी बढी प्रभावित भएका छन् । अत्यधिक चिसो बढेपछि स्थानीयलाई घर बाहिर निस्कनै समस्या छ । पुस अन्तिमदेखि लेकाली क्षेत्रमा लगातार भारी हिमपात भइरहेको छ । पहिलेको हिउँ नबिलाउँदै फेरि थपिने क्रम बढेपछि स्थानीयलाई सास्ती भएको हो ।

हिमपातका कारण स्थानीयलाई एक गाउँबाट अर्को गाउँसम्म आउजाउ गर्न समस्या भएको छ । हवाई तथा यातायात सेवासमेत प्रभावित बनेपछि स्थानीय थप मर्कामा परेका छन् । चिसोका कारण बालबालिका र वृद्धलाई बढी समस्या भएको स्वास्थ्यकर्मीको भनाइ छ ।

जुम्ला सदरमुकाम खलंगामा दुई फिटभन्दा बढी हिउँ जमेको छ । लगातार हिमपात र वर्षाका कारण पशु चौपायालाई समेत समस्या भएको स्थानीय माया शाहीले बताइन् । उनका अनुसार हिमपातले हिउँदेबाली राम्रो फस्टाएको छ ।

हिमपातले सदरमुकाम खलंगालगायत व्यापारिक केन्द्र बन्द छन् । सरकारी तथा गैरसरकारी कार्यालयका सबै सेवा प्रभावित भएका छन् । विद्यालय खुल्न सकिरहेका छैनन् । कर्णाली राजमार्ग पनि प्रभावित छ ।

जुम्ला सदरमुकाममा बुधबार बिहान परेको हिमपात । *तस्बिर : एलपी/कान्तिपुर*

माघयता १३ पटक हिमपात

माघ लागेयता कालीकोटमा १३ औं पटक हिमपात भयो । हिमपातले जनजीवन प्रभावित बनेको छ । बुधबार विहानैदेखि सदरमुकाम मान्मसहितका बस्तीमा हिउँ पररिहेको छ । हिमपातले विद्यालय नियमित हुन सकेका छैनन् । अन्य काम पनि प्रभावित भएको छ । फागुनमा आलु लगाउनुपर्ने लेकाली भेगमा बाक्लो हिमपातपछि कृषकलाई जग्गा खनजोत गर्न पनि कठिन भएको छ । बुधबार कालीकोटका ९ वटै स्थानीय तहका मध्यवस्तीसम्म हिउँ झरेको जिल्ला प्रहरी प्रमुख विनोद शर्माले बताए । उनका अनुसार फोई, रतडा, रुरु, रुप्सा, भर्ताको थुनीलगायतमा तीन फिटभन्दा बढी हिउँ जमेको छ । लेकाली भेकमा ५ फिटसम्म हिउँ परेको छ । माघ पहिलो सातादेखिको हिमपातले गाउँमा बस्न कठिन भएको फोइमहादेवका कृषक भक्तिप्रसाद पाण्डेले बताए । उनले हिउँ परेकाले स्याउ खेती सप्रिने भएकाले धेरै दुःख नलागेको सुनाए ।

हिमपातले अन्नबाली नष्ट

मंगलबार रातिदेखि भएको हिमपातले जाजरकोटमा अन्नबाली नष्ट भएको छ । करिब १० घण्टादेखि यहाँका उच्च भूभागमा निरन्तर हिमपात भएको हो । गहुँ, जौ, तोरीलगायत अन्नबालीमा क्षति गरेको छ ।

बाक्लो हिमपातले थिचेपछि फल्न लागेको अन्नबाली भाँचिँदा नष्ट भएको स्थानीय किसान बताउँछन् । बारेकोट, कुशे, जुनीचाँदे गाउँपालिका र नलगाड नगरपालिकाको केही भूभागमा लगाएको अन्नबाली नष्ट भएको छ । लगातारको हिमपातले पाखोबारीमा लगाएको गहुँ र तोरी भाँचेर नष्ट गरेको कुशे ५ का दलबहादुर थापाले बताए । बाला निकालेर पाक्न लागेको गहुँजति हिउँले भाँच्दा नष्ट भयो ।

हिमपातका कारण छिमेकीका घरमा समेत आउजाउ गर्न नसकिने अवस्था आएको स्थानीयले जनाएका छन् । लगातारको वर्षाले यातायातका साधन नचल्दा स्थानीयको आउजाउ ठप्प भएको छ । हिमपात र वर्षाले जाडो हवात्तै बढेपछि विद्यालय बन्द छन् । हिमपात तथा वर्षातका कारण बजार र गाउँ सुनसान छन् । वर्षातका कारण खलंगामा पहिरोको जोखिम बढेको प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले बताए ।

(जाजरकोटबाट **भीमबहादुर सिंह**, कालीकोटबाट **तुलाराम पाण्डे** र जुम्लाबाट **एलपी देवकोटा**)

हार्दिक समवेदना



जन्म: २०५०/०४/२४

स्वर्गारोहण: २०७५/१०/०१

स्व. चित्रबहादुर गुरुङ (अमृत)

यस पब्लिकेसन्सको क्षेत्रीय कार्यालय भरतपुर, प्रेस विभागमा कार्यरत **चित्रबहादुर गुरुङ (अमृत)** को असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

बर्गिकृत डिस्प्ले

ज्योतिष
गुरु तिर्थराज निरौला
हस्त रेखा-विना विशेषज्ञ
पुस्तौंदेखि सेवा प्रदान गर्दै आउनुभएको गुरुबाट उद्योग व्यापार, सन्तान, वास्तु, कालसर्पयोग, ग्रहदशा, विवाह बन्धन, व्रतबन्ध, जमिन खरिद/विक्री, ज्ञात-अज्ञात समस्या, चिना, टिप्पन, हस्तरेखा जस्ता हरेक समस्याको लागि सम्पर्क गरी भाग्योदय मार्गदर्शन प्राप्त गर्नुहोला ।
दोस्रो तल्ला, सृष्टि भवन
सिद्धरणचोक, धर्मपथ
(जुद्ध सालिकको दक्षिणतर्फ न्यूरोड, काठमाडौं)
Ph: 4247792, 9851001397
सबै ठाउँबाट निराश व्यक्तिले पनि भेटेर लाभ उठाउनुहोस् ।

यौन-शक्ति
महिला तथा पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्याहरुको समाधानको लागि विश्वस्तरिय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहे नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना, हिपथाई बढाउन घटाउन
महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउन
कपाल झर्ने रोकी पुन:उमार्ने-Hair Building Fiber
सम्पर्कहोस् नेपालमरि फ्रि होम डेलिभरी छ।
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895,9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

यौन शक्ति
Not for Medicinal use
यौन कमजोरी तथा दुर्बलताको लागि विश्वविख्यात USA, Germany UK हर्बल Product हरु
जाँड-रक्सी चुरोट,ड्रग्स जस्ता अन्य कुलत थाहे नदिई छुटाउन
मोटोपन बढाउन/ घटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
महिलाको स्तन बढाउन घटाउन साथै योनी टाईट गर्ने
टेलि सेन्टर जनता बैंक अगाडी तिनकुने KFC नजिकको घर
01-4117541, 9851030269
फ्रि होम डेलीभरी 9813096097

२५ कर्मचारी अर्जेन्ट
काम: अफिस मित्रै, घरैमापनि गर्न सकिने
No Interview 100% Job
योग्यता: साधारण लेखपढ गर्न जान्ने/नजान्ने महिला/पुरुष, गृहिणी विद्यार्थी सबैले गर्न मिल्ने ।
तलब: 21,000-35,000/-
सुविधा: खाना,खाजा,बसभाडा
Time: Morning/Day/Evening/Night मा पनि गर्न सकिने ।
गोंगबुचोकैमा
9808717894, 9866455390

होलसेल मुल्यमा
कमोड - ५,५००।-
टायल (१२x१८)-७५/स्क्वयरफिट
बाथरुम सवार सेट - ५,४००।-
मैनाली विजनेस कन्सर्न प्रा.लि.
पानीपोखरी-३, काठमाडौं
०१-४००२६३०, ०१-४००२६३०,
९८५११८४७०१

यौन-शक्तिबर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE UP TO 80 YEARS.
जाँड-रक्सी
कुलत थाहे नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने, पेट धर्सा मेटाउने, चाया-पोतो हटाउने ।
हाइट बढ्ने स्टेपअप
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

सेक्युरिटी अर्जेण्ट
तालिम गरेका/नगरेका महिला पुरुष
सेक्युरिटी गार्डहरु चाहियो
तलब: १४,०००-१६,०००, डे, नाईट, खान बस्न, पार्ट टाईम, फुल टाईम जुन गरेपनि आफ्नो एरियामा पाईनेछ ।
योग्यता: साधारण लेखपढ
९८१८९१६००
९८१८५५९११८
नोट: १००% जब ग्यारेण्टी, उमेर १८-५० वर्ष
विदेश जानको लागि तालिम र प्रमाणपत्र दिईन्छ

Wanted for Gov & Private Vacancy
Inside/Outside Kathmandu Valley
Sec : Science, English, Math, EPS, Social, Account, Economics Govt. Scale+L+F
L. Sec.: All Subjects 25000+L+F
Prim : All Subjects 22000/-
Pre. Prim/Montessori Teacher 20000/-
Montessori Incharge/Aaya/Cook
Waiter/Driver
Job In Nepal
Putalisadak, Kathmandu
01-4239968, 01-4239974
9840112515, 9849585685
Email:cv.jobinnepal@gmail.com

कमर्सियल जग्गा बिक्रिमा
पुरानो बानेश्वरचोक बाट २०० मिटर पूर्व ०-१०-१-०
जग्गा बिक्रिमा ।


सम्पर्क: ९८४१८६४३३२

१५ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसमित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा: गाडीभाडा:-१००।- खाजा:-५००।-
तलब: Parttime: 24,500/-
Fulltime: 48,500/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9866446837, 9803434644

केही मार्केटिङ अफिसर चाहियो
जय सिद्धेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. कालोपुल, काठमाडौं ।
बाइकको लाइसेन्स भएकालाई प्राथमिकता । तलब/सेवा सुविधा संस्थाको नियमानुसार हुनेछ ।
सम्पर्क :
०१४४१६०६८

विक्रीमा
धुलिखेल नजिक खावामा रहेको चालु रिसोर्ट र स्वयम्भु विजेश्वरीको होटल तथा रेष्टुरेण्ट विक्रीमा
९८४०९३५५००
९८०३२२७८१०

जग्गा बिक्रीमा
होटल, रीसोर्ट, पार्क, उद्योग तथा कृषी फार्मलाई उपयुक्त झापा मे.न.पा. १५, महेन्द्र राजमार्ग बाट ३ कि.मि. दक्षिण । १५ कठ्ठा देखि १० बिघा सम्म लिन मिल्ने ।
कठ्ठाको मात्र ३ लाख
9864239504

तु: भाडामा चाहियो
एक प्रतिष्ठित कलेज सञ्चालनको लागि जावलाखेलदेखि लगनखेल सम्मको एरीयामा पर्याप्त पार्किङ सुविधा भएको १०,०००-१५,००० Sq.ft सहित २ रोपनि सम्म क्षेत्रफल भएको घर चाहियो ।
सम्पर्क:
९८४०८९४७०३

फ्ल्याट भाडामा
रिङ्गरोड ढुलो भन्याङचोकमा अफिस, बैंक तथा वित्तिय संस्थाको लागि ३ तल्ला फ्ल्याट भाडामा
सम्पर्क:
९८५१०५४३७०
९८५११५३१७४

अफिस बिक्रिमा
भनिमण्डल, एकान्तकुना
DAV कलेजनजिकै रहेको
well furnished
(Fall ceiling, almunium partition, Flooring)
अफिस बिक्रिमा
९८१३५१३२५०
९८५११९२६७७
९८०११३४८०५

आवश्यकता
स्वयम्भु, काठमाडौं स्थित एक प्रतिष्ठित Printing Press को लागि
Graphic Designer- 2 जना
Accountant - 2 जना
Marketing Officers 2 जना
(बाईकको लाइसन्स भएको हुनु पर्नेछ)
तलब : आपसी सहमतिमा ।
अनुभविलाई ग्राह्यता दिईनेछ ।
Email: davidkiran2@gmail.com
simonpress007@gmail.com
9851056344/9851069520

मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर
महाराजगञ्ज, काठमाण्डौ
यस सेन्टरको लागि केही House Officer तत्काल आवश्यक रहेकोले मिति २०७५।११।२२ सम्म आवेदन दिने तथा मिति २०७५।११।२३ मा अन्तरवार्ता हुने गरी दरखास्त आव्हान गरिएको छ ।
थप जानकारीको लागि www.mcvtc.org.np वा यस सेन्टरको सूचना पाटीमा हेर्नुहुन अनुरोध छ ।

घर बिक्रीमा
टोखा ग्राण्डी हस्पिटल ठिक अगाडी शुभ होम्स (कोलोनी) भित्र ५.५ आनामा बनेको २.५ तल्लाको डेकोरेटेड घर बिक्रीमा ।
९८५१०४७२४२

७५ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसमित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा: गाडीभाडा:-१००।- खाजा:-५००।-
तलब:25,000-50,000/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिलचोक
S.S. Nepal Pvt.Ltd.
01-4482428, 9868132690
9808568414

१० कर्मचारी आवश्यकता
भर्खरै संचालन भएको कस्मेटिक कम्पनीको लागि काम गर्न सकिने मेहेनति महिला/पुरुष चाहिएकोले तुरुन्त कार्यालयमा सम्पर्क राख्नुहोला ।
तलब: १२,०००।-फिक्स
समय: १० देखि ५ सम्म
सामाखुशीचोक
9862453132
9801173682
नोट: उपत्यका बाहिरकोलाई विशेष प्राथमिकता

WANTED
For a New Restaurant
CHEF
COOK
CAPTAIN
WAITER
HELPER
DISH WASHER
9808751075

४१ कर्मचारी अर्जेन्ट
काम: अफिस मित्रै
No Interview, 100% Job
योग्यता: Test/SLC/+2 above (साधारण लेखपढ गर्न जान्ने/नजान्ने)
तलब: Part Time : 21,500
Full Time : 37,500
समय: Morning/Day/Evening/Night
चक्रपथ, नारायण गोपालचोक
9813077113, 9840361836
SEE दिएकाले पनि गर्न मिल्ने

गाडि भाडामा चाहियो
एक प्रतिष्ठित कम्पनीको लागि भल्क्स्वागेन टिगुवान (Volkswagen Tiguan) २०१० भन्दा माथिको गाडि कम्तिमा एक बर्षको लागि भाडामा दिन ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क नम्बर
९८०१०१४८५२

रोजगारीको लागि Welding Training मा दक्ष बन्नुहोस्
सस्तो र सुलभ मूल्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षकहरु द्वारा बालाजु औद्योगीक क्षेत्र भित्र गराइने Welding र Electrician ट्रेनिङमा सहभागी हुनको लागी यथासक्य छिटो सम्पर्क गर्नुहोला ।
सम्पर्क: फोन:- ४३६२१०८
मो.: ९८५१०३०६८९

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

kantipurdaily.com

खेलकुद

आठौं राष्ट्रिय खेलकुद

दाङमा मैदान तयार

दुर्गालाल केसी र माधव अर्याल (दाङ/पाल्पा)

आठौं राष्ट्रिय खेलकुदका लागि जिल्ला-जिल्लामा संरचना निर्माण अन्तिम चरणमा पुगेका छन् । अधिकांश खेलकुद स्थल तयार भइसकेको र केही निर्माणको अन्तिम चरणमा रहेको दाङ खेलकुद विकास समितिका अध्यक्ष डिल्ली डाँगीले बताए । लमहीस्थित क्रिकेट मैदान ५५ लाख रुपैयाँमा निर्माण पूरा भएको छ ।

मैदानमा दूबो रोप्ने काम सकिएको उनले बताए । यसैगरी एथलेटिक्सका लागि तयार भइरहेको बेलभुन्डीस्थित रंगशालामा फागुन १६ देखि दूबो रोपेर २७ गतेसम्म सम्पन्न गर्ने तयारी भइरहेको उनले जानकारी दिए । 'दर्शक बस्ने प्यारापिट तयार भइसकेको छ । मैदान सम्याउने र नाली निर्माणको काम भइरहेको छ,' उनले भने, 'निर्धारित समयभित्र सम्पन्न गर्न निर्माण कम्पनीलाई निरन्तर दबाब दिइरहेका छौं । अहिलेसम्मको तयारी हेर्दा समयमा सकिन्छ ।' बेलभुन्डीको रंगशाला २४ करोडमा निर्माण भइरहेको छ ।

यसैगरी ५० लाख रुपैयाँमा घोराहीको बास्केटबल, १० लाख रुपैयाँमा घोराहीकै ब्याडमिन्टन हल र २ करोड ५० लाख रुपैयाँमा तुलसीपुरको कभर्ड हल तयार भइसकेको डाँगीले बताए । बेलभुन्डीमा करातेका लागि हल निर्माण भइरहेको र बजेट समयमा नआएर काममा अलि ढिलाइ भएको उनले बताए । 'आवश्यकताअनुसार बजेट थप पनि भइरहेको छ । तयारीमा कुनै समस्या छैन,' उनले भने, 'घोराहीको गुलरियास्थित क्रिकेट मैदानमा पनि बजेट थप भएको छ ।' सम्बन्धित स्थानीय तह र प्रशासनसँग पनि निरन्तर समन्वय गरेर काम गरिरहेकाले सहज भइरहेको डाँगीले बताए । 'मैदान निर्माण भइरहेका स्थानीय तहले पनि कामको नियमित अनुगमन गरिरहेका छन्,' उनले भने, 'प्रशासनले पनि कामको प्रगतिबारे निरन्तर जानकारी लिइरहेको छ । यसले निर्माण कम्पनीलाई पनि जवाफदेही बनाइरहेको छ ।'

जिल्लामा प्रदेशस्तरको खेलकुद प्रतियोगिताका लागि सम्पूर्ण तयारी भइसकेको डाँगीले बताए ।

आठौं राष्ट्रिय खेलकुदका लागि दाडको बेलभुन्डीमा निर्माण भइरहेको रंगशाला ।

तस्बिर : दुर्गालाल/कान्तिपुर

फागुन १६ गते प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलबाट नेपालगन्जमा उद्घाटन गरी प्रदेशको खेल सुरु हुने उनले जानकारी दिए । त्यसपछि जिल्ला तहमा सुरुआत हुने उनले बताए । घोराहीमा १७ देखि २० गतेसम्म एथलेटिक्स, १९ देखि २१ गतेसम्म तुलसीपुरमा टेबुलटेनिस, २२ देखि २४ गतेसम्म घोराहीमा बास्केटबल र १९ देखि २२ गतेसम्म घोराहीमा उसु प्रतियोगिता हुने भएको छ । राष्ट्रिय खेल चैतमा हुने र यसको मिति अझै तय नभएको उनले बताए ।

स्थान टुंगो लागेन

पाल्पामा महिला भलिवल र बुद्धिचाल (चेस) प्रतियोगिता सञ्चालन हुनेछन् । महिला भलिबल फागुन २५ देखि २८ गतेसम्म र बुद्धिचाल २७ गतेसम्म हुने तय गरिएको छ । बुद्धिचाल आयोजक जुन होटलमा बस्ने हुन्, त्यहीं प्रतियोगिता सञ्चालन गर्ने तयारी जिल्ला खेलकुद विकास समितिको छ । अध्यक्ष करुणा काफ्लेका अनुसार बुद्धिचालका लागि स्थानको समस्या हुँदैन । महिला भलिबल कहाँ सञ्चालन गर्ने टुंगो लागेको छैन । तानसेन नगरपालिकाले स्तरोन्नति कार्य अगाडि बढाएको भन्दै टुँडिखेलमा अनुमति दिएको छैन । समितिले टुँडिखेल पहिलो स्थानमा छनोट गरेको छ । वैकल्पिकका रूपमा रामपुर र दमकडालाई राखिएको उनले बताए ।

'अहिलेसम्म स्थान छनोट गर्न सकेका छैनौं,' उनले भने, 'नगरपालिकाले कार्यपालिका बैठकबाट खेलकुदलगायत अन्य मेला महोत्सव गर्न रोक लगाउने निर्णय गरेकाले टुँडिखेल अहिलेसम्म 'ओके' भएको छैन ।' नगर प्रमुख अशोककुमार शाहीले दुई साताअघि नै माग गर्दा स्थानका विषयमा टुंगो नदिएकाले दमकडा र रामपुरमा कुरा भइरहेको अध्यक्ष काफ्लेले बताए । १२ जिल्लाका महिला खेलाडी आउने छन् । उनीहरूलाई लैजान र ल्याउन समस्या हुने भएकाले टुँडिखेलका लागि अझै पनि कुरा भइरहेको उनले बताए । 'हामीले सकेसम्म टुँडिखेलका लागि प्रयास गरेका छौं,' उनले भने, 'कार्यपालिकाको निर्णय भएकाले पनि समस्या आएको छ ।' मेयर शाहीले मेला महोत्सव, धार्मिक महायज्ञलगायत खेलकुद नगर्ने निर्णय गराएकाले समस्या भएको हो । तानसेनमा राख्ने होटललगायत अन्य सुविधा हुने उनले बताए । बुद्धिचालका लागि १२ जिल्लाका १८ खेलाडी आउने र होटलमा बसेर त्यहींसमेत प्रतियोगिता गर्न सकिने उनले बताए ।

सन्दीपको कमाल

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपाली युवा स्टार सन्दीप लामिछानेले ट्वान्टी-२० मा करिअरकै उत्कृष्ट बलिङ गरेपछि पाकिस्तान सुपर लिग (पीएसएल) मा लाहोर क्वालान्दर्सले क्वेटा ग्ल्याडिएटर्समाथि ८ विकेटको जित दर्ता गरेको छ ।

टस जितेर आक्रामक सुरुआत गरेको क्वेटाको रनगति रोक्न प्रभावशाली बनेका सन्दीपले ४ ओभरमा १० रन खर्चेर ४ विकेट लिएपछि लाहोरले खेलमा पकड जमाएको थियो । इनिङको चौथो ओभरमा सन्दीपले क्वेटाका सेन वाट्सनलाई एलबीडब्लू आउट गर्दै विकेट सुरुआत गरेका थिए ।

छैटौं ओभरको पहिलो बलमा रिली रोस्सोलाई डेभिड बीसीको हातबाट क्याच आउट गराएका सन्दीपले त्यही ओभरको अन्तिम बलमा उमर अकमललाई बोल्ड गरे । आठौं ओभरमा डेनिस एइजाजलाई आउट गरेसँगै क्वेटाले खेलमा पकड गुमायो । उनी खेलको म्यान अफ द म्याचसमेत चुनिए ।

१९.१ ओभरमा सबै विकेट गुमाएको क्वेटाले १ सय ६ रन बनाएको थियो । १ सय ७ रनको लक्ष्य लाहोरले १६.३ ओभरमा २ विकेट गुमाएर भेट्टायो । लाहोरका लागि एबीडी भिलियर्सले ३८ बलमा ४७ र हयारिस सोहेलले ४२ बलमा ३३ अविजित रन बनाए । ओपनर गौहार अलीले २१ रन बनाए ।

पीएसएलमा लाहोरले छैटौं खेलमा तेस्रो जित निकाल्दा ६ अंकसहित अंकतालिकाको चौथो स्थानमा उक्लिएको छ । समान खेलबाट ८ अंकसहित क्वेटा शीर्ष स्थानमा छ ।

करााँते विवाद अन्त्यतर्फ

■ **कुशल तिमल्सिना** (काठमाडौं)

नेपाली करााँतेमा ८ वर्षदेखिको विवाद सार्थक समाधानको चरणमा अगाडि बढेको छ। युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सक्रियतामा अस्तित्वमा रहेका २ करााँते महासंघ भंग गरी तदर्थ समिति बनाइएको छ र यो समितिलाई निर्वाचन गर्न ३ महिनाको समयसीमा दिइएको छ।

बुधबार मन्त्रालयमा आयोजित समारोहमा दुवै करााँते महासंघका पदाधिकारीको उपस्थितिमा सुनसरीका शम्भुप्रसाद आचार्यको संयोजकत्वमा २१ सदस्यीय तदर्थ समिति बनाउने घोषणा गरियो। राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष तथा संघ विवाद, समस्या तथा समाधान सहजीकरण समितिका संयोजक पीताम्बर तिम्सिनाको पहलमा पुरेन्द्रविक्रम लाखे र दावा गुरुङ आआफ्नो नेतृत्वको महासंघ एकीकरण गर्न सहमत भएका हुन्।

२०६८ सालमा युवराज लामा राखेप सदस्यसचिव बनेपछि लाखे नेतृत्वको महासंघले निर्वाचन गराउन नसकेको भन्दै दावा लामाको नेतृत्वमा तदर्थ समिति बनाएसँगै करााँते विवादले उग्र रूप लिएको हो। तदर्थ समितिले करााँते महासंघको इतिहासमै पहिलो निर्वाचन सम्पन्न गरेको दावी थियो। सन् १९९४ मा हिरोसिमा एसियाडको ठीक अघि अन्तर्राष्ट्रिय करााँते फेडेरेसनको सदस्य पाएपछि नेपाल करााँते महासंघ स्थापित भएको हो।

> 'फुटबल, क्रिकेटजस्ता खेलमा विवाद भए सरकारले तत्कालै विवाद समाधानको प्रयास गर्ने थियो। अन्तर्राष्ट्रिय पदकको हिसाबमा अग्रणी करााँतेको विवाद समाधानका लागि ८ वर्षको समय लाग्यो।'

दुई महासंघको विवादमा सबैभन्दा प्रताडित खेलाडीहरू नै रहे। सन् २०१४ को इन्च्योन एसियाडमा छनोट प्रक्रियामै सहभागी नभएकी विमला तामाडलाई प्रतियोगितामा समावेश गरिएको थियो। उनले नेपालका लागि एकमात्र पदक जितेपछि विवाद छायामा पऱ्यो। २०१८ मा इन्डोनेसियामा भएको १८ औं एसियाली खेलकुदमा अन्तर्राष्ट्रिय निर्णायक छनोट भएका प्रकाशमोहन धौडेल विवादकै कारण सहभागी हुन सकेनन्। छनोट प्रक्रियाबाट योग्य बनेका राजकुमार रसाइलीले प्रतियोगिता खेल्न पाएनन्।

राखेपका सदस्य दावा गुरुङ अध्यक्ष रहेको करााँते महासंघलाई राष्ट्रिय मान्यता थियो भने राखेपका पूर्वसदस्य एवं नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष पुरेन्द्रविक्रम लाखे अध्यक्ष रहेको करााँते महासंघलाई अन्तर्राष्ट्रिय मान्यता थियो। एकीकृत २१ सदस्यीय केन्द्रीय कार्यसमितिमा गुरुङ सहअध्यक्ष तथा लाखे उपाध्यक्ष छन्।

त्यस्तै महासचिवमा हरिशरण केसी, सहमहासचिवमा ओमकृष्ण प्रसाईं, सचिवमा बीआर मित्र र श्याम शेर्पा तथा कोषाध्यक्षमा सानुलाल श्रेष्ठ छन्। छत्र आले, राजेन्द्र बराल, देव लामा, मजेन्द्र सिंह, नारायण मगर, यादव काफ्ले, ध्वजमान मोक्तान, निवासगोपाल वैद्य, ध्रुवविक्रम मल्ल, तारा वली, दुर्गा गौतम परियार, रवि महर्जन र मिङमा तामाङ सदस्यमा चयन भए। पुनर्गठित कार्यसमितिलाई समयसापेक्ष विधान संशोधन गर्नुका साथै राखेपबाट स्वीकृत गराई ३ महिनाभित्र निर्वाचन गर्न समय सीमा दिइएको छ। संशोधित विधानमा तदर्थ समितिका अध्यक्षले भने निर्वाचनमा उम्मेदवारी दिन नपाउने प्रावधान छ।

एकीकरण घोषणा कार्यक्रममा उपस्थित नेपाल ओलम्पिक कमिटीका अध्यक्ष तथा संघीय सांसद जीवनराम श्रेष्ठले विवाद समाधान गर्न नसक्दा अपेक्षित परिणाम नआएको भन्दै दुवै पक्षको त्याग र उदारताको प्रशंसा गरे।

सहजीकरण समितिका संयोजक तिम्सिनाले करााँतेको समस्या समाधान भएको र अब तेक्वान्दोको विवाद पनि चाँडै हल गर्ने बताए। सदस्य-सचिव केशवकुमार विष्टले विवाद अन्त्यले करााँतेको विकासमा ठूलो टेवा पुग्ने र एकीकरणको प्रभाव तल्लो तहसम्म महसुस हुनुपर्ने बताए।

विघटित दुवै महासंघका अध्यक्षले करााँतेले निकास पाओस् भन्ने उद्देश्यले पछि हटिएको बताए। दुवैले करााँतेको विकासमा योगदान दिन कुनै कन्जुस्याइँ नगर्ने प्रतिबद्धता जनाए।

दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत करााँतेका दोहोरो स्वर्ण विजेता एवं नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले विवादकै कारण १७ औं इन्चोन एसियाडमा करााँते खेलाडीले भोग्नुपरेको समस्याको स्मरण गर्दै व्यक्तिगत स्वार्थका लागि संस्थालाई विवादित बनाउन नहुने धारणा राखे।

खेलाडी छुँदादेखि नै करााँते विवादको कोपभाजनमा परेका दक्षिण एसियाली खेलकुद (साग) स्वर्ण विजेता दीपक श्रेष्ठले ढिलै भए पनि विवाद समाधानका लागि सरकारी प्रयासको सराहना गरेका छन्।

'फुटबल, क्रिकेटजस्ता खेलमा विवाद भए सरकारले तत्कालै विवाद समाधानको प्रयास गर्ने थियो। अन्तर्राष्ट्रिय पदकको हिसाबमा अग्रणी करााँतेको विवाद समाधानका लागि ८ वर्षको समय लाग्यो,' राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्षसमेत रहेका श्रेष्ठले भने, 'सुरुदेखि नै सरकारी पहल भइदिए हुन्थ्यो भन्ने लागेको थियो। ढिलै भए पनि राम्रो भएको छ र सकारात्मक नतिजाको अपेक्षा छ।'

पूर्वखेलाडी तथा वर्तमान प्रशिक्षक श्रेष्ठले सरकारको प्राथमिकताको आधारमा ३ महिनाभित्र विवाद पूर्ण समाधान हुनेमा विश्वस्त रहेको बताए। 'विवादकै कारण अन्तर्राष्ट्रियस्तरमा हामी बदनाम भएका छौं, खेलको स्तर खस्किएको छ। अबको नयाँ नेतृत्वमा जो आए पनि अन्तर्राष्ट्रियस्तरमा पुनरागमन गराउने योजनासहित आउनुपर्छ र उसैले जित्नुपर्छ,' श्रेष्ठले भने। पुस १८ गते सहजीकरण समिति गठन भएयता करााँतेसहित ३ खेल संघको एकीकरण भएको छ। यसअघि माघ ९ गते जिम्न्यास्टिक तथा फागुन १२ गते मोडर्न पेन्टाथलन संघको एकीकरण भएको थियो।

नेपाल करााँते महासंघ एकीकरण घोषणापछि दावा गुरुङ (बायाँ) र पुरेन्द्रविक्रम लाखे। साथमा एकीकृत करााँते महासंघका अध्यक्ष शम्भुप्रसाद आचार्य (बीच)। *तस्बिर सौजन्य : राखेप*

ह्याट्रिक विकेटको खेलो

फाइल तस्बिर

नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेटमा ह्याट्रिक लिएका महिला खेलाडीहरू दायाँबाट रुविना क्षत्री, करुणा भण्डारी र सबनम राई।

■ **विनोद पाण्डे** (काठमाडौं)

रुविना क्षत्री अन्तर्राष्ट्रिय क्रिकेटमा दुईपटक ह्याट्रिक विकेट लिने नेपालको पहिलो महिला खेलाडी बनेकी छन्। आईसीसी वुमन्स ट्वान्टी-२० एसिया क्षेत्र छनोटमा कुवेतविरुद्ध अन्तिम ३ विकेट लिँदै रुविनाले अन्तर्राष्ट्रिय क्रिकेटमा दोस्रोपटक ह्याट्रिक विकेट लिएकी हुन्।

ट्वान्टी-२० अन्तर्राष्ट्रियमा नेपाली महिला खेलाडीको पहिलो ह्याट्रिक विकेट लिनेक्रममा कप्तान रुविनाले बैंककस्थित एआईटी मैदानमा खेलको अन्तिम तीन बलमा लगातार तीन विकेट लिएकी थिइन्। उनको प्रयासमा कुवेतलाई ८६-९ को स्कोरमा रोक्दै नेपालले खेल ३० रनले जित्यो।

रुविनाले आउट गरेका खादिजा खलिल, मदिहा जुबेरी, जिफा जिलानी सबै खेलाडी बोल्ड भएका थिए। रुविनाले पहिलो ह्याट्रिक २००९ मा मलेसियामा सिंगापुरविरुद्ध लिएकी थिइन्। त्यो नेपाली महिला खेलाडीको पहिलो ह्याट्रिक विकेट पनि थियो। संयोग के थियो भने रुविनाले पहिलो ह्याट्रिक पनि अन्तिम ओभरमा लिएकी थिइन्। रुविनाले सो खेलमा अन्तिम ओभरमा ह्याट्रिकसहित ५ विकेट लिएकी थिइन्।

रुविनाले आफ्नो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामै सनसनी मच्चाएकी थिइन्। नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेटमा ह्याट्रिक विकेट लिएका अर्का दुई महिला खेलाडीले पनि यो सफलता आफ्नो पहिलो प्रतियोगितामै गरेका थिए। करुणा भण्डारी र सबनम राई ह्याट्रिक विकेट लिने अर्का दुई महिला खेलाडी हुन्।

करुणाले २०११ मा कुवेतमा थाइल्यान्डविरुद्ध तेस्रो स्थानको प्लेअफमा तथा सबनमले २०१७ मा थाइल्यान्डमा चीनविरुद्ध ह्याट्रिक विकेट लिएका थिए। कुवेत सिटीको केइसी मैदानमा करुणाले १६ औं ओभरमा लगातार तीन विकेट लिएपछि दुई वाइड फाल्न पुगेकी थिइन्। त्यसपछिको अर्को बलमा विकेट लिएर उनले विकेट लिनेक्रमलाई निरन्तरता दिएकी थिइन्। आफ्ले खेलेको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामै उनले सो कमाल देखाएकी थिइन्।

सबनमले पनि 'डेब्यु' प्रतियोगितामै ह्याट्रिक विकेटको स्वाद चाखेकी थिइन्। रुविनाले बुधबार ह्याट्रिक विकेट लिएको बैंककस्थित एआईटी मैदानमा सबनमले चीनविरुद्ध लगातार तीन विकेट लिएकी थिइन्। रुविनाको बुधबारको सफलतामा सबै खेलाडी बोल्ड भएका थिए भने सबनमले त्यही मैदानमा लगातार तीन विकेट लिँदा सबै खेलाडी एलबीडब्लूको सिकार भएका थिए। नेपालले खेलेको पछिल्लो दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा सबनम राष्ट्रिय टोलीमा छैनन्।

नेपालबाट पुरुषतर्फ शक्ति गौचनले विश्व ट्वान्टी-२० छनोटमा डेनमार्कविरुद्ध ह्याट्रिक विकेट लिएका छन्। त्यस्तै यू-१९ मा अविनाश कर्णले पनि लगातार तीन विकेट लिएका छन्।

महिला क्रिकेटमा नेपाली खेलाडीको ह्याट्रिक विकेट

खेलाडी	कहिले	कहाँ	विरुद्ध
रुविना क्षत्री	२००९	मलेसिया	सिंगापुर
करुणा भण्डारी	२०११	कुवेत	थाइल्यान्ड
सबनम राई	२०१७	थाइल्यान्ड	चीन
रुविना क्षत्री	२०१९	थाइल्यान्ड	कुवेत

छनोटबाट नेपाल बाहिर

कान्तिपुर संवाददाता (काठमाडौं)

अन्तिम खेलमा कुवेतलाई ३० रनले पराजित गरे पनि नेपाली महिला क्रिकेट टोली ट्वान्टी-२० र एकदिवसीय विश्वकप छनोटको अर्को चरणमा पुग्न असफल भएको छ।

थाइल्यान्डमा सम्पन्न महिला विश्वकप एसियाली छनोटमार्फत घरेलु टोलीले ग्लोबल छनोटमा स्थान बनाएको छ। ७ टोली सम्मिलित प्रतियोगितामा अपराजित रहँदै थाइल्यान्डले अर्को चरणमा स्थान बनायो। उसले अन्तिम खेलमा बुधबार यूएईलाई ५० रनले हराएको हो।

थाइल्यान्डलाई मुख्य प्रतिस्पर्धी मानेर तयारी गरेको नेपाली टोलीले उसकै चुनौतीको सामना गर्न सकेन। राउन्ड रोबिन लिगमा खेलाइएको प्रतियोगितामा नेपालले ५ खेल जित्यो तर थाइल्यान्डसँग ५४ रनले पराजित भयो।

ग्लोबल छनोटमा थाइल्यान्डले अफ्रिका, ओसियाना, युरोप र अमेरिकी क्षेत्रबाट छानिएका टोलीहरूबीच सन् २०२० को ट्वान्टी-२० महिला विश्वकप र सन् २०२१ को एकदिवसीय महिला विश्वकप प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ।

अन्तिम खेलमा बुधबार इनिङको अन्त्यतिर नेपाली कप्तान रुविना क्षत्रीले ट्वान्टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो ह्याट्रिक गरेपछि १ सय १७ रनको लक्ष्य पछ्याएको कुवेतले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८६ रनमात्र बनाउन सक्यो।

सुरुआती ५ खेलमा पराजय बेहोरेको कुवेतले दबाबरहित खेल प्रदर्शन गर्दै राम्रो सुरुआत गरेको थियो। उसका शीर्षक्रमका तीन ब्याट्सवुमनहरू प्रियादा मुरलीले १४, सबरिन जाकीले १२ र कप्तान मार्याम ओमारले २९ रन बनाए। मारियाम्मा हैदरले अविजित १२ रन बनाए पनि बाँकी खेलाडी लामो समय क्रिजमा टिक्न सकेनन्।

अन्तिम ओभरको अन्तिम तीन बलमा कप्तान रुविना क्षत्रीले ह्याट्रिक विकेट लिइन्। करुणा भण्डारीले पनि ३ विकेट लिइन्। नेरी थापा र कविता कुँवरले १-१ विकेट बाँडे।

यसअघि एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ओभरमा ७ विकेट गुमाएर १ सय १६ रनको योगफल तयार गरेको थियो। बिन्दु रावलले छैठौं विकेटका लागि नेरी थापासँग मिलेर ३७ रन र कप्तान रुविनासँग मिलेर ३३ रनको साझेदारी गरेपछि कमजोर सुरुआत गरेको नेपालले सम्मानित रन योगफल बनाएको हो।

ओपनर काजल श्रेष्ठले १८ रन प्रहार गरे पनि सीता रानामगर खाता

> राउन्ड रोबिन लिगमा खेलाइएको प्रतियोगितामा नेपालले ५ खेल जित्यो तर थाइल्यान्डसँग ५४ रनले पराजित भयो

नखोली आउट भइन्। इन्दु बर्मा र रोमा थापाले समान ७ रन तथा सरिता मगर शून्यमै आउट भएपछि नेपालले ४६ रनमा ५ विकेट गुमाइसकेको थियो।

नेरी थापाले १९ बलमा १९ रन बनाउँदा इनिङको अन्तिम बलमा आउट भएकी कप्तान रुविनाले १३ बलमा ३ चौकाको सहयोगमा विस्फोटक २२ रनको इनिङ्स खेलिन्। ४९ बलको सामना गरेकी बिन्दुले १ चौकासहित सर्वाधिक २८ रनको योगदान दिइन्। बलिङतर्फ कुवेतकी मार्याम ओमार र प्रियादा मुरलीले २-२ विकेट लिए।

अलराउन्ड प्रदर्शन गरेकी कप्तान रुविना खेलको प्लेयर अफ द म्याच बनिन्।

थ्रीस्टार फाइनलमा

■ **दीपक परियार** (लेखनाथ)

गत वर्षको साखलाई कायम राख्दै रुस्लान थ्रीस्टार क्लब १७ औं आहा-रारा गोल्डकपको फाइनल प्रवेश गरेको छ। पोखरा रंगशालामा बुधबार एपीएफलाई पेनाल्टी सुटआउटमा ४-२ ले हराउँदै थ्रीस्टारले उपाधिमा दाबेदारी प्रस्तुत गरेको हो।

बिहानैदेखि परेको झरीले मैदान हिलाम्य थियो। सिमसिमे पानीमा रुझदै खेलाडी खेल्न तयार भए। निर्धारित समयमा दुवै टिमबाट गोल हुन सकेन। मैदान र मौसम प्रतिकूलताले दुवै टिमलाई समय नथपी सिधै पेनाल्टी सुटआउटमा जाने सहमतिमा ल्यायो। दुई हप्ताअघि मनकामना केबुलकार पोखरा कपको फाइनल पुगेको एपीएफ आहा-रारामा सडनडेथको सहायतामा सेमिफाइनलसम्म पुगेको थियो। बुधबारको खेलमा भने एपीएफ अभागी ठहरियो। दुई पेनाल्टी चुकायो।

सुटआउटमा थ्रीस्टारका रञ्जित धिमालले पहिलो गोल गरे। उनीपछि आएका एपीएफका सुदीप सिखाकार गोल गर्नबाट चुके। उनको प्रहार क्रसबारमा ठोक्किएर आउट भयो। थ्रीस्टारबाट दोस्रो पेनाल्टी प्रहार गरेका बुद्धराज लिम्बूको प्रहारलाई विपक्षी गोलकिपर रोमन रसाइलीले बचाए। उनलाई प्रशिक्षक रत्नकाजी महर्जनले वैकल्पिक गोलकिपरका रूपमा मैदान प्रवेश गराएका थिए। पेनाल्टी रोक्ने विशेषता भएका उनको बचाउले एपीएफको आशा जीवित रहयो।

थ्रीस्टारका रुपेश केसी (नीलो) लाई रोक्न खोज्दै एपीएफका रामकुमार कुमाल। *तस्बिर : दीपक/कान्तिपुर*

थ्रीस्टारका सुनील बल र एपीएफका आशिष लामाले आफ्नो टिमका लागि गोल गरे। थ्रीस्टारका रुपेश केसी र एपीएफका सन्तोष कटुवालले लगालग गोल गरे। एपीएफका बिक्की लामाको प्रहार बाहिरिएपछि भने थ्रीस्टार जितनजिक पुग्यो। बराबरी बनाउन अन्तिममा आएका थ्रीस्टारका अनन्त तामाङको प्रहार रोक्नैपर्ने दबाब एपीएफका गोलकिपरले झेल्न सकेनन्। तामाङकै गोलले खेल थ्रीस्टारको पक्षमा पऱ्यो।

कम दर्शक, मौसम र मैदान प्रतिकूलताले सोचेजस्तो खेल दुवै टिमले प्रदर्शन गर्न सकेनन्। गोलका निकै कम अवसर सिर्जना भए। खेलको १४ औं मिनेटमा थ्रीस्टारका सुनील बलको क्रसलाई अजय मार्टिन्सले टच गर्न सकेनन्। विपक्षी डिफेन्डरले बल क्लियर गरे। रुपेश केसीको पावर सट एपीएफका गोलकिपरले पञ्च गर्दै बचाए। दोस्रो हाफमा एपीएफले खेलमा तुलनात्मक सुधार ल्याएर प्रतिस्पर्धात्मक रूपमा उत्रियो। खेलको ६० औं मिनेटमा आशिष तामाङको प्रहारलाई थ्रीस्टारका गोलकिपर एलन न्यौपानेले पञ्च गरेर बचाए। उनले प्रदीप लामाले कर्नरबाट मिलाएको पासलाई सदुपयोग गर्दै उक्त प्रहार गरेका थिए। खेलमा थ्रीस्टारका अनन्त तामाङ म्यान अफ द म्याच भए।

थ्रीस्टार गत वर्ष पनि आहा-रारको फाइनल प्रवेश गरेर पुलिससँग पराजित भएको थियो। उसले पाँचौं, नवौं, ११ औं र १३ औं संस्करणको उपाधि आफ्नो नाममा बनाएको छ। जारी सिजनमा यसअघि ६ प्रतियोगितामध्ये ३ मा फाइनलसम्म पुगे पनि थ्रीस्टारले उपाधि जित्न सकेको छैन। उसले बिहीबार हुने त्रिभुवन आर्मी र डफिन्स एफसीबीच हुने खेलको विजयी टिमसँग शनिवार फाइनल खेल्नेछ।

झापा गोल्डकपको तयारी अन्तिम चरणमा

■ **अर्जुन राजवंशी** (बिर्तामोड, झापा)

चौथो संस्करणको झापा गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको छ। गोल्डकप फागुन १८ देखि २७ गतेसम्म चल्नेछ। गोल्डकपका लागि अहिले प्रचारप्रसार, मैदान, प्याराफिट निर्माण, विभिन्न संघसंस्था, जनप्रतिनिधिसँगको छलफललगायत कार्यहरू अन्तिम चरणमा पुगेको आयोजक झापा गोल्डकपका अध्यक्ष महेन्द्र गिरीले जानकारी दिए।

गोल्डकपमा 'ए' डिभिजनका ६ सहित १० टिमको सहभागिता रहनेछ। गिरीका अनुसार मनाङमस्र्याङ्दी क्लब, थ्रीस्टार क्लब, विभागीय टिमहरू त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, आयोजक झापा ११, सहारा क्लब पोखरा, मोरङ ११, हडकङ नेप्लिज एकेडेमी र रूपन्देही ११ को सहभागिता रहनेछ। गोल्डकप डोमालाल राजवंशी रंगशालामा सञ्चालन हुनेछ।

गोल्डकपको विजेताले यो वर्ष १२ लाख ५५ हजार तथा उपविजेताले ६ लाख ५ हजार रुपैयाँ पुरस्कार पाउने छन्। प्रत्येक दिनको म्यान अफ द म्याचलाई नगद ११ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए। गोल्डकपमा सर्वोत्कृष्ट एकजना खेलाडीलाई मोटरसाइकल प्रदान गरिनेछ। अन्य उत्कृष्ट किपर, फर्वाड, डिफेन्डरलगायतका खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिने गुरुङले बताए।

झापा गोल्डकपका लागि बिर्तामोड नगरपालिका ३ स्थित डोमालाल राजवंशी रंगशालामा प्यारापिट निर्माण गरिँदै। *तस्बिर : अर्जुन/कान्तिपुर*

प्रतियोगिताका लागि १ करोड ५० लाख रुपैयाँ उठाउने गिरीले बताए। 'अहिलेसम्म करिब ८० लाख रुपैयाँ उठिसकेको छ। प्रतियोगिता सम्पन्न गर्दासम्म डेढ करोड उठाउने लक्ष्य छ,' गिरीले भने, 'यसमध्ये प्रतियोगिता सम्पन्न गर्न एक करोड खर्च हुन्छ। ५० लाख रुपैयाँ बचत गर्ने लक्ष्य राखेका छौं।'

दैनिक ८ हजार क्षमताको प्यारापिट निर्माण गरेको उनले बताए। मैदानलाई यो वर्ष पनि आकर्षक र खेलका लागि उत्कृष्ट बनाउने कार्य गरेको गिरीले बताए। दर्शकका लागि यो वर्ष अनलाइन टिकट सेवा उपलब्ध गराइनेछ। करिब ६० हजार दर्शकले प्रतियोगितामा अवलोकन गर्ने आयोजक समितिको अनुमान छ। गोल्डकपका लागि पाँच दर्जन बढी कर्पोरेट हाउस तथा संघसंस्थाले आर्थिक सहयोगको प्रतिबद्धता व्यक्त गरेको गिरीले बताए। गोल्डकपमा सहआयोजकमा बिर्तामोड नगरपालिका र जिल्ला खेलकुद विकास समिति रहेका छन्।

जिल्लामा फुटबल खेलको विकास र झापा ११ लाई व्यावसायिक फुटबलमा अगाडि बढाउन झापा गोल्डकप आयोजक समितिले एक करोडको अक्षयकोष स्थापना गर्ने अभियान अघि बढाएको छ। तीन संस्करणको प्रतियोगिताबाट कोषमा ६० लाख रुपैयाँ जम्मा गरिसकेको गिरीले जानकारी दिए। गोल्डकप समितिले झापा ११ का १० जना खेलाडीलाई अनुबन्धनसमेत गरेको छ। समितिले झापा ११ का लागि प्रशिक्षकमा प्रवेश कटुवाल र युगलकिशोर राईलाई पनि अनुबन्धन गरेको छ।

लेस्टरमा रोजर्सको स्वागत

लन्डन (एएफपी)- लेस्टर सिटीले ब्राइटनलाई २-१ ले हराएर मंगलबार नयाँ व्यवस्थापक ब्रेन्डन रोजर्सको स्वागत गरेको छ। त्यस्तै न्युकासलले बर्नलीलाई पराजित गर्दै प्रिमियर लिगमा रेलिगेसनको डर पर साऱ्यो।

किङ पावर रंगशालामा खेल हुनुपूर्व लेस्टरमा रोजर्सले क्लाउडे पुयोलको स्थान लिएका हुन्। लगातार तेस्रोपल्ट तीन घरेलु उपाधि हात पारेपछि सेल्टिक छाडेर लेस्टर रोजेका उनले प्यारापिटमा रहेर खेल हेरेका थिए। उत्तरी आइरिसका उनले आफ्नो टिम योग्य भएको हेरेका थिए। लेस्टरको जितमा डेमराई ग्रे र जेमी भार्डीले गोल गरे। डेभी प्रोपरले अन्त्यतिर ब्राइटनका लागि सान्त्वना गोल गरे।

'नयाँ व्यवस्थापकबारे मैले खेलाडीहरूलाई जानकारी दिँदै खेलमा केन्द्रित हुन भनेको थिएँ। उनले खेलाडीहरूलाई उत्साहित बनाउने छन्। उनी सुरुआत गर्न उत्साहित पनि छन्,' रोजर्सबारे लेस्टरका कार्यवाहक व्यवस्थापक माइक स्टोवेलले भने, 'यो सिजन मैदानभित्र र बाहिर कठिन भयो। मेरो विचारमा सातौं हुने क्षमता हामीसँग छ। आजको जितले चार हारको शृंखलालाई तोडेको छ। अब थप राम्रो हुने आशा छ।'

सात खेलयता जितविहीन रहेको ब्राइटन रेलिगेसन क्षेत्रमा रहेको छ। अर्कोतर्फ न्युकासलले कीर्तिमान मूल्यमा अनुबन्धित मिगुएल आल्मिरोनबाट प्रेरित खेलमा बर्नलीलाई २-० ले हरायो। यससँगै बर्नलीको आठ खेलको अपराजित यात्रामा पनि पूर्णविराम लाग्यो।

गण्डकी बोर्डिङ स्कुल
(क्षेत्रीय विद्यालय) लामाचौर, पोखरा ०६१-४४०३९८
यस विद्यालयमा शैक्षिक सत्र २०७६ का लागि लिइने **कक्षा ४ को प्रवेश परीक्षा मिति २०७५ चैत्र २ गते शनिवार** हुने जानकारी गराइन्छ। विस्तृत जानकारीका लागि विद्यालयको Website: gbs.edu.np हेर्नुहुन वा विद्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।
प्राचार्य

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : नारायण वाग्ले

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० विराटनगर | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुडको फुडलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्यै नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*

"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

गजब छ बा !

- अविन -

सभामुखज्यू ? हुनुहुन्न त ! हवाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

एक घर एक धारा

मोरङ (कास)- जमिनमुनि पानीको सतह तल भासिँदै गएकाले स्यालो ट्युबेल सुक्न थालेपछि ग्रामीण क्षेत्रका बासिन्दालाई शुद्ध र स्वच्छ खानेपानीका लागि एक घर एक धाराको नीति लिइएको छ। ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले यस्तो नीति लिएको हो।

सहयोगी संस्था र उपभोक्ता समितिसँग बुधबार विराटनगरमा आयोजित समीक्षा तथा भावी कार्यदिशा विषयक अन्तर्क्रियामा समितिका कार्यकारी निर्देशक लीलाप्रसाद पौडेलले स्यालो ट्युबेल विस्थापित गर्ने बताए। बर्सेनि जमिनमुनि पानीको सतह तल भासिँदै जाँदा जडान गरेको १/२ वर्षमै स्यालो ट्युबेल सुक्ने गरेकाले एक घर एक धाराको नीति लिएको उनले बताएका हुन्। उनले स्यालो ट्युबेलको पानीमा आइरन, आर्सेनिकलगायतका तत्त्वहरूसमेत रहने गरेकाले उपभोक्तालाई शुद्ध खानेपानी उपभोग गर्न समस्या रहेको सुनाए।

समितिले विश्व बैंकको सहयोगमा दसौं चरणमा 'ग्रामीण खानेपानी तथा सरसफाइ सुधार योजना' अन्तर्गत ८ सय ५४ आयोजनना निर्माण गरी ८ लाख १० हजार जनसंख्यालाई शुद्ध खानेपानी पुऱ्याउने लक्ष्य लिएको छ। समितिले ९ अर्बको लागतमा दसौं चरण २०७० बाट सुरु भई २०७६ मा ५४ जिल्लामा खानेपानी आयोजना निर्माण गर्ने लक्ष्य लिएको छ। 'दसौं चरणको योजनाअन्तर्गत सुरुमा छनोट गरिएको ५ सय ३७ आयोजनामध्ये १ सय १० वटा स्यालो ट्युबेल आयोजना निर्माण गर्ने लक्ष्य थियो,' निर्देशक पौडेलले भने, 'स्यालो ट्युबेल सुक्न थालेपछि २९ वटा मात्रै निर्माण गर्ने निर्णय लिएका छौं।' स्यालो ट्युबेल प्रतिस्थापन गर्ने नीति लिएपछि १ सय २१ वटा ओभरहेड ट्यांकीमा ८१ वटा थप भएको उनले बताए।

ट्यांकी निर्माणको मापदण्डमा पनि सुधार गरिएको उनले सुनाए। यसअघि एक भाग सिमेन्टमा २ भाग बालुवा र ४ भाग गिट्टी मिसाएर निर्माण गरिँदै आएको ओभरहेड टैंकमा अब १ भाग सिमेन्टमा डेढ भाग बालुवा र ३ भाग गिट्टी मात्रै मिसाउने मापदण्ड तोकिएको पौडेलको भनाइ थियो। 'सरकारले २०७५ असार २० गतेको मन्त्रि-परिषद् निर्णयले ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति विघटन गरेपछि दसौं चरणका योजनाहरू अलपत्र रहेका थिए,' उनले भने, 'सरकारले यही पुस १३ गतेको मन्त्रिपरिषद्को निर्णयले पुनःस्थापना गरेपछि पुनः आयोजनाहरूको सम्झौता नवीकरण लगायतको काम सुरु गरेका छौं।' निर्माणाधीन ५ सय ३७ आयोजनामध्ये १ सय ५५ वटा सम्पन्न भएर उपभोक्ताले शुद्ध पानी उपभोग गर्न सुरु गरिसकेको पौडेलले बताए।

- स्यालो ट्युबेल विस्थापित गरिने
- जमिनमुनि पानीको सतह तल भासिँदै

'तराईका जिल्लामा ९५ वटा ओभरहेड ट्यांकी निर्माण गर्न समितिले स्विकृति प्रदान गरिसकेको छ,' उनले भने, 'उक्त आयोजनाहरूमा डिप बोरिङ जडानको काम सकिएको छ।'

ग्रामीण क्षेत्रका बासिन्दालाई शुद्ध खानेपानी पुऱ्याउनका लागि दसौं चरणमा सञ्चालित ग्रामीण खानेपानी तथा सरसफाइ सुधार योजना ९ अर्ब लागतको छ। जसमा विश्व बैंकले ५ अर्ब ऋण सहयोग, २ अर्ब २० करोड अनुदान, १ अर्ब सरकारी अनुदान र बाँकी उपभोक्ता समितिले जनसहभागिता गर्नुपर्नेछ। विकास समितिका सदस्य सञ्जीव यादवले ग्रामीण क्षेत्रका जनतालाई शुद्ध खानेपानी पुऱ्याउनुका साथै उपभोग गर्न सिकाउने लक्ष्य रहेको बताए। 'विकास समिति पुनःस्थापना भइसकेकाले अब तलदेखि माथिसम्मका सबै मिलेर समयमा आयोजनाहरूको निर्माण सम्पन्न गर्न लाग्नुपर्छ,' उनले भने, 'आयोजना निर्माणमा आएका नीतिगत समस्याको समाधान विकास समितिले गर्छ तर कार्यान्वयन सहयोगी संस्था र उपभोक्ता समितिले गर्नुपर्छ।'

अर्का समिति सदस्य सहदेव बोगटीले १० औं चरणका आयोजना २०७६ सम्ममा सम्पन्न गर्न सहयोगी संस्था र उपभोक्ता समितिलाई रातदिन काम गरेर भए पनि सम्पन्न गर्न आग्रह गरे। 'समयमा आयोजना सम्पन्न नभए ग्रामीण क्षेत्रका उपभोक्ता शुद्ध खानेपानी उपभोग गर्नबाट वञ्चित हुनुका साथै दातृ संस्थाको समेत विश्वास गुम्छ,' उनले भने, 'त्यसैले आयोजनाहरू समयमा सम्पन्न गर्नका लागि सबैलाई आग्रह छ।'

किमाथांका भन्सार सदरमुकाममा

चीनको सीमावर्ती संखुवासभाको किमाथांका बजार। तस्विर : दीपेन्द्र शाक्य/कान्तिपुर

कान्तिपुर संवाददाता (संखुवासभा)

सीमावर्ती किमाथांकामा हुनुपर्ने भन्सार कार्यालय सदरमुकाम खाँदबारीमा सञ्चालन गरिएको छ। द्वन्द्वको बेला सदरमुकाम आएको भन्सार कार्यालय त्यसपछि नफर्किएको हो।

भोटखोलाका स्थानीय भन्सार शुल्क बुझाउन कम्तीमा ६ दिन हिँडेर खाँदबारी आइपुग्न बाध्य छन्। नाकामा सीमा भन्सार स्थापना नहुँदा सेवाग्राहीले सास्ती पाएका हुन्। छिमेकी देश चीनबाट आयात गरेको सामानको भन्सार तिर्न पैदल ६ दिनको यात्रा गर्नुपरेको स्थानीयको भनाइ छ। किमाथांका सीमा भन्सार कार्यालय सदरमुकाम खाँदबारीमै बसेपछि भन्सार तिर्न ६ दिनको पैदल यात्रा गरेर सदरमुकाम आउनु परेको स्थानीय दावा भोटेले बताए। 'किमाथांका नाकामा भन्सार कार्यालय पुनःस्थापना हुन सकेन, उनले भने, 'पाउनु सास्ति पायौ। कतिपटक भन्ने, भन्दा भन्दा थाकिसक्यौं।'

सामान्य वस्तुको भन्सार तिर्न स्थानीयले सास्ती बेहोरिरहेका छन्। छिमेकी देश चीनबाट आयात गरेका सामग्रीको भन्सार शुल्क बुझाउन ६ दिनको यात्रा गरेर खाँदबारी पुग्नुपर्ने अवस्था रहेको भोटखोला गाउँपालिका अध्यक्ष तेम्बा भोटेले जानकारी दिए। गाउँपालिका अध्यक्ष भोटेले भने 'आयात गर्ने सामानको भन्सार बुझाउन खाँदबारी आउँदा/जाँदा एक जनाको १५ हजारभन्दा बढी खर्च हुन्छ, केन्द्रसम्म भन्सार किमाथांकामा लैजानुपर्छ भनेर गयौं, कसैले सुनेनन्, सबैले कानमा तेल हालेर बसे।'

द्वन्द्वका बेला सदरमुकाम आएको भन्सार कार्यालय त्यसपछि फर्किएको छैन

छिमेकी देश चीनबाट आयात गरेको सामानको भन्सार तिर्न पैदल ६ दिनको यात्रा गर्नुपर्ने अवस्था

भोटखोला गाउँपालिकाका बासिन्दाको माग भनेकै यहींमात्र हो। किमाथांका नाकाबाट चौपाया, खाद्यान्न, दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, इलेक्ट्रोनिक, जडीबुटीलगायत सामान आयात निर्यात हुने गरेको छ। सबैभन्दा बढी मात्रामा चौरीको पुच्छर ८० प्रतिशत आयात हुने गरेको किमाथांका सीमा भन्सारका प्रमुख पराशर दाहालले जानकारी दिए। 'नेपालबाट चिराइतोलगायत जडीबुटी चीनतर्फ निर्यात हुने गरेको छ, उनले भने, पछिल्लो समय ४ हजार ८ सय किलो चिराइतो निर्यातबापतको राजस्व प्राप्त भएको छ। दुर्गम भोटखोलाको किमाथांका, चेपुवा, हटिया, च्याम्ताङ, चेपुवा, रिदाक, थुदामलगायत क्षेत्रका बासिन्दाले दैनिक उपभोग्य वस्तुका लागि चीनको भर पर्नुपरेको छ।

भन्सार कार्यालय पुनःस्थापना गरी प्रज्ञापनपत्र सीमा क्षेत्रबाटै दिलाउनुपर्ने भोटखोलाबासीको पटक-पटक माग गरे पनि सुनुवाइ नभएको गाउँपालिका अध्यक्ष भोटेले दुःख व्यक्त गरे। राजस्व सदरमुकाममा बुझाए पनि प्रज्ञापनपत्र भने सीमामै उपलब्ध गराए केही राहत पुग्ने भोटखोला-३ का छिरिङ भोटेको भनाइ छ। 'जतिसक्दो चाँडो भन्सार कार्यालय सीमामै स्थापना हुनुपऱ्यो, उनले भने, तत्काल भन्सार लैजान नसके पनि अस्थायी रूपमा त्यहींबाट प्रज्ञापनपत्र दिने व्यवस्था गरिनुपर्छ।' भन्सार नतिरी सामान आयात-निर्यात गर्दा प्रहरीले पक्राउ गर्ने उनको भनाइ छ।

प्रहरीले पहिला भन्सार काटेको छ/छैन हेरेपछि मात्र सामान सदरमुकाम ल्याउन पाइन्छ। भोटखोलाका ६ हजार बढी तिब्बतको बजारमा निर्भर छन्। उनीहरूले दैनिक उपभोग्य सामग्री उतैबाट ल्याउनुपर्छ।

'नेपालमा बनेका सामग्री किमाथांका पुग्दैनन्। उतैबाट ल्याउँदा ढुवानीमा सस्तो हुन्छ,' गाउँप्रमुख भोटेले भने, 'सदरमुकामबाट लगेको सामान १० गुणा बढी महँगो पर्छ। किमाथांका र आसपासका गाउँमा नेपालमा बनेको सामान भेटिँदैन।' त्यहाँ उतैको पैसा समेत चलनचल्तीमा छ। भन्सार प्रमुख परासर दाहालले नाकामा बैंक नभएसम्म कार्यालय पुनःस्थापना गर्न सम्भव नरहेको बताए। उनले भने क्वारेन्टाइन कार्यालयसमेत स्थापना नभए नाकामा लगेर कार्यालय सञ्चालनको कुनै औचित्य नहुने बताए। अहिलेकै अवस्थामा भन्सार कार्यालय सञ्चालन गर्ने हो भने पनि राजस्व तिर्न खाँदबारी आउनुपर्ने भएकाले स्थानीयले अझै दुःख पाउने प्रमुख दाहालको भनाइ छ। नाकामा भन्सार सञ्चालनकै लागि ३ सय रोपनी जग्गा आवश्यक हुने जनाइएको छ।

नियमावली संशोधन प्रतिवेदन बुझाइयो

कान्तिपुर संवाददाता (विराटनगर)

प्रमुख प्रतिपक्षी दलको असहमतिबीच प्रदेश १ को प्रदेशसभा नियमावली संशोधन गर्न गठित समितिले बुधबार प्रतिवेदन बुझाएको छ। प्रतिपक्षी कांग्रेसले सदनमा स्थायी राजधानी र नामकरणको प्रस्ताव सरकारले नै गर्नुपर्ने अडान राखेको थियो। सत्तापक्षले प्रदेशसभाको क्षेत्राधिकारभित्र पर्ने भएकाले सदस्यले लैजान सक्ने अडान राखेका थिए।

'थप र संशोधित बुँदामा प्रतिपक्षी दल सहमत थियो, स्थायी राजधानी र नामकरण विषयमा पनि सहमति थियो,' समिति सभापति तुलसीप्रसाद न्यौपानेले भने, 'हामीले यो बिजनेस प्रदेशसभाको भएकाले सरकारले सदनमा लग्न नमिल्ने अडान राख्यौं। उहाँहरूले यो बुँदामा असहमति जनाउनुभयो।'

समिति सदस्य प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक केदार कार्की राजधानी र नामकरणको प्रस्ताव सरकारले टेबल गर्नुपर्ने जिकिर गर्छन्। 'यही बुँदामा हाम्रो असहमति हो,' उनले भने। गत वर्ष बनेको प्रदेशसभा नियमावलीको नियममा स्थायी राजधानी र नामकरणको प्रस्ताव कसले कसरी कहाँबाट लग्ने भन्ने उल्लेख थिएन। १५ दिनअघि 'नियमावली संशोधन मस्यौदा समिति' गठन गरिएको थियो। समितिमा सत्तापक्षका तुलसीप्रसाद न्यौपाने, राजकुमार ओझा, लच्छुमन तिवारी, कुसुमकुमारी श्रेष्ठ र कांग्रेसका प्रमुख सचेतक केदार कार्की र लीला सुब्बा र संघीय समाजवादी फोरम नेपाल संसदीय दलका नेता जयराम यादव सदस्य थिए।

प्रतिवेदनमा प्रदेशसभाका कुनै पनि सदस्यले प्रदेशको स्थायी राजधानी र नामकरण तोक्ने प्रस्ताव दर्ता गराउने पाउने भन्ने उल्लेख छ। प्रस्तावमा दुईजनाको समर्थन आवश्यक पर्छ। संविधानको धारा २८८ (२) बमोजिम प्रदेश राजधानी तोक्ने र धारा २९५ (२) बमोजिम प्रदेश नामकरणसम्बन्धी प्रस्तावको कार्यविधि स्पष्ट पार्न साथै प्रदेशसभा नियमावलीमा अन्य संशोधन गरिएको हो। नियम १३६ बमोजिम

प्रतिपक्षी कांग्रेस स्थायी राजधानी र नामकरणको प्रस्ताव सरकारले नै गर्नुपर्ने अडानमा

विषयगत समितिको काम, कर्तव्य र अधिकारको पुनर्विचार गर्ने, नियम ६ (४) स्पष्ट पार्न र अन्य सुधार गरेर प्रतिवेदन बुझाएको हो।

संशोधन दर्ता भए पनि बिहीबारको प्रदेशसभामा टेबल भने नहुने भएको छ। 'समितिले प्रतिवेदन बुझाएको छ,' सभामुख प्रदीपकुमार भण्डारीले भने, 'भोलिको बैठकमा 'प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको छलफल जारी छ, यो सकिएपछि मात्र संशोधन टेबल हुन्छ।'

बाँदर समात्दै निकासी गर्दै

खोटाङ (कास)- कानुनले वर्जित गरे पनि बाँदर समात्दै निकासी गर्न सुरु भएको छ। बाली नष्ट गरेको स्थानीयको गुनासोपछि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले बाँदर समातेर निकासी गरेको हो।

नगरपालिकाले भारतीय नागरिकलाई बाँदर समात्ने जिम्मा दिएको छ। एउटा बाँदर समातेबापत २५ सय रुपैयाँ दिने सर्तमा बाँदर समातिएको हो। अहिलेसम्म करिब एक सय २२ वटा बाँदर समातेर कोसीटप्पु वन्यजन्तु आरक्ष पठाउने तयारी गरिएको छ।

कोसीटप्पु वन्यजन्तु आरक्षलाई सहमतिका लागि पत्र लेखिएको तर जवाफ नआइसकेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका सल्लाहकार कमल ढकालले बताए। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले बाँदर समात्नका लागि १० लाख बजेट विनियोजन गरेको र यसमध्ये भारतीय नागरिक मुफ्तार खानलाई ५ लाख पेस्की दिइएको ढकालले सुनाए। वन ऐन २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार कुनै पनि वन्यजन्तु लखेट्न, मार्न, पक्रन, दुःख दिने वा सो प्रयत्न गर्नेलाई कसुरको मात्रा हेरी १० हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने उल्लेख छ। डिभिजन वन कार्यालय खोटाङका प्रमुख ललितकुमार कर्णले बाँदर समातेर नगरपालिकाले कानुन मिचेको बताए। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख दीपनारायण रिजालले भने मार्न हैन स्थानान्तरण गर्ने योजना बनाइएको बताए। 'बाँदरले बाली नष्ट गरेर हैरानी पारेको गुनासो आएपछि अन्यत्र लान खोजिएको हो।'

'मार्नका लागि हैन,' नगरप्रमुख रिजालले भने, 'स्थानान्तरण गर्नका लागि कोसी टप्पु वन्यजन्तु आरक्षलाई अनुरोध गरिएको छ।' उनका अनुसार सगरमाथा राष्ट्रिय निकुञ्जलाई अनुरोध गरिएको तर नमानेपछि फेरि आरक्षलाई पत्र लेखिएको हो।

खोटाङको दिक्तेल रुपाकोटमा राखिएको धरापमा परेका बाँदर। तस्विर : कान्तिपुर

बाबुआमाको सम्झनामा बालमन्दिर

संखुवासभा (कास)- चैनपुरमा रहेको बाल मन्दिरको भवन निर्माणका लागि शिक्षासेवी परिवारले ६४ लाख सहयोग गरेका छन्। कृष्णगोपाल श्रेष्ठले बाबुआमाको सम्झनामा ६४ लाख रुपैयाँ खर्चिएर भोला-वसुन्धरा (मुमिकस) बालमन्दिर भवन निर्माण गरिदिएका हुन्। २०३१ सालमा तत्कालीन रानी ऐश्वर्य शाहबाट उद्घाटन भएर सञ्चालन भइरहे पनि भवन जीर्ण थियो। बालमन्दिरमा चैनपुर बजारक्षेत्रका बालबालिकाहरू अध्ययन गर्दै आइरहेका थिए।

२०७२ को विनाशकारी भूकम्पले भवनमा क्षति पुगेपछि पठनपाठनमा समस्या थियो, बाल सङ्गठनका केन्द्रीय पर्वत श्रेष्ठका अनुसार पठनपाठनमा समस्या भएपछि दाताको खोजी गरिएको थियो। 'हामीले बाल मन्दिरलाई सुविधासम्पन्न भवन निर्माणका लागि श्रेष्ठसँग आग्रह गऱ्यौं,' उनले भने, 'बाबुआमाको सम्झनामा सुविधासम्पन्न मन्दिर सहितको सभाहलसमेत गरी ७ कोठे पक्की २ तले आरसीसी भवन बनाउन मान्नुभयो। नयाँ भवनमा अब विद्यार्थीले सहज ढंगले पढ्न पाउनेछन्।' शिक्षासेवी श्रेष्ठले राज्यको हितमा निजी क्षेत्रबाट सामाजिक सेवाका क्षेत्रमा काम गर्न प्रतिबद्ध रहेको बताए। उनले ७७ जिल्लामा आफूले सामाजिक क्षेत्रमा सहयोग गर्ने पनि बताए।

कृष्णगोपाल श्रेष्ठले बाबुआमाको सम्झनामा ६४ लाख खर्चिएर भोला-वसुन्धरा बालमन्दिर भवन निर्माण गरे

'बालमन्दिरमा पढ्ने बालबालिकाहरूका लागि शैक्षिक सामग्री र दिवाखाजामा वार्षिक २ लाख दिनेछु,' उनले भने, भौतिक व्यवस्थापनका लागि निरन्तर आर्थिक सहयोग गर्छु, कुनै पनि गरिब र असहाय विद्यार्थी शिक्षाबाट ओझेलमा पर्नु नपरोस्। श्रेष्ठले धार्मिक शक्तिपीठ सिद्धकाली मन्दिरक्षेत्रमा कुदिएका आकर्षक ढुंगा बिछ्याउने पनि बताए।

आफू पढेर प्रधानाध्यापकसमेतको जिम्मेवारी सम्हालेको सरस्वती मावि चैनपुरको १४ कोठे २ तले भवन जीर्ण भएकाले सहयोग गर्ने पनि बताए। चैनपुर नगरपालिकाका प्रमुख भरतकुमार खत्रीले कृष्णगोपाल श्रेष्ठले गरेको योगदानको चर्चा गरे। उनले चैनपुर बजारलाई पुरानै स्थितिमा फर्काउन उद्योगको क्षेत्रमा लगानी गर्न सुझाव दिए। ३ वर्षअघिदेखि बालमन्दिरमा अध्ययनरत बालबालिकाहरूका लागि दिवाखाजा कार्यक्रम दिँदै आएका गोर्खा वेलफेयरका प्रतिनिधि राजन राईले विद्यालयमा थप ३ वर्षका लागि कार्यक्रमलाई निरन्तरता दिने घोषणा गरे। राष्ट्रिय वाणिज्य बैंकका सीइओ किरणकुमार श्रेष्ठले विद्यालयका लागि २ सेट कम्प्युटर र विद्यालयमा पढ्ने सम्पूर्ण बालबालिकाहरूका लागि न्यानो स्विटर दिने घोषणा गरे। शिक्षासेवी श्रेष्ठका परिवार जनलाई विद्यालयले खादा, अबिर र प्रमाणपत्रले सम्मान गरेको थियो।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२९ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बव करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर	५:००	कल कान्तिपुर रिलोडेड
५:३०	राधे राधे	६:००	कान्तिपुर समाचार
६:००	जीवन विज्ञान	६:३०	एग्ल एन्ड एस (इन्सपायर)
६:३०	वास्तु मन्थन	७:००	सुमनसँग
६:४०	ग्रुडमर्निङ नेपाल	७:३०	द्वान्दी फर्स्ट लभ
७:००	कान्तिपुर समाचार	८:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल	८:३०	सम्मी एडभेन्चर्स
८:३०	कान्तिपुर न्युज	९:३०	रजतपट
९:००	नेपाल स्पेल बी	१०:००	दस बजे
१०:००	कान्तिपुर समाचार	१०:३०	कान्तिपुर न्युज
१०:३०	दस बजे	११:००	एग्ल एन्ड एस (इन्सपायर)
११:००	कान्तिपुर न्युज	११:३०	कान्तिपुर समाचार
११:३०	एग्ल एन्ड एस (हड्गार हन्ट)	१२:००	कल कान्तिपुर रिपिटेड
१२:००	कान्तिपुर समाचार	१:००	कान्तिपुर न्युज रिपिटेड
१२:३०	के आज घरमै	१:३०	एग्ल एन्ड एस (इन्सपायर)
१:३०	हर्के हलदार	२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	कान्तिपुर समाचार	२:३०	सुमनसँग
३:००	नेपाल स्पेल बी	३:००	द्वान्दी फर्स्ट लभ
४:००	कान्तिपुर न्युज	३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:३०	दस बजे	४:००	सम्मी एडभेन्चर्स
		४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी जोल्डी (स्मीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	०२५२०६९२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३४
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२०८२४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९७४२०४२३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६५५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	१७३४, ४२१७०६६६, ४२१७०५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५०
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८००४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४८००६
नेपाल मिटर ट्याक्सी संघ	४२२३३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

धार्मिक पर्यटकीय स्थल बन्दै रूपाटार

इलामको फाकफोकथुमस्थित रूपाटारमा निर्माण भएको किरात मन्दिरको उद्घाटनका अवसरमा दीप प्रज्वलन गरिँदै । *तस्विर : विप्लव भट्टराई/कान्तिपुर*

कान्तिपुर संवाददाता (इलाम)

फाकफोकथुमको रूपाटारमा निर्माण भएको किरात मन्दिर उद्घाटन गरिएको छ । प्रदेश १ का अर्थ मामिला तथा योजना मन्त्री इन्द्र आङ्बोले नवनिर्मित मन्दिरको उद्घाटन गरेका हुन् ।

त्यस अवसरमा किरात धर्म गुरु आत्मानन्द लिङदेनसहितका धर्मानुरागी तथा सरोकारवालाको उपस्थिति थियो । धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले चार वर्षअघि निर्माण सुरु भएको मन्दिरको थप कार्यका लागि प्रदेश सरकारले समेत सघाउने भएको छ । मन्दिर उद्घाटन गर्दै मन्त्री आङ्बोले विभिन्न धर्मावलम्बीको आस्थाको कदर गर्दै सामाजिक सद्भाव र धार्मिक एकता कायम गर्न प्रदेश सरकार प्रयासरत रहेको बताए ।

त्यस क्षेत्रमा रहेको गुफा र रमणीय स्थान भएकाले स्थानीयले धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना बनाएर काम थालेका हुन् । स्थानीयले चन्दा संकलन गरेर नै २०७१ फागुन १५ देखि यो स्थानमा मिन्दर निर्माण थालिएको हो । गजुरमुखी धामबाट करिब ५ किलोमिटर उत्तरमा रहेको रूपाटार क्षेत्र रमणीय रहेकाले स्थानीयले ठूलो मेहनत गरेका हुन् । स्थानीय बुढाथोकी परिवारले प्रदान गरेको निःशुल्क जग्गासहित बाँकी जमिन खरिद गरेर निर्माण थालिएको हो । मन्दिर परिसरमा बारबेरा लगाउने, मन्दिरलाई थप व्यवस्थापन गर्ने, बगैंचा निर्माण गर्ने, नजिकैको गुफा र देवीस्थानलाई संरक्षण गर्ने, राष्ट्रिय विभूति माहागुरु फाल्गुनन्दको सालिक निर्माण गर्ने, ध्वनि कुण्ड निर्माणलगायत काम आगामी योजनामा रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पञ्च योङहाङले जनाए ।

'अब प्रदेश सरकारवाट प्राप्त हुने रकमबाट यी काम पूरा हुनेछन्,' उनले भने, 'अहिलेसम्म प्राप्त स्रोत अपुग हुँदा स्थानीयले मात्रै सबै काम सम्पन्न गर्न कठिन भइरहेको छ ।' सदरमुकाम इलाम बजारबाट करिब ४५ किलोमिटर पश्चिममा अवस्थित यो क्षेत्रमा बसोबास गर्ने लिम्बू समुदायसहित अन्य जातजातिले पनि यसलाई पवित्र धार्मिकस्थलका रूपमा लिँदै पूजा-अर्चना गर्ने गरेका छन् । मन्दिर क्षेत्रसम्म पुग्ने सडक अभाव भएको अवस्थामा गाउँपालिकाका अध्यक्ष राम श्रेष्ठले २ लाख रुपैयाँ बराबरको निजी खर्चमा सडकको ट्रयाक पुऱ्याएका छन् ।

मन्दिरमा विभिन्न धार्मिक उत्सवमा श्रद्धालुहरू सामूहिक पूजाका लागि आउने गरेका छन् । २ रोपनी १२ आना जमिनमा मन्दिर क्षेत्र फैलिएको छ । मन्दिर निर्माणका लागि यामबहादुर र श्रीप्रसाद बुढाथोकीले ८ आना जग्गा निःशुल्क प्रदान गरेका हुन् । किरात धर्म संस्कृतिको अध्ययन अनुसन्धानसमेत गर्दै त्यस क्षेत्रका पर्यटकीय र धार्मिक महत्त्वको स्थानको संरक्षण र प्रचार गर्ने उद्देश्य छ । हालसम्म निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम, वडा कार्यालय र धर्मप्रेमी दाताको प्रयासमा मन्दिर यो अवस्थामा आएको हो । तर स्थानीयको योजनाअनुसार यस क्षेत्रको विकासमा पर्याप्त सहयोग नहुँदा थालेका कतिपय काम पनि अलपत्र अवस्थामा छन् ।

किरात धर्मस्थल माङसेबुङबाट करिब ३० किलोमिटर उत्तरमा रहेको रूपाटारलाई माङसेबुङसँगै जोड्ने विकास गर्ने स्थानीयको योजना छ । माङसेबुङसँगै नजिकै देउमाई नगरपालिकाको धुसेनीमा रहेको जटेश्वर महादेव स्थान र राष्ट्रिय विभूति फाल्गुनन्दले स्नान गरेको रूपाटरस्थित नाबु क्षेत्र, प्रसिद्ध धार्मिकस्थल गजुरमुखीसमेतलाई समेटर धार्मिक पर्यटकीय गन्तव्य बनाउने योजना समितिको रहेको छ । योजना अनुसार सबै काम सम्पन्न गर्न कम्तीमा अढाई करोड रुपैयाँ आवश्यक रहेको समितिले जनाएको छ । महागुरु फाल्गुनन्दको जन्म जयन्ती, धर्मगुरु आत्मानन्दको जन्मोत्सव, समाज सुधार दिवसलगायत उधौली, उभौली, चैतमा आउने किरात नयाँवर्षको अवसरमा यहाँ विशेष कार्यक्रम आयोजना हुने गरेका छन् ।

'यो स्थानलाई गाउँपालिकाकै मुख्य धार्मिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने हाम्रो पनि योजना छ,' गाउँपालिका अध्यक्ष रामकुमार श्रेष्ठले भने, 'गाउँपालिकाको स्रोत मात्र पर्याप्त नहुने भएकाले प्रदेश र केन्द्र सरकारले पनि यसलाई प्राथमिकता दिनुपर्छ ।'

स्थानीय तह

दिगो विकासका योजना सघाउँदै

कान्तिपुर संवाददाता (तेह्रथुम)

दिगो विकास लक्ष्यका योजनालाई स्थानीय तहका योजनामै समाहित गर्न सघाउने उद्देश्यले जिल्लाका दुई स्थानीय तहमा दुई दिने छलफल सुरु भएको छ । प्रदेश र स्थानीय तहको मुख्य भूमिका रहने भएकाले नमुनाको रूपमा पहिलो चरणमा जिल्लाका लालीगुराँस र म्याङलुङ नगरपालिकामा सामुदायिक वन उपभोक्ता महासंघ प्रदेश १ ले छलफल चलाएको हो ।

लक्ष्य हासिल गर्ने धेरैजसो कार्यक्रम स्थानीय तहसँग हुने र त्यहाँ बन्ने बजेट र आवधिक योजनामा पनि केन्द्रको जस्तै दिगो विकास लक्ष्य हासिल गर्ने योजना समावेश गराउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय तहसम्म पुगेर छलफल आयोजना गरिएको महासंघ प्रदेश १ का अध्यक्ष तुलसी संग्रौलाले बताए ।

दिगो विकास लक्ष्यमा गरिबी निवारण, भोकमरीको अन्त्य, स्वास्थ्य, शिक्षा, लैंगिक समानता, आर्थिक वृद्धि र पूर्वाधार विकास, वातवरण संरक्षण, जलवायु परिवर्तन, शान्ति एवं विकासका लागि साझेदारी लगायतका विषय समेटिएका छन् । वातावरण र विकास अन्तरसम्बन्धित विषय भएकाले विकास गर्दा वातावरणको सन्तुलन कसरी कायम गर्ने भन्ने विषयलाई स्थानीय तह सम्म नै लगिएको आयोजक संस्थाले जनाएको छ । सन्तुलित विकासबिना वातावरण संरक्षण नहुने र वातावरण संरक्षण नभए विकासको दिगोपनामा नै चुनौती पुग्ने भएकाले स्थानीय तहमा योजना बनाउन सहयोग पुऱ्याउन छलफल आयोजना गरिएको छलफलमा सहभागी परामर्शदाता वेदप्रसाद सापकोटाले बताए ।

जनसंख्या, अव्यवस्थित बसोबास, औद्योगिक संरचना र विकास पूर्वाधारको विस्तारले वातावरणीय चाप थप्दै लगेको र यस बाट जैविक विविधता विनाश, भूस्खलन, बाढी तथा पहिरो, मौसम परिवर्तन जस्ता प्राकृतिक प्रकोप एवं संकट बढ्दै गएको सापकोटाले बताए । वातावरण बिग्रनुका पछि मानवीय स्वभाव र नीति व्यवहारका कारण पनि जिम्मेवार रहेको छलफलमा सहभागी लालीगुराँस नगरपालिकाका उपप्रमुख तिला पोखरेलले बताइन् । बढ्दो जनसंख्याको आवश्यकता पूरा गर्नका लागि वन तथा नदीनालामाथि अतिक्रमण भइरहेकाले पनि छलफल सहयोगी हुने महासंघ अध्यक्ष संग्रौलाको भनाइ छ । जनसंख्या वृद्धिका साथ हुने उपभोग प्रवृत्तिको परिवर्तन, सहरीकरण र स्रोत साधनको अन्धाधुन्ध दोहन र सामाजिक अपराधको प्रवृत्तिले गर्दा पनि प्रकृति व्यवस्थित र सन्तुलित नहुने आयोजकले जनाएको छ । पछिल्लो समय स्थानीय तहमा भइरहेका विकास निर्माणको असर पानी, जैविक विविधता, वन तथा वन्यजन्तु लगायतका क्षेत्रमा प्रत्यक्ष रूपमा परेको चैते सामुदायिक वनका उपभोक्ता उदयबहादुर खड्काले बताए । विकास गर्दा वातावरणीय पक्षलाई एकदमै ध्यान दिनुपर्ने खड्काको भनाइ थियो ।

ठूला विकास निर्माण परियोजना निर्माण गर्दा वातावरणीय प्रभाव मूल्यांकन र निर्माण सम्पन्न भएपछि वातावरणीय परीक्षण गरिनुपर्ने सहभागीहरूको भनाइ थियो । विकासलाई दिगो बनाउन सबै पक्ष जानकार हनुपर्ने छलफलमा सहभागी स्थानीय तह क्षमता अभिवृद्धि योजना तर्जुमा विज्ञ दीपक श्रेष्ठले बताए । दुई दिनसम्म सञ्चालन हुने छलफलमा स्थानीय तहका कार्यपालिका सदस्यहरू, न्यायिक समिति, वडा अध्यक्षहरू, विषयगत कार्यालयका प्रतिनिधि लगायतकाको सहभागिता छ । दुवै नगरपालिकामा कार्यक्रम सम्पन्न भएपछि आगामी फागुन २० गते मुख्यमन्त्री शेरधन राई, प्रदेश सांसद, प्रदेश योजना आयोगका सदस्यहरू, नगरपालिकाका प्रतिनिधि लगायतको उपस्थितिमा विराटनगरमा बृहत् छलफलको आयोजना गरीने अध्यक्ष संग्रौलाले बताए ।

मेची-महाकाली यात्रा

कान्तिपुर संवादाता (ताप्लेजुङ)

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले माओवादी आन्दोलन फेरि उठ्ने आशंका व्यक्त गरेका छन् । प्रधानमन्त्री केपी ओलीलाई बुझाएको २२ बुँदे ज्ञापन पत्र कार्यान्वयनमा दबाब दिने उद्देश्यले सुरु भएको मेची-महाकाली यात्रा शुभारम्भ गर्दै उनले यस्तो आशंका व्यक्त गरेका हुन् ।

आफ्नो पार्टीका केन्द्रीय नेतालाई लिएर आएका अध्यक्ष थापाले मुलुकलाई विखण्डनबाट जोगाउन सम्भावित द्वन्द्वबाट मुक्त गराउन र समृद्ध मुलुक बनाउन फरक ढंगले लाग्नुपर्नेमा जोड दिए । सरकारले आफ्नो मागलाई बेवास्ता गरे चैतदेखि संघर्ष गर्ने थापाको चेतावनी छ । उनले यो यात्रा कुनै जाति, भाषाभाषी वा पार्टीको विरुद्धमा नभएको बताए ।

अब नेपाली परिवेश सुहाउँदो नेपाली राजनीतिको मध्यमार्गी बाटो अवलम्बन गर्नुपर्ने उनको जोड छ । गाई, स्वयम्भूको प्रतीक समेत गाडीमा लिएर आएका थापाले नेपालको नक्सामा पूजा गरेर यात्रा सुरु भएको घोषणा गरेका थिए ।

घुमीफिरी रुम्जाटार भनेजस्तो फेरि माओवादी द्वन्द्व सुरु हुन लागेको उनले दाबी गरे । केही दिनअघि एनसेलको टावरमा भएको आक्रमण यस्सको संकेत भएको उनको बुझाइ छ । देश टुक्राचाउने विरुद्ध प्रशासन मौन रहेको उनले आरोप लगाए ।

ताप्लेजुङ सदरमुकाम फुङलिङबाट मेची-महाकाली यात्रा सुरु गर्दै राप्रपा । *तस्विर : आनन्द गौतम/कान्तिपुर*

'राजनीतिक दलको अदूरदर्शिता अकर्मण्यताका कारण पहिलोपटक राष्ट्र विखण्डनको आवाज उठेको छ,' थापाले थपे, 'म प्रधानमन्त्रीलाई प्रश्न गर्छु, तपाईंले हिजोको दिनमा कहिल्यै नझुक्ने दृढता व्यक्त गर्नुभयो, त्यही भएर जनताले दुई तिहाइ बहुमत दिए । तर कुन शक्तिको दबाब र प्रभावले गर्दा केपी ओली निरीह र लाचार बन्नुभएको छ ?'

तराईलाइ स्वतन्त्र भन्दा सरकारको प्रशासन यन्त्र किन मौन बस्यो भन्दै उनले प्रश्न गरे । इतिहासमा विभिन्न राजनीतिक परिवर्तन भएर व्यवस्था फेरिए पनि देश टुक्राचाउने आभाष कहिल्यै नभएको उनले दावी गरे ।

राष्ट्र विखण्डन, माओवादीको पुनरावृद्धि धार्मिक आक्रमणका कारण मुलुकमा समस्या पैदा भएको राप्रपाको बुझाइ छ । जनताका झुपडीमा बसेर परिवर्तनका नाममा मकै भटमास खाएका नेताहरू रातारात करोड/अरबपति भएको भन्दै थापाले २०४७ सालपछिको सम्पत्ति छानबिन गर्न आफ्नो पार्टीले माग गरेको बताए । त्यसअघिका नेता तथा प्रशासन यन्त्रका व्यक्तिहरू दिवंगत भइसकेका र बाँकी रहेकाहरू पनि राजनीतिक रूपमा दोहोरिएकाले ४७ सालपछिको मात्रै कुरा उठाइएको सांसद राजेन्द्र लिङदेनले प्रस्टीकरण दिए ।

नेताहरू औषधोपचारका लागि सिंगापुर, जापान अमेरिका जाने तर जनता भने सिटामोल खान नपाएर र सुत्केरी महिलाले उपचार नपाएर मृत्युवरण गर्नुपर्ने क्रमको अन्त्य हुनुपर्नेमा थापाको जोड थियो ।

शैक्षिक स्तर सुधार्न विद्युतीय हाजिरी

कान्तिपुर संवाददाता (इलाम)

स्थानीय तहको निर्वाचनपछि सम्बन्धित तहले शैक्षिक अवस्था सुधार्न आ-आफ्नै तौरतरिका अवलम्बन गरेका छन् । अधिकांश स्थानीय तहले सरकारी विद्यालयको शैक्षिक अवस्था सुधार्न कार्यक्रम ल्याएका हुन् । सूर्योदय नगरपालिकाले अघिल्लो वर्षदेखि नै केही विद्यालयमा इ-एटेन्डेन्सको व्यवस्था गरेको छ । कन्यामस्थित कृष्णाश्रम, करफोक, फिक्कल बौद्धधाम माविमा विद्युतीय हाजिरीको व्यवस्था गरेर नगरपालिकाबाटै अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

यो नियम लगाइएपछि यी विद्यालयको शैक्षिक अवस्था सुधार हुनुका साथै विद्यार्थी संख्यामा पनि वृद्धि भएको छ । बिहान १० बजे अधिकांश शिक्षकले हाजिर गरिसक्नुपर्छ । यो रेकर्ड सिधा नगरपालिकाबाट अनुगमन गर्न सक्ने व्यवस्था छ । शिक्षकले बिनाकारण कक्षा छाडेर हिँड्ने या बहानाबाजी गर्ने चलनको करिब अन्त्य भएको सम्बन्धित विद्यालयले जनाएको छ । बेलुका ४ बजे पनि शिक्षकले हाजिर गर्नुपर्ने व्यवस्था छ ।

यस्तै माईजोगमाई गाउँपालिकाले पनि सबै माध्यमिक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरेको छ । गाउँपालिकाका नाम्सालिङ, सोयाङ, प्याङ, नयाँबजार, र जोगमाईका माध्यमिक विद्यालयमा यस्तो व्यवस्था गरिएको छ । तत्काललाई सम्बन्धित विद्यालयमा नै गएर अनुगमनको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष जितबहादुर राईले बताए । 'चाँडै सबै विद्यालयको हाजिरी गाउँपालिका केन्द्रबाट जाँच गर्ने व्यवस्था मिलाउने छौं,' उनले भने ।

त्यस्तै यो गाउँपालिकाले सरकारी तलबभत्ता खाने कर्मचारीका छोराछोरीलाई अनिवार्य सरकारी विद्यालयमा पढाउने व्यवस्था गरेको छ । यदि त्यसो नगरे ३ प्रतिशत रकम कट्टा गरेर भिन्न कोषमा राख्ने व्यवस्था छ । तर सर्वत्र आलोचना भएपछि कार्यान्वयन नगरिएको भए पनि अब आउँदो शैक्षिक सत्रदेखि यसलाई कडाइका साथ कार्यान्वयन गर्ने अध्यक्ष राईको भनाइ छ ।

यता रोङ गाउँपालिकाले सरकारी विद्यालयको गुणस्तर कायम गर्दै विद्यार्थी आर्कषणका लागि बस खरिद गरेको छ । अघिल्लो आर्थिक वर्षमा रोङ ४ को भालुझोडास्थित सरस्वती मावि चालु आर्थिक वर्षमा रोङ ३ को कुटिडाँडास्थित शान्ति निकेतन माविलाई बस खरिद गरिएको हो ।

'बस सञ्चालनमा आएपछि विद्यार्थी संख्या पनि बढेको छ,' सरस्वती माविका प्रधानाध्यापक प्रेम राईले भने, 'बस भएपछि झापा क्षेत्रबाट पनि विद्यार्थी आउने गरेका छन् ।' मेची राजमार्गको करिब १३ किलोमिटर टाढासम्मबाट विद्यार्थी आउजाउ गर्छन् । अघिल्लो शैक्षिक सत्रमा २ सय ५८ विद्यार्थी रहेकोमा यो पटक २ सय ८४ विद्यार्थी पुगेका छन् ।

४० सिट क्षमताको बस २० लाख ८८ हजारमा खरिद गरिएको हो । बसमा तेल लगाउन नियमित यात्रा गरेर अध्ययनमा आउने विद्यार्थीबाट रकम संकलन गरिन्छ । अभिभावकसँगको सहमतिमा १ सय ५० देखि ४०० रुपैयाँसम्म रकम संकलन गरेर तेल खर्च जुटाउने गरिएको प्रधानाध्यापक राईले जानकारी दिए । चालकका लागि भने विद्यालय सञ्चालन सहयोग कोषको ब्याजबाट व्यवस्था गर्ने गरिएको छ ।

कुटिडाँडास्थित शान्ति निकेतनले पनि विद्यालयको पहुँचभन्दा टाढा रहेका विद्यार्थीलाई बस खरिदपछि सहयोग मिलेको जनाएको छ ।

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० जनकपुर | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*

"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

गजब छ बा !

- अविन -

सभामुखज्यू ? हुनुहुन्न त ! ह्वाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

मधेसमा ज्यानमारा बन्दै दाइजो

समाजले दाइजोलाई अनिवार्य बनाउँदा मधेसमा धेरै घरपरिवार उजाडिएका छन् । नवविवाहितामा कुटपिट, यातना र ज्यानै लिने/फाल्ने घटना बढेका छन् ।

■ **अजित तिवारी** (जनकपुर) **र शंकर आचार्य** (पर्सा)

बुहारी आरती घर भित्रिँदा सासू बेचनी चौधरीको खुसी थामिनसक्नु थियो । छोरीझैं माया पाउँदा आरती पनि दंग थिइन् । विवाहका सुरुवाती दिनहरू राम्रै बित्दै थिए । केही समयपछि आरतीले सासूको व्यवहारमा फरकपन महसुस गरिन् । श्रीमान् इन्द्रजित चौधरी पनि बिनाकारण ठुस्स पर्न थाले । त्यति नबोल्ने र हेला गर्ने क्रम बढ्यो ।

त्यतिसम्म आरतीले सहेकै थिइन् । श्रीमान्, सासू र ससुरा तीनैतिरबाट तिरस्कार भोग्दा पनि आरतीले हिम्मत हारिनन् । छोरी झैं माया गर्ने सासू एकाएक किन बदलिइन् ? उनले बुझ्न खोजिन् । कारण, दाइजो रहेछ । आरतीलाई आफ्ना बुबा-आमाको हैसियत थाहा थियो । त्यसैले उनले यो मामिला बुबा-आमालाई सुनाएर तनाव थप्न चाहिनन् । बरु, सबै आफैं झेलिन् ।

दाइजोकै निहुँमा श्रीमान्, सासू-ससुरा कुटपिटमा उत्रिएपछि आरतीको धैर्य टुट्यो । उजुरी बोकेर जिल्ला प्रहरी कार्यालय, धनुषामा पुगिन् । जनकपुर-१४ बस्ने श्रीमान् इन्द्रजित, सासू बेचनी र ससुरा बिकु चौधरीले दाइजो नल्याएको भन्दै कुटपिट गरेको उजुरी उनले मंसिर २१ गते दर्ता गराइन् । प्रहरीको महिला सेलमा पुगेको उजुरीमा पुस १ गते छलफल डाकियो । आरती, उनका श्रीमान् र सासू-ससुरासहित टोलका 'भद्रभलादमी' छलफलमा उपस्थित भए । आरतीलाई मिल्ने दबाव दिइयो । उनले आफूसित भएको व्यवहार झलझली सम्झिइन् । मिल्ने दबाबले आरतीको मन दुख्यो । श्रीमान् दानव झैं झम्टेको सम्झिँदा आँखा रसाए । अदालत पुगेको त्यो मुद्दा प्रक्रियामा छ ।

असोज २२ गते धनुषा, विदेह नगरपालिका-७ की मानसी मण्डलले दाइजोकै कारण कुटपिट भएको प्रहरीमा उजुरी गरिन् । श्रीमान् सञ्जय साह, र ससुरा सुरज साह मिलेर कुटपिट गरेको भन्दै मानसी प्रहरीमा पुगेकी थिइन् । 'दाइजो थोरै भयो । अझ लिएर आऊ,' मानसीले उजुरीमा लेखिन्, 'त्यही निहुँमा मलाई पटकपटक कुटपिट गरियो । न्याय पाऊँ ।' जिल्ला प्रहरी कार्यालयको महिला सेलमा छलफलपछि आइन्दा कुटपिट नगर्ने सहमतिमा त्यो मामला सल्टाइयो ।

आफ्नो कुल-खानदानभन्दा उच्च परिवारमा छोरीको विवाह गर्ने र त्याकत नपुगे पनि कूत नगद माग्ने/बुझाउने चलनले मधेसमा दाइजो ज्यानमारा बन्दै छ । समाजले नै दाइजोलाई अनिवार्य बनाउँदा मधेसमा धेरैको घरपरिवार उजाडिएका छन् । नवविवाहितामा कुटपिट, यातना र ज्यानै लिने/फाल्नेसम्मको घटना बढेका छन् । जिल्ला प्रहरी कार्यालय, धनुषाको महिला सेलमा साउनयता दाइजोका कारण कुटपिटको उजुरी बोकेर जाने हिम्मत जनकपुरकी आरती र बिदेहकी मानसीले मात्र देखाएका छन् । साउनयता प्रहरीको महिला सेलमा ६ सय ९३ उजुरी परेका छन । जसमा दाइजोसँग जोडिएका उजुरी दुईवटा मात्र हुन् । 'दाइजोकै कारण बदमासी भएको उजुरी कम आउँछ,' महिला सेलकी एक प्रहरीले भनिन्, 'कुटपिट, खानलाउन नदिएको, यातना र गालीगलौजका धेरैजसो उजुरी छानबिन गर्दा दाइजो पनि कारण देखिन्छ ।'

जिल्ला प्रहरी कार्यालय, धनुषाको मुद्दा फाँटमा दाइजोकै कारण घटना भएको एउटा पनि मुद्दा छैन । 'दाइजो नै किटान गरेर मुद्दा आउँदैन,' मुद्दा फाँटका इन्स्पेक्टर उमाशंकर साहले भने, 'मुख्य कारण दाइजो भए पनि मुद्दा फरक प्रकृतिको आउँछ ।' उनका अनुसार महिला हत्या र आत्महत्यामा दाइजो कारण रहे पनि त्यसलाई लुकाइन्छ । पुस ३० गते जनकपुर-४ सरन्चियाकुटी बस्ने २५ वर्षीया सीमा शर्माले आफू र २ वर्षकी छोरी गौरीलाई विष पिलाएर ज्यान फालिन् । घटनालगत्तै श्रीमान् समीर मिश्रा फरार भए । माइती पक्षबाट किटानी जाहेरी परेपछि प्रहरीले ससुरा श्यामसुन्दर र सासू किरणदेवीलाई पक्राउ गऱ्यो । दाइजोका कारण छोरीलाई तनाव दिएको र विष खुवाएर मारेको माइतीपक्षले आरोप लगाए । महोत्तरी, लोहरपट्टी-७ का सीमाका दाजु सुजित शर्माले माघ ३ गते कर्तव्य ज्यान कसूरमा धनुषा प्रहरीमा किटानी जाहेरी दर्ता गराए ।

जनकपुरका समीर र सीमाबीच २०७० वैशाख २ ९ गते मागीविवाह भयो । शर्माका अनुसार दाइजोमा ८ लाख रुपैयाँ नगद, २ लाख ३६ हजार रुपैयाँको पल्सर मोटरसाइकल र २ तोला सुनको औंठी दिइयो । 'विवाहपछि पनि बहिनीलाई दाइजो माग्दै यातना दिइयो,' शर्माले भने, 'पछि २ तोला सुनको औंठी र आधा केजी चाँदी पनि दियौं ।' जति माग्दा पनि दिँदोरहेछ भन्ने बुझेछन् । फेरि डिमान्ड आयो, १ लाख रुपैयाँ र एउटा वासिङ मेसिन । घटनालगत्तै पत्रकार सम्मेलन गर्दै शर्माले भनेका थिए, '१ लाख र वासिङ मेसिन नदिँदा बहिनी-भान्जीको ज्यान गयो ।'

सीमाका देवर शशि मिश्रले दाइजो मागिएको अस्वीकार गरे । र, सीमाले आफैंले विष सेवन गरेर आत्महत्या गरेको दाबी गरे । जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि सासू-ससुरालाई जेल पठाएको छ । श्रीमान्को प्रहरीले खोजी गरिरहेको छ । माघ २७ गते आइतबार महोत्तरी मनरासिसवा-८ सहसराममा २१ वर्षीया धनमन्ती महतोको हत्या आरोपमा प्रहरीले उनका श्रीमान् मनोज महतो र जेठानी अनितादेवीलाई नियन्त्रणमा लियो । हत्यापछि हतारमा शव जलाउने लाग्दा पुगेको प्रहरीले शवसहित उनीहरूलाई नियन्त्रणमा लिएको हो । धनमन्तीको घाँटी र पाखुरामा नीलडाम थियो । माइतीपक्षले हत्याको आरोप लगाए । प्रहरीले शवको पोस्टमार्टम गरायो । श्रीमान् र जेठानीमाथि कानुनी कारबाही अघि बढ्यो । धनुषा, बटेश्वर-२ का धनमन्तीका बुबा बद्री महतोले दाइजोकै कारण छोरीको हत्या भएको दाबी गरे । 'छोरीलाई यातना र धाकधम्की दिइरहेको सुईंको पाएका थिए,' बद्रीले भने, 'दानवहरूले ज्यानै लिएछन् ।' २०७४ वैशाख ३ गते धनमन्तीको मनोजसँग विवाह भएको थियो । उनीहरूका २ महिने छोरा छन् । माइतीपक्षले विवाहमा मोटरसाइकल, दुई लाख नगद, दुई तोला सुन, फर्निचरलगायतका सामान दाइजोमा दिएका थिए ।

समाजमा दाइजोका कारण हुने घटना बढ्दै सुनिए पनि कानुनी उपचार खोज्ने न्यून रहेको सरकारी वकिल कार्यालय, धनुषाका न्यायाधिवक्ता शम्भु गौतमले बताए । 'दाइजो लेनदेनलाई कानुनले बन्देज गरे पनि लिए/दिएको मुद्दा आए कुन सजाय गर्ने त्यो प्रावधान नै छैन,' गौतमले भने, 'हिंसा, हत्या, आत्महत्या, कुटपिट र यातनाका धेरैजसो घटना दाइजोसँग जोडिएका हुन्छन् ।'

दाइजोपीडितका ३ दर्जन उजुरी

पर्सा- जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा सखुवा प्रसौनी गाउँपालिका ५ खजुरियाका की ३२ वर्षीया उम्रावती कुमारीले फागुन ५ गते आफ्नै पति र परिवारका सदस्यहरूविरुद्ध उजुरी दिइन् । पति किशोर सहनीसमेत परिवारका सदस्यहरूले पटकपटक कुटपिट र दुर्व्यहार गरेको भन्दै उनीहरूलाई कारबाही तथा पतिलाई पक्राउ समेत गर्न उनले माग गरेकी छन् । सासूससुराले आफूले विवाहमा दाइजोका रूपमा मोटरसाइकल नल्याएकाले दैनिक दुर्व्यवहार गरिरहेको उनले आरोप लगाएकी छन् । 'हाम्रो समाजमा मोटरसाइकल दाइजो ल्याउनैपर्छ नत्र हाम्रो बेइज्जती हुन्छ,' भनी दैनिकजसो मोटरसाइकल मागेर ल्याउन दबाव दिएको उनले उजुरीमा भनेकी छन् ।

पतिलाई सासूससुराले मोटरसाइकल मागेर यातना दिइरहेको जानकारी गराउँदा उल्टै पतिले पुस ६ गते आफूलाई कुटपिट गरी अर्की केटीसँग विवाह गर्ने भन्दै घर छोडेर भागेकाले फरार पतिलाई पक्राउ गरी आफूसँग बस्ने वातावरण बनाइदिन पनि उनले माग गरेकी छन् । सोमबार मात्रै पनि यस्तै दाइजोपीडित एक महिलाको उजुरी केन्द्रमा परेको छ । वीरगन्ज महानगर ३० प्रसोतीपुर घर भई हाल सखुवाप्रसौनी गाउँपालिका ५ महुवनस्थित माइतीमा बस्दै आएकी पूजा राउतले पति सुरेशसमेत परिवारका सदस्यहरूविरुद्ध उजुरी दिएकी हुन् । २०७३ असार २३ मा आफ्नो विवाह भएपछि हालसम्म परिवारका सदस्यले मागे जति दाइजो नल्याएको भन्दै आफूलाई कुटपिट गर्ने गरेको उनले दाबी गरेकी छन् । पतिले हालसम्म विवाह दर्ता प्रमाणपत्र र नागरिकतासमेत नबनाइदिएको भन्दै उनले पतिले माघ ५ गते आफूलाई माइतीमा ल्याएर छोडेर गएपछि लिन भनी फर्केर नआएको दाबी गरेकी छन् । उनले आफूलाई मासिक खर्चबापत १५ हजार ५ सय ५५ रुपैयाँ घरबाट उपलब्ध गराइदिन माग समेत गरेकी छन् ।

केन्द्रमा चालु आवमा हालसम्म दाइजोपीडित महिलाहरूकै मात्र करिब ३ दर्जन उजुरी परिसकेका छन् । केन्द्रका प्रमुख सइ विनोदकुमार मल्लिक दाइजोसम्बन्धी उजुरी सातामा एक वा दुईवटा सम्म आउने गरेको बताउँछन् । 'हामीले यस्तो केसमा दुवै पक्षलाई बोलाई सम्झाईबुझाई भविष्यमा यस्तो समस्या नआओस् भनी मिलाएर पठाउने प्रयास गर्ने गरेका छौं,' उनले भने, 'उजुरी गर्न नआउने पीडितहरू धेरै हुन सक्छन् ।'

तराईमा दाइजो प्रथाले जरा गाडेकाले दाइजोको माग राख्दै बुहारी/पत्नीलाई कुटपिट गर्ने, घरबाट निकाला गर्ने, ज्यानैसम्म लिने घटनाहरू हुने गरेका छन् । आइतबार जिल्लाकै सेढवा गाउँपालिका वडा नं २ की १७ वर्षीया किशोरी लालसा कुमारीले झुन्डिएर आत्महत्या गरिन् ।

हुँदैन दण्ड-सजाय

पर्साको सखुवा प्रसौनी गाउँपालिका ५ खजुरियाका की ३२ वर्षीया उम्रावती कुमारी (दायाँ) बुवा-आमाका साथ । दाइजोको मागका कारण उनी घर छोडेर माइतीमा छन् । *तस्बिर : शंकर आचार्य/कान्तिपुर*

■ **लक्ष्मी साह** (बारा)

विवाह भएको तीन महिना बित्न नपाउँदै दाइजोको कलहले १८ वर्षीया ममताकुमारी पण्डितको जीवनलीला समाप्त भयो । मागेअनुसारको दाइजो नदिँदा ममताले तीन महिनाभरि शारीरिक/मानसिक पीडा झेलिन् र अन्त्यमा संसारबाटै बिदा भइन् ।

दाम्पत्य जीवन बिताउने उनको सपना मात्रै भयो । देवताल गाउँपालिका-६, रौवाहीका २० वर्षीय अनिल प्रजापतीसित वैशाख २८ मा ममताको मागी विवाह भएको थियो । साउन २७ को राति अनिलले घाँटी थिचेर ममतालाई हत्या गरे ।

> 'दाइजो फौजदारी अपराध भए पनि त्यसविरुद्ध कोही न उजुरी गर्न आउँछ, नत त्यसबारे अनुसन्धान नै हुन्छ'

अनिल अहिले कारागार जीवन बिताउँदै छन् । घटनापछि ममताका माइती पक्षबाट प्रहरीमा उजुरी पऱ्यो । उजुरीपछि प्रहरीले हत्या मुद्दा चलायो । हत्याको कारण दाइजो नै पुष्टि भए पनि त्यससम्बन्धी कतै मुद्दा चलेन । 'हिंसाले दाइजो सधैं लुक्छ,' अपराधसम्बन्धी घटनालाई अनुसन्धान गर्ने एक प्रहरी अधिकारीले भने, 'दाइजो फौजदारी अपराध भए पनि त्यसविरुद्ध कोही न उजुरी गर्न आउँछ, न त त्यसबारे अनुसन्धान नै हुन्छ ।' दाइजोसम्बन्धी मुद्दा अनुसन्धानको अभ्यासमै नभएको उनको भनाइ छ । प्रहरी अभिलेखमा दाइजोले थुप्रै हिंसाको घटना दर्ता भएको पाइन्छ । तर सुरुमा दाइजोविरुद्ध कतैबाट उजुरी वा अनुसन्धान भएको पाइँदैन । तराई मधेसमा केही वर्षअघिसम्म सामाजिक र कानुनी अपराध बलात्कार तथा यौनहिंसा जस्ता घटनाबारे मुख खोलिँदैनथ्यो, दोषीलाई कारबाही वा अनुसन्धानको दायरामा ल्याइँदैनथ्यो । तर अहिले भने त्यसको उल्टो छ । त्यसैगरी अहिले दाइजोविरुद्ध कसैले मुख खोल्दैनन् । खोले पनि हिंसा भएमा मात्र खोल्छन् । सरकारले दाइजो लेनदेनलाई समेत कसूरको दायरामा ल्याइसकेको छ ।

दाइजोविरुद्ध प्रहरीले अनुसन्धान गर्न सक्ने व्यवस्था छ । फौजदारी अपराधसंहिताअन्तर्गत दाइजो लेनदेन पर्छ । ३ वर्ष कैद वा ३० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । सरकारी वकिल कार्यालयकी जिल्ला सहायक न्यायाधिवक्ता शिलुका लिडथेलका अनुसार समाजमा चेतना अभावले दाइजोसम्बन्धी मुद्दा प्रहरीमा नआउने गरेको हो ।

'दाइजोलाई कसूरको दायरामा ल्याइएको छ । 'समाजमा दाइजोले जरो गाडेको भए पनि मुख खोल्दैनन्, दाइजोले हिंसा हुन्छ, तर हिंसाअघि दाइजोविरुद्धमा मुद्दा आउँदैनन् ।' महिला अधिकारकर्मी निभा सिंह दाइजोले हिंसा बढेको बताउँछिन् । 'दाइजोविरुद्ध सामाजिक चेतना होइन, अब दाइजो प्रथालाई निरुत्साहित गर्न दण्डात्मक कारबाहीको आवश्यकता छ,' उनले औंल्याइन्, 'दाइजोका कारणले हुने हिंसामा खोजीनितीं हुन्छ, दाइजोविरुद्ध खोजीनितीं हुँदैन ।' दाइजोविरुद्ध मुख नखालेकाले यो प्रथाले प्रश्रय पाइएको उनको भनाइ छ ।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२९ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बव करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	गुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एम एन्ड एस (हड्डार हल्ट)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलेडेड
६:००	कान्तिपुर समाचार
६:३०	एम एन्ड एस (इन्स्पाचर)
७:००	सुमनसँग
७:३०	द्वान्टी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
९:००	सम्मी एडमेन्चर्स
९:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एम एन्ड एस (इन्स्पाचर)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एम एन्ड एस (इन्स्पाचर)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	सुमनसँग
३:००	द्वान्टी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडमेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धनिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (स्मीता)
२३:००	सुनौलो यादहरू (दीपाजली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५०४१००
एम्बुलेन्स रेडक्रस	१०२
बारुण यन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२६९३८
एम्बुलेन्स मसावीर चुवा कमिटी	५२५८८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
यति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८११

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
वारुण यन्त्र	५२००२७
प्रहरी	५२०१२२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बनदेना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१५७७
छिन्नमस्ता ज्ञाण	५२८६१९
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२००००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय गौशाला	५५५००/६२२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६१०६
मानसिक अस्पताल	५५२०३३३
कान्ति बाल अस्पताल	४४१४०९८/४४२०४५२
काठमाडौं मोहेल अस्पताल	४२४०८०१/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	११३३, ४२१४०६६६, ४२१४०५५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६०
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
फ्रेन्डस अफ शान्ता भवन	४४०७१८१
नेपाल आर्थोपेडिक अस्पताल	४४१३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११५५०/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१४२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुगेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२८०८६
नेपाल मिटर दुवाबसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

बज्यो ढोल-पिपिही

हावाहुरीको मौसमको सुरूवातसँगै औरहीवासी आगलागी सचेतनाका लागि एकजुट भएका छन् ।

सिरहाको औरही गाउँमा थाल ठटाउँदै र ढोल पिट्दै आगलागी विरुद्ध सचेतना फैलाउँदै स्थानीय । *तस्बिर : भरत /कान्तिपुर*

■ **भरत जर्घामगर** (सिरहा)

सुक्खायाममा आगलागीको चपेटामा परेको सिरहा औरहीका बासिन्दाले सचेतनाका लागि अभियान चलाएका छन् । पटकपटक आगलागी हुँदा समेत तत्काल व्यवस्थापन गर्न अर्काको मुख ताकेर बस्न बाध्य औरहीवासीले फागुन, चैत, वैशाख र जेठ सुक्खा महिनामा आगो नियन्त्रण उपायबारे गाउँमा ढोल (ढोलक) र पिपिही (फुकेर बजाउने) बजाएर जागरण अभियान सुरु गरेका छन् ।

२०६९ जेठ २ गते मंगलबार दिउँसो २ बजे नथुनी यादवको घरबाट सुरु भएको आगोले औरहीका ४ सय ७७ परिवारका १२ सय भन्दा बढी घर जलेर नष्ट भएका थिए । आगोले क्षणभरमै बस्ती सखाप पार्दा खण्डहरमा परिणत भएको घना बस्तीमा करौडौं मूल्यका धनमाल क्षति भएका थिए ।

आगलागीमा परी औरही ४ का दिनेश साहका २ महिने छोरा भरत साहको मृत्यु भएको थियो । त्यसैगरी २०६७ चैतमा आगलागी हुँदा औरही ६ र ७ वडाका ३६ परिवारका घर-गोठ जलेर नष्ट भएको थियो । पटकपटक हृदयविदारक आगलागीको चपेटामा परेका औरहीवासी बर्सेनि यो अभियानमा घरलौरी सहभागी हुन्छ । 'पटकपटक भीषण आगलागीको चपेटामा औरही परेपछि यो याममा बर्सेनि सचेतना अभियान चलाउँदै आएका छौं,' स्थानीय राकेश दासले भने 'मुटु काँप्ने विगतको घटना फेरि दोहोरिन नदिन औरहीवासी आगलागीबारे सचेत भएका हौं, यो अभियानले विगतको सम्झना गराउने भएकाले पनि गाउँभरि ढोल पिपिही बजाएर सचेत गराउँछौं ।' त्यसो त औरहीका घरलौरीमा ढोल पिपिहीको आवाज आउन थालेपछि गाउँले घर घरबाट निस्कन थाल्छन् । राकेश भन्छन् 'ढोल पिपिहीको आवाज औरहीको लागि एम्बुलेन्सको साइरनजस्तै खतराको संकेत बनिसकेको छ ।' 'घरदैलो अभियानमा खाना पकाइसके पनि चुल्होमा आगो भेटिएको र हावा चल्दा त्यही आगो भीषण रूप लिन सक्ने भएकाले सचेत गराउँछौं,' अभियानमा संलग्न ववियता नायक भनिन्, 'चुल्होमा आगो भेटिएका घरमुलीलाई पहिला सचेत गराउने र पुनः लापरवाही गर्ने घरधुरीहरूलाई सचेत गराउँछौं ।'

> 'मुटु काँप्ने विगतको घटना फेरि दोहोरिन नदिन औरहीवासी आगलागीबारे सचेत भएका हौं ।'

'सुनु, सुनु, सुनु, हावाहुरी और सुक्खा मौसम चैल एलैं तै हेतु समयमे खाना पकाऊ, खाना पकाइतकला एक बाल्टिन पाइन चुल्हीमे राखु, सलाई काँटीके बच्चाबच्चीसे सैतके रखु । (सुनौं, सुनौं, सुनौं, हावाहुरी र सुक्खा मौसम आयो । त्यसैले समयमै खाना पकाऔं, खाना पकाउने बेलामा एक बाल्टिन पानी चुल्हो नजिक राखौं । सलाई लाइटर बालबच्चाले नभेट्ने ठाउँमा सुरक्षित राखौं ।)

हातमा थाल ठटाउँदै र ढोल पिट्दै महिला पुरुषले टोलटोल, घरघर पुगेर गुन्जायमान गराएका शब्द हुन् । हावाहुरीको मौसमको सुरुवातसँगै आगलागीपछि पुनर्निर्माण भएको औरही गाउँमा महिला/पुरुषको समूहले विगतको पाठ सिक्दै समयमा सचेत हुन दिनहुँजसो टोलमा हातमा थाल र ढोल बजाएर आगलागी सम्बन्धी सचेतना अभियान सञ्चालन गरेका हुन् ।

अभियानमा संलग्न औरहीका ५४ वर्षीय खुसर महरा बिहान १० बजे खाना खाइसकेपछि ढोल बजाउँदै घरबाट चुल्हो, घुरको आगो निभाउन सचेत गर्दै टोल पस्छन् । उनीसँगै महिलाहरू हातमा थाल लिई ठटाउँदै उनको पछि लाग्छन् ।

टोलका घरघर पुगेर उनीहरू आगो निभाउ, सलाई लाइटर सुरक्षित राख भन्दै सम्झाउन थाल्छन् । 'आगो निभाऊ भनेर सुचित मात्रै गर्दैनौं, आगो निभायो कि निभाएन भनेर निगरानी समेत गर्छौं,' उनले भने, 'आगो निभाइसकेपछि पनि प्रत्येक घरमा कम्तीमा एक बाल्टिन पानी भवितव्यका लागि अनिवार्यरूपमा चुल्हो नजिक राख्न लगाउँछौं ।'

अभियान टोलीले दिनहुँजसो सूचना जारी गरिरहेको अभियानमा संलग्न एवं अग्निपीडित औरही ६ की विनादेवी महतोले सुनाइन् । २०६९ को भीषण आगलागीमा चार वटा फुसका घरसहित सरसामान जलेर नष्ट भएको पीडा भोगेकी उनले अब थप पीडा भोग्न नपरोस् भन्नाका लागि सचेतना अभियानमा संलग्न भएको बताइन् । 'अभियान टोलीले गाउँमा बिहान १० बजेभित्रमा खाना खाइसक्नुपर्ने र चुल्हो बन्द गर्नुपर्ने उर्दी जारी गरेको छ,' अभियानमा संलग्न एवं अग्निपीडित घुरनदेवी रामले भनिन् । एक जनाको गल्तीले सिंगो समाजले दुःख व्यहोर्नुपरेपछि यो नियमसहित अभियान चलाउन बाध्य भएको उनले सुनाइन् । त्यसो त टोलमा अहिले बालबालिकालाई खाना पकाउन बर्जित गरिएको छ । प्रकोप सुरक्षित समुदाय निर्माणको लागि समुदाय आफैं सचेत नभएसम्म असम्भव भएकाले औरहीवासीले विगतबाट पाठ सिक्दै पुनः घटना भोग्नु नपरोस् भनी सचेतना अभियान अगाडि बढाएको दलित जनकल्याण युवा क्लब लहानका कार्यकारी निर्देशक विनोद विसुन्केले बताए । उनले समुदायको प्रयासलाई क्लबले सफल गर्न सहजीकरण गरिदिएको र अभियान सञ्चालन भएदेखि औरहीमा आगलागी घटना नदोहोरिएको बताए ।

पटकपटकको विपत् खेपेका औरहीबासीले फेरि त्यस्तो विपत् खेप्नु नपरोस् भनी सचेतनाका लागि औरही गाउँपालिकाले समेत रकम विनियोजन गरेको छ । गाउँपालिका अध्यक्ष सिद्धार्थ यादवले आगलागी मात्र होइन विपत् व्यवस्थापन र सचेतनाका लागि गाउँपालिकाले २० लाख रुपैयाँ बजेट छुट्टचाएको जानकारी दिए ।

'पटकपटक आगलागीको मार औरहीले खेप्नुपऱ्यो' उनले भने 'आगलागीमात्र होइन अन्य विपत् दोहोरिन नदिन र त्यसबाट जोगिन रकम विनियोजन गरेर अभियान सुरु गरेका हौं ।' हावाहुरीको मौसम सुरुवातसँगै गाउँपालिकाले बिजुलीको पोल, लत्रिएको तारबाट समेत आगलागी लगायत दुर्घटना निम्तिन सक्ने भएकाले पुनर्निर्माण कार्य सुरु गरेको उनले जानकारी दिए ।

भवन प्रयोगविहीन

रौतहट (कास)- स्थानीय तहले चासो नलिँदा लामो समयदेखि बन्द नाममात्रका विद्यालयका भवन प्रयोगविहीन भएका छन् । अहिले भवन जीर्ण बन्दै गएका छन् । कुनै पनि भवन प्रयोगमा आएका छैनन् । जिल्लाभरि यस्ता विद्यालयको संख्या सयभन्दा बढी छ । उनीहरूले नाम मात्रको भवन निर्माण गरेका थिए । स्थानीय तहले भवन प्रयोगमा ल्याउन सकेको छैन ।

नाममात्रको विद्यालय सञ्चालन गरेको देखाएर तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा लिई कमाउने शिक्षा माफियाहरूले निर्माण गरेको साना झुपडीदेखि पक्की भवन बेवारिसे बनेको हो । यस्ता भवन जिल्लाभरि जताततै बेवारिसे अवस्थामा छन् । सबैभन्दा बढी राजपुर, कटहरिया नगरपालिका क्षेत्रमा छ । स्थानीय तहले भवन व्यवस्थापनमा चासो देखाएनन् । कटहरिया नगरपालिकाका मेयर सियाराम कुशवाहाले झोले विद्यालयको भवनलाई कुनै न कुनै प्रयोजनमा ल्याउने बताए । 'हामीले नगरभित्र यस्ता विद्यालयको संख्या कति छ भन्ने तथ्यांक निकाल्न लागेका छौं,' उनले भने, 'बिना योजना हचुवाको भरमा विद्यार्थी नै नभएको क्षेत्रमा विद्यालय निर्माण गरेकाले सबै बन्द भइसकेको छ । भवन के गर्ने भन्ने छलफल हुँदै छ ।' फतुवा विजयपुर नगरपालिकाको बजार नजिकको झोले प्राविभवन लामो समयदेखि अलपत्र छ । यो प्रयोगमा आएको छैन । नगरपालिकाभित्रको विवादले यसलाई प्रयोगमा ल्याउन नसकेको हो । गंगा पिप्राक्षेत्रको झोले विद्यालय पनि बेवारिसे बनेको छ । राजपुरका धेरै भवनहरू खाली अवस्थामा छन् । शिक्षा विकास तथा समन्वय इकाई कार्यालयले जिल्लाभरिका १ सय २० वटा झोले विद्यालय खारेजीमा परेको जनायो । तिनका भौतिक संरचना अहिले बेवारिसे जस्तै भएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष र नक्कली प्रधानाध्यापक मिलेर शिक्षा ऐन विपरीत, मापदण्ड पूरा नगरी कागजमा मात्र सञ्चालन देखाई विद्यालयको नामको रकम अनियमितता गर्दै आएका थिए । उनीहरूले फर्जी विद्यार्थी देखाएर लाखौं रकम निकाशा लिन्थे ।

अश्वमेध महायज्ञको पूजास्थल बन्दै

कान्तिपुर संवाददाता (वीरगन्ज)

राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने अश्वमेध गायत्री महायज्ञको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएका छन् । प्रतिकूल मौसमको बाबजुद वीरगन्जको आदर्शनगर मैदानमा हुने महायज्ञका लागि पूजास्थल र पण्डाल निर्माण कार्य भइहरेको छ । देश/विदेश बाट आउने पाहुनाका लागि निःशुल्क आवाश र भोजनको व्यवस्था गरिएको छ ।

वीरगन्जको आदर्शनगरमा अश्वमेध गायत्री महायज्ञस्थल निर्माण हुँदै । *तस्बिर : भूषण यादव/कान्तिपुर*

अखिल विश्व गायत्री परिवार र गायत्री शक्ति पीठ वीरगन्जले आयोजना गर्न लागेको चारदिने महायज्ञ उद्घाटनमा राष्ट्रपति र समापनमा प्रधानमन्त्री आउने तय भएको आयोजक समितिका संयोजक विजय कुमार सरावगीले जनाए । वीरगन्ज महानगरपालिकाका मेयर समेत रहेका सरावगीले राष्ट्रलाई सक्षम समर्थ एवं समृद्ध बनाउने उद्देश्यका साथ आध्यात्मिक प्रयोग गरिएको दावी गरे । फागुन १९ देखि २२ गते सम्म चल्ने महायज्ञमा ५ लाख भन्दा बढी धार्मिक पाहुन आउने आयोजकको अनुमान छ । यसको व्यस्थापनमा पाँच हजार स्वयम्सेवक परिचालन गरिने छ । आवासका लागि यहाकाँ सबै धर्मशाला रिजर्भ गरिएको छ ।

यसको अलावा ठाकुरराम बहुमुखी क्याम्पसको शिक्षा संकायको मैदान र घन्टाघर अगाडि करिब १० हजार पाहुनाका लागि टेन्ट निर्माण गरिने आवाश व्यवस्थापन समितिका ओमप्रकाश सर्राफले बताए । एक सय ५० थान शौचालय र ३० वटा धारा जडान गरिएको छ । '१९ गते करिब ११ बजे राष्ट्रपति महायज्ञस्थल आउने कार्यक्रम तय भएको छ,' महायज्ञ आयोजन समितिका संयोजक विजय सरवागीले भने, 'झन्डोत्तोलन र महायज्ञको साहित्य प्रदर्शनीको उद्घाटन गर्ने क्रममा राष्ट्रपतिले सवाघण्टा बिताउने छिन् ।' पूर्वनिर्धारित कार्यतालिकाबमोजिम नै तयारी चलिरहेको सरवागीले जनाए । पूर्वप्रधानमन्त्री एवम् नेकपा अध्यक्ष प्रचण्ड, संघीय समाजवादी फोरमका अध्यक्ष एवम् स्वास्थ्यमन्त्री उपेन्द्र यादव, केही देशका राजदूत लगायतको पनि उपस्थिति रहने उनले बताए । महायज्ञमा अत्यधिक आगन्तुक आउने भएकाले वीरगन्ज महानगरपालिका भित्रका शैक्षिक संस्था ५ दिनका लागि बन्द आह्वान गरिएको छ ।

'वातावरणलाई स्वच्छ बनाउन १९ गतेदेखि २२ गतेसम्म मदिरा र मांसाहारी भोजन समेत प्रतिबन्ध लगाइनेछ,' महायज्ञको तयारीबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा सरावगीले भने । करिब २ करोड रुपैयाँ अनुमानित खर्च रहेको महायज्ञ व्यवस्थापनका लागि महानगरपालिकाले ३० लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । महायज्ञस्थल जोड्ने सडकको मर्मत, शौचालय र सरसफाइ निर्माणमा महानगरले खर्च गरेको मेयर समेत रहेका सरावगीले बताए । महायज्ञको सुरक्षाका लागि वीरगन्जमा ६ सय सुरक्षाकर्मी थपिने छन् । महायज्ञमा आएका आगुन्तकलाई सुरक्षाको अनुभूति दिन ३६० डिग्रीमा घुम्न सक्ने सीसीटीभी समेत जडान गरिनेछ । 'यसले मान्छेको संख्या समेत गणना गर्न सक्छ,' सरावगीले भने, 'बढी भीड हुने क्षेत्रमा कति मान्छे अटाउन सक्छन् भन्ने जानकारी राख्न सहयोग दिन्छ ।'

सीडीओ र एसपी दुर्घटनाका चालक थुनामा

■ **लक्ष्मी साह** (बारा)

जिल्ला अदालत बाराले लापरवाहीपूर्वक गाडी चलाउँदा तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश भट्टराई र सशस्त्र प्रहरी उपरीक्षक बलराम पोखरेलको मृत्यु भएको अभियोग लागेका चालक जगतनारायण कुर्मीलाई थुनामा पठाउने आदेश दिएको छ ।

पीडित र पीडकको तर्फबाट भएको दुईतर्फी बहसपछि थुनछेक आदेशको क्रममा कुर्मीलाई मुद्दाको पुर्पक्षका लागि सोमबार थुनामा पठाउने आदेश भएको हो ।

न्यायाधीश प्रकाशचन्द्र अधिकारीको इजलासबाट यस्तो आदेश भएको हो । वादीको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता शिलुका लिङथेल र प्रतेवादीका तर्फबाट अधिवक्ताद्वय ओमप्रकाश केशरी र प्रभात दाहालले पहिलो सुनुवाइमा बहस गरेका थिए । चालकले लापरवाहीपूर्ण तरिकाले गाडी चलाउँदा महिनाअघि सवारी दुर्घटनामा दुवैको मृत्यु भएको भन्दै सरकारी वकिलको कार्यालयले चालक कुर्मीविरुद्ध आइतबार अदालतमा अभियोजन दर्ता (मुद्दा दायर) गरेको थियो ।

सवारी ज्यान कसूरसम्बन्धी सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को उपदफा २ अनुसार (नयाँ संशोधन) दण्ड सजाय हुनुपर्ने माग दावी गर्दै सरकारी वकिलको कार्यालयले चालकमाथि मुद्दा दायर गरेको थियो । कसूर ठहर भएको खण्डमा ३० हजारदेखि १ लाखसम्म जरिवाना र ३ देखि १० वर्षसम्म कैद सजाय हुनसक्ने उक्त दफामा व्यवस्था छ ।

वादी तर्फका सरकारी वकिल लिङथेलले थुनामा राखी मुद्दाको पुर्पक्ष हुनुपर्ने र प्रतिवादी तर्फका कानुन व्यवसायीद्वयले अभियुक्त चालकलाई धरौटीमा छाडेर मुद्दाको अनुसन्धान हुनुपर्ने तर्क गरेका थिए । प्रहरीले चालक कुर्मीमाथि तीन साताभन्दा बढी अनुसन्धान गरी सरकारी वकिलको कार्यालयमा मुद्दा पेस गरेपछि सरकारी वकिलको कार्यालयले उक्त मुद्दाका अभियुक्त कुर्मी (चालक) सित आइतबार बयान लिएर मुद्दा दायर गरेको थियो ।

थुनछेक आदेशमा मुद्दाको थप पुस्ट्याइँका लागि अभियुक्तलाई पुर्पक्ष (थुनामा राखी मुद्दाको अनुसन्धान) मा राखेर कि धरौटी वा साधारण तारेखमा राखेर मुद्दा अनुसन्धान गर्ने भन्ने आदेश हुन्छ । कसूर गरेको दसीप्रमाण तत्काल उपलब्ध भएमा समेत पुर्पक्षमा पठाउने कानुनी व्यवस्था छ । ३ वर्षभन्दा बढी सजाय हुन सक्ने कसूरको मुद्दामा पुर्पक्षमा पठाइने कानुनी व्यवस्था छ ।

'अभियुक्तको बयान, मौकाको कागजलगायत दसीप्रमाणको आधारमा तत्कालको लागि थुनामा राखेर मुद्दाको अनुसन्धान गर्न आदेश भएको छ,' जिल्ला अदालतका रजिस्ट्रार कौशलेश्वर झवालीले भने । कर्मचारी मिलन केन्द्रले निजगढमा आयोजना गरेको भोजमा सहभागी भएर फर्किदै गर्दा गत माघ १२ मा पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढ-पथलैया खण्डबीचको पसाहा खोला नजिक दुर्घटना भएको थियो ।

प्रहरी उपरीक्षक पोखरेलको घटनास्थलमै र प्रजिअ भट्टराईको काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचारको क्रममा निधन भएको थियो । दुर्घटनामा चालक कुर्मीसहित प्रजिअका अंगरक्षक प्रहरी हवल्दार शम्भु गुरुङ र प्रहरी उपरीक्षक पोखरेलका अंगरक्षक सशस्त्र प्रहरी हवल्दार सञ्जयकुमार यादवसमेत घाइते थिए । बा१भ्क १६३३ नम्बरको स्कोर्पियो उक्त सडकखण्डमा रोकी राखेको ढुंगा लोडेड ट्याक्टरको ट्रली (डब्बा) मा पछाडिबाट ठोक्किँदा दुर्घटना भएको थियो ।

Pioneer Moto Corp Pvt. Ltd.
Uttardhoka, Kathmandu: Tel: 01-4446042/43, 9801142988(Anish), 9801142989(Anil), 9801142995(Dikshant), 9801142997(Rajkumar), 9801142958(Shraddha), 9801142964(Surendra), 9801142948(Avishek), 9801143231(Vijayata), 9801143219(Saurav),9801143243(Sandhya)
Thapathali: 01-4101627/28/78, 9801142926(Runa), 9801142928(Amita)
Biratnagar: 021-460972, 9801142933 (Amit), 9801142934 (Shambhu), 9801142936 (Dhiren), 9801143166 (Dilip), Email: sales@nissan-nepal.com

NOW YOU CAN ALSO VISIT US AT:
Maharajgunj: 01-4721772,4720771, 9851189271, 9851189272, 9851189273, 9851189276, 9851179553, **Bhaktapur:** 9811015988, 9840175221, **Birtamode:** 023-541113, 9801412223, **Janakpur:** 041-424298, 9801651863,9802013636, **Bardibas:** 044-550213, 9807850200, **Pokhara:** 061-431437, 9856016772, 9856016773, **Butwal:** 071-415408, 9802737877,9812986506, **Bhairahawa:** 071-527054, 9801229991, 9801229992, **Nepalgunj:** 081-551744, 9858023645, 9849914576, **Dhangadhi:** 091-416234, 9801712451, **Narayanghat:** 9801369201, 9801369127, **Itahari:** 025-585037, 9852085085, 9802086873

24x7 SERVICE CENTRE:
Khumaltar: 01- 5548969
Service Helpline: 9801205500

For more information, please visit www.nissan-nepal.com, NissanNep, Nissannepal_, nissan_nepal or **visit any of our dealerships across the country**

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० पोखरा | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*

"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

गजब छ बा !

- अविन -

सभामुखज्यू ? हुनुहुन्न त ! ह्वाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

फेरि हिमपात

- बेंसी झरेका बासिन्दा फर्कनलाई मुस्किल
- लाप्राकका विद्यालयको पठनपाठन प्रभावित
- पर्यटकीय गन्तव्यका बस्ती विच्छेद

बागलुङको काठेखोला-५ शिवधुरीमा परेको हिमपात हेर्दै स्थानीय । *तस्बिर : प्रकाश बराल/कान्तिपुर*

कान्तिपुर संवाददाता (बागलुङ)

माघ र फागुन महिनामा बागलुङका धेरै स्थानमा तीन पटक हिमपात भएको छ । पटक-पटक हिमपात भएपछि स्थानीय बासिन्दाको जनजीवन कष्टकर बनेको छ ।

विशेषगरी ढोरपाटन, ताराखोला, घोडाबाँधे, गाँजालगायतका क्षेत्रका बासिन्दालाई दैनिक जीवन सञ्चालनमा कठिनाइ भएको हो । ढोरपाटनमा दुई साताअघि परेको हिउँ अझै नपग्लेर बेंसी झरेका बासिन्दा फर्कन सकेका थिएनन् । बुधबारको हिमपातले झन् कष्टकर भएको स्थानीय शिक्षक चकबहादुर अदेले बताए । बेंसी झरेका बासिन्दाले घाम लागेमा केही दिनमै ढोर उक्लने तयारी गरेकामा बुधबार पछि फेरि समस्यामा परेका हुन् ।

त्यस्तै ताराखोलामा पनि तेस्रो पटक हिमपात भएको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले बताए । हिमपातका कारण खेतीपातीमा राम्रो भएकोमा पटक-पटक पर्दा भने सास्ती परेको बताए । हिमपातका कारण विद्यालय सञ्चालनमा कठिनाइ भएको छ । साना बालबालिका लाई अभिभावकले विद्यालय पठाउन नसकेका हुन् । घोडाबाँधे र गाजाको दहमा परेको हिउँ खेल्न भने बजारवासीहरू पुगेका छन् । उनीहरू बुधबार पनि हिउँ खेल्ने लक्ष्यले हिँडेका हुन् ।

सडक सञ्जालले जोडिएका क्षेत्रमा आन्तरिक पर्यटकको रूपमा सयौंले हिउँ खेलिरहेको घोडाबाँधेस्थित सेनाको अर्जुनबाँण गणका प्रमुख सेनानी भुवनराज देवकोटाले बताए । ब्यारेक आसपासको दृश्य आकर्षक भएकाले धेरै पर्यटक त्यहीं पुग्ने गरेको उनले बताए । जिल्लाका पर्यटकीय सम्भावना बोकेका गन्तव्यलाई पदमार्ग र सडक मार्गले जोडेर बृहत् गुरुयोजना बनाउने अभियान चलिरहेकै बेला पटक-पटक हिउँ पर्दा पाहुना पनि खुसी भएको पर्यटन विकास समितिका अध्यक्ष राजु खड्काले बताए । सरकारले हालै जारी गरेका पर्यटकीय गन्तव्यलाई प्राथमिकतमा राखेर समितिले गुरुयोजनाको काम थालेको छ । सूचीकृत घोडाबाँधे, गाजा, ढोरपाटन र पञ्चकोटमा हिमपात भएको हो । प्रदेश सरकारले अगाडि सारेको होमस्टे स्थापना र प्रवर्द्धन कार्यक्रमका लागि पनि ती गन्तव्य सहायक भएको उनले बताए ।

पहाडी जनजीवन कष्टकर

पर्वत (कास)- गत माघ ११ मा पहिलोपटक हिउँ पर्दा जलजला-५ लेकफाँटका लोकबहादुर पुन खुसीले रमाए । १३ वर्षपछि बाक्लो हिउँ परेको भन्दै खुसीले रमाएका लोकबहादुरसँगै गाउँलेले सुकेको बारी खनजोत गरेर मकै लगाउन तयार गरे । त्यसलगत्तै १८ गते दोस्रोपटक हिमपात भयो । त्यो बेला पनि खासै दुःखमनाउ गरेनन् । फेरि माघकै २५ गते एक फिटभन्दा बाक्लो हिमपात भयो ।

लगातार ३ पटकसम्म हिमपात भएपछि भने लेकाली बस्तीका बासिन्दामा मौसमी त्रास फैलिन सुरु गऱ्यो । खासगरी हिउँदका पुस र माघको दोस्रो सातासम्म २ हजार मिटरभन्दा माथिल्लो भेगमा हिमपात हुनु सामान्य हो । तर, यो वर्ष धेरै पटक हिमपात भयो । बुधबार पनि लेकाली बस्तीहरूमा भारी हिमपात भयो । बुधबारको हिमपातसँगै पर्वतको उपल्लो लेकाली बस्तीका सर्वसाधारणहरूमा मौसमी त्रास झन् बढी फैलिएको छ । फागुनको पहिलो सातापछि हिमपात हुनुलाई ग्रामीण बस्तीमा राम्रो संकेत मानिँदैन । सुन्तला, कागतीलगायत फलफूल लगाउने किसानले यो हिमपातले ठूलो नोक्सानी व्यहोर्नुपर्छ । 'पुस-माघमा हिउँ पर्नु निकै फाइदाजनक हो,' जलजला-१ का किसान मेखबहादुर खत्रीले भने, 'फागुनको पहिलो सातापछि हिमपात हुनु भनेको हामी सुन्तला लगाउनेका लागि सर्वस्व हरण हुनु हो ।' यो सिजनमा वर्षा र हिमपात हुँदा सुन्तलामा लाग्दैगरेका फूल झर्ने र विभिन्न नयाँ रोगकीराको आक्रमण बढ्दै जाने उनले बताए ।

> ढोरपाटन, ताराखोला, घोडाबाँधे, गाँजालगायत क्षेत्रमा तेस्रो पटक हिमपात

हिमपातका कारण लेकाली बस्तीमा हिउँदे खेती थन्क्याउने सुरसारमा लागेका किसानहरू पनि अलपत्र परेका छन् । कतिपय किसानले लगाएको बाली पाकेर थन्क्याउने समय भएको छ । यो बेलामा वर्षा र हिमपात हुँदा आलु, तोरी, फापर लगायतका हिउँदेबाली थन्क्याउन समस्या हुन्छ । त्यसबाहेक मकै रोप्न ढिलाइ हुने किसानहरूले बताए । 'फागुन महिनाभित्रै मकै रोपिसक्नुपर्छ,' शालिजाका श्रीकृष्ण सुवेदीले भने, 'अहिले झरी परेपछि एक महिनासम्म मकै छर्न मिल्दैन । बारीको माटो हिलाम्य छ । हिलोमा मकै छरेर उम्रिँदैन ।'

मंगलबार रातिदेखि निरन्तर परेको वर्षाका कारण पर्वतका सबैजसो लेकाली गाउँहरूमा बाक्लो हिउँ परेको छ । यो हिमपात करिब दुई दशकयताकै बाक्लो र बेसिजनी भएको स्थानीय बूढापाकाहरूले बताएका छन् । '०६२ फागुन २ गते हिउँ परेको थियो,' क्याङका नसिङबहादुर पुनले भने, 'त्यसबाहेक अरू कुनै वर्ष यो बेला हिमपात भएको जानिएकै थिएन । अहिले राम्रोसँग भोगियो । यस्तो मौसम मैले जानेदेखि परेकै थिएन ।' यो समयमा हिमपात हुनु किसानका लागि फाइदाजनक नहुने उनले बताए । हिउँदे वर्षाका भरमा खेती गर्ने किसानका लागि पुस र माघको तेस्रो सातासम्म परेको हिमपात र वर्षा फाइदाजनक हुने किसानहरूको भनाइ छ ।

कृषि ज्ञानकेन्द्र पर्वतका अनुसार जिल्लाका सबैजसो डाँडाकाँडाहरू हिउँले सेताम्मे छन् । 'यस वर्ष चौथो पटक हिउँ परेको हो,' ज्ञानकेन्द्र प्रमुख वासुदेव रेग्मीले भने, 'पहाडी भूभागहरूमा बाक्लो हिमपात परेकाले जनजीवन प्रभावित बनेको छ । किसानलाई यो हिमपातले खासै फाइदा गर्दैन ।' मंगलबार साँझदेखि परेको वर्षासँगै जिल्लाको लेखफाँट, शालिजा, क्याङ भुकताङले, हम्पालको लेक, पञ्चासे, डहरेको लेक र चिसापानीलगायतका स्थानमा भारी हिमपात भएको जानकारी आएको उनले बताए ।

वर्षासँगै हिमपात भएकाले जनजीवनका साथै गाईबस्तुलाई समेत समस्या भएको छ । हिमपातले पाक्न लागेको गहुँ बालीलाई असर पुऱ्याएको छ । समुद्र सतहदेखि दुई हजार मिटरभन्दा माथिल्ला भूभागका सबैजसो ठाउँमा हिमपात भएको छ । जलजला गाउँपालिकाको लेकफाँट, मोहोरेडाँडा र बनौलगायतका लेकमा भारी हिमपात भएको जलजला(९ का वडाध्यक्ष गौबहादुर पुनले बताए । कुश्मा(१४ आर्थरडाँडाखर्क र मोदी-८ चित्रेमाथिको पञ्चासेमा बाक्लो हिउँ परेको स्थानीयले बताएका छन् ।

पग्लन नपाउँदै हिउँमाथि हिउँ

■ **हरिराम उप्रेती** (गोरखा)

गत सातासम्म भएका लगातारको हिमपात थामिएर हिउँ पग्लन थालेको थियो । बुधबार बिहानैदेखि पुनः हिमपात हुदाँ धार्चे गाउँपालिका-४ लाप्राकको सानो रिञ्जिलुङ, ठूलो रिञ्जिलुङ, गुब्सी र माम्चेक्षेत्र फेरि सेताम्य भएका छन् ।

हिउँ परेर चिसो निकै बढेपछि लाप्राकको मणिकामादेवी माविको पठनपाठन प्रभावित भएको छ । बुधबार विद्यालयमै हिउँ परेपछि तीन परियड पढाएर बिदा दिइएको शिक्षकहरूले बताए । 'साना विद्यार्थीहरूलाई चिसोको समस्या हुन्छ भनेर ६ वर्षमुनिका विद्यार्थीलाई बिदा दियौं,' प्रधानाध्यापक धनबहादुर गुरुङले भने, 'बिहीबार वार्षिकोत्सव छ । ठूला कक्षाका विद्यार्थी र हामी चिसो खपेर त्यसकै कार्यत्रक्रमको तयारीमा छौं । पुरानो गाउँ नजिकैको भवन भूकम्पले भत्काएपछि विद्यालय यतिबेला गुब्सीपाखा नजिकैको कलकाडमा सारिएको छ । चारवटा अस्थायी टहरामा कक्षा छन् । नयाँ भवन निर्माणाधीन छ ।

पटक-पटक हिमपातपछि चिसो बढ्दा बालबच्चा वृद्धवृद्ध तथा स्थानीयहरूमा घाँटी दुख्ने, ज्वरो आउने र रुघाखोकीको समस्या पनि देखिएको सानो रिञ्जुलिङका रेवन गुरुङले बताए । 'गाउँका मान्छेलाई चिसोको समस्या देखिएको छ,' उनले भने । बुधबार दिनभर हिउ र पानी पालैपालो परेपछि अत्यधिक चिसो बढेको गुरुङले बताए । 'आज फेरि बिहान तीन-चार वजेबाट हिउँ पऱ्यो,' उनले भने, 'यसअघिको वर्षमा तीन-चार पटक हिउँ पथ्र्यो, यस पटक त परेको पऱ्यै छ, तीन-चार दिन हावा चल्ने घाम लाग्ने भथ्यो, फेरि आजबाट हिउँ र पानी पऱ्यो ।' बुधबार हिउँ र पानी पालैपालो परेसँगै छिन-छिनमा हावा चल्दा जनजीवन थप प्रभावित बन्यो । गुप्सीपाखा क्षेत्रमा हिउँ नपग्लैदै पुनः हिउँ परेको छ । 'हिउँमाथि फेरि हिउँ जम्यो, माथि गोठमा बस्नेलाई चिसोले झनै समस्या भएको छ,' उनले भने । लाप्राकका स्थानीयहरूले ब्राालाङ, चेवो, मिलाइदी, रुकालगायतका खर्कमा गोठ सारेका छन् ।

लाप्राक आसपासको रुकाङ डाँडा, चक्वाङ डाँडा आसपासको क्षेत्र पनि हिउँले ढाकेको छ । 'हिउँ पर्दा साह्रै समस्या भयो, हिजो मकैको बिहे भएपछि आजबाट मकैको बीउ छर्न सुरु हुन्थ्यो, जाडोले बारीमा जान सकेनौं,' रेवनले भने, 'हिउँ परेपछि आइस हुन्छ, खानेपानीको पनि यहाँ साह्रै समस्या हुन्छ, हिउँ तताएर खाने गर्छौं ।' माथिल्लो क्षेत्रमा हिउँ परेसँगै लाप्राकको पुरानो गाउँमा पानी परेर जाडो बढेको छ । 'गए राति ठूलो हावाहुरी चल्यो, पानी पर्ने हावा चल्ने भइरहन्छ, टहरोमा बसेकालाई चिसोले साह्रै समस्या छ,' स्थानीय साँइली गुरुङले भनिन् ।

हिउँ परेसँगै चिसो बढ्दा लाप्राकको गुब्सीपाखामा निर्माणाधीन एकीकृत बस्तीको पुनर्निर्माण पुनः रोकिएको छ । गुब्सीपाखामा गैरआवासीय नेपाली संघ एनआरएनए बस्ती निर्माण भइरहेको छ । 'आज बिहान ९ बजेसम्म बल्लतल्ल काम गरेका थियौं, त्यसपछि चिसो बढेर काम हुन सकेन, सामन जुटाउने, हिउँले ढाकेको बाटो खोल्ने काम त गरेका थियौं' एनआरएनका साइट म्यानेजर लक्ष्मण अर्यालले भने, 'यस पटक घर बनाउने काम हिउँले पटक-पटक रोकिएको छ, २० गते काम सुरु गर्ने भनेको हिउँले गर्दा ढिला भयो, अँस्ति फागुन ५ बाट काम सुरु भएको थियो फेरि आज रोकियो ।' उक्त बस्ती पुनर्निर्माणमा एनआरएनका कामदार र नेपाली सेना गरी ३ सय २५ जना खटिएका छन् । 'विस्तारै पग्लँदै थियो, काम गर्ने ठाउँका भित्ताहरूमा मात्र हिउँ बाँकी थियो, आज फेरि तीन इन्च जति थपिएको छ,' उनले भने । गुब्सीपाखा क्षेत्र ओसिलो हुँदा हिउँ पग्लन समय लागेको स्थानीयहरू बताउँछन् । आउँदो वैशाख १२ सम्म पुनर्निर्माण सक्ने लक्ष्य राखिएको उक्त बस्तीको हालसम्म ६७ प्रतिशत पुनर्निर्माण सकिएको छ । समुन्द्री सतहबाट २७ सय मिटरको उचाइमा रहेको गुब्सीपाखामा मौसमको प्रतिकूलताले पुनर्निर्माणमा समस्या देखिएको छ ।

गुब्सीपाखा क्षेत्र आसपास टहरामा बसेकाहरू चिसो बढेसँगै समस्यामा परेका छन् । त्रिपाल र जस्ताको छानामुनि बसेकाहरू भित्रै पानी चुहिँदा समस्यामा पर्ने गरेको बताउँछन् । 'पुरानो जस्ता, काठपात र त्रिपालको टहरो हुन्छ, हावाले पनि भित्र हिउँ ल्याउछँ, अनि पग्लिएर पानी पर्ने भयो,' स्थानीय दीपक गुरुङले भने ।

बारपाक-लाप्राक सडक खण्डमा सवारी आउजाउ पनि पातलिएको छ । हिउँले सडक हिलाम्मे हुदाँ सवारीलाई समस्या परेको स्थानीय जित गुरुङले बताए । 'हिउँ र पानी दुई-चार दिन बिराई रोकिने-पर्ने भइरहेको छ, यस पटक लङ टाइम हिउँ पऱ्यो,' उनले भने, 'गोठमा बसेकालाई समस्या त भइहाल्यो, बूढाबूढी बाहिर निक्लन पनि सक्दैनन् ।' जाडो बढेसँगै स्थानीय बख्खु ओडेर घरयासी काममा लागेका छन् । 'नगरी नहुने काम त न्यानोका लागि बख्खु ओडेर पनि गर्नैपऱ्यो,' उनले भने । बुधबार गोरखाको उत्तरी क्षेत्रमा पनि हिउँ परेर जनजीवन प्रभावित बनेको छ ।



पर्वतको कुश्मा-४ र जलजला-९ को सीमाक्षेत्रमा परेको हिमपात । *तस्बिर : अगन्धर तिवारी/कान्तिपुर*

गुराँसका थुंगा सेताम्य

म्याग्दी (कास)- जाडो सकिएर गर्मी लाग्ने बेलाको सिजन । वसन्त ऋतु । वनपाखा गुराँस फुलेर रातामम्मे छन् । गुराँसका पत्रमाथि फुसफुसे हिउँले छोप्दा सेतो रंगले आकर्षक देखिएका छन् ।

जिल्लाका माथिल्लो भेगका बस्तीमा बाक्लो हिमपात भइरहेको छ । यो हिउँदमा तेस्रोपटक मंगलबार रातिदेखि हिमपात भइरहेकाले पर्यटकीय बस्ती घोडेपानीसमेत उच्च भेगका बस्तीको जनजीवन प्रभावित भएको छ ।

लगातारको बाक्लो हिउँले थिचेपछि गुराँसका फूल मात्र होइन भार थेग्न नसकेर ठूला र बूढा गुराँसका रूख पनि बड्लङ्ग ढल्लेका छन् । मंगलबार साँझदेखि लगातार पररिरहेको हिउँले वल्लो-पल्लो गाउँ आउ-जाउ गर्ने बाटा बन्द छन् । गाईबस्तु गोठमा थुनिएका छन् । चिसो अधिक बढेको छ ।

'रातामम्मे गुराँसको जंगल हिमपातले सेताम्मे भएको छ । हिउ र गुराँस एकैपटक देख्न पाउँदा रमाइलो भएको छ' अन्नपूर्ण गाउँपालिका-७ हिस्तानकी कविता पुनले भनिन्, 'गुराँसका थुँगामा थुप्रिएको सेतो हिउँको दृश्य मनमोहक देखिएको छ ।'

हिमपातले पर्यटकीय क्षेत्र महरे, घोडेपानी/पुनहिल, खोप्रो, गुर्जालगायत जिल्लाका अधिकांश बस्तीहरू हिउँले ढपक्कै ढाकिएका छन् । हिमपातबाट पर्यटकीय छन्त्याल बस्ती गुर्जा, पर्यटकीय गन्तव्य घोडेपानीलगायतका बस्ती विच्छेद भएका छन् । गुर्जा मात्र होइन जिल्लाका माथिल्लो भेगका प्रायः सबै बस्तीका गोरेटा तथा घोरेटा बाटोमा बाक्लो हिउँ जमेपछि वल्लो गाउँबाट पल्लो गाउँ पुग्न सक्ने अवस्था छैन ।

मंगलबार साँझदेखि परेको हिमपात बुधबार दिउँसोसम्म रोकिएको छैन । बाक्लो हिमपातले पहाडी क्षेत्रका गहुँ, आलु र फलफूल खेतीमा व्यापक क्षति पुऱ्याएको छ । नासपाती, आरू, आरूबखडासमेतका फलफूलमा भर्खर फुल्ने बेलामा हिउँ परेकाले क्षति भएको हो । बाक्लो हिमपातले आँख्ला चढेको गहुँ, जौ भाँचिएर ढलेको कृषकहरूले बताए ।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२२ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बव करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एम एण्ड एस (हड्ताल हल्ला)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एता एण्ड एस (इन्सपाचर)
७:००	सुमनसँग
७:३०	ट्वान्टी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
८:००	सम्मी एडभेन्चर्स
८:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एता एण्ड एस (इन्सपाचर)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एता एण्ड एस (इन्सपाचर)
२:००	कान्तिपुर समाचार (रिपिट १)
२:३०	सुमनसँग
३:००	ट्वान्टी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडभेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	हेल्थलपमेन्ट एण्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एण्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एण्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१८:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेल्चुरिटी एण्ड क्राइम डायरी
२०:०५	हिप हप्प हसला (रसीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी ज्योल्डी (रसीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/धनबुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३७०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मनिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१७/१८
ग्याण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय औंसी अस्पताल	०६१-४६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-४६१०४६/४६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६१८१९
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५५९९
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२६२०४६

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१९८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी धनबुलेन्स	९८४६९१७६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३९
स्याङ्जा धनबुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०१९२/४२०१४
पर्वत रेडक्रस धनबुलेन्स	०६७ ४२०१४९
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१७५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१९३
स्याउदी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बारुणयन्त्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९९
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९९
जिल्ला प्रहरी तनुसाङ	०६९ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी स्याउदी	०६९ ५२०१९२ र ५२०२९९
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९९
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९९
इपका आँबुखैरेनी	०६५ ५४००९९
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मुद्द अस्पताल	०७१५६९१७७
महिला तथा बाल अस्पताल-आरठा	०७१५४४५५०
चुमिमर्सल कलेज अफ मेडिकल साचनसेस मैरहवा	०७१५०६०३०
मीम अस्पताल मैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१८८
अर्घाखाची जिल्ला अस्पताल	०७८४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७१५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७४५४०२००
रेडक्रस धनबुलेन्स मैरहवा	०७१-५२०२६३, ९८४७०२९१०४
रेडक्रस, रक्त संचार मैरहवा	०७१-५२०२६३, ९८४७३२६५५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१९०२
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अउवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्याघाट सेवा केन्द्र	४४०२२९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८००
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५५-२२२२ (Ncell)

संरक्षणका लागि बाजा हस्तान्तरण

● पुतलीबजार-७ मोहोरियाका दलितलाई २ जोर नौमती बाजा दिइयो ● पहिचान लोप हुनबाट बच्ने र दलित परिवारको आम्दानी बढ्ने

नौमती बाजा सहयोग पाएपछि सामूहिक तस्बिर खिचाउँदै स्याङ्जाको पुतलीबजार नगरपालिका-७ मोहोरियाका दलित । *तस्बिर : प्रतीक्षा काफ्ले/कान्तिपुर*

कान्तिपुर संवाददाता (स्याङ्जा)

बिहे, व्रतबन्ध र शुभकार्यलगायतका सामाजिक संस्कार र सभासमारोहमा नौमती र पञ्चेबाजा नै खोजी हुन्छ । यहाँका दमाई समुदायले बजाउने गरेका बाजा कुनै बेला पहिचान जस्तै थियो । फेरिएको सामाजिक परिवेशसँगै बजाउन जान्नेका परिवारका नयाँ पुस्ता भने अरू नै पेसामा लागे ।

यसबेला बाजा बजाउनेमा अरू जाति समुदायबाट पनि थपिए । दुई दशकअघिजस्तो परम्परागत बाजामा लागिपर्ने पुस्ता अब घट्दो संख्यामा छन् । पुतलीबजार-७ मोहोरियाको दलित बस्तीका बासिन्दाको प्रमुख पेसा नै बाजा बजाउने हो । बाजेको पालादेखिका बाजा बजाएर अहिलेका पुस्ताले पनि आर्यआर्जन गर्दै आएको बताउँछन् । यहाँका ३० घरधुरी दलित परिवारको बाजाबाहेक आम्दानीको अर्को दरिलो विकल्प छैन । वृद्धदेखि युवासम्म बाजा बजाउने काम गर्छन् । दलित जनचेतना पञ्चेबाजा समूहका अध्यक्ष खिमबहादुर परियारले बाजेको पालामा चलाइने बाजाले नै अहिलेको पुस्तासमेत धानिएको बताए ।

यहाँको दलित बस्तीको कृषिमा आत्मनिर्भर बन्ने अवस्था नभएकाले यिनीहरूको पहिचान लोप हुनबाट बचाउनका लागि हरियो वन कार्यक्रम केयर नेपाल र वडा कार्यालयबाट दुई जोर नौमती बाजा हस्तान्तरण गरिएको छ । बाजा बजाउने १० जनाको समूहलाई एक कार्यक्रमबीच नगरप्रमुख सीमा क्षत्रीले हस्तान्तरण गरिन् । १ लाख २९ हजार ७ सय मूल्य बराबरको बाजा हस्तान्तरण गरिएको हरियो वन कार्यक्रममा आबद्ध केयर नेपालका फिल्ड अफिसर सुशील जोशीले बताए । 'उहाँहरूसँग खेती गरेर गुजारा चलाउन जग्गाजमिन छैन । बाजा दिँदा आम्दानीको स्रोतसँगै पहिचान संरक्षण हुन्छ भन्ने उहाँहरूकै सुझाव हो,' उनले भने ।

पुतलीबजार-७ का वडाध्यक्ष विश्वेश्वरप्रसाद रेग्मीले वडा कार्यालयको पहलमा हरियो वन कार्यक्रमले बाजा सहयोग गरेको बताए । 'वडा कार्यालयबाट बाजा बजाउँदा लगाउने पोसाक सहयोग गरेका छौं,' उनले भने, 'सर्ट-पाइन्ट र आस्कोटसँगै जुत्ता र ढाकाटोपी सहयोग गरेका हौं ।' हरियो वन कार्यक्रमका फोकल पर्सन पवीन्द्र शाहीले दलित बस्तीमा खानेपानी पुऱ्याएपश्चात् आत्मनिर्भरको खेतीपातीमा प्रेरित गर्ने क्रममा जग्गा अभावका कारण आयआर्जनका लागि बाजामा नै प्रेरित गराइएको बताए । 'जलवायु परिवर्तनबाट निम्त्याएको समस्या समाधान गर्ने उद्देश्यले हरियो वन कार्यक्रमको प्राविधिक सहयोगमा वडा कार्यालयले गाउँ जलवायु परिवर्तन अनुकूलन कार्ययोजना बसायो' उनले भने, 'जसमा कीराको खोर बस्ती उच्च संकटापन्न क्षेत्र पहिचान गऱ्यो । एक घण्टा टाढादेखि खानेपानी बोकेर खाने दलित समुदायलाई गोनसा हरियो वन र वडा कार्यालयले घरछेउमा खानेपानीको धारा लगिदियो । खानेपानी त पुग्यो तर जीविकोपार्जन गर्न आर्थिक समस्या भोगिरहेको यो बस्तीमा खेती गर्ने जमिन भएन । पुर्ख्यौंली ज्ञानसिपको रुपमा रहेको नौमती बाजा बजाउन जानेको तर बाजागाजाका सामाग्री खरिद गर्ने क्षमता नभएको रहेछ । हामीले यसैलाई मध्यनजर गर्दै बाजा सहयोग गरेका हौं ।' उनले यी बाजालाई सदुपयोग गरी आम्दानी गर्न सुझाए ।

'तपाईंहरूले फ्रिमा पाएको नभनी सदुपयोग गर्नुहोला,' उनले बाजा समूहलाई भने, 'मेहेनत पनि गर्नुस् । आम्दानी पनि गर्नुस् । नयाँ पुस्तालाई पनि सिकाएर यही पेसामा महिला पनि सहभागी बन्नुहोला ।' उनले दलित बस्तीले मात्र नभई अन्य समुदायका व्यक्तिलाई पनि बाजा बजाउन सिक्नका लागि अनुरोध गरे । ७८ वर्षीय बुदे परियारले आफ्नो समुदाय र पहिचानलाई सम्मान गर्दै बाजा सहयोग पाउँदा निकै हर्षित भएको बताए । 'हामी बरु पहिचानभन्दा पनि आम्दानीबारे सोच्ने गर्थ्यौं' उनले भने, 'अन्य समुदायले हाम्रो पहिचानको चिन्ता लिएर जोगाउनुभयो ।' जीवनमा नै पहिलोपटक सहयोग पाएको बताउँदै उनले बाजा बजाएर नै परिवार पाल्दै आएको बताए ।

नयाँ बाजा पाउँदा उनीसँगै ५६ वर्षीय हीराबहादुर परियार पनि खुसी छन् । पुर्ख्यौंलीदेखि धानिँदै आएको पेसाको संरक्षण गर्न आवश्यक रहेको उनले बताए । ७५ वर्षीय टेकबहादुर परियार भन्छन्, 'बीचको समयमा त्यति बाजा बजाएका थिएनौं । विवाह र व्रतबन्धको अवसरमा मात्र बाजा बजाएर जीविकोपार्जनमा सन्तुष्ट भइएन । खेती किसानी, मेलापात र ज्यामी काममा बढी व्यस्त रह्यौं ।' उनले बाजा आफ्नो पहिचान हो भन्ने महत्त्व जब सहयोग पाइयो तब मात्र बुझेको बताए ।

पुर्ख्याको संस्कृति संरक्षणसँगै नयाँ पुस्तालाई पनि बाजा बजाउन सिकाउने र यसका लागि तालिमको आवश्यकता रहेको बताए । 'हामी मरेर गएपछि यो पेसा कसले गर्छ' उनले प्रश्न गरे, 'यसकारण पनि नयाँ पुस्तालाई सिकाएर हस्तान्तरण गर्नुपर्छ । बूढाहरू हिँड्न र बोलाएअनुसार गाउँ-गाउँमा पुग्न सक्दैनन् ।' बाजेको पालादेखिका बाजा बजाउँदै आएको बताउने उनले नयाँ बाजाको सेट पाउँद निकै खुसी रहेको बताए ।

भानु जन्मस्थल अस्तव्यस्त

■ **प्रताप रानामगर** (दमौली)

आदिकवि भानुभक्त आचार्यको ख्याति मेटिन नदिन उनको जन्मस्थलमा गठित भानु जन्मस्थल विकास समिति आठ महिनादेखि नेतृत्वविहीन छ । श्रीभक्त आचार्यको नेतृत्वको कार्य समितिको म्याद गत असारमा सकिएपछि नेतृत्व पाएको छैन ।

सरकारले नयाँ समिति बनाएको छैन । समिति गठनमा ढिलाइ हुँदा भानु जन्मस्थल विकासका योजना अस्तव्यस्त बन्न पुगेका छन् । विकास समितिका कार्यकारी निर्देशकको पनि पदावधि सकिएको छ । यसले गर्दा दैनिक प्रशासनिक कार्य ठप्प छ । लामो समयसम्म समिति गठन नहुँदा र कार्यकारी निर्देशक नियुक्त हुन नसक्दा भानु जन्मस्थल अस्तव्यस्त बनेको निवर्तमान कार्यकारी निर्देशक शंकर रानाभाटले बताए । 'बहालवाला समितिको म्याद सकिएको धेरै भयो,' उनले भने, 'अझैसम्म नयाँ कार्यसमित गठन नहुँदा योजना भद्रगोल भए ।' भानु जन्मस्थलको व्यवस्थापन र रेखदेखका काम समितिले गर्दै आएको थियो । सरकारले नयाँ समिति नियुक्त नगरेपछि समस्या देखिएको हो ।

नेपाल सरकारको मन्त्री स्तरबाट विकास समिति गठन तथा नियुक्त गर्ने प्रचलन छ । समितिको कार्यकाल दुई वर्ष हुन्छ । भानुको पुरुन्दीमा भानु स्मृति पार्क निर्माणाधीन छ । पार्कमा तारबार, शौचालय, पालेघर, बालोद्यान निर्माण भइरहेका छन् । तर, अहिले समितिको म्याद सकिएका कारण निर्माण कार्य ठप्प भएको उनले बताए । निर्माणका संरचनालाई रेखदेख गर्ने समिति नै नभएपछि निर्माण कार्य ठप्प भएको हो ।

भानु जन्मस्थल विकासका लागि संघीय सरकारले बर्सेनि बजेट विनियोजन गर्दै आइरहेको छ । अघिल्लो वर्ष पुँजीगत २५ लाख र चालुमा ८ लाख गरी ३३ लाख बजेट विनियोजित थियो । अघिल्लो वर्षको तुलनामा यस वर्ष संघीय सरकारले बजेट विनियोजन कम गरेको छ । यस वर्ष पुँजीगतमा १० लाख र चालुमा ८ लाख बजेट विनियोजन गरेको उनले बताए । बजेट पनि घटदो छ । भानु जन्मस्थल विकास समितिलाई स्थानीय, प्रदेश र संघीय सरकार कसको मातहतमा रहने भन्ने टुंगो लाग्न सकेको छैन ।

भानु जन्मस्थल विकास समिति संघीय सरकारको मातहतमा राख्नुपर्ने भानु नगरपालिका प्रमुख उदयराज गौलीले बताए । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल विकास द्रुत गतिमा गर्नुपर्ने उनको जोड छ । 'भानु जन्मस्थल संघीय सरकारको मातहतमा राख्न नगरपालिकाले माग गरेको छ,' उनले भने, 'यसो गरे भने मात्र जन्मस्थलको विकास हुन्छ ।' पशुपति विकास कोष र देवघाट विकास समितिजस्तै भानु जन्मस्थल विकास समितिलाई संघीय सरकारको मातहतमा राख्नुपर्ने उनले बताए ।

तनहुँको चुँदीफाँटमा रहेको भानु जन्मस्थल विकास समितिको कार्यालय । *तस्बिर : प्रताप/कान्तिपुर*

भानु जन्मस्थल विकास समिति आठ महिनादेखि नेतृत्वविहीन

कर्मचारीले तलब पाएनन्

भानु जन्मस्थल विकास समितिमा कार्यरत कर्मचारीले तलब पाएका छैनन् । आर्थिक वर्ष ०७३/७४ सालयता यहाँका कर्मचारीले तलब भत्ता पाउन नसकेका हुन् । कार्यकारी निर्देशक, सुब्बा, खरिदार, कार्यालय सहयोगीसहितले अहिले सम्म ४८ लाख रुपैयाँ तलब भत्ता लिन बाँकी रहेको निवर्तमान निर्देशक रानाभाटले बताए । ०६३ सालदेखि तलब भत्ता लिन बाँकी छ । कार्यकारी निर्देशकले मात्र ६ लाख रुपैयाँ लिन बाँकी छ । तलब भत्ताको पटक-पटक माग गर्दा पनि भुक्तानी नपाएको उनले गुनासो गरे ।

कहीं कतैबाट तलबको भुक्तानी नुहँदा कर्मचारी समस्या परेका छन् । तलब नपाएका कारण भानु जन्मस्थल विकास समितिका नायब सुब्बामा कार्यरत रामकुमार श्रेष्ठले जागिर नै छाड्दे । ९ लाख ५० हजार रुपैयाँ तलब अझै लिन बाँकी छ । जन्मस्थल विकास समितिलाई सरकारले पर्याप्त बजेट विनियोजन नगरेको उनको आरोप छ । कर्मचारीको माग सम्बोधन नभएपछि जागिर छाड्डेको उनले बताए ।

जन्मस्थल विकास समितिले नियुक्त गरेका दुई कार्यालय सहयोगी, खरिदार र नायब सुब्बाले २०६४ सालदेखि अहिले सम्म तलब नै पाएका छैनन् । तलब पाउने आशाले जागिर गरेको पनि एघार वर्ष बितिसकेको भानु जन्मस्थल विकास समितिका खरिदार शिवभक्त रानाभाटले बताए । '०६४ साल अगाडिसम्म त नियमित तलब पाउने गरेका थियौं, उनले भने, 'वार्षिक रूपमा चौमासिकको मात्र तलब पाएका छौं ।' तर, बर्सेनि ८ महिनाको तलब बाँकी हुने गरेको छ । ०७४ असार मासन्तसम्मको तलब मात्र उनको ९ लाख रुपैयाँ बाँकी छ । घरपायकको जागिर भनेर खाइयो । ढिलोचाँडो तलब पाउँला भनेर जागिर गरेको पनि यतिका वर्ष बितिसके छन् । अहिले सम्म बाँकी तलब नपाउँदा घरव्यवहार चालाउन मुस्किल भएको उनले बताए । तलब आएपछि दिन्छु भन्दै साहूको ऋण लिएर घरव्यवहार चलाएका छौं । कति वर्ष साहलाई धान्ने हो । अब त साहूले पनि पत्याउन छाडे । बाँकी तलब पाए जागिरबाट निस्कनै परे पनि निस्कन्थें, उनको भनाइ छ ।

कार्यालय सहयोगी शमशेर र शम्भुलाल घर्तीको अवस्था पनि दयानीय छ । दुवैजनाले पनि असार ०६४ देखि ०७४ मासन्त सम्म चौमासिकबाहेक पूरा तलब पाएका छैनन् । दवैजनाको ७ लाख ५० हजार रुपैयाँका दरले तलब लिन बाँकी छ । एक दशकदेखि तलब पूरा नपाउँदा घरखर्च धान्न दुवैजनालाई मुस्किल परेको छ । दुवैजना तलब पाउने आशाले जागिर गर्दा गर्दै दस वर्षसम्म तलबबिना काम गर्न बाध्य भएको उनीहरूको गुनासो छ । भुक्तानीका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयले भानु नगरपालिकाले पत्र पठाएको छ । भुक्तानी दिनुपर्ने रकम धेरै भएकाले दिन नसक्ने नगर प्रमुख गौलीले बताए । 'धेरै पहिलेदेखि कर्मचारीको रकम दिनुपर्ने छ, उनले भने, 'नगरपालिका भएको पनि धेरै भएको छैन ।' नगरपालिकामा बजेट छैन । कसरी दिन सकिन्छ बक्यौता रकम । बाँकी तलब भत्ता पनि मन्त्रालयले नै व्यवस्था गरिदिन उनले माग गरे ।

धमाधम बन्दै नगरमा सडक

■ **प्रतीक्षा काफ्ले** (स्याङ्जा)

जिल्लाकै पुरानो अर्थात् सदरमुकामको नगरपालिका पुतलीबजारले सडक निर्माणको कामलाई प्राथमिकता दिएको छ । नगरभित्रका मुख्य तथा भित्री सडकको स्तरोन्नति र कालोपत्रको कामलाई तीव्रता दिइएको हो ।

जिल्ला सदरमुकामस्थित नगरभित्रका सम्पूर्ण सडकलाई विशेष योजना अनुरूप तीव्रता दिइएको बताइएको छ । विगतका दिनमा बारम्बार सडक मर्मत गरे तापनि टिकाउ नहुने र महिना दिनमै पुरानै अवस्थामा हुने भएकाले पनि भित्री सडक चौडासँगै कालोपत्रे गरिने भएको हो । नगरभित्रका १३ सय मिटर भित्री सडकखण्डमा रहेका घर, भवन, चौतारा, सरकारी कार्यालयलगायतका पेटी भत्काइएको छ भने, नाली बनाउने कार्य भइरहेको छ । नाली बनाएर सकेपश्चात् सडक कालोपत्रे गरिने नगरप्रमुख सीमा क्षत्री बताउँछिन् । यसअघि नगरपालिकाकै बजेटमा प्रगतिनगर बजार क्षेत्रका भित्री सडकखण्ड फराकिलोसँगै पिच गर्ने कार्य गरेको थियो ।

सदरमुकाममा रहेको सहिदचोकबाट बैंकरोड हुँदै जिल्ला प्रशासन, टुँडिखेल, जिल्ला अदालत हुँदै ठाडो लाइन, कारागारदेखी आँधीखोलासम्म र अभियानपथ, विष्णुपँधेरा हुँदै खेलमैदान-मालेबगरसम्म सडक फराकिलो बनाउने र पिच गर्ने योजना रहेको पुतलीबजार १ नम्बरका वडाध्यक्ष निर्मलकुमार शेरचनले बताए । 'बजारका सबै सडकको न्यूनतम मापदण्डअनुसार चौडा पार्ने काम थालिएको छ' उनले भने, 'सडकमा नै घर तथा भवन छुनेगरी निर्माण गरिएकाले समस्या देखिएको छ । पेटी हुनेको पेटीसम्म भत्काएका छौं भने घर तथा भवनले छुने ठाउँमा छाड्नुपरेको छ ।'

वर्ष दिनभित्र नगरवासीलाई चिल्लो सडक उपहार दिने लक्ष्यले काम धमाधम भइरहेको उनले बताए । विगतदेखि सडक चक्लाउने योजना साकार भएको बताउँदै उनले सहरी विकास मन्त्रालयअन्तर्गत गतवर्ष नै टेन्डर निकालेर कामअगाडि बढाइएको बताए । सहरी विकास मन्त्रालयअन्तर्गत सहरी विकास कार्यालय पोखराले सडक निर्माणको प्रत्यक्ष रेखदेख गरेको छ । सडक मर्मतको लागि मन्त्रालयले ६ करोड रुपैयाँ टेन्डर गरेको हो । यसको निर्माण कार्यको जिम्मा गजेन्द्र निर्माण सेवाले लिइएको हो ।

सडक निर्माणको कार्य एक वर्षभित्र सक्नुपर्ने सम्झौता रहेको नगरप्रमुख क्षत्रीले बताइन् । सडक निर्माणसँगै नाली, फुटपाथ, ढल निर्माण हुनेछ । सहिद चोकदेखि बैंकरोड र जिल्ला प्रशासन कार्यालय आउने सडक नालीबाहेक ७ मिटरको कायम हुने वडाध्यक्ष शेरचन बताउँछन् । उनका अनुसार ठाडोलाइन, अदालत, कारागार चोक हुँदै आँधीखोलासम्म जोड्ने सडक नालासहित ६ मिटर कायम रहनेछ भने अभियानपथ हुँदै कांग्रेस पार्टी कार्यालयसम्म पुग्ने सडक ५ मिटर कायम रहनेछ ।

त्यस्तैगरी विष्णुपँधेरादेखि मालेबगर जाने बाटो पनि यही रकमबाट पिच गरिने उनले बताए । 'सडकमा ६७ वटा सोलार बत्ती राखिनेछ' उनले दोहोऱ्याए, 'एक पटक बनाइएका भित्री सडकहरू बारम्बार बनाईदैन । राजमार्ग आसपासका घरपेटी भत्काइने भए तापनि भित्री सडकमा रहेका घरपेटी बारम्बार भत्काइँदैन । यसकारण टिकाउ हुनेगरी राम्रोसँग मर्मत गर्ने योजना छ ।' पुतलीबजारअन्तर्गत पर्ने सबै सडक कालोपत्रे गर्ने लक्ष्य नगरपालिकाको छ । यसको लागी केन्द्रीय र प्रदेश सरकारलेसमेत बजेट हालेका छन् ।

Pioneer Moto Corp Pvt. Ltd.
Uttardhoka, Kathmandu: Tel: 01-4446042/43, 9801142988(Anish), 9801142989(Anil), 9801142995(Dikshant), 9801142997(Rajkumar), 9801142958(Shraddha), 9801142964(Surendra), 9801142948(Avishek), 9801143231(Vijayata), 9801143219(Saurav),9801143243(Sandhya)
Thapathali: 01-4101627/28/78, 9801142926(Runa), 9801142928(Amita)
Biratnagar: 021-460972, 9801142933 (Amit), 9801142934 (Shambhu), 9801142936 (Dhiren), 9801143166 (Dilip), Email: sales@nissan-nepal.com

NOW YOU CAN ALSO VISIT US AT:
Maharajgunj: 01-4721772,4720771, 9851189271, 9851189272, 9851189273, 9851189276, 9851179553, **Bhaktapur:** 9811015988, 9840175221, **Birtamode:** 023-541113, 9801412223, **Janakpur:** 041-424298, 9801651863,9802013636, **Bardibas:** 044-550213, 9807850200, **Pokhara:** 061-431437, 9856016772, 9856016773, **Butwal:** 071-415408, 9802737877,9812986506, **Bhairahawa:** 071-527054, 9801229991, 9801229992, **Nepalgunj:** 081-551744, 9858023645, 9849914576, **Dhangadhi:** 091-416234, 9801712451, **Narayanghat:** 9801369201, 9801369127, **Itahari:** 025-585037, 9852085085, 9802086873

24x7 SERVICE CENTRE:
Khumaltar: 01- 5548969
Service Helpline: 9801205500

For more information, please visit www.nissan-nepal.com, NissanNep, Nissannepal_, nissan_nepal or **visit any of our dealerships across the country**

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० बुटवल | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*

"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

गजब छ बा !

- अविन -

सभामुखज्यू ? हुनुहुन्न त ! ह्वाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

कुटपिटबाट मृत्यु

रुकुमपूर्व (कास)- बाँकि घर भएका ४६ वर्षीय दीपक भनिने टक्क रावतको पुथाउत्तरगंगा गाउँपालिका-१० बाछीगाउँमा कुटपिटबाट मृत्यु भएको प्रहरीले जनाएको छ। दाङको घोराही उपमहानगरपालिका-१९ का २४ वर्षीय शिवराज राना र जाजरकोट नलगाड नगरपालिका-३ का २३ वर्षीय गोविन्द पुनको कुटाइबाट रावतको ज्यान गएको प्रहरी नायब उपरीक्षक योगेन्द्रकुमार खड्काले बताए। गत आइतबार साँझ ९ बजे रावतमाथि कुटपिट भएको थियो। कुटपिटबाट गम्भीर घाइते रावतको उपचारका लागि नेपालगन्ज लैजाँदै गर्दा मंगलबार बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ। कुटपिटमा संलग्न रानालाई घटनास्थलबाटै प्रहरीले नियन्त्रणमा लिएको थियो भने पुनलाई सोमबार नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

बलात्कार अभियोगमा पक्राउ

दाङ (कास)- घोराही उपमहानगरपालिका-१८ अम्बापुरका ३१ वर्षीय सुनील थापालाई प्रहरीले मंगलबार बालिका बलात्कार अभियोगमा पक्राउ गरेको छ। थापाले मादकपदार्थ सेवन गरी स्थानीय ११ वर्षीया बालिकालाई बलात्कार गरेको प्रहरी प्रवक्ता डीएसपी रामप्रसाद घर्तीले बताए। सोमबार बिहान थापाले बालिकालाई जबर्जस्ती करणी गरेको जाहेरीका आधारमा पक्राउ गरिएको र उनीविरुद्ध मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा २९९ बमोजिम करणीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी कारबाही थालेको घर्तीले बताए।

झ्याङ्ला स्मार्ट कृषि गाउँ

पाल्पा (कास)- तिनाउ गाउँपालिका-२ दोभानको झ्याङ्ला स्मार्ट कृषि गाउँ बन्ने भएको छ। प्रदेश ५ की कृषि तथा सहकारी मन्त्री आरती पौडेलले स्मार्ट गाउँ बनाउने अभियानको ५ वटा बिरुवा रोपेर उद्घाटन गरिन्। प्रदेश ५ ले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रदेशका ५२ वटै निर्वाचन क्षेत्रका एक/एक वटा गाउँलाई स्मार्ट कृषि गाउँका रूपमा विकास गर्ने घोषणा गरेको थियो। सोही अनुसार झ्याङ्लामा कार्यक्रम सुरु गरिएको उनले बताइन्। छनोटमा परेका प्रत्येक स्मार्ट कृषि गाउँले सिञ्चाइ, मल, बीउ, प्राविधिक सहयोग, उत्पादनको बजारीकरणमा खर्च गर्ने गरी ५० लाख रुपैयाँका दरले बजेट पाउँछन्। कुल लागतमा २० प्रतिशत स्थानीय तह वा अनुदानग्राहीले लगानी गर्नुपर्ने हुन्छ। स्मार्ट कृषि गाउँ कार्यक्रम लगातार चार वर्षसम्म सञ्चालन हुने वडाध्यक्ष राजेश श्रेष्ठले बताए।

ब्लड बैंक निर्माण हुँदै

भैरहवा (कास)- बढ्दो सहरीकरणलाई ध्यानमा राख्दै भैरहवामा आधुनिक र व्यवस्थित ब्लड बैंक निर्माण हुने भएको छ। लायन्स क्लब अफ भैरहवाले सिद्धार्थनगर नगरपालिका-३ स्थित मेडिकल कलेज जाने बाटो सकुनी पथमा ब्लड बैंक निर्माण गर्न लागेको हो। सिद्धार्थनगर नगरपालिकाको नगरसभाको निर्णयबाट उपलब्ध भएको साढे १ कट्ठा जग्गामा निर्माण हुन लागेको क्लबका अध्यक्ष रवीन्द्र शर्मा घिमिरेले बताए। उनका अनुसार रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् र रगतका लागि भैरहवाबाहिर धाउनु नपरोस् भन्ने उद्देश्यले ब्लड बैंकको स्थापना गर्न लागिएको हो।

विद्युतीय हाजिरी

पाल्पा (कास)- तानसेन नगरपालिकाभित्रका सबै सामुदायिक माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी मेसिन जडान भएको छ। शिक्षा शाखाले १८ माविमा हाजिरी मेसिन जडान गरेको हो। तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले दमकडा नमुना माध्यमिक विद्यालयमा मेसिन जडान गरेर विद्युतीय हाजिरीको शुभारम्भ गरे। विद्युतीय हाजिरी मेसिनको सहयोगबाट विद्यालयमा शिक्षकको आउने र जाने समयको रेकर्ड हुनेछ।

निसानको किक्स बजारमा

भैरहवा (कास)- जापानको विश्व प्रसिद्ध मोटर निर्माता निसान कम्पनीद्वारा उत्पादित किक्स ब्रान्डका गाडीको भैरहवामा कारोबार सुरु भएको छ। भैरहवाका लागि निसान ड्याटसन मोटर्सद्वारा उत्पादित गाडीको आधिकारिक बिक्रेता वरुण मोटर्स प्रालिले कारोबार सुरु गरेको हो। एन्ड्रोइड प्रणालीबाट सञ्चालन गर्न ८ इन्चको टच स्क्रिन, एलईडी प्रोजेक्टरको हेड ल्याम्प, अटोमेटिक क्लाइमेट कन्ट्रोल, गाडी स्टार्टका लागि साँचो नचाहिने स्मार्ट कार्ड, दुईवटा एयर ब्यागलग(ायतका विशेषता रहेको उक्त ब्रान्ड गाडीको ४७ लाख ९९ हजार र टप लेभलको ५९ लाख ९९ हजार रुपैयाँ मूल्य रहेको छ। वरुण मोटर्स प्रालिका प्रबन्ध निर्देशक राहुल अग्रवालले कारप्रेमी नेपाली ग्राहकको मन यस ब्रान्डले जित्ने दाबी गरे।

धैरैले चाहे 'लुम्बिनी' नाम

जिल्लापिच्छे फरक-फरक राजधानी र नामकरणको दाबी गरिएको छ। प्रदेशसभा विशेष समितिले केही दिनदेखि स्थायी राजधानी र नामकरणका लागि विभिन्न जिल्लामा सुझाव संकलन थालेको छ। प्रायः जिल्लाले राजधानीमाथि दाबी गरेका छन्। धेरै जिल्लामा प्रदेशको लुम्बिनी नामकरण हुनुपर्ने राय संकलन भएको छ।

प्रदेश ब्युरो (बुटवल)

कपिलवस्तुको तौलिहवामा बुधबार आयोजित प्रदेश नामकरण र स्थायी राजधानीको सुझाव संकलनमा प्रश्नावली भर्दै सहभागी। *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

पाल्पाको तानसेनमा आयोजित सुझाव संकलन कार्यक्रममा सहभागीले नामकरण लुम्बिनी र स्थायी राजधानी बुटवल हुनुपर्ने सुझाव दिएका छन्। सहभागीले नामकरण 'लुम्बिनी' हुनुपर्नेमा जोड दिए भने स्थायी राजधानी बर्दियादेखि रुकुमपूर्वसम्मलाई सहज हुने स्थान रोज्न सुझाए। 'राजधानी सबै जिल्लालाई पायक पर्ने स्थानमा हुनुपर्छ भन्ने लाग्छ,' नेकपाका नेता धनेन्द्रराज घिमिरेले भने, 'यस विषयमा सबैको सुझावलाई कार्यान्वयन गर्नुपर्छ।' संघीयताको अनुभूति दिलाउन राजधानीमा सबैको सहज पहुँच हुनुपर्नेमा उनले जोड दिए। विभिन्न क्षेत्रबाट सहभागी सयभन्दा बढीले लिखित सुझावसमेत दिएका थिए।

नागरिक समाजका अगुवाले अहिले जहाँ तोकिएको छ, त्यहीं नै पछि स्थायी हुनुपर्नेमा जोड दिए। जिल्ला कांग्रेस सचिव झपेन्द्र गहिरेले नाममा 'लुम्बिनी' उपयुक्त भएको बताए। उनले स्थायी राजधानीका विषयमा भैरहवा विमानस्थल र हरेक हिसाबले रूपन्देही ठीक हुने बताए। बर्दिया र रुकुमपूर्वलाई पनि यातायातको सहज पहुँच हुने रूपन्देही नै भएको उनले बताए। राजधानीलाई आवश्यक पर्ने भौतिक संरचना तयार हुँदै गएकाले पनि अब अन्यत्र सार्न नहुने उनको तर्क थियो। राजधानीलाई आवश्यक पर्ने प्राकृतिक स्रोत साधनका साथै अन्य हिसाबले पनि रूपन्देही उपयुक्त भएको रेडक्रस सोसाइटीका सभापति बुद्धिप्रसाद शर्माले बताए। समितिका संयोजक दीपेन्द्र पुनमगरले १२ जिल्लामा दुई/दुई जिल्ला हेर्ने गरी समूहले सुझाव संकलन गरिरहेको बताए। सबैको राय बुझेर मात्र निर्णय लिने भएकाले पनि यसरी लिखितै सुझाव संकलन गरिएको उनले बताए। पाल्पा र गुल्मीका लागि प्रदेशसभा सदस्य बाबुराम गौतम, भुवनेश्वर चौधरी, सहस्राम यादव खटिएका छन्। पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले पायक पर्ने स्थान बुटवल र लुम्बिनी नै स्थायी राजधानी र नामांकन हुनेपर्नेमा जोड दिए।

राजधानी कपिलवस्तु

कपिलवस्तुका स्थानीयले जिल्लामा स्थायी राजधानी तोक्न सुझाव दिएका छन्। उनीहरूले नाम लुम्बिनी राख्न सुझाव दिए। यहाँ बुधबार आयोजित सुझाव संकलन अन्तर्क्रियामा बोल्दै कपिलवस्तुवासीले २६ सय वर्षअघि शाक्य गणराज्यको राजधानी रहेको ठाउँ आसपासलाई समेटेर स्थायी राजधानी बनाउन माग गरे। शान्ति र भ्रातृत्वका लागि विश्वले लुम्बिनीलाई चिनेकाले प्रदेशको नाम लुम्बिनी राख्नुपर्ने उनीहरूको सुझाव थियो। 'प्रदेशको समृद्धिको आधार पर्यटन हो,' कपिलवस्तु उद्योग वाणिज्य संघका अध्यक्ष उमानाथ पौडेलले भने, 'त्यसकारण प्रदेशको नाम र राजधानी पर्यटकीय स्थलमा हुनुपर्छ।' जिल्ला पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक स्थलको संग्रहालय भएकाले राजधानी बनाउनुपर्ने कपिलवस्तु व्यापार संघका अध्यक्ष महादेव पोखरेलले बताए। 'त्यसकारण कपिलवस्तुलाई राजधानी तोक्नुको विकल्प छैन,' उनले भने। ऐतिहासिक महत्त्वको ठाउँ भएको, विश्व सिमसार क्षेत्र रहेको र सांख्य दर्शनका प्रणेता कपिल महर्षिको तपोभूमि भएकाले राजधानीका लागि कपिलवस्तु उपयुक्त भएको तौलिहवा उद्योग वाणिज्य संघका अध्यक्ष गयाद्दिन चौधरीले बताए।

अन्तर्राष्ट्रिय विमानस्थल नजिक, केन्द्रीय राजधानीका लागि नजिक र प्रदेशका सबै जिल्लाबाट आउन सहज सुविधा भएकाले कपिलवस्तु उपयुक्त भएको अधिकांश वक्ताको भनाइ थियो। त्यस्तै राजधानीका लागि प्रशस्त जग्गा पाउन सकिने र औद्योगिक क्षेत्रको विकासका लागि उपयुक्त ठाउँ यहीं रहेको उनीहरूले बताए। कपिलवस्तुलाई राजधानी बनाउँदा आवतजावत गर्न धेरै समय नलाग्ने र प्रदेश ५ को बीचमा पर्ने भएकाले सबैलाई पायक पर्ने उनीहरूले बताए। कार्यक्रममा कृष्णनगर नगरपालिकाका मेयर रजतप्रताप साह, शिवराज नगरपालिकाका मेयर नेत्रराज अधिकारी, वाणगंगा नगरपालिकाका मेयर मंगलप्रसाद थारू र राजपाका कालिपद शर्मालगायतले पनि कपिलवस्तु राजधानी हुनुपर्ने सुझाव दिएका थिए।

पायक स्थानमा

बाँकेका अगुवाले राजधानी सबै जिल्लाको पायक स्थानमा हुनुपर्ने सुझाव दिएका छन्। उनीहरूले संघीयताको अनुभूति दिलाउन सबैको सहज पहुँचमा राजधानी हुनुपर्ने बताए। त्यसका लागि बाँके उपयुक्त रहेको उनीहरूको दाबी छ। प्रदेश नामकरण र स्थायी राजधानीसम्बन्धी सुझाव संकलन विशेष समितिलाई बाँकेका अगुवाहरूले लिखित रूपमै सुझाव दिएका हुन्। सुझावमा बाँकेमा नभए दाङको भालुबाङमा राजधानी सहज हुने उनीहरूको भनाइ छ। राजधानीलाई आवश्यक पर्ने भौतिक संरचना र पर्याप्त खाली जग्गा बाँकेमा उपलब्ध छ। त्यस्तै राजधानीलाई आवश्यक पर्ने प्राकृतिक स्रोत साधन र पानी पर्याप्त रहेको दाबी गरिएको छ।

विकासका लागि नागरिक समाजका अध्यक्ष कृष्ण श्रेष्ठले प्रदेश राजधानीका लागि आवश्यक पर्ने भौतिकलगायतका पूर्वाधार बाँकेमा उपलब्ध भएको बताए। उनले नेपालगन्जमा काठमाडौंपछिको ठूलो एयरपोर्ट रहेको र पहाडी जिल्लाका लागि पनि पायक पर्ने जनाए। 'राजधानी तोक्दा बर्दिया हेर्नु पऱ्यो। रुकुमलगायतका जिल्ला हेर्नैपर्छ,' उनले सुझाव दिए, 'हालको अस्थायी राजधानी हाम्रा लागि अपायक छ। सुझाव संकलन टोलीले सबै कुरा मनन गरोस्।' जिल्ला समन्वय समिति बाँकेका प्रमुख अजयकुमार श्रीवास्तवले बाँकेमा राजधानी नभए विकल्प दिनुपर्ने सुझाव दिए। 'बाँकेमा भौतिक पूर्वाधार, जग्गाको उपलब्धता सबै कुरा उपयुक्त छ,' उनले भने। नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल वैश्यले पायक पर्ने स्थानमा राजधानी नभए बाँकेवासीले आन्दोलन गर्ने चेतावनी दिए। उनले हरेक दृष्टिकोणले बाँके उपयुक्त रहेको दाबी गरे। 'अपायक पर्ने स्थानमा राजधानी राखिए हामीलाई सहय हुने छैन,' उनले भने।

वरिष्ठ पत्रकार पूर्णलाल चुकेले राजधानीका लागि बाँके किन उपयुक्त भन्नेबारे लिखित सुझाव नै पेस गरे। उनले एयरपोर्ट, भारतको राजधानीसँगको कम दूरी, प्राकृतिक स्रोत साधन, भौतिक पूर्वाधारलगायतका एक दर्जन विशेषता विशेष समितिलाई बुझाए। बर्दियाका अगुवाले पनि प्रदेशका सबै बासिन्दालाई पायक पर्ने स्थानमा राजधानी हुनुपर्ने सुझाव दिएका छन्। उनीहरूले संघीयताको अनुभूति दिलाउन र सबैलाई सहज हुने ठाउँमा राजधानी हुनुपर्ने सुझाव दिएका छन्। जिल्ला समन्वय समितिका प्रमुख शंकर चौधरीले सबैलाई पायक पर्ने ठाउँमा राजधानी राखे उपयुक्त हुने बताए। बर्दिया तराई भए पनि सबैभन्दा पिछडिएको भएकाले यसको विकासमा जोड दिनुपर्ने सुझाव दिएका थिए। सुझाव संकलन विशेष समितिका सदस्य विष्णु पन्थीले जिल्लाबाट प्राप्त सुझाव प्रदेश सरकारलाई बुझाउने बताए।

राजधानी दाङ

दाङको घोराही र तुलसीपुरमा मंगलबार प्रदेश ५ को स्थायी राजधानी र नामकरणसम्बन्धी सुझाव संकलन भएको छ। नागरिकले सबैलाई पायक पर्ने, पर्याप्त संरचना निर्माणका लागि जग्गा भएको, सुरक्षाका हिसाबले अनुकूल र पानी तथा वातावरण स्वच्छ भएको स्थानलाई राजधानी तोक्न सुझाव दिएका छन्। सुझाव संकलन कार्यक्रममा बोल्ने वक्ताले राजधानीका लागि दाङ उपयुक्त भएको दाबी गर्दै विभिन्न आधार प्रस्तुत गरेका छन्। नामकरणमा भने अधिकांशले लुम्बिनी प्रदेश राख्नुपर्ने बताएका छन्।

भूगोलका हिसाबले दाङ मध्यविन्दुमा पर्ने उद्योग वाणिज्य संघका अध्यक्ष नारायणप्रसाद भुसालले बताए। नवलपरासीबाट करिब १ सय ९०, बर्दियाबाट १ सय ९०, रुकुमपूर्वबाट २ सय १०, गुल्मी उत्तरी भागबाट १ सय ५० र पाल्पा पूर्वी भागबाट २ सय १० किलोमिटर पर्ने भएकाले दाङ केन्द्रमा पर्ने उनको दाबी थियो। भौतिक पूर्वाधारका हिसाबले तुलसीपुर अञ्चल सदरमुकाम भइसकेको, घोराही जिल्ला सदरमुकाम भएको र लमही उदाउँदो सहर भएकाले यी क्षेत्रमा पर्याप्त भवन रहेको नागरिक समाजका संयोजक चन्द्रराज पन्तले बताए। बेलभुण्डीमा १ सय ८ कोठे भवन निर्माण भएको, जिल्लाको उत्तरी भागमा प्रशस्त पानीका स्रोत भएको, हवाई र स्थल यातायातको सहज पहुँच भएको, सुरक्षाका हिसाबले अनुकूल रहेको र बस्ती विस्तारको प्रशस्त सम्भावना भएकाले दाङलाई राजधानी बनाउन उपयुक्त हुने जिल्ला वन उपभोक्ता महासंघका अध्यक्ष भूपेन्द्र सुवेदीले बताए।

संवाद समूहले तुलसीपुरमा आयोजना गरेको छलफलमा बोल्ने अधिकांश वक्ताले पानीको प्रचुरता, पर्याप्त जमिन, कृषि उत्पादनको भण्डार र सुरक्षाका हिसाबले दाङलाई राजधानी बनाउनुपर्ने तर्क गरे। तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष वीरबहादुर रावत, ज्येष्ठ नागरिक सरोकार केन्द्र तुलसीपुरका अध्यक्ष खुमानन्द अधिकारी, माभि सेन्टरका प्रधानाध्यापक भागवत् पौडेल, तुलसीपुर उपमहानगरपालिकाका सूचना अधिकारी झरेन्द्र खरेल, बेसका चुर्ण चौधरी, मजदुर टोपबहादुर महतरा र अपांग संघका हुमाकान्त कँडेलले सबैलाई न्याय हुने गरी राजधानी तोक्न सुझाव दिएका थिए।

सुझाव संकलन गर्न आएकी सांसद् निर्मला क्षत्रीले सबैलाई न्याय हुने गरी राजधानी तोकिने बताइन्। जनताका सुझावलाई आधार मानेर राजधानी र नामकरणको टुंगोमा पुग्ने उनले बताइन्।

छोटी भन्सार बन्दले मर्का

कान्तिपुर संवाददाता (परासी)

महेशपुर भन्सार मातहत रहेका विष्णुपुरा र भुजहवा छोटी भन्सार कार्यालय बन्द भएपछि जिल्ला हुँदै मुलुक भित्रिने सवारी र वस्तुले भन्सार कामका लागि महेशपुर पुर्‍नुपर्ने भएको छ। स्थानीयले सेवा विस्तार गर्नुपर्नेमा भइरहेका कार्यालय बन्द गरिएको भन्दै असन्तुष्टि जनाएका छन्।

पाल्हीनन्दन गाउँपालिकास्थित विष्णुपुरा छोटी भन्सारमा मंगलबार बिहान ५० वटा भारतीय नम्बरका मोटरसाइकल र केही ठूला गाडी कुरिरहेका थिए। कार्यालयको मूल गेट बन्द भएपछि उनीहरू भन्सार सुविधा नलिएर भित्रिएका थिए।

अहिले बिनाअनुमति गाडी मुलुक भित्रिरहेका छन्। स्थानीय भुवन चौधरीले भन्सार कार्यालयले सेवा सुविधा बढाएर जनतालाई सहज तुल्याउनुपर्नेमा बन्द गरेर असुविधा बढाएको भन्दै असन्तुष्टि व्यक्त गरे। 'सुविधा काटेर भन्सार प्रमुखले के गर्न खोज्नुभएको हो, बुझिएन,' उनले भने, 'यहीं हुनुपर्ने कामका लागि पनि अब आधा घण्टा लगाएर महेशपुर पुर्‍नुपर्ने बाध्यता छ। तत्काल कार्यालय सञ्चालन गर्न माग गर्छौं।'

> **भन्सार कार्यालयले सेवा सुविधा बढाएर जनतालाई सहज तुल्याउनुपर्नेमा बन्द गरेर असुविधा बढाएको भन्दै असन्तुष्टि**

महेशपुर भन्सार कार्यालयका प्रमुख हेमचन्द्र शर्माले तस्करी बढेपछि छोटी भन्सार बन्द गर्नुपरेको बताए। 'सवारी सुविधा लिने र मोटरसाइकल तथा अन्य गाडीमा सामान तस्करी बढेपछि छोटी भन्सार बन्द गर्नुपरेको हो,' उनले भने, 'मूल भन्सारनजिकै भएको र सहयोगीको भरमा सञ्चालन भएको कार्यालय बन्द गरिएको हो।' स्थानीयले भने तस्करी रोक्ने काम सुरक्षाकर्मी र भन्सारको भएकाले स्थानीयले पाउने सुविधा तस्करीका डरले रोक्न नहुने बताउँछन्। सीमानाकामा अधिकांशले भारतीय नम्बरका सवारी चलाउने गर्छन्। 'संघीयता आएपछि सरकारी कार्यालयको सेवा विस्तार र विकेन्द्रीकरण हुनुपर्नेमा भएका कार्यालय पनि बन्द गरेर स्थानीयलाई सास्ती दिने काम भयो,' पाल्हीनन्दन-५ का नसरुद्दिन अन्सारीले भने, 'कार्यालय बन्द हुँदा थप तस्करी बढेको र राजस्व घाटा लाग्दा पनि भन्सारका प्रमुख छोटी भन्सार बन्द गर्दै हिँडेका छन्।'

विष्णुपुरा, त्रिवेणी, भुजहवा र प्रसौनी छोटी भन्सार जीर्ण भएकै कारण उपल्लो तहका कर्मचारी बस्न नमान्दा कार्यालय सहयोगी नै छोटी भन्सार कार्यालयको प्रमुखका रूपमा काम गरिरहेका थिए। भन्सार कार्यालय जीर्ण हुँदा सुरक्षाको कारण भन्सार छलीका सामान राख्न र भन्सार गर्नसमेत कठिनाइ हुँदा दिनहुँ लाखौं रुपैयाँ राजस्व घाटा भइरहेको छ।

झरीले इँटा उद्योगमा क्षति

कान्तिपुर संवाददाता (नेपालगन्ज)

पटक-पटकको झरीले बाँकेमा कृषि र इँटा उद्योगमा ठूलो क्षति पुगेको छ। फागुनको दोस्रो सातादेखि लगातार पानी परेको हावा पानी फिल्ड कार्यालयले जनाएको छ। झरीका कारण किसानका मसुरो, रहर, केराउ, चना, आलुमा क्षति पुगेको छ।

लगातारको झरीले गहुँ पाक्न ढिलाइ हुने कृषि अधिकारीहरूले बताए। कृषि ज्ञान केन्द्र नेपालगन्जका प्रमुख सागर ढकालले लगातारको झरीले कृषिमा ठूलो क्षति पुगेको बताए। उनका अनुसार बारीमै रहेको आलु कुहिन थालेको छ। रहरको फूल झरेको छ। 'लगातारको झरीले फाइदाभन्दा पनि बढी नोक्सानी पुऱ्याएको छ। किसानले हिउँदे बालीमा लगाएको परिश्रम खेर गएको छ,' उनले भने, 'तयार भइसकेको आलु सडेको छ।' तर, हालसालै लगाइएको मकै बालीलाई भने फाइदा पुगेको उनले बताए। सुरुको झरीले किसान खुसी थिए तर लगातारको झरीले हिउँदे बालीमा क्षति पुऱ्याएपछि चिन्तामा छन्।

नेपालगन्जको एक इँटा भट्टामा झरीले गलेका इँटा। *तस्बिर : ठाकुरसिंह थारू/कान्तिपुर*

'एक/दुई दिनको पानीले मलको काम गरेको थियो,' खजुरा गाउँपालिकाका किसान राममनोहर लोनियाले भने, 'तर, आवश्यकताभन्दा बढी पानी परेपछि हिउँदे बाली सखाप भयो।' उनले पानीले गहुँ पहेंलो भएको र मसुरो खेतमै कुहिन थालेको बताए।

झरीले इँटा व्यवसायीलाई पनि क्षति पुऱ्याएको छ। ५ दर्जन उद्योगमा करोडौं मूल्यका इँटा पानीले नष्ट गरेको छ। पोल्न ठिक्क पारेको इँटा पग्लिएको छ। इँटा व्यवसायी हाजी रजब्ब अलीले झरीका कारण २५ लाख इँटा नोक्सान भएको बताए। झरीका कारण यस वर्ष व्यवसाय नै धरापमा परेको उनको गुनासो छ। झरीपछि चिसो बढेको छ। गर्मी सुरु हुने समयमा चिसो बढेपछि जनजीवन कष्टपूर्ण बनेको छ। चिसो हुने पुस/माघमा भने खासै जाडोको महसुस नगरिएको सर्वसाधारणले बताए।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२२ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बब करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एम एन्ड एस (हड्डार हल्ट)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एम एन्ड एस (इन्स्पायर)
७:००	सुमनसँग
७:३०	द्वानटी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
९:००	सम्मी एडमेन्चर्स
९:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एम एन्ड एस (इन्स्पायर)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एम एन्ड एस (इन्स्पायर)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	सुमनसँग
३:००	द्वानटी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडमेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (रसीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी ज्योल्डी (रसीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१-५४०२००
बुद्ध सामुदायिक मातृ अस्पताल	०७१-५४१९९७
महिला तथा बाल अस्पताल-आम्दा	०७१-५४१११०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१-५८०३०
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८-५२०१९८
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०१५०
गुल्मी जिल्ला अस्पताल	०७९-५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६-५६०२००
रेडक्रस धनुबेलेन्स भैरहवा	०७१-५२०२६३, ९८४७०२१९०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८४७३२६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०८४
संयुक्त धनुबेलेन्स चालक संघ बुटवल	९८५४०२३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५८६०९२, ५८६०५०
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८७५, ९८५७०

बुटवलको जेसिज चोकमा पाल्पाको झुम्साबाट ल्याइएका दालचिनीका पात बिक्री गर्दै किसान । पाल्पाका विभिन्न गाउँमा उत्पादन हुने दालचिनीका पात किसानले बुटवलमा ल्याएर प्रतिमुठा २ सयदेखि ५ सय रुपैयाँसम्म बिक्री गर्ने गरेका छन् ।

तस्बिर : घनश्याम गौतम/कान्तिपुर

प्रयोगशाला अलपत्र

■ **नवीन पौडेल** (परासी)

संघीयता कार्यान्वयनपछि स्वामित्वको विषय स्पष्ट नहुँदा पश्चिम नवलपरासीस्थित पशु विज्ञान प्रयोगशाला सञ्चालनमा अन्योल रहयो । लामो समयपछि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भैरहवाको सेवा केन्द्रका रूपमा यसलाई परिणत गरियो । त्यसपछि पनि प्रयोगशाला सञ्चालन भने हुन सकेको छैन ।

प्रदेश सरकार मातहत सञ्चालन हुनुपर्ने प्रयोगशाला अझै प्रयोगविहीन छ । सञ्चालनमा नआउँदा स्थानीय किसान निजी पशु क्लिनिक र भेटेरिनरीमा जानुपर्ने बाध्यता छ । यहाँ कार्यरत कर्मचारी स्थानीय तहमा समायोजन भइसकेकाले सञ्चालनमा कठिनाइ आएको कार्यालयको भनाइ छ । लामो समयसम्म पशु कार्यालयका कर्मचारीले तलब/भत्ता कहाँबाट पाउने भन्ने अन्योल थियो । करिब ६ महिना कर्मचारीले तलब सुविधा पनि पाएका थिएनन् । पशु विज्ञान प्रयोगशाला कुन मातहत रहने भन्ने टुंगो नलागेका कारण प्रयोगशाला सञ्चालनमा आउन नसकेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख डा. नन्दलाल बर्माले बताए । 'पशुपालनमा स्थानीयको आकर्षण बढदो भएकाले प्रयोगशाला अत्यावश्यक छ,' उनले भने, 'केन्द्रबाट केही बजेट आएको छ । अब छिट्टै किसानले सेवा प्राप्त गर्नेछन् ।'

प्रयोगशाला भवनसँगै आधुनिक मेसिन पनि प्रयोगविहीन बनेका छन् । रासायनिक प्रयोगशालामा स्टेलाइजर, इन्क्युवेटर, लेमिनरफलो, फ्रिज, डिस्टिलेसन प्लान्ट, माइक्रोस्कोपलगायत लाखौं रुपैयाँ लागतका आधुनिक मेसिन छन् । पशुमा लाग्ने विभिन्न प्रकारका रोगका बारेमा जिल्लामै परीक्षण हुने गरेको थियो । दुई वर्षअगाडि एक करोडभन्दा बढी रकम खर्चेर प्रयोगशाला सञ्चालनमा ल्याइएको हो ।

जिल्लाका व्यावसायिक पशुपालन गर्ने किसान र सर्वसाधारणले सुविधासम्पन्न प्रयोगशाला तुरुन्त सञ्चालनमा ल्याउनुपर्ने माग गरेका छन् । सामान्य समस्या लिएर निजी पशु क्लिनिक वा छिमेकी जिल्ला जानुपर्ने बाध्यता हटेकामा खुसी भएका किसान प्रयोगशाला बन्द हुँदा निराश भएका छन् । 'पशु अस्पतालको नाम दिने अनि प्रयोगशाला पनि सञ्चालन गर्न नसक्नु राम्रो होइन,' परासीका मुरारी चौधरीले भने, 'करोडौंको लगानी गरेर प्रयोगशाला बनाइयो । तर, सामान्य परीक्षणका लागि अहिले पनि बुटवल जानुपर्ने बाध्यता हटेको छैन ।' सुरुमा स्थानीय तह मातहतमा रहने भनेपछि रामग्राम नगरपालिकाले सञ्चालनको तयारी गरेको थियो । तर, पछि प्रदेश सरकार मातहतमा रहने भन्ने परिपत्र आएपछि प्रयोगशाला सञ्चालनमा अन्योल बढेको हो ।

स्थानीय तहको कार्यान्वयनसँगै जिल्लाका अधिकांश विषयगत कार्यालय स्थानीय तहमा गाभिएका छन् । जिल्ला कार्यालयका कर्मचारी स्थानीय तहमा सरुवा भएका छन् । कृषि, पशु कार्यालय र सेवा केन्द्रका जिन्सी सामान सुरुवातमा स्थानीय तहलाई नै हस्तान्तरण गरे पनि अहिले केही कार्यालय प्रदेशमातहत आएका छन् ।

आलु फल्ने जग्गा बाँझै

■ **हरि गौतम** (रुकुमपूर्व)

सिस्ने गाउँपालिका-३ को वाल्नो एवं पाल्नो इरे, गोठहाल्ने डाँरी र चदरीमेलामा अधिकांश जग्गा बाँझो पल्टिएको छ । तीन वर्षअघिसम्म यस क्षेत्रमा आलु खेती गरिन्थ्यो ।

२ हजार मिटर उचाइमा रहेको यो क्षेत्र आलुका लागि उर्वर मानिन्छ । जंगलको छेउमा रहेको जग्गामा सामान्य मिहिनेत गर्दा पनि प्रशस्त आलु फलाउन सकिन्थ्यो । उक्त गाउँपालिका-२ का धंगु, फुर्का, दमार पनि बाँझोजस्तै छन् । आलु उत्पादनका लागि मलिलो क्षेत्र मानिएको यस ठाउँको आधाभन्दा बढी जग्गा बाँझो छ । फाट्टफुट्टले मात्रै आलु खेती गरेका छन् । धेरैले आलु लगाउन छोडदा जग्गा रूखो हुन थालेको छ । जिल्लाको उच्च पहाडी क्षेत्र अर्ग्यानिक छ । त्यसमा फल्ने आलुको स्वाद फरक हुन्छ । पछिल्लो पुस्ता मिहिनेतदेखि भाग्दै गएका कारण ठूला आलु फल्ने जग्गा बाँझिएका हुन् । लामो समय आलु खेती गरेका सिस्ने गाउँपालिका-२ का ७२ वर्षीय कर्णबहादुर घर्तीमगरले पछिल्लो पुस्ता खेतीप्रति आकर्षित हुन नसकेका कारण आलु फल्ने जग्गा बाँझो पल्टिएको बताए ।

शारीरिक रूपमा नसक्ने भएपछि आफूले आलु खेती गर्न छाडेको र पछिल्लो पुस्ताका कोही पनि मिहिनेत गर्ने मनस्थितिमा नरहेकाले यस्तो अवस्था आएको उनले सुनाए । 'लेकमा आलु फलाउन धेरै मुस्किल छैन, लेकको आलुको स्वाद उत्तिकै मीठो हुन्छ,' उनले भने, 'जाँगर नै नलाएपछि लेकमा फलेको तागतिलो आलु अब खान नपाइने भयो ।'

बाँझो पल्टिएको रुकुमपूर्वको सिस्ने गाउँपालिका-३ को इरेमा क्षेत्र ।

तस्बिर : हरि/कान्तिपुर

आलु खेती गर्न छाडिएपछि जग्गा पनि रूखिँदै गएको उनको भनाइ छ । सिस्ने गाउँपालिका-३ का गोपीराम खडकाले अघिल्लो पुस्तालै मात्रै जाँगर चलाएर आलु खेती गरेको बताए । 'जब बुबा पुस्ता शारीरिक रूपमा कमजोर भयो, त्यसपछि कसैले लेक उक्लेर आलु खेती गर्ने जाँगर लाएन,' उनले भने, 'लेकको आलु पोषण र स्वादका दृष्टिकोणबाट पनि उत्कृष्ट हुन्छ ।' यहाँका सर्वसाधारणको भान्सामा पनि अहिले विकासे र तराईको आलु भित्रिन थालेको छ । अर्ग्यानिक क्षेत्रमा आलु खेती घटिरहेको प्रति अघिल्लो पुस्ता चिन्तित छ । गाउँमै मिहिनेत गर्नुभन्दा देशै छाड्ने चलन बढेका कारण आलुका साथै अन्य कृषिकर्म समस्यामा परेको सिस्ने-२ का ६० वर्षीय नर्जित थापाले बताए । 'कतिले त कृषिको काम गर्नै झिँजो मान्छन्, कतिले अरू पेसा अँगालेका छन्, तागतिलो खानलाई कृषिमै रमाउनुपर्छ,' उनले भने, 'बरू परम्परागत खेतीलाई व्यवसायीकरण गरे भयो ।' लेकमा आलु फलाउन खासै मिहिनेत गर्नु नपर्ने उनको भनाइ छ । जंगलका स्याउला र सोत्तरलाई मलका रूपमा प्रयोग गरेर आलु फलाउन सकिने उनले बताए ।

केही वर्षअघिसम्म आलुको बीउ निर्यात गर्ने सिस्ने-२ प्वाङ अहिले अन्यत्रबाट बीउ भित्र्याउनुपर्ने अवस्थामा पुगेको छ । 'आलु खेती घटिरहेको छ । अहिले त बीउ पनि बाहिरबाट ल्याउनुपर्ने अवस्था आएको छ,' वडाध्यक्ष जीवन केसीले भने, 'युवा पुस्ता कृषि कर्ममा आकर्षित हुन नसक्दा यो अवस्था आएको हो ।' गाउँपालिकाले जग्गा बाँझो नराख्ने नीति बनाएको उनले बताए । उक्त नीतिअन्तर्गत खेती गर्नेलाई रूख रोप्नेसम्मका कार्यक्रम राखिएको छ । एउटा घरले २ वटा रूख रोप्ने, विद्यालयले १० भन्दा बढी रूख रोप्ने गरी नीति बनाइएको गाउँपालिका अध्यक्ष कुमारी बरालले बताइन् ।

मालपोत र नापीमा बिचौलिया

■ **मधु शाही** (बाँके)

लाइनमा कोही बस्दैनन् । जसले बल लगाउन सक्यो, उसैको पहिले पालो आउँछ । धकेल्न नसक्ने सेवाग्राही हेरेको हेरै हुन्छन् । न त यहाँ व्यवस्थापन गर्ने कर्मचारी छन्, न त सेवाग्राही नै बुझेर लाइनमा बस्छन् । नेपालगन्जस्थित मालपोत र नापी कार्यालयको दृश्य हो यो । सेवाग्राहीले काम लिने वातावरण अव्यवस्थित छ । त्यसो हुनुमा बिचौलिया र कर्मचारीको मिलेमतो रहेको आरोप सेवाग्राहीले लगाउँदै आएका छन् ।

सेवाग्राहीको काम छिटो गरिदिन्छु भन्दै कानेखुसी गर्नेहरू त्यहाँ थुप्रै भेटिन्छन् । जसले पैसा दिन्छ, उसले छिट्टै पालो पाउँछ र बिचौलियाले नै ती सेवाग्राहीको काम सहज पारिदिने गर्छन् । बुधबार जग्गाको घर कायम गर्न पुनम सेढाई मालपोत कार्यालय पुगेकी थिइन् । उनले आफ्नै आँखाअगाडि बिचौलियाले घुस लिएर काम गरिदिएको देखिन् । 'यहाँ जसले पैसा दिन्छ, उसैले छिटो सेवा पाउने रहेछ,' उनले भनिन्, 'हामी सोझा जनता त पछिको पछि पर्नुपर्छ ।' बिचौलियाको बिगबिगी देखेर पनि सेवाग्राही चुप लागेका छन् । केहीले लाइन लाग्नुभन्दा पैसा दिएर सुविधा लिएको राम्रो भन्ने तर्क गर्छन् भने पैसा नहुनेले हाम्रो सरकारको व्यवस्था नै झुर छ भन्दै नाक खुम्च्याउँछन् । केही साताअघि मालपोत कार्यालयमा घर कायम गर्न पुगेकी तारा शाहीले काम छिटो गराउन बिचौलियाकै साहार लिनुपरेको बताइन् । कर्मचारी र बिचौलियाको मिलिमेतोमा छिट्टै सेवा पाइने उनले सुनाइन् । लाइनमा नबसी उनले दुई दिन लाग्ने काम आधी घण्टामा सकाएको बताइन् । काम सकिएपछि उनले ९ हजार रुपैयाँ ती बिचौलिया युवालाई हातैमा थमाइदिइन् । ती युवाले अझै पुगेन भन्दै बार्गेनिङ गरिरहेका थिए । कोहलपुर मदनचोक घर भएकी तारासे भने 'अब यहाँभन्दा धेरै दिन सक्दिनँ' भन्दै सुनाउँदै थिइन् । 'सबै काम उनैले गर्छन्, लाइनमा बस्ने फुर्सद छैन,' उनले भनिन्, 'आफैंले गर्न थाल्ने हो भने त महिनौं लाग्छ ।' घुस लिने र दिने दुवै दोषी हुन् । तर, यहाँ भने बिचौलियाले सेवाग्राहीको समेत मन जितेका छन् । बिचौलियाले घुस नदिई काम गर्ने सेवाग्राहीलाई भने तनाव दिँदै आएका छन् ।

> 'घूस लिने र दिने दुवै दोषी हुन् । तर, यहाँ भने बिचौलियाले सेवाग्राहीको समेत मन जितेका छन्'

बैजनाथ-२ की शशी रानामगर आफ्नो जग्गा वर्गाकिलोमिटरमा रूपान्तरण गर्न मालपोत कार्यालय आएकी थिइन् । उनको वरिपरि छिट्टै काम पाउने भए हामीलाई जिम्मा दिनु भन्दै आउनेहरू थुप्रै थिए । शशीले भने वास्तै गरिनन् । ३० हजार रुपैयाँसम्म घूस मागेको उनले सुनाइन् । 'पैसा भए पो दिनु,' उनले भनिन्, 'बिचौलियाको तानातानले दिक्कै पार्छन् ।'

बैजनाथ-५ का कुशराम थारू बुधबार दिनभरि नापी कार्यालको भ्यालमा उभिरहेका थिए । बिहान १० बजेदेखि लाइनमा पालो कुर्दै गरेको उनले बताए । जग्गा कित्ताकाट गर्न दिएको उनको निवेदन बेवास्ता गरेपछि उनी निराश थिए । यत्तिकैमा उनको वरिपरि 'चियासिया खान दिए पो तिम्रो काम छिटो बन्छ' भन्दै कानेखुसी गर्ने झुम्मिए । कुर्दाकुर्दै हैरान भएका कुशरामले पैसा नहुँदा चुप लागेर बस्नुपरेको बताए । 'चिया खुवाउनु भन्छन्, आफूसँग पैसा छैन,' उनले भने, 'भाइ त्यही जग्गा बैंकमा देखाएर विदेश जान्छु भनेको छ । यहाँ कहिले काम हुन्छ, थाहा छैन ।'

खजुरा-४ की पुस्मा विश्वकर्माले अंशबन्डा गर्दा नापीमा चियासियाकै नाममा २ हजार घूस दिएको बताइन् । कागज बनाउनेदेखि कार्यालयसम्म पेस गर्ने सबै काम बिचौलियाले गर्छन् । उनले आफूलाई कुन कोठामा जाने भन्नेसमेत थाहा नभएपछि बाहिरका मान्छेलाई २ हजार रुपैयाँ दिएर काम लगाएको बताइन् । '३ हजार माग्दै थिए, भित्रको मान्छेलाई पनि चाहिन्छ भनेर,' पुस्माले भनिन्, 'मसँग अरू रुपैयाँ थिएन ।'

नेपालगन्ज मालपोत र नापी कार्यालयमा बिचौलियाले कार्यालयभित्रका कर्मचारीसँग मिलेर सेवाग्राहीलाई छिटो सेवा दिने भन्दै घूस लिने गरेका छन् । जानकी गाउँपालिका-२ का शेषराम यादवले आमाका नामको एक कट्ठा जग्गा भाइका नाममा गरिदिनु थियो । मालपोत धाएका उनी नागरिकता र लालपुर्जामा बुबाको नाम फरक परेपछि अन्योलमा परे । आमाको नागरिकता देखाएर अरूलाई जग्गा बेचेका उनले भाइलाई जमिन दिँदा नागरिकतामा बुबाको नाम नमिलेको भन्दै झमेला देखाएको बताए । ५ दिनदेखि मालपोत कार्यालय धाएका उनले कर्मचारीले घूस लिए तुरुन्तै काम गर्ने, नभए अनेक बहाना पारेर सेवाग्राहीलाई दुःख दिने नियत राख्ने सुनाए । उनका अनुसार भित्रका कर्मचारी र बाहिरका बिचौलियाले मिलेर सेवाग्राहीलाई लुट्ने गरेका छन् । 'घुमाउरो पाराले पैसा दिए काम भइहाल्ने भन्छन्,' उनले भने, 'त्यसभन्दा बरू गाउँपालिकाको सिफारिस ल्याउँछु भनें तर काम भएन । दुःख पाएको पायै भएँ ।'

जडीबुटीबाट आम्दानी लिँदै

कान्तिपुर संवाददाता (परासी)

पश्चिम नवलपरासीको सामुदायिक वनका उपभोक्ता जडीबुटी खेतीतर्फ आकर्षित भएका छन् । उपभोक्ता समूहका सदस्यले समूह बनाएर जडीबुटी खेती गर्ने र आफैं प्रशोधन पनि गर्ने गरेका छन् । चिसापानी सामुदायिक वनले जडीबुटी उद्योग स्थापना गरेर प्रशोधित सुगन्धित तेल उत्पादन गरेको छ । जंगलको संरक्षण मात्र होइन, यसबाट आम्दानी पनि लिन सकिन्छ भनेपछि उपभोक्ता जडीबुटी खेतीतर्फ आकर्षित भएका हुन् । बर्दघाट नगरपालिका-२ मा रहेको वनको १५ हेक्टर र वरपर

> एकपटक लगाएपछि ५ वर्षसम्म उत्पादन लिन पाइने भएकाले अधिकांश कृषक बहुवर्षे लेमनग्रासप्रति आकर्षित

रहेका अन्य सामुदायिक वनमा लगाएको जडीबुटी पनि अहिले यहीं खपत हुने गरेको छ । जुडीबुटी खेतीको विस्तार हुँदा स्थानीय उपभोक्ताको आय आर्जनको माध्यम बनेको छ । जडीबुटीबाट उत्पादित सुगन्धित तेल कस्मेटिक तथा अन्य जडीबुटीजन्य वस्तुमा प्रयोग हुने गरेको छ । चिसापानी सामुदायिक वनअन्तर्गत स्थापना भएको चिसापानी सामुदायिक जडीबुटी प्रशोधन उद्योगले कच्चा तेल उत्पादन गरी विदेश पठाउने गरेको छ । उत्पादित सुगन्धित तेल विदेश पठाउन थालेपछि यहाँ जडीबुटीको माग बढ्दै जान थालेको हो । यहाँका महिला जडीबुटी खेतीतर्फ आकर्षित भएको चिसापानी सामुदायिक वनका अध्यक्ष होमबहादुर गुरुङले बताए । 'प्राकृतिक सम्पदाको संरक्षणसँगै यसबाट आम्दानी पनि लिन सकियो भने संरक्षण दिगो हुन्छ,' उनले भने, 'जंगलमा खाली रहेको जग्गामा व्यावसायिक रूपमा जडीबुटी खेती गरेर २ सय ५० भन्दा बढी उपभोक्ताले यसबाट फाइदा लिइरहेका छन् ।'

पश्चिम नवलपरासीको चिसापानी सामुदायिक वन, पारिजात सामुदायिक वन बर्दघाट, दाउन्नेदेवी सामुदायिक वन, सीतापोखरी सामुदायिक वन, संसारकोट हरियाली सामुदायिक वन र जनउदय सामुदायिक वन सुनवलका उपभोक्ताले जडीबुटी खेती गरिरहेका छन् । लेमनग्रास, तामारोजर, मिटानेला, मेन्था, पचौली, जटामसीलगायतको यहाँ प्रशोधन हुने गरेको छ ।

एकपटक लगाएपछि ५ वर्षसम्म त्यसबाट उत्पादन लिन पाइने भएकाले अधिकांश महिलाले भने बहुवर्षे लेमनग्रासको खेती गरेको सुनवलकी माया केसीले बताइन् । 'वन जोगाउने हाम्रो पहिलो प्राथमिकता हो,' उनले भनिन्, 'समूहमा मिलेर खेती गर्ने र आम्दानी पनि समूह बनाएर लिने गर्दा घरखर्च चलाउन सहज भएको छ ।' यहाँ उत्पादित सुगन्धित तेल हिमालय वायो ट्रेड लिमिटेड र काठमाडौंको एभरेस्ट एरोमा प्रालिले खरिद गर्ने गरेका छन् । पश्चिम नवलपरासीमा मात्रै वार्षिक डेढ क्विन्टल बढी जडीबुटीको कच्चा तेल उत्पादन हुने गरेको छ ।

Pioneer Moto Corp Pvt. Ltd.
Uttardhoka, Kathmandu: Tel: 01-4446042/43, 9801142988(Anish), 9801142989(Anil), 9801142995(Dikshant), 9801142997(Rajkumar), 9801142958(Shraddha), 9801142964(Surendra), 9801142948(Avishek), 9801143231(Vijayata), 9801143219(Saurav),9801143243(Sandhya)
Thapathali: 01-4101627/28/78, 9801142926(Runa), 9801142928(Amita)
Biratnagar: 021-460972, 9801142933 (Amit), 9801142934 (Shambhu), 9801142936 (Dhiren), 9801143166 (Dilip), Email: sales@nissan-nepal.com

NOW YOU CAN ALSO VISIT US AT:
Maharajgunj: 01-4721772,4720771, 9851189271, 9851189272, 9851189273, 9851189276, 9851179553, **Bhaktapur:** 9811015988, 9840175221, **Birtamode:** 023-541113, 9801412223, **Janakpur:** 041-424298, 9801651863,9802013636, **Bardibas:** 044-550213, 9807850200, **Pokhara:** 061-431437, 9856016772, 9856016773, **Butwal:** 071-415408, 9802737877,9812986506, **Bhairahawa:** 071-527054, 9801229991, 9801229992, **Nepalgunj:** 081-551744, 9858023645, 9849914576, **Dhangadhi:** 091-416234, 9801712451, **Narayanghat:** 9801369201, 9801369127, **Itahari:** 025-585037, 9852085085, 9802086873

24x7 SERVICE CENTRE:
Khumaltar: 01- 5548969
Service Helpline: 9801205500

For more information, please visit www.nissan-nepal.com, NissanNep, Nissannepal_, nissan_nepal or **visit any of our dealerships across the country**

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० सुर्खेत | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी ।
तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

गजब छ बा !

– अविन –

सभामुखज्यू ? हुनुहुन्न त ! हवाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

SENSODYNE

gsk

दाँतको सेन्सिटिभिटीलाई बेवास्ता नगर्नुहोस् ।*



"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड

सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

टेबुल भए दुई विधेयक

■ **कलेन्द्र सेजुवाल** (सुर्खेत)

कर्णाली प्रदेशसभाको बुधबारदेखि सुरु तेस्रो अधिवेशनमा दुई विधेयक पेस भएका छन् । आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक २०७५ र सार्वजनिक प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पेस गरे । यी दुवै विधेयक प्रदेशसभामा पेस गर्न कर्णाली सरकारको मन्त्रिपरिषद्ले माघ २३ गते स्वीकृति दिएको थियो ।

प्रसारणसम्बन्धी विधेयकमा प्रदेशभित्र रेडियो तथा टेलिभिजन सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन (डीएसआर) अनिवार्य गरिएको छ । विधेयकको दफा ६ मा रेडियो, एफएम वा टेलिभिजन सञ्चालनका लागि अनुमति लिन निवेदनसाथ विभिन्न पाँचवटा कागजपत्र पेस गर्नुपर्ने उल्लेख छ । 'सार्वजनिक सञ्चारमाध्यम सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन संलग्न गर्नुपर्नेछ,' विधेयकको मस्यौदामा भनिएको छ, 'प्रसारण केन्द्र रहने ठाउँको चारकिल्ला विवरण र नक्सासहितको विवरण पनि पेस गर्नुपर्नेछ ।'

विधेयकमा प्राप्त निवेदनउपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा तोकिएका सर्त पालना गर्ने गरी इजाजत दिइने उल्लेख छ । इजाजत दिन नसकिने भएमा म्याद सकिएको ७ दिनभित्र आधार र कारण खुलाई लिखित जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ । 'जानकारीउपर चित्त नबुझेमा सम्बन्धित पक्षले मन्त्रालयसमक्ष पुनरावलोकनका लागि निवेदन दिनुपर्नेछ,' विधेयकको मस्यौदामा भनिएको छ, 'मन्त्रालयले एक महिनाभित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ र सोही निर्णय अन्तिम हुनेछ ।'

विधेयकको मस्यौदामा प्रचलित कानुन (राष्ट्रिय प्रसारण ऐन) बमोजिम इजाजत पाएका प्रसारण संस्थाले प्रदेश कानुन बनेपछि तोकिएबमोजिम नवीकरण गर्नुपर्ने उल्लेख छ । यसका साथै अन्य प्रदेशमा दर्ता भएका संस्थाले समेत निश्चित सर्त पालना गरी प्रदेशमा ट्रान्समिटरलगायत उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गर्न पाउने व्यवस्था गरिएको छ । विधेयकमा प्रदेश सरकारले ऐनबमोजिम आफ्नै एफएम/रेडियो र टेलिभिजनसमेत सञ्चालन गर्न सक्ने उल्लेख छ ।

त्यस्तै, सुशासनसम्बन्धी विधेयकमा प्रदेशका मुख्यमन्त्रीसहित मन्त्रीहरू, प्रमुख सचिवसहित विभिन्न मन्त्रालयका सचिवहरू र कार्यालय प्रमुखहरूको जिम्मेवारी, काम, कर्तव्य र अधिकारबारे उल्लेख छ । विधेयकको दफा १७ मा 'स्वार्थ बाझिएमा निर्णय गर्न नहुने' प्रावधान राखिएको छ । 'यस ऐन वा अन्य प्रचलित कानुनबमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ भएमा वा निजले गरेको निर्णयबाट नजिकको नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो पदाधिकारीले निर्णय गर्न सक्ने छैन,' उक्त दफामा भनिएको छ । विधेयकमा कुनै पनि पदाधिकारीले कानुनबमोजिम गर्नुपर्ने कार्यसम्पादनबाट पन्छिन नपाइने उल्लेख छ ।

तेस्रो अधिवेशनबाट प्रदेशका लागि अत्यावश्यक विभिन्न विधेयक पास हुने अपेक्षा गरिएको छ । संसद्को दोस्रो अधिवेशनमा पेस भएका सहकारी विधेयक, संघसंस्था विधेयक र प्रदेशसभा सचिवालयसम्बन्धी विधेयक पनि छलफलमा छन् । सहकारी र संघसंस्थासम्बन्धी विधेयक संसद्का सामाजिक विकास समितिमा र प्रदेशसभा सचिवालयसम्बन्धी विधेयक विधायन समितिमा छन् । यसका साथै अन्य दुईवटा विधेयक संसद् सचिवालयमा दर्ता भइसकेका संसद्का सचिव प्रेम आचार्यले जानकारी दिए । उनले यो अधिवेशनबाट दोस्रो अधिवेशनमा थाँती रहेका र तेस्रो अधिवेशनमा प्रस्तुत हुने महत्त्वपूर्ण विधेयक पास हुने बताए ।

तेस्रो अधिवेशन पहिलो बैठकमा बोल्दै कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले प्रदेशलाई बलियो र समृद्ध बनाउन सत्तापक्ष र प्रतिपक्षीले सोच्नुपर्ने बेला आएको बताए ।

त्यस्तै, नेकपाको तर्फबाट बोल्दै सांसद यामलाल कँडेलले सरकारको कमजोरीको कारण नेकपाभित्रै प्रश्न उठाउने समय आउन नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराए । राप्रपा सांसद शोशिला शाहीले सरकारले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताइन् ।

एक वर्षमै उप्कियो ग्राभेल

● अधिकांश सडक पुरानै अवस्थामा ● यातायात सञ्चालनमा समस्या

सल्यानको थारमारेमा वर्षातले हिलाम्य भएको सडक पार गर्दै गाडी । *तस्बिर : विप्लव/कान्तिपुर*

■ **विप्लव महर्जन** (सल्यान)

ग्रामीण राष्ट्रिय यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत आठ करोड ४४ लाख रुपैयाँ खर्चिएको ग्राभेल एक वर्ष नपुग्दै भत्किएको छ । थारमारे-चौरजहारी सडकको ग्राभेल भत्किएको हो । ग्राभेल गएपछि यात्रुले आउजाउमा सास्ती भोग्नुपरेको छ । सामान्य वर्षा हुनासाथ सडक हिलाम्य भएर यातायातका साधन सञ्चालनमा समस्या हुँदा यात्रु समस्यामा पर्ने गरेका छन् ।

यातायात सुदृढीकरण कार्यक्रमले ठेक्कामार्फत थारमारेदेखि चौरजहारी सडकको स्यानीपिप्ली खण्डमा ग्राभेल गरेको थियो । ३९ किलोमिटर सडकमा यात्रु सहजताका लागि ग्राभेल गरिएको हो । ग्राभेल गरेका अधिकांश सडक पुरानै अवस्थामा रहेका कारण यातायातका साधन सञ्चालनमा समस्या भएको हो । ठेकेदारले लापरबाहीका कारण इस्टिमेटअनुसार काम नगरिएको स्थानीयको आरोप छ । स्थानीयका अनुसार माटो बढी हालिएकाले ग्राभेल सामान्य वर्षा हुँदा हिलाम्य र घाम लाग्दा धुलाम्य हुने गरेको छ । सडक स्तरवृद्धिको जिम्मा रोशन एण्ड धनञ्जय जेबीले पाएको थियो ।

स्थानीय दिलबहादुर कुमाइले गुणस्तरहीन काम गरिएकाले यात्रुले सास्ती भोग्नुपरेको बताए । उनका अनुसार सडक हिलाम्य भएकाले स्यानीपिप्ली माथिको जंगलमा सधैं गाडी फस्ने गरेका छन् । बीच बाटोमा फस्ने समस्याले साना गाडीलाई सधैं आउजाउ गर्न कठिनाइ भएको उनको भनाइ छ । ठेकेदारले ग्राभेल गर्ने नाममा माटोमात्रै बिछ्याएकाले सडक पहिलाभन्दा बिग्रिएको चोरपानीकी प्रेमी विकले बताइन् । 'सुरुसुरुमा काम गरेजस्तो ठीकै देखियो । काम सम्पन्न गरेको तीन/चार महिनादेखि सडकको अवस्था पहिलेको भन्दा खराब भयो,' उनले भनिन्, 'ठेकेदार कम्पनीले सडक स्तरवृद्धिमा लापरबाही गरेकै हो । लापरबाही नगरेको भए यति छिट्टै बिग्रने थिएन ।' उनका अनुसार माटो बढी पटान गरेका कारण सवारीसाधन आवतजावतमा समस्या भएपछि यात्रुले सास्ती पाइरहेका छन् । सडकमा गाडी गुड्दा धूलोले बटुवाहरू हिंड्नै नसकिने अवस्था रहेको उनको भनाइ छ । उनले सहज रूपमा यात्रा गर्ने आशासहित घरबाट निस्कने यात्रुले गाडी धकेल्दै यात्रा गर्नुपर्ने बाध्यता रहेको बताइन् ।

सडकको अवस्था दयनीय भएका कारण वर्षाको समयमा यात्रा जोखिममा पर्ने गरेको स्थानीय शिवप्रसाद थापाले बताए । उनका अनुसार ग्रामीण राष्ट्रिय यातायात सुदृढीकरण कार्यक्रम र स्थानीय तहले गत वर्ष करोडौं रकम खर्च गरी स्तरोन्नति गरेका सडक गुणस्तरहीन छन् । स्यानीपिप्लीबाट रागचौरसम्म खनेको सडकको अवस्था पनि बिजोग रहेको उनको भनाइ छ । वाह्रै महिना यातायात सञ्चालन गर्ने उद्देश्यले सडकको स्तरोन्नति गर्न खोजिए पनि ठेकेदारले गुणस्तरहीन काम गर्दा वर्षातको समयमा यातायातका साधन सञ्चालन हुन छाडेको उनी बताउँछन् । 'स्तरवृद्धि गर्ने क्रममा ठेकेदारले सडकलाई साढे ६ मिटर चौडा बनाए पनि ग्राभेल प्राविधिक मापदण्डअनुसार हालिएन,' उनले भने, 'जसका कारण स्थानीयले वर्षौंदेखि सास्ती र जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था कायमै छ ।' उनका अनुसार नालासमेत पुरिएपछि बेमौसमी वर्षामा पनि सडक हिलाम्य हुने गरेको छ ।

प्राविधिक अनुगमन अभावमा ठेकेदारले राम्रोसँग काम नगरेको हुन सक्ने कुमाख गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विनोद अधिकारीले बताए । ग्राभेल भत्किएर हिलाम्य हुँदा सरकारी कामकाजका लागि आउने सेवाग्राहीसमेत समस्यामा परेको उनको भनाइ छ ।

मदिरा बिक्रीमा रोक

कान्तिपुर संवाददाता (रुकुम पश्चिम)

जिल्लाभर बिहीबारबाट मदिरा बिक्री वितरण गर्न नपाइने भएको छ । माघ ५ गतेको निर्णयअनुसार बिहीबारबाट कुनै पनि मदिरा बिक्री वितरण गर्न नपाइने भएको हो । जिल्ला समन्वय समितिको पहलमा बसेको सबै स्थानीय तह तथा सरोकारवालाको बैठकले मदिराले विकृति विसंगति बढेको भन्दै अर्को निर्णय नभएसम्मका लागि मदिरा बिक्री वितरणमा पूर्ण रोक लगाउने निर्णय गरेको थियो ।

उक्त निर्णयअनुसार बिहीबारबाट घरेलु तथा अन्य कुनै पनि मदिरा बिक्री गर्न पाइने छैन । मदिरा व्यवस्थापन गर्ने अभियानअन्तर्गत माघ ६ गतेदेखि नै जिल्लामा मदिरा भित्र्याउन दिइएको छैन भने घरेलु उत्पादनमा पनि कडाइ गरिएको छ । मदिराको उचित व्यवस्थापन गर्ने भन्दै ६ स्थानीय तहको साथै जिल्ला समन्वय समितिले प्रहरीको सहयोगमा पहिलो चरणमा मदिरा भित्र्याउन निषेध गरेका थिए । समाजमा हुने घटना, अपराधमध्ये ८० प्रतिशत बढी घटना तथा अपराधको मूल कारण मदिरा भएको निष्कर्षसहित यसको व्यवस्थापनमा स्थानीय सरकारहरू लागेका हुन् । गत माघ ६ गतेदेखि मदिरा भित्र्याउन बन्द गरेका स्थानीय सरकारले जिल्लाभित्र मौज्दात रहेको मदिरा बिक्री वितरणका लागि डेढ महिनाको समय दिएका थिए । आजको दिनबाट अर्को निर्णय नभएसम्मका लागि मदिरा बिक्री वितरण र सेवनमा पूर्ण रोक लगाइएको स्थानीय सरकारले बताएका छन् ।

> 'समाज, परिवार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा मदिराको प्रतिकूल असर देखियो'

६ महिनामा जिल्लाभित्र भएका विभिन्न अपराध र घटना मदिराकै कारण भएको निष्कर्ष प्रहरीको छ । जिल्लामा घट्ने घटना र हुने अपराधका ८० प्रतिशत घटना मदिराकै कारण भएको निष्कर्षमा स्थानीय सरकार पनि पुगेका छन् । मदिराकै कारण हरेक साता दुई आत्महत्या, हरेक महिना तीन जबरजस्ती करणी, हरेक दुई महिनामा एउटा हत्या हिंसाका घटना हुने गरेको प्रहरीको तथ्यांकले देखाएको छ । समाजमा विकृति विसंगति अन्त्यका लागि मदिरा व्यवस्थापनको विकल्प नभएको निष्कर्षमा स्थानीय सरकार पुगेका छन् ।

'समाज, परिवार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा मदिराको प्रतिकूल असर देखियो,' जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्माले भने, 'त्यसैले असल समाज निर्माण गर्ने र सबैलाई बिनाबाधा अवरोध काम गर्ने वातावरणका लागि मदिरा व्यवस्थापनतर्फ लागिएको हो ।' जिल्लाका ७३ वडाका स्थानीयले मदिराका कारण ठूलो समस्या भइरहेकाले यसको नियन्त्रण र व्यवस्थापनमा सरकारसँग माग गरेको शर्माले बताए । मदिरा व्यवसायीले भने मदिरा बिक्री वितरण नरोक्ने बताएका छन् ।

संविधानले व्यवस्था गरेको अधिकारअनुसार नै वैधानिक व्यवसाय गरिरहेकाले मदिरा बिक्री वितरण नरोक्ने भनाइ उनीहरूको छ ।

स्थानीय तहले मदिरा व्यवसायीसँग कुनै सल्लाह तथा परामर्श नगरी एक्लौटी निर्णय गरेकाले आफूहरूले स्थानीय सरकारले भनेको मान्नुपर्ने अनिवार्य नभएको मदिरा व्यवसायी संघका अध्यक्ष नवीनकुमार खड्काले बताए ।

बिहेको उमेर नपुग्दै सम्बन्धविच्छेद

■ **भीमबहादुर सिंह** (जाजरकोट)

नलगाड नगरपालिका ५ की २० वर्षीया रमा गिरीका दुई सन्तान छन् । उनले चार वर्षअघि २९ वर्षीय कमल विकसँग अन्तरजातीय बिहे गरेकी थिइन् ।

बारेकोट गाउँपालिका ७ की २१ वर्षीया कालिका रोकायका पनि दुई सन्तान छन् । पाँच वर्षअघि उनले स्थानीय कवि रावतसँग विवाह गरेकी थिइन् । उनीहरू दुवैजनाले पतिसँग सम्बन्धविच्छेदका लागि जिल्ला अदालत जाजरकोटमा मुद्दा दायर गरेका छन् ।

यी दुईमात्र होइन, कलिलो उमेरमै विवाह गरेका यहाँका दर्जनौं किशोरी विवाह गर्ने उमेरमा सम्बन्धविच्छेद गर्न बाध्य छन् । बल्ल बिहे गर्ने उमेरमा सम्बन्धविच्छेदका लागि एक/दुई सन्तान काखी च्यापेर अदालत पुग्नेको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । सम्बन्धविच्छेद गर्न आउने अधिकांश २०/२२ वर्षका हुने गरेको जिल्ला अदालतले जनाएको छ । अदालतका स्रेस्तेदार अधिकृत देवीराम भण्डारीका अनुसार बालिकाले स्कुल जाने उमेरमा बिहे र बिहे गर्ने उमेरमा सम्बन्धविच्छेद गर्ने गरेको पाइएको छ । अदालतमा सम्बन्धविच्छेदका मुद्दा दर्ताको चाप ह्वात्तै बढेको उनले जनाए । गत भदौ १ गते लागू भएको नयाँ मुलुकी संहितासँगै अदालतमा मुद्दाको चाप बढेको उनी बताउँछन् । 'अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी सम्बन्धविच्छेदका छन्,' उनले भने, 'चालु आर्थिक वर्षको ६ महिनामा सम्बन्धविच्छेदका ८७ थान मुद्दा दर्ता भए ।'

> सम्बन्धविच्छेद गर्न आउने अधिकांश युवती २०/२२ वर्षका छन्

जसमध्ये गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ८ थान मुद्दा छन् । नयाँ संहिताअनुसार पुरुषबाट दर्ता हुन आएका सम्बन्धविच्छेदका मुद्दाको संख्या २५ रहेको अदालतले जनाएको छ । अदालतले गत साउनदेखि हालसम्म सम्बन्धविच्छेदका ५३ मुद्दा फछ्यौंट गरिसकेको छ । कम उमेरमा विवाह, अन्तरजातीय विवाह, मदिरा सेवन, दाइजो, वैदेशिक रोजगार, बहुविवाह, घरेलु हिंसा, बेरोजगारी, खाना, लाउन नदिएको, परपुरुषसँगको अवैध सम्बन्धलगायत कारण देखाउँदै सम्बन्धविच्छेदको उजुरी गर्न आउने बढेको स्रेस्तेदार अधिकृत भण्डारीले जनाए । 'पछिल्लो समय अंशसहित भन्दा अंश नलिई विच्छेद गर्ने बढेका छन्,' उनले भने, 'उजुरीकर्ता पुरुषको संख्यासमेत बढ्दै गएको छ ।' उनका अनुसार विगतभन्दा यस वर्ष मुद्दा आउने क्रम दोब्बर बढेको छ । फौजदारीभन्दा देवानी मुद्दा बढी दर्ता हुन आएको अदालतले जनाएको छ । अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ४३ सहित एक सय ९४ मुद्दा छन् । अदालतमा सम्बन्धविच्छेद, अंश, गाली बेइज्जती, कर्तव्य ज्यान, जबरजस्ती करणी, मानाचामल, बहुविवाह, सवारी ज्यान, लेनदेनलगायत मुद्दा दर्ता भएको छन् ।

जिल्ला अदालतले असहाय, गरिब, पीडितलगायत पक्षका लागि ४० थरीका लिखित निःशुल्क लेखिदिने व्यवस्था मिलाएको छ । आर्थिक अभाव भएका र कानुन व्यवसायीको पहुँचमा नरहेका पीडित पक्षका लागि दस्तुर दाखिला, मुद्दा सकार, अधिकृत बारेसनामा, मुद्दा मुतलबी राखी पाऊँलगायत लिखित अदालतबाटै निःशुल्क लेखिदिने गरेको भण्डारीले जनाए । भण्डारीका अनुसार कानुनी ज्ञानको अभावमा अधिकांश तारिख, प्रतिउत्तर म्याद, हदम्याद, पुनरावेदन म्यादलगायतबाट बेखबर हुने गरेका छन् ।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२९ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बब करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एम एन्ड एस (हड्डार हल्ट)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एम एन्ड एस (इन्स्पाचर)
७:००	सुमनसँग
७:३०	द्वानदी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
९:००	सम्मी एडमेन्चर्स
९:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एम एन्ड एस (इन्स्पाचर)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एम एन्ड एस (इन्स्पाचर)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	सुमनसँग
३:००	द्वानदी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडमेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तसु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१८:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (रमीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (रमीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६८०
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२४८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०१/५२२४०६
जिल्ला प्रहरी कार्यालय	९००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५५४०५४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९८४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५, ९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१४५६८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०२८७
जिल्ला अस्पताल	०८८५३०१५५, ०८८५३०१५४
एम्बुलेन्स	९८०२८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३२५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०९६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुनौरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८४५०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८००४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
एशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर दयावत्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५८-२२२२ (Ncell)

बझाङमा १३ औं पटक हिमपात



हिउँ ढाकिएको बझाडको बित्थड चिर गाउँपालिकाको मल्ला भतडा गाउँ । *तस्बिर : वसन्तप्रताप/कान्तिपुर*

■ **वसन्तप्रताप सिंह** (बझाड)

माघको दोस्रो सातायता बझाडमा १३ औं पटक हिमपात भएको छ । दैनिकजसो हिमपात हुन थालेपछि जिल्लाका पहाडी तथा उच्च हिमाली क्षेत्रमा बढेको जाडोका कारण स्थानीयको दैनिक जनजीवन कष्टकर बनेको छ ।

सोमबार साँझदेखि सुरु भएको हिउँदे झरी बुधबारसम्म रोकिएको छैन । लगातारको झरीले लेकाली भेगमा बाक्लो हिउँ जमेपछि स्थानीय बासिन्दा घर बाहिर निस्कन सकेका छैनन् । साबिकका दहबगर, भैरवनाथ, पीपलकोट, व्यासी, कफलसेरी, धमेना, कैलाशकाँडा, दौलीचौर, सुर्मा, लेकगाउँ, मौलाली, सैनपसेला, भामचौर, स्याडी, देउलेक मष्टा, भातेखोला, रिलु, मेलबिसौना, दाँतोलालगायतका गाविसमा बाक्लो हिउँ जमेपछि दैनिक कामकाज गर्न अप्ठ्यारो भएको स्थानीयले बताएका छन् ।

'दिक्कै लाग्ने गरी हिउँ पर्न थाल्यो,' तल्कोट गाउँपालिका दाँतोलाका लालबहादुर बोहराले भने, 'घर बाहिरको काम गर्न समस्या भइरहेको छ । चिसोले बिरामी हुनेको संख्या बढिरहेको छ ।'

हिमपात भएको क्षेत्रको तापक्रम माइनसभन्दा तल झरेको छ । चिसोले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएको स्थानीयले बताएका छन् । चिसोका कारण बालबालिका बिरामी पर्न थालेको सुनिकोटकी खुडीदेवी कुँवरले बताइन् ।

अत्यधिक जाडो बढेपछि ओढ्ने र लगाउने लुगाफाटो नभएका विपन्न परिवारलाई सास्ती थपिएको छ ।

जाडो बढेसँगै बालबालिकामा निमोनिया र वृद्धवृद्धामा दमको संक्रमण बढिरहेको जिल्ला अस्पताल बझाङले जनाएको छ । 'श्वासप्रश्वाससम्बन्धी समस्या भएका बिरामी बढी आउने गरेका छन्,' जिल्ला अस्पतालका डा. अनुप रेग्मीले भने, 'दैनिक ४ जनालाई त भर्ना गरेर उपचार गर्नु परिरहेको छ ।' चिसोले निमोनिया, दम, रुघाखोकी, श्वासप्रश्वाससम्बन्धी र भाइरल संक्रमण भएका बिरामी दैनिक १५/२० को संख्यामा जिल्ला अस्पतालमा आउने गरेको र गाउँका स्वास्थ्य संस्थामा पनि यस्ता बिरामीको संख्या बढिरहेको उनले बताए । चिसोमा आगो ताप्ने र धूवाँले गर्दा दम र निमोनियाका रोगीहरूको रोग बल्झिने भएकाले यसबाट सचेत हुनुपर्ने उनको सुझाव छ ।

> लगातारको झरीले लेकाली भेगमा बाक्लो हिउँ जमेपछि स्थानीय बासिन्दा घर बाहिर निस्कन सकेका छैनन्

विद्यालय खुलेनन्

माघ महिनाको सुरुदेखि नै लगातार हिमपात हुन थालेपछि बन्द भएका विद्यालय अझै खुल्न सकेका छैनन् । सामान्य अवस्थामा पनि अन्य विद्यालयको तुलनामा कम पढाइ हुने हिमाली क्षेत्रका विद्यालय हिमपातका कारण लामो समयसम्म बन्द हुँदा सयौं विद्यार्थीको पढाइ प्रभावित भएको छ ।

हिमपात भइरहेकाले बढेको जाडोका कारण उत्तरी भेगका ६० भन्दा बढी विद्यालय करिब एक महिनादेखि खुल्न सकेका छैनन् । 'जमेको हिउँ पग्लन पाएको छैन । लगातार हिमपात भइरहेकाले हिउँ थपिएको थपियै छ,' साइपाल गाउँपालिकाको धुली आधारभूत विद्यालयका प्रधानाध्यापक नवराज जोशीले भने 'घरबाट बाहिर निस्कनै गाह्रो छ । स्कुल खुल्ने त कुरै भएन,' उनले जाडो अत्यधिक बढेका कारण साना बालबालिकालाई समस्या हुने भएकाले विद्यालय खुल्न नसकेको बताए । हिमपातका कारण जिल्लाको उत्तरवर्ती साइपाल, तल्कोट, सुर्मा र मष्टा गाउँपालिका सबैजसो विद्यालय बन्द रहेका छन् । यस्तै बित्थड चिर गाउँपालिका, बुंगल र जयपृथ्वी नगरपालिकाका उत्तरी भेगका विद्यालय पनि बन्द भएको स्थानीयले बताएका छन् । जिल्लाका उच्च पहाडी र हिमाली क्षेत्रका गरी एक सयभन्दा बढी विद्यालय करिब डेढ महिनादेखि बन्द भएका हुन् ।

यातायात, विद्युत् र टेलिफोन अवरुद्ध

लगातारको हिमपातले सडकमा हिउँ जम्दा पटकपटक यातायात अवरुद्ध भएको छ । बझाङबाट धनगढी, महेन्द्रनगर र काठमाडौं जाने र त्यहाँबाट जिल्ला आउने सयौं यात्रु राजमार्गको विभिन्न ठाउँमा घन्टौं हिउँमा फस्ने गरेका छन् । दैनिकजसो राजमार्ग अवरुद्ध हुँदा यात्रुले सास्ती पाउने गरेको पवनदूत यातायातका काउन्टर इन्चार्ज विनोद बमले बताए । उनले भने, 'सामान्य वर्षा भए पनि श्रीभावर र खोड्पेतिर हिउँ जम्छ । वर्षा भएका बेला गाडी नरोकिएको कुनै दिन छैन,' उनले बढी हिउँ परेका बेला २ दिनसम्म गाडी रोकिने गरेको उल्लेख गर्दै सामान्यतया: ४ घण्टा दैनिक बाटो अवरुद्ध भइरहेको बताए ।

हिमपातकै कारण बझाङको विद्युत् सेवा पनि अवरुद्ध हुन थालेको छ । बैतडीको भालुमारा भन्ने ठाउँमा हिउँको भार थाम्न नसकेर मुख्य लाइनको तार खसेका कारण विद्युत् सेवा अवरुद्ध भएको नेपाल विद्युत् प्राधिकरण बझाङ वितरण केन्द्रले जनाएको छ । यस्तै सोमबार साँझदेखि नै बन्द भएको नेपाल टेलिकमको मोबाइल, ल्यान्डलाइन र इन्टरनेट सेवा पनि बिहीबार दिउँसो केहीबेर सुचारु भएर पुन: बन्द भएको छ । विभिन्न ठाउँमा रहेका टेलिकमका सोलार स्टेसनमा पाता छोपिने गरी हिउँ जमेका कारण ब्याट्री चार्ज हुन नसक्दा सञ्चार सेवा अवरुद्ध भएको नेपाल टेलिकमले जनाएको छ ।

विगतभन्दा यो वर्ष पश्चिमी वायु लामो समयसम्म सक्रिय भएकाले बढी हिमपात भएको मध्य तथा सुदूरपश्चिम क्षेत्रीय हावापानी कार्यालयले जनाएको छ । हावापानी कार्यालयका प्रमुख नीराजन सापकोटाका अनुसार पश्चिमी वायु अझै सक्रिय देखिएकाले शुक्रबार रातिसम्म देशैभर हिमपात र वर्षाको सम्भावना रहेको छ ।

नियम मिचेर सिफारिस गर्दै जनप्रतिनिधि

■ **डीआर पन्त** (डडेलधुरा)

स्थानीय तहका जनप्रतिनिधिले कानुनविपरीत सिफारिस गर्दा प्रशासनिक निकायलाई काम गर्न कठिन भएको छ । जथाभावी गरिएका सिफारिसले सेवाग्राहीले पनि झमेला बेहोर्नुपर्ने अवस्था छ ।

अमरगढी नगरपालिका १० का वडाध्यक्ष विष्णुराज भट्टले नागरिकता प्रतिलिपिको सिफारिस दिनुपर्ने व्यक्तिलाई नयाँ नागरिकताको सिफारिस दिए । जिल्ला प्रशासन कार्यालयमा अध्यक्षले गरेको सिफारिसमाथि सोधपुछ गर्दा नागरिकता पहिल्यै लिएको भेटियो । गन्यापधुरा गाउँपालिका १ का वडाध्यक्षले पनि एकजना सन्यासीको नागरिकता बनाउन सिफारिस गरेपछि प्रमुख जिल्ला अधिकारीले प्रमाण नपुगेको भन्दै फिर्ता गरे ।

साबिकको आलिताल गाविसबाट नागरिकता बनाउन आएका धर्म थापाले पनि गलत सिफारिस लिएर जिल्ला प्रशासन पुग्दा निकै सास्ती भोग्नुपऱ्यो । जिल्लाको दुर्गम नवदुर्गाको बेलापुरबाट सिफारिस लिएर आएका हरिसिंह साउदले पनि नागरिकता पाउन सकेनन् ।

जिल्ला प्रशासन कार्यालय डडेलधुरामा दैनिक यसरी कानुनविपरीत सिफारिस लिएर आएका दर्जनौं सेवाग्राही फर्कनुपरेको भेट्न सकिन्छ । कतिपय जनप्रतिनिधिले आफ्नो अधिकार बाहिर गएर मनपरी ढंगले गर्ने सिफारिसका कारण सेवाग्राहीले सास्ती भोग्नुपरेको हो । वडाध्यक्षसहित जनप्रतिनिधिलाई ५८ प्रकारका सिफारिस गर्ने अधिकार कानुनले दिएको छ । जन्म र मृत्यु दर्तादेखि नागरिकतासम्म सिफारिस गर्दा जनप्रतिनिधिहरूले ख्याल नपुऱ्याउने गरेको कर्मचारीहरू बताउँछन् ।

'नागरिकताका लागि अधिकांश जनप्रतिनिधिले गरेका सिफारिस नियमविपरीत हुन्छन्,' डडेलधुराका सहायक प्रमुख जिल्ला अधिकारी करुणाकर अवस्थीले भने, 'जिल्ला प्रशासन कार्यालयमा यस्ता सिफारिसको चाङ लागेको छ ।' त्यही कारण दैनिक दर्जनौं सेवाग्राहीले दुःख पाइरहेको उल्लेख गर्दै सहायक प्रजिअ अवस्थी भन्छन्, 'नागरिकता, सामाजिक सुरक्षा भत्ताका लागि उमेर नपुगी उमेर पुगेको सिफारिस गर्ने, नागरिकताको विवरण सच्याउने, राहदानीका लागि आउने जस्ता संवेदनशील विषयमा जनप्रतिनिधिले विचार नपुऱ्याउँदा समस्या हुने गरेको छ ।'

नागरिकता ऐन, २०६३ अनुसार नागरिकताको विवरण सच्याए वा सच्याउन लगाए ५ वर्षसम्म कैद हुने व्यवस्था छ । सहायक प्रजिअ अवस्थी भन्छन्, 'कानुनी व्यवस्था ख्याल नगरेर गरिने यस्ता सिफारिसका आधारमा नागरिकता दिन नसकिने भएकाले सेवाग्राहीले सास्ती भोग्नुपरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा पठाइएका सिफारिसको अभिलेखसमेत वडा र सम्बन्धित कार्यालयहरूमा भेटिदैन । सिफारिसको प्रतिलिपि र दर्ता चलानी कार्यालयमा राखिनुपर्ने वडा तहका कर्मचारीहरू बताउँछन् । सिफारिस गर्नुअघि कर्मचारीलाई जानकारी नै दिइँदैन, जसले गर्दा कार्यालयमा गरिएको सिफारिसको अभिलेख भेटिदैनन् । अमरगढी नगरपालिकाका एक कर्मचारी भन्छन्, 'जनप्रतिनिधिले झोलामा राखेका कार्यालयका छाप प्रयोग गरेर हिँड्दा हिँड्दै सिफारिस दिने गरेकाले यस्ता समस्या आउने गरेका छन् ।' जनप्रतिनिधिहरू भने आफूले गलत सिफारिस गरिरहेको स्विकार गर्दैनन् । अमरगढी नगरपालिका १० का वडाध्यक्ष विष्णु भट्ट भन्छन्, 'कहींकतै त्रुटि हुनु स्वाभाविक हो । तर कानुनी रूपमा अधिकार नभएका विषयमा कुनै सिफारिस गरिएको छैन ।' कानुनले दिएको अधिकार प्रयोग गरेर सिफारिस गर्न पाउनु आफ्नो अधिकार भएको पनि उनले दाबी गरे ।

चुहिने अस्पतालमा बिरामीको बेहाल

■ **मेनुका दुंगाना** (अछाम)

मंगलसैन नगरपालिका १२ की चन्द्रा रावलका एक वर्षीय छोरालाई झाडापखाला लाग्यो । ४ घण्टा पैदल हिँडेर राति नै आमाले जिल्ला अस्पताल पुऱ्याइन् । डाक्टरको सल्लाहअनुसार ४ दिन बाल वार्डमा राखियो । मध्यरातिपरेको पानी बेडमा नै चुहिन थालेपछि उनले छोरालाई काखमा च्यापेर रात काटिन् ।

'छोरा बिरामी भयो । चाँडो सञ्चो होला भनेर अस्पताल ल्याएँ । बेडमा पानी चुहिएर रातभर जाग्राम बस्नुपर्दा आफू पनि बिरामी होला जस्तो भयो,' चन्द्राले भनिन्, 'छोरालाई निमोनियाले झन् च्यापेको छ । अर्कै रोग लागेको भनेर अस्पताल भर्ना गराएका चिकित्सकले अहिले त चिसोले गर्दा निमोनिया पनि भयो भन्छन् ।'

उनका अनुसार बच्चा भर्ना गर्ने वार्डमा भएका ३ वटै बेड पानी पर्न थालेपछि भिज्छन् । अन्य बेडको अवस्था पनि उस्तै हो । 'अर्को बेडमा बालकलाई सुताउन भनेर बाहिरको बेड हेर्न गएँ । त्यहाँ झन् पूरै भिजेको रहेछ ।'

चन्द्रालाई मात्र होइन । मंगलसैन २ की बिरु साउदलाई पनि बेडमा पानी चुहिने समस्याले सताएर रातभर जाग्राम बस्नुपर्ने समस्या आइलाग्यो । रूखबाट लडेर खुट्टा भाँचिएपछि ५ दिनअघि जिल्ला अस्पतालमा भर्ना भएकी थिइन् । पानीले पूरै बेड भिज्दा उनी बेडबाट न त ओर्लिन सकिन्, न त कसैलाई समस्या बताउन सकिन् ।

'बेड यताउता सार्न एक जना छेउमै बस्नुपर्छ । बाध्यताले यता बस्नुपरेको छ । घरमा बसेको भए यसरी चुहिने बेडमा त बस्नुपर्ने थिएन,' उनले अस्पताल बस्दाको पीडा सुनाउँदै भनिन् ।

जिल्ला अस्पताल अछामका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. मनोज विष्टका अनुसार अस्पतालमा सञ्चालनमा रहेका २८ शय्याको अवस्था बेहाल छ । ४ दशकअघि जस्तापाताले छाएको अस्पतालको सामान्य मर्मत भए पनि जस्तापाता फेर्न नसक्दा चुहिने समस्या रहेको उनी बताउँछन् । 'प्रसूति वार्ड, सुरक्षित गर्भपतन गराउने वार्ड, इमर्जेन्सी वार्ड र ओपीडी कक्षमा पानी परेको दिन पस्नै सकिँदैन,' डाक्टर विष्टले भने, 'एक महिनामुनिको बच्चा राख्ने वार्ड पनि जोखिममा छ । एउटा समस्याले अस्पताल भएका बिरामीले अर्को पनि समस्या भोग्नुपर्छ ।'

अस्पतालको पूर्वाधार मर्मत सुधारका लागि पटकपटक स्थानीय तह, प्रदेश र संघसम्म कुरा पुऱ्याए पनि मर्मतका लागि कसैले चासो नदेखाएको विष्ट बताउँछन् । अस्पतालमा पोस्टमार्टम गर्ने ठाउँको पनि अभाव छ । २४ सै घण्टा बिजुली हुँदैन । जेनेरेटर नहुँदा काम गर्ने वातावरण नै नभएको उनी बताउँछन् । 'आफूले गर्न सक्ने उपचार पनि उपकरण अभावमा रिफर गर्नुपर्ने अवस्था आउँदा दुःख लाग्छ,' डा. विष्टले भने ।

यसअघि सेवा प्रवाह तथा कार्यसम्पादनमा अछाम स्वास्थ्य कार्यालय सर्वोत्कृष्ट घोषणा भएको हो । तर मन्त्रालयले तोकेका केही सूचकहरू पूरा गर्दैमा अस्पतालको स्वास्थ्य सेवा नबदलिएको स्थानीय बासिन्दाहरू बताउँछन् । सामान्य प्रकारको स्वास्थ्य समस्या हुँदा पनि उपकरण, चिकित्सक, औषधि अभावलगायत कारण देखाउँदै बिरामीहरूलाई रिफर गर्ने गरिएकोप्रति स्थानीय बासिन्दा असन्तुष्ट रहँदै आएका छन् ।

सुशासन नीति ल्याउन माग

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय बासिन्दाले सुशासन नीति चाँडो ल्याउन आग्रह गरेका छन् । स्थानीय तहलाई पारदर्शी, जवाफदेही र सुशासनमैत्री बन्न उनीहरूले आग्रह गरेका हुन् ।

केआई सिंह गाउँपालिकाका जनप्रतिनिधिलाई वडा नम्बर ५ रानागाउँका स्थानीयले सामूहिक रूपमा यस्तो आग्रह गरेका हुन् । बुधबार जनप्रतिनिधि र स्थानीयबीच आयोजना गरिएको अन्तर्क्रियामा दुर्गासिंह रावलले गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर शाहीलाई ध्यानाकर्षण पत्रसमेत हस्तान्तरण गरे ।

'हामी स्थानीय तह पारदर्शी र जवाफदेही होस् भन्ने चाहन्छौं, गाउँपालिकाले गरेका कार्यसम्पादनहरू सबै जनताले सहज रूपमा पाऊन् भन्ने हाम्रो माग हो,' रानागाउँ स्थानीय सभाका संयोजक रावलले पत्र बुझाउँदै भने, 'गाउँपालिकाले यथाशीघ्र सुशासन नीति र सामाजिक जवाफदेही कार्यविधि बनाएर कार्यान्वयन गरोस् ।'

हालसम्म कुनै पनि स्थानीय तहले सुशासन नीति बनाएका छैनन् । कानुन तथा कार्यविधि निर्माणमा कमजोर देखिएका यहाँका स्थानीय तहहरू कर्मचारी अभाव, विषयगत विज्ञताको अभावजस्ता समस्याले काम गर्न नसकेको बताउँदै आएका छन् ।

यसअघि रानागाउँका स्थानीयले वडाध्यक्ष रामचन्द्र राणामार्फत सुशासन नीति तथा कार्यविधि बनाउन गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्र बुझाएको लामो समय भइसक्दा पनि अझै नीति तथा कार्यविधि बन्न नसकेकाले कार्यदल बनाई अघि बढ्न सुझाव दिइएको रावलले बताए ।

गाउँपालिका अध्यक्ष लोकेन्द्र शाहीले स्थानीयको मागअनुसार गाउँपालिकाले नीति र कार्यविधिको मस्यौदामाथि छलफल गरिरहेको बताए । 'यस आर्थिक वर्षभित्र नीति तथा कार्यविधि बनाई अर्को आर्थिक वर्षमा कार्यान्वयनमा ल्याउँछौं', शाहीले भने, 'यहाँहरूले भनेझैं कार्यदल बनाएर मस्यौदामाथि स्थानीयसँग छलफल चलाइनेछ ।'

गाउँपालिकालाई सुशासनमैत्री बनाउन आफ्ना वेबसाइटमार्फत सूचना जारी गरिरहेको, गाउँपालिकाको कार्यालयमा डिजिटल बोर्डमार्फ सूचना प्रवाहका लागि तयारी भइरहेको अध्यक्ष शाहीले बताए ।

मदिरा व्यवस्थापन गर्न माग

सोही अन्तर्क्रियामा रानागाउँका महिलाहरूले गाउँपालिकाका जनप्रतिनिधिसँग मदिरा र जुवा नियन्त्रण तथा व्यवस्थापन गर्न माग गरेका छन् । उनीहरूले गाउँपालिकाका उपाध्यक्ष मीना विष्टलाई ज्ञापनपत्र बुझाए । मदिरा र जुवातासले महिलामाथि दैनिक घरेलु हिंसा बढ्दै गएको भन्दै रानागाउँ जमलकट्टेकी यशोदा शर्माले जनप्रतिनिधिलाई ज्ञापनपत्र दिएकी हुन् । 'महिलाले महिलाको पीडा बुझ्ने भएकाले उपाध्यक्ष विष्टलाई ज्ञापनपत्र दिएका हौं,' शर्माले भनिन्, 'हामीलाई उपाध्यक्ष विष्टमाथि ठूलो आशा छ, मदिराले हाम्रो घरबार बिग्रेकाले नियन्त्रणका लागि स्थानीय सरकारसँग माग गरिएको हो ।'

ज्ञापनपत्र बुझ्दै उपाध्यक्ष विष्टले मदिरा नियन्त्रण तथा व्यवस्थापनबारे गाउँपालिकामा छलफल भइरहेको बताइन् । उनले मदिराका कारण बढ्दै गएको विकृतिबारे आफू जानकार रहेको र त्यसका लागि स्थानीयको सहयोग मिलेमा अघि बढ्न तयार रहेको बताइन् । अध्यक्ष शाहीलगायत वडाध्यक्षहरूले मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि गाउँपालिका एक्लै लागेर सफल नहुने बताए ।

आफ्नै संस्कृति
आउँदै गुरुङ फिल्म । ८

पीएसएलमा कमाल
चार विकेटसँगै म्यान फ द म्याच । १५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १० गोदावरी | १६ फागुन २०७५ बिहीबार फाल्गुण कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 28, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

उडेको एक मिनेटमै पहरोमा

हेलिकप्टर दुर्घटनामा मन्त्री अधिकारीसहित सातैको मृत्यु



रवीन्द्र अधिकारी
पर्यटनमन्त्री

आङछिरिङ शेर्पा
पर्यटन व्यवसायी

वीरेन्द्र श्रेष्ठ
उपमहानिर्देशक
उड्डयन प्राधिकरण

ध्रुवदास भोछिभोय
निर्देशक
उड्डयन प्राधिकरण

युवराज दाहाल
उपसचिव

प्रभाकर केसी
क्याप्टेन

अर्जुन घिमिरे
जमदार



■ **आनन्द गौतम** (माथिल्लो फेदी, ताप्लेजुङ)

पाथीभराको मौसम बुधबार बिहान खुलेको थियो । बिहानैदेखि हेलिकप्टरले भेडेटारबाट यात्रु ओसारिरहेका थिए । सिम्रिक एयरले चार खेप यात्रु भेडेटारबाट ल्याइसकेको थियो ।

करिब १ बजेतिर मन्त्री अधिकारीसहितको टोली पाथीभरा मन्दिरमा दर्शनका लागि एयर डाइनेस्टीको हेलिकप्टरबाट ओर्लियो । सबैले पाथीभरा दर्शन गरे । त्यहाँ स्वर्गद्वारीका फलाहारी बाबा लोकनाथ अधिकारी, किराँत धर्मगुरुका अगुवा चन्द्रकुमार शेर्मासँग मन्त्री टोलीको भेट भयो । उनीहरूले तस्बिर खिचाए । त्यहीबीच लोकनाथले मन्त्रीलाई सोधे, 'तपाईलाई दोष लागेको छ, तपाईं त्यो दोषबाट मुक्त हुनुहुन्छ ?' मन्त्रीले हाँस्दै भने, 'मैले केही गल्ती गरेको छैन, म दोषमुक्त हुनेछु ।' यति भनेर उनी विदा भए ।

त्यहीबीच हेलिकप्टरका क्याप्टेन प्रभाकर केसीले मौसम विग्रिन थालेको भन्दै छिटो जान आग्रह गरे । टोली हतार-हतार उड्यो ।

लगत्तै ठेचुडका स्थानीयले पाथीभराबाट ओरालो लाग्दै गरेको हेलिकप्टर देखे । सिधै उड्नुपर्ने हेलिकप्टर ओरालो लागेको देखेपछि उनीहरू झस्किए । हेर्दाहेर्दै हेलिकप्टर जंगलभित्र छिऱ्यो । माथिल्लो काफ्लेपाटीकी इन्द्रमाया भट्टराईले ठूलो आवाज सुनिन् । 'बेस्सरी हुरी चलेको थियो, त्यही बेला ठूलो आवाज आयो,' उनले भनिन्, 'आगो लागेको देखियो ।' उनको घरबाट दुर्घटनास्थल स्पष्टै देखिन्छ । हेलिकप्टर ठूलो ढुंगामा ठोक्किएको थियो । दुर्घटनालगत्तै फुङलिङ-१०, फुरुम्बुका शुक्रवीर भट्टराईले माथिल्लो फेदीस्थित प्राथमिक स्वास्थ्य केन्द्रका इन्चार्ज उमानाथ पौडेललाई फोन गरे, 'हेलिकप्टर तलतिर आएको थियो, खसेजस्तो छ । आगो लागिरहेको छ ।'

त्यसपछि पौडेलसहितका स्थानीय दौडेर घटनास्थलतर्फ लागे । उपचार सामग्री बोकेर उनीहरू ४५ मिनेटमा घटनास्थल पुगेका थिए । 'हेलिकप्टर ठूला दुई टुका भएर बलिरहेको थियो, शव पूरै जलेको थियो,' उनले कान्तिपुरसँग भने, 'मन्त्री अधिकारीको छाती र टाउको ओडारको कापमा परेकाले चिन्यौं ।'

बाँकी पृष्ठ ३

ताप्लेजुङको फुङलिङ तारेभीरमा ठोक्किएपछि जल्दै गरेको हेलिकप्टर ।
तस्वीर : रमेश धमला/कान्तिपुर टीभी

मित्र

- 'बिहानैदेखि भिजिबिलिटी कमजोर थियो'
- दोस्रो प्रयासमा पाथीभराबाट उडेको थियो
- आज राष्ट्रिय शोक, सार्वजनिक बिदा
- बिहीबार बर्लिन उड्ने तयारीमा थिए अधिकारी
- पोखरा स्तब्ध, धनकुटावासी शोकमा
- संसद्मा बिहीबार प्रश्नोत्तर थियो अधिकारीको
- १३ वर्षअघि पनि २४ को ज्यान गएको थियो

सम्झनामा जुझारु नेता

■ **दुर्गा खनाल** (काठमाडौं)

मन्त्री भएपछि रवीन्द्र अधिकारीले प्राथमिकता दिएको एउटा काम थियो- बन्द भएका विमानस्थल सुचारु, स्तरोन्नति र सम्भावित स्थानमा नयाँ विमानस्थल निर्माण ।

यही योजनाअनुसार उनले बन्द भएका आधा दर्जन विमानस्थल सुचारु गरे । चलिरहेका केही विमानस्थल स्तरोन्नति गरे । बुधबार उनी विमानस्थल निर्माणको अध्ययन गर्न तेह्रथुम पुगेका थिए । सम्भावना भए पनि वर्षौंदेखि एयरपोर्ट बन्न नसकेको तेह्रथुम यसपल्ट सरकारको प्राथमिकतामा परेको थियो ।

त्यही निर्णय कार्यान्वयनका लागि थप अध्ययन गर्न उनी तेह्रथुम पुगेका थिए । दुर्भाग्य, त्यतैबाट उनी कहिल्ये नफर्किने गरी बिदा भएका छन् । बिहानैदेखि धुम्म परेको मौसम छिचोल्दै तेह्रथुम पुगेका अधिकारीका लागि त्यही मौसम काठमाडौं फर्किने बेला प्रतिकूल बन्यो ।

तेह्रथुमको चुहानडाँडामा बनाउन प्रस्ताव गरिएको विमानस्थल निरीक्षणपछि त्यहीं आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारी । *तस्बिर : तेजमान कन्दङवाको फेसबुकबाट*

हँसिलो अनुहार, मिलनसार व्यवहार, सधैं केही गरौं भन्ने जोसले भरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारी धेरैका प्रिय थिए । उनको निधनमा सामाजिक सञ्जाल स्तब्ध छ, सर्वसाधारण मलिन छन् ।

बाँकी पृष्ठ ३

SENSODYNE
gsk

दाँतको सेन्सिटिभिटीलाई
बेवास्ता नगर्नुहोस् ।*



"यसलाई बेवास्ता नगर्नुहोस्, सधैं आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् ।"
-डा. सुबिर बेनर्जी, UK मा प्राक्टिस गर्दै आएका डेन्टिस्ट

डेन्टिस्टद्वारा सिफारिस गरिएको ब्राण्ड
सेन्सिटिभिटीबाट राहत क्लिनिकल्ली प्रमाणित#

#२०१८ फ्रेब्रुअरी सम्मको १२ महिने Retail value sales तथ्यांकमा आधारित । *सेन्सिटिभ दाँतमा निरन्तर समस्या देखिएमा तत्काल डेन्टिस्टसँग उपचारको संकेत गर्दछ । यदि लक्षण जारी रहेमा वा बिग्रेमा आफ्नो डेन्टिस्टसँग परामर्श लिनुहोस् । #दिनको दुई पटक दाँत माझ्नुपर्दछ । सल्लाह दिए बमोजिम प्रयोग गर्नुहोस् । प्याकको निर्देशन अनुसार प्रयोग गर्नुहोस् । Trademarks are owned by or licensed to the GSK group of companies. © 2019, GSK group of companies or its licensor. All rights reserved.

CHBAN/CHSENO/0002/19a

गजब छ बा !

- अविन -

सभामुखज्यू ? हुनुहुन्न त ! ह्वाँ त सांसदज्यू'रू खोज्न निस्कनु भो !

विमान खसालेको दाबी

नयाँदिल्ली (एजेन्सी)- भारतीय लडाकु विमानले आफ्नो सीमामा प्रवेश गरेर आक्रमण गरेको भोलिपल्ट पाकिस्तानले बुधबार भारतीय वायुसेवाका दुई विमान खसालेको दाबी गरेको छ । त्यसक्रममा एक पाइलटलाई नियन्त्रणमा लिएको पनि पाकिस्तानी सेनाले जनाएको छ ।

पाकिस्तानी सेनाका प्रवक्ता मेजर जनरल असिफ गफुरले लाइन अफ कन्ट्रोल (एलओसी) पार गरेका भारतीय वायुसेनाका दुई विमान खसालिएको जनाएका हुन् । उनले दुई विमानमध्ये एउटा पाकिस्तान प्रशासित कश्मीरमा र अर्को भारतीय क्षेत्रमा खसेको बताए । त्यसक्रममा पक्राउ परेका एक पाइलटको हिरासतमा राखेर उपचार भइरहेको उनले बताए ।

भारत-पाक तनाव

पाकिस्तानी सञ्चार मन्त्रालयले पक्राउ परेका पाइलट विङ कमान्डर अभिनन्दन भएको उल्लेख गर्दै आँखामा पट्टी बाँधेको एउटा भिडियो सार्वजनिक गरेको थियो । पछि उक्त भिडियो हटाइएको थियो । यस्तै मन्त्रालयले भारतीय विमान जल्दै गरेको भिडियो पनि सार्वजनिक गरेको थियो ।

यता भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले आफ्नो मिग २१ जेट र यसका पाइलट हराइरहेको बताएका छन् ।

बाँकी पृष्ठ ९

टेबुल भए दुई विधेयक

■ **कलेन्द्र सेजुवाल** (सुर्खेत)

कर्णाली प्रदेशसभाको बुधबारदेखि सुरु तेस्रो अधिवेशनमा दुई विधेयक पेस भएका छन् । आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक २०७५ र सार्वजनिक प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पेस गरे । यी दुवै विधेयक प्रदेशसभामा पेस गर्न कर्णाली सरकारको मन्त्रिपरिषद्ले माघ २३ गते स्वीकृति दिएको थियो ।

प्रसारणसम्बन्धी विधेयकमा प्रदेशभित्र रेडियो तथा टेलिभिजन सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन (डीएसआर) अनिवार्य गरिएको छ । विधेयकको दफा ६ मा रेडियो, एफएम वा टेलिभिजन सञ्चालनका लागि अनुमति लिन निवेदनसाथ विभिन्न पाँचवटा कागजपत्र पेस गर्नुपर्ने उल्लेख छ । 'सार्वजनिक सञ्चारमाध्यम सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन संलग्न गर्नुपर्नेछ,' विधेयकको मस्यौदामा भनिएको छ, 'प्रसारण केन्द्र रहने ठाउँको चारकिल्ला विवरण र नक्सासहितको विवरण पनि पेस गर्नुपर्नेछ ।'

विधेयकमा प्राप्त निवेदनउपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा तोकिएका सर्त पालना गर्ने गरी इजाजत दिइने उल्लेख छ । इजाजत दिन नसकिने भएमा म्याद सकिएको ७ दिनभित्र आधार र कारण खुलाई लिखित जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ । 'जानकारीउपर चित्त नबुझेमा सम्बन्धित पक्षले मन्त्रालयसमक्ष पुनरावलोकनका लागि निवेदन दिनुपर्नेछ,' विधेयकको मस्यौदामा भनिएको छ, 'मन्त्रालयले एक महिनाभित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ र सोही निर्णय अन्तिम हुनेछ ।'

विधेयकको मस्यौदामा प्रचलित कानुन (राष्ट्रिय प्रसारण ऐन) बमोजिम इजाजत पाएका प्रसारण संस्थाले प्रदेश कानुन बनेपछि तोकिएबमोजिम नवीकरण गर्नुपर्ने उल्लेख छ । यसका साथै अन्य प्रदेशमा दर्ता भएका संस्थाले समेत निश्चित सर्त पालना गरी प्रदेशमा ट्रान्समिटरलगायत उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गर्न पाउने व्यवस्था गरिएको छ । विधेयकमा प्रदेश सरकारले ऐनबमोजिम आफ्नै एफएम/रेडियो र टेलिभिजनसमेत सञ्चालन गर्न सक्ने उल्लेख छ ।

त्यस्तै, सुशासनसम्बन्धी विधेयकमा प्रदेशका मुख्यमन्त्रीसहित मन्त्रीहरू, प्रमुख सचिवसहित विभिन्न मन्त्रालयका सचिवहरू र कार्यालय प्रमुखहरूको जिम्मेवारी, काम, कर्तव्य र अधिकारबारे उल्लेख छ । विधेयकको दफा १७ मा 'स्वार्थ बाझिएमा निर्णय गर्न नहुने' प्रावधान राखिएको छ । 'यस ऐन वा अन्य प्रचलित कानुनबमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ भएमा वा निजले गरेको निर्णयबाट नजिकको नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो पदाधिकारीले निर्णय गर्न सक्ने छैन,' उक्त दफामा भनिएको छ । विधेयकमा कुनै पनि पदाधिकारीले कानुनबमोजिम गर्नुपर्ने कार्यसम्पादनबाट पन्छिन नपाइने उल्लेख छ ।

तेस्रो अधिवेशनबाट प्रदेशका लागि अत्यावश्यक विभिन्न विधेयक पास हुने अपेक्षा गरिएको छ । संसद्को दोस्रो अधिवेशनमा पेस भएका सहकारी विधेयक, संघसंस्था विधेयक र प्रदेशसभा सचिवालयसम्बन्धी विधेयक पनि छलफलमा छन् । सहकारी र संघसंस्थासम्बन्धी विधेयक संसद्का सामाजिक विकास समितिमा र प्रदेशसभा सचिवालयसम्बन्धी विधेयक विधायन समितिमा छन् । यसका साथै अन्य दुईवटा विधेयक संसद् सचिवालयमा दर्ता भइसकेका संसद्का सचिव प्रेम आचार्यले जानकारी दिए । उनले यो अधिवेशनबाट दोस्रो अधिवेशनमा थाँती रहेका र तेस्रो अधिवेशनमा प्रस्तुत हुने महत्त्वपूर्ण विधेयक पास हुने बताए ।

तेस्रो अधिवेशन पहिलो बैठकमा बोल्दै कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले प्रदेशलाई बलियो र समृद्ध बनाउन सत्तापक्ष र प्रतिपक्षीले सोच्नुपर्ने बेला आएको बताए ।

त्यस्तै, नेकपाको तर्फबाट बोल्दै सांसद यामलाल कँडेलले सरकारको कमजोरीको कारण नेकपाभित्रै प्रश्न उठाउने समय आउन नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराए । राप्रपा सांसद शोशिला शाहीले सरकारले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने बताइन् ।

एक वर्षमै उप्कियो ग्राभेल

● अधिकांश सडक पुरानै अवस्थामा ● यातायात सञ्चालनमा समस्या

सल्यानको थारमारेमा वर्षातले हिलाम्य भएको सडक पार गर्दै गाडी । *तस्बिर : विप्लव/कान्तिपुर*

■ **विप्लव महर्जन** (सल्यान)

ग्रामीण राष्ट्रिय यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत आठ करोड ४४ लाख रुपैयाँ खर्चिएको ग्राभेल एक वर्ष नपुग्दै भत्किएको छ । थारमारे-चौरजहारी सडकको ग्राभेल भत्किएको हो । ग्राभेल गएपछि यात्रुले आउजाउमा सास्ती भोग्नुपरेको छ । सामान्य वर्षा हुनासाथ सडक हिलाम्य भएर यातायातका साधन सञ्चालनमा समस्या हुँदा यात्रु समस्यामा पर्ने गरेका छन् ।

यातायात सुदृढीकरण कार्यक्रमले ठेक्कामार्फत थारमारेदेखि चौरजहारी सडकको स्यानीपिप्ली खण्डमा ग्राभेल गरेको थियो । ३९ किलोमिटर सडकमा यात्रु सहजताका लागि ग्राभेल गरिएको हो । ग्राभेल गरेका अधिकांश सडक पुरानै अवस्थामा रहेका कारण यातायातका साधन सञ्चालनमा समस्या भएको हो । ठेकेदारले लापरबाहीका कारण इस्टिमेटअनुसार काम नगरिएको स्थानीयको आरोप छ । स्थानीयका अनुसार माटो बढी हालिएकाले ग्राभेल सामान्य वर्षा हुँदा हिलाम्य र घाम लाग्दा धुलाम्य हुने गरेको छ । सडक स्तरवृद्धिको जिम्मा रोशन एण्ड धनञ्जय जेबीले पाएको थियो ।

स्थानीय दिलबहादुर कुमाइले गुणस्तरहीन काम गरिएकाले यात्रुले सास्ती भोग्नुपरेको बताए । उनका अनुसार सडक हिलाम्य भएकाले स्यानीपिप्ली माथिको जंगलमा सधैं गाडी फस्ने गरेका छन् । बीच बाटोमा फस्ने समस्याले साना गाडीलाई सधैं आउजाउ गर्न कठिनाइ भएको उनको भनाइ छ । ठेकेदारले ग्राभेल गर्ने नाममा माटोमात्रै बिछ्याएकाले सडक पहिलाभन्दा बिग्रिएको चोरपानीकी प्रेमी विकले बताइन् । 'सुरुसुरुमा काम गरेजस्तो ठीकै देखियो । काम सम्पन्न गरेको तीन/चार महिनादेखि सडकको अवस्था पहिलेको भन्दा खराब भयो,' उनले भनिन्, 'ठेकेदार कम्पनीले सडक स्तरवृद्धिमा लापरबाही गरेकै हो । लापरबाही नगरेको भए यति छिट्टै बिग्रने थिएन ।' उनका अनुसार माटो बढी पटान गरेका कारण सवारीसाधन आवतजावतमा समस्या भएपछि यात्रुले सास्ती पाइरहेका छन् । सडकमा गाडी गुड्दा धूलोले बटुवाहरू हिंड्नै नसकिने अवस्था रहेको उनको भनाइ छ । उनले सहज रूपमा यात्रा गर्ने आशासहित घरबाट निस्कने यात्रुले गाडी धकेल्दै यात्रा गर्नुपर्ने बाध्यता रहेको बताइन् ।

सडकको अवस्था दयनीय भएका कारण वर्षाको समयमा यात्रा जोखिममा पर्ने गरेको स्थानीय शिवप्रसाद थापाले बताए । उनका अनुसार ग्रामीण राष्ट्रिय यातायात सुदृढीकरण कार्यक्रम र स्थानीय तहले गत वर्ष करोडौं रकम खर्च गरी स्तरोन्नति गरेका सडक गुणस्तरहीन छन् । स्यानीपिप्लीबाट रागचौरसम्म खनेको सडकको अवस्था पनि बिजोग रहेको उनको भनाइ छ । वाह्रै महिना यातायात सञ्चालन गर्ने उद्देश्यले सडकको स्तरोन्नति गर्न खोजिए पनि ठेकेदारले गुणस्तरहीन काम गर्दा वर्षातको समयमा यातायातका साधन सञ्चालन हुन छाडेको उनी बताउँछन् । 'स्तरवृद्धि गर्ने क्रममा ठेकेदारले सडकलाई साढे ६ मिटर चौडा बनाए पनि ग्राभेल प्राविधिक मापदण्डअनुसार हालिएन,' उनले भने, 'जसका कारण स्थानीयले वर्षौंदेखि सास्ती र जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था कायमै छ ।' उनका अनुसार नालासमेत पुरिएपछि बेमौसमी वर्षामा पनि सडक हिलाम्य हुने गरेको छ ।

प्राविधिक अनुगमन अभावमा ठेकेदारले राम्रोसँग काम नगरेको हुन सक्ने कुमाख गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विनोद अधिकारीले बताए । ग्राभेल भत्किएर हिलाम्य हुँदा सरकारी कामकाजका लागि आउने सेवाग्राहीसमेत समस्यामा परेको उनको भनाइ छ ।

मदिरा बिक्रीमा रोक

कान्तिपुर संवाददाता (रुकुम पश्चिम)

जिल्लाभर बिहीबारबाट मदिरा बिक्री वितरण गर्न नपाइने भएको छ । माघ ५ गतेको निर्णयअनुसार बिहीबारबाट कुनै पनि मदिरा बिक्री वितरण गर्न नपाइने भएको हो । जिल्ला समन्वय समितिको पहलमा बसेको सबै स्थानीय तह तथा सरोकारवालाको बैठकले मदिराले विकृति विसंगति बढेको भन्दै अर्को निर्णय नभएसम्मका लागि मदिरा बिक्री वितरणमा पूर्ण रोक लगाउने निर्णय गरेको थियो ।

उक्त निर्णयअनुसार बिहीबारबाट घरेलु तथा अन्य कुनै पनि मदिरा बिक्री गर्न पाइने छैन । मदिरा व्यवस्थापन गर्ने अभियानअन्तर्गत माघ ६ गतेदेखि नै जिल्लामा मदिरा भित्र्याउन दिइएको छैन भने घरेलु उत्पादनमा पनि कडाइ गरिएको छ । मदिराको उचित व्यवस्थापन गर्ने भन्दै ६ स्थानीय तहको साथै जिल्ला समन्वय समितिले प्रहरीको सहयोगमा पहिलो चरणमा मदिरा भित्र्याउन निषेध गरेका थिए । समाजमा हुने घटना, अपराधमध्ये ८० प्रतिशत बढी घटना तथा अपराधको मूल कारण मदिरा भएको निष्कर्षसहित यसको व्यवस्थापनमा स्थानीय सरकारहरू लागेका हुन् । गत माघ ६ गतेदेखि मदिरा भित्र्याउन बन्द गरेका स्थानीय सरकारले जिल्लाभित्र मौज्दात रहेको मदिरा बिक्री वितरणका लागि डेढ महिनाको समय दिएका थिए । आजको दिनबाट अर्को निर्णय नभएसम्मका लागि मदिरा बिक्री वितरण र सेवनमा पूर्ण रोक लगाइएको स्थानीय सरकारले बताएका छन् ।

> 'समाज, परिवार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा मदिराको प्रतिकूल असर देखियो'

६ महिनामा जिल्लाभित्र भएका विभिन्न अपराध र घटना मदिराकै कारण भएको निष्कर्ष प्रहरीको छ । जिल्लामा घट्ने घटना र हुने अपराधका ८० प्रतिशत घटना मदिराकै कारण भएको निष्कर्षमा स्थानीय सरकार पनि पुगेका छन् । मदिराकै कारण हरेक साता दुई आत्महत्या, हरेक महिना तीन जबरजस्ती करणी, हरेक दुई महिनामा एउटा हत्या हिंसाका घटना हुने गरेको प्रहरीको तथ्यांकले देखाएको छ । समाजमा विकृति विसंगति अन्त्यका लागि मदिरा व्यवस्थापनको विकल्प नभएको निष्कर्षमा स्थानीय सरकार पुगेका छन् ।

'समाज, परिवार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमा मदिराको प्रतिकूल असर देखियो,' जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्माले भने, 'त्यसैले असल समाज निर्माण गर्ने र सबैलाई बिनाबाधा अवरोध काम गर्ने वातावरणका लागि मदिरा व्यवस्थापनतर्फ लागिएको हो ।' जिल्लाका ७३ वडाका स्थानीयले मदिराका कारण ठूलो समस्या भइरहेकाले यसको नियन्त्रण र व्यवस्थापनमा सरकारसँग माग गरेको शर्माले बताए । मदिरा व्यवसायीले भने मदिरा बिक्री वितरण नरोक्ने बताएका छन् ।

संविधानले व्यवस्था गरेको अधिकारअनुसार नै वैधानिक व्यवसाय गरिरहेकाले मदिरा बिक्री वितरण नरोक्ने भनाइ उनीहरूको छ ।

स्थानीय तहले मदिरा व्यवसायीसँग कुनै सल्लाह तथा परामर्श नगरी एक्लौटी निर्णय गरेकाले आफूहरूले स्थानीय सरकारले भनेको मान्नुपर्ने अनिवार्य नभएको मदिरा व्यवसायी संघका अध्यक्ष नवीनकुमार खड्काले बताए ।

बिहेको उमेर नपुग्दै सम्बन्धविच्छेद

■ **भीमबहादुर सिंह** (जाजरकोट)

नलगाड नगरपालिका ५ की २० वर्षीया रमा गिरीका दुई सन्तान छन् । उनले चार वर्षअघि २९ वर्षीय कमल विकसँग अन्तरजातीय बिहे गरेकी थिइन् ।

बारेकोट गाउँपालिका ७ की २१ वर्षीया कालिका रोकायका पनि दुई सन्तान छन् । पाँच वर्षअघि उनले स्थानीय कवि रावतसँग विवाह गरेकी थिइन् । उनीहरू दुवैजनाले पतिसँग सम्बन्धविच्छेदका लागि जिल्ला अदालत जाजरकोटमा मुद्दा दायर गरेका छन् ।

यी दुईमात्र होइन, कलिलो उमेरमै विवाह गरेका यहाँका दर्जनौं किशोरी विवाह गर्ने उमेरमा सम्बन्धविच्छेद गर्न बाध्य छन् । बल्ल बिहे गर्ने उमेरमा सम्बन्धविच्छेदका लागि एक/दुई सन्तान काखी च्यापेर अदालत पुग्नेको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । सम्बन्धविच्छेद गर्न आउने अधिकांश २०/२२ वर्षका हुने गरेको जिल्ला अदालतले जनाएको छ । अदालतका स्रेस्तेदार अधिकृत देवीराम भण्डारीका अनुसार बालिकाले स्कुल जाने उमेरमा बिहे र बिहे गर्ने उमेरमा सम्बन्धविच्छेद गर्ने गरेको पाइएको छ । अदालतमा सम्बन्धविच्छेदका मुद्दा दर्ताको चाप ह्वात्तै बढेको उनले जनाए । गत भदौ १ गते लागू भएको नयाँ मुलुकी संहितासँगै अदालतमा मुद्दाको चाप बढेको उनी बताउँछन् । 'अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी सम्बन्धविच्छेदका छन्,' उनले भने, 'चालु आर्थिक वर्षको ६ महिनामा सम्बन्धविच्छेदका ८७ थान मुद्दा दर्ता भए ।'

> सम्बन्धविच्छेद गर्न आउने अधिकांश युवती २०/२२ वर्षका छन्

जसमध्ये गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ८ थान मुद्दा छन् । नयाँ संहिताअनुसार पुरुषबाट दर्ता हुन आएका सम्बन्धविच्छेदका मुद्दाको संख्या २५ रहेको अदालतले जनाएको छ । अदालतले गत साउनदेखि हालसम्म सम्बन्धविच्छेदका ५३ मुद्दा फछ्यौंट गरिसकेको छ । कम उमेरमा विवाह, अन्तरजातीय विवाह, मदिरा सेवन, दाइजो, वैदेशिक रोजगार, बहुविवाह, घरेलु हिंसा, बेरोजगारी, खाना, लाउन नदिएको, परपुरुषसँगको अवैध सम्बन्धलगायत कारण देखाउँदै सम्बन्धविच्छेदको उजुरी गर्न आउने बढेको स्रेस्तेदार अधिकृत भण्डारीले जनाए । 'पछिल्लो समय अंशसहित भन्दा अंश नलिई विच्छेद गर्ने बढेका छन्,' उनले भने, 'उजुरीकर्ता पुरुषको संख्यासमेत बढ्दै गएको छ ।' उनका अनुसार विगतभन्दा यस वर्ष मुद्दा आउने क्रम दोब्बर बढेको छ । फौजदारीभन्दा देवानी मुद्दा बढी दर्ता हुन आएको अदालतले जनाएको छ । अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ४३ सहित एक सय ९४ मुद्दा छन् । अदालतमा सम्बन्धविच्छेद, अंश, गाली बेइज्जती, कर्तव्य ज्यान, जबरजस्ती करणी, मानाचामल, बहुविवाह, सवारी ज्यान, लेनदेनलगायत मुद्दा दर्ता भएको छन् ।

जिल्ला अदालतले असहाय, गरिब, पीडितलगायत पक्षका लागि ४० थरीका लिखित निःशुल्क लेखिदिने व्यवस्था मिलाएको छ । आर्थिक अभाव भएका र कानुन व्यवसायीको पहुँचमा नरहेका पीडित पक्षका लागि दस्तुर दाखिला, मुद्दा सकार, अधिकृत बारेसनामा, मुद्दा मुतलबी राखी पाऊँलगायत लिखित अदालतबाटै निःशुल्क लेखिदिने गरेको भण्डारीले जनाए । भण्डारीका अनुसार कानुनी ज्ञानको अभावमा अधिकांश तारिख, प्रतिउत्तर म्याद, हदम्याद, पुनरावेदन म्यादलगायतबाट बेखबर हुने गरेका छन् ।





तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	स्फुर्ती बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	अस्वस्थता
मिथुन	मित्र भेट	धनु	उत्साहप्रद
कर्कट	आलस्यता	मकर	कान्ति क्षय
सिंह	अध्ययनमा सफल	कुम्भ	कार्य सफल
कन्या	पारिवारिक सुख	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७५ साल फागुन १७ गते शुक्रबार तदनुरुप १ मार्च २०१९ फाल्गुन कृष्णपक्ष दशमी तिथि प्रात ११:२९ बजेसम्म उप्रान्त एकादशी तिथि, पूर्वाषाढा नक्षत्र, सिद्धि योग दिनको ०१:२७ बजेसम्म उप्रान्त व्यतिपात योग, बब करण रात्रिको १२:०७ बजेसम्म उप्रान्त करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	ग्रुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	नेपाल स्पेल बी
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एम एन्ड एस (हड्डार हल्ट)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	हर्के हलदार
२:३०	कान्तिपुर समाचार
३:००	नेपाल स्पेल बी
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एम एन्ड एस (इन्स्पाचर)
७:००	सुमनसँग
७:३०	द्वानदी फर्स्ट लभ
८:००	कान्तिपुर समाचार
९:००	सम्मी एडमेन्चर्स
९:३०	रजतपट
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एम एन्ड एस (इन्स्पाचर)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एम एन्ड एस (इन्स्पाचर)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	सुमनसँग
३:००	द्वानदी फर्स्ट लभ
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	सम्मी एडमेन्चर्स
४:३०	रजतपट

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	जीवन दर्पण (बालचन्द्र)
०६:१०	मुक्तिको आवाज
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रेमन)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मलाई मन पर्छ
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (प्रियंका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (रेमन)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (धलिसा)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल
१५:००	कान्तिपुर डायरी
१५:१५	तसु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	सिने क्वीज
१८:३०	कान्तिपुर डायरी
१८:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (रमीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ओल्डी गोल्डी (रमीता)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सिर्जनाका सम्झना (प्रतिमा श्रेष्ठ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६८०
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२४८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०१/५२२४०६
जिल्ला प्रहरी कार्यालय	९००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५५४०५४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९८४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५, ९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१४५६८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०२८७
जिल्ला अस्पताल	०८८५३०१५५, ०८८५३०१५४
एम्बुलेन्स	९८०२८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३२५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०९६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुनौरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८४५०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८००४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
एशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर दयावत्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५८-२२२२ (Ncell)

बझाङमा १३ औं पटक हिमपात



हिउँ ढाकिएको बझाडको बित्थड चिर गाउँपालिकाको मल्ला भतडा गाउँ । *तस्बिर : वसन्तप्रताप/कान्तिपुर*

■ **वसन्तप्रताप सिंह** (बझाड)

माघको दोस्रो सातायता बझाडमा १३ औं पटक हिमपात भएको छ । दैनिकजसो हिमपात हुन थालेपछि जिल्लाका पहाडी तथा उच्च हिमाली क्षेत्रमा बढेको जाडोका कारण स्थानीयको दैनिक जनजीवन कष्टकर बनेको छ ।

सोमबार साँझदेखि सुरु भएको हिउँदे झरी बुधबारसम्म रोकिएको छैन । लगातारको झरीले लेकाली भेगमा बाक्लो हिउँ जमेपछि स्थानीय बासिन्दा घर बाहिर निस्कन सकेका छैनन् । साबिकका दहबगर, भैरवनाथ, पीपलकोट, व्यासी, कफलसेरी, धमेना, कैलाशकाँडा, दौलीचौर, सुर्मा, लेकगाउँ, मौलाली, सैनपसेला, भामचौर, स्याडी, देउलेक मष्टा, भातेखोला, रिलु, मेलबिसौना, दाँतोलालगायतका गाविसमा बाक्लो हिउँ जमेपछि दैनिक कामकाज गर्न अप्ठ्यारो भएको स्थानीयले बताएका छन् ।

'दिक्कै लाग्ने गरी हिउँ पर्न थाल्यो,' तल्कोट गाउँपालिका दाँतोलाका लालबहादुर बोहराले भने, 'घर बाहिरको काम गर्न समस्या भइरहेको छ । चिसोले बिरामी हुनेको संख्या बढिरहेको छ ।'

हिमपात भएको क्षेत्रको तापक्रम माइनसभन्दा तल झरेको छ । चिसोले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएको स्थानीयले बताएका छन् । चिसोका कारण बालबालिका बिरामी पर्न थालेको सुनिकोटकी खुडीदेवी कुँवरले बताइन् ।

अत्यधिक जाडो बढेपछि ओढ्ने र लगाउने लुगाफाटो नभएका विपन्न परिवारलाई सास्ती थपिएको छ ।

जाडो बढेसँगै बालबालिकामा निमोनिया र वृद्धवृद्धामा दमको संक्रमण बढिरहेको जिल्ला अस्पताल बझाङले जनाएको छ । 'श्वासप्रश्वाससम्बन्धी समस्या भएका बिरामी बढी आउने गरेका छन्,' जिल्ला अस्पतालका डा. अनुप रेग्मीले भने, 'दैनिक ४ जनालाई त भर्ना गरेर उपचार गर्नु परिरहेको छ ।' चिसोले निमोनिया, दम, रुघाखोकी, श्वासप्रश्वाससम्बन्धी र भाइरल संक्रमण भएका बिरामी दैनिक १५/२० को संख्यामा जिल्ला अस्पतालमा आउने गरेको र गाउँका स्वास्थ्य संस्थामा पनि यस्ता बिरामीको संख्या बढिरहेको उनले बताए । चिसोमा आगो ताप्ने र धूवाँले गर्दा दम र निमोनियाका रोगीहरूको रोग बल्झिने भएकाले यसबाट सचेत हुनुपर्ने उनको सुझाव छ ।

> लगातारको झरीले लेकाली भेगमा बाक्लो हिउँ जमेपछि स्थानीय बासिन्दा घर बाहिर निस्कन सकेका छैनन्

विद्यालय खुलेनन्

माघ महिनाको सुरुदेखि नै लगातार हिमपात हुन थालेपछि बन्द भएका विद्यालय अझै खुल्न सकेका छैनन् । सामान्य अवस्थामा पनि अन्य विद्यालयको तुलनामा कम पढाइ हुने हिमाली क्षेत्रका विद्यालय हिमपातका कारण लामो समयसम्म बन्द हुँदा सयौं विद्यार्थीको पढाइ प्रभावित भएको छ ।

हिमपात भइरहेकाले बढेको जाडोका कारण उत्तरी भेगका ६० भन्दा बढी विद्यालय करिब एक महिनादेखि खुल्न सकेका छैनन् । 'जमेको हिउँ पग्लन पाएको छैन । लगातार हिमपात भइरहेकाले हिउँ थपिएको थपियै छ,' साइपाल गाउँपालिकाको धुली आधारभूत विद्यालयका प्रधानाध्यापक नवराज जोशीले भने 'घरबाट बाहिर निस्कनै गाह्रो छ । स्कुल खुल्ने त कुरै भएन,' उनले जाडो अत्यधिक बढेका कारण साना बालबालिकालाई समस्या हुने भएकाले विद्यालय खुल्न नसकेको बताए । हिमपातका कारण जिल्लाको उत्तरवर्ती साइपाल, तल्कोट, सुर्मा र मष्टा गाउँपालिका सबैजसो विद्यालय बन्द रहेका छन् । यस्तै बित्थड चिर गाउँपालिका, बुंगल र जयपृथ्वी नगरपालिकाका उत्तरी भेगका विद्यालय पनि बन्द भएको स्थानीयले बताएका छन् । जिल्लाका उच्च पहाडी र हिमाली क्षेत्रका गरी एक सयभन्दा बढी विद्यालय करिब डेढ महिनादेखि बन्द भएका हुन् ।

यातायात, विद्युत् र टेलिफोन अवरुद्ध

लगातारको हिमपातले सडकमा हिउँ जम्दा पटकपटक यातायात अवरुद्ध भएको छ । बझाङबाट धनगढी, महेन्द्रनगर र काठमाडौं जाने र त्यहाँबाट जिल्ला आउने सयौं यात्रु राजमार्गको विभिन्न ठाउँमा घन्टौं हिउँमा फस्ने गरेका छन् । दैनिकजसो राजमार्ग अवरुद्ध हुँदा यात्रुले सास्ती पाउने गरेको पवनदूत यातायातका काउन्टर इन्चार्ज विनोद बमले बताए । उनले भने, 'सामान्य वर्षा भए पनि श्रीभावर र खोड्पेतिर हिउँ जम्छ । वर्षा भएका बेला गाडी नरोकिएको कुनै दिन छैन,' उनले बढी हिउँ परेका बेला २ दिनसम्म गाडी रोकिने गरेको उल्लेख गर्दै सामान्यतया: ४ घण्टा दैनिक बाटो अवरुद्ध भइरहेको बताए ।

हिमपातकै कारण बझाङको विद्युत् सेवा पनि अवरुद्ध हुन थालेको छ । बैतडीको भालुमारा भन्ने ठाउँमा हिउँको भार थाम्न नसकेर मुख्य लाइनको तार खसेका कारण विद्युत् सेवा अवरुद्ध भएको नेपाल विद्युत् प्राधिकरण बझाङ वितरण केन्द्रले जनाएको छ । यस्तै सोमबार साँझदेखि नै बन्द भएको नेपाल टेलिकमको मोबाइल, ल्यान्डलाइन र इन्टरनेट सेवा पनि बिहीबार दिउँसो केहीबेर सुचारु भएर पुन: बन्द भएको छ । विभिन्न ठाउँमा रहेका टेलिकमका सोलार स्टेसनमा पाता छोपिने गरी हिउँ जमेका कारण ब्याट्री चार्ज हुन नसक्दा सञ्चार सेवा अवरुद्ध भएको नेपाल टेलिकमले जनाएको छ ।

विगतभन्दा यो वर्ष पश्चिमी वायु लामो समयसम्म सक्रिय भएकाले बढी हिमपात भएको मध्य तथा सुदूरपश्चिम क्षेत्रीय हावापानी कार्यालयले जनाएको छ । हावापानी कार्यालयका प्रमुख नीराजन सापकोटाका अनुसार पश्चिमी वायु अझै सक्रिय देखिएकाले शुक्रबार रातिसम्म देशैभर हिमपात र वर्षाको सम्भावना रहेको छ ।

नियम मिचेर सिफारिस गर्दै जनप्रतिनिधि

■ **डीआर पन्त** (डडेलधुरा)

स्थानीय तहका जनप्रतिनिधिले कानुनविपरीत सिफारिस गर्दा प्रशासनिक निकायलाई काम गर्न कठिन भएको छ । जथाभावी गरिएका सिफारिसले सेवाग्राहीले पनि झमेला बेहोर्नुपर्ने अवस्था छ ।

अमरगढी नगरपालिका १० का वडाध्यक्ष विष्णुराज भट्टले नागरिकता प्रतिलिपिको सिफारिस दिनुपर्ने व्यक्तिलाई नयाँ नागरिकताको सिफारिस दिए । जिल्ला प्रशासन कार्यालयमा अध्यक्षले गरेको सिफारिसमाथि सोधपुछ गर्दा नागरिकता पहिल्यै लिएको भेटियो । गन्यापधुरा गाउँपालिका १ का वडाध्यक्षले पनि एकजना सन्यासीको नागरिकता बनाउन सिफारिस गरेपछि प्रमुख जिल्ला अधिकारीले प्रमाण नपुगेको भन्दै फिर्ता गरे ।

साबिकको आलिताल गाविसबाट नागरिकता बनाउन आएका धर्म थापाले पनि गलत सिफारिस लिएर जिल्ला प्रशासन पुग्दा निकै सास्ती भोग्नुपऱ्यो । जिल्लाको दुर्गम नवदुर्गाको बेलापुरबाट सिफारिस लिएर आएका हरिसिंह साउदले पनि नागरिकता पाउन सकेनन् ।

जिल्ला प्रशासन कार्यालय डडेलधुरामा दैनिक यसरी कानुनविपरीत सिफारिस लिएर आएका दर्जनौं सेवाग्राही फर्कनुपरेको भेट्न सकिन्छ । कतिपय जनप्रतिनिधिले आफ्नो अधिकार बाहिर गएर मनपरी ढंगले गर्ने सिफारिसका कारण सेवाग्राहीले सास्ती भोग्नुपरेको हो । वडाध्यक्षसहित जनप्रतिनिधिलाई ५८ प्रकारका सिफारिस गर्ने अधिकार कानुनले दिएको छ । जन्म र मृत्यु दर्तादेखि नागरिकतासम्म सिफारिस गर्दा जनप्रतिनिधिहरूले ख्याल नपुऱ्याउने गरेको कर्मचारीहरू बताउँछन् ।

'नागरिकताका लागि अधिकांश जनप्रतिनिधिले गरेका सिफारिस नियमविपरीत हुन्छन्,' डडेलधुराका सहायक प्रमुख जिल्ला अधिकारी करुणाकर अवस्थीले भने, 'जिल्ला प्रशासन कार्यालयमा यस्ता सिफारिसको चाङ लागेको छ ।' त्यही कारण दैनिक दर्जनौं सेवाग्राहीले दुःख पाइरहेको उल्लेख गर्दै सहायक प्रजिअ अवस्थी भन्छन्, 'नागरिकता, सामाजिक सुरक्षा भत्ताका लागि उमेर नपुगी उमेर पुगेको सिफारिस गर्ने, नागरिकताको विवरण सच्याउने, राहदानीका लागि आउने जस्ता संवेदनशील विषयमा जनप्रतिनिधिले विचार नपुऱ्याउँदा समस्या हुने गरेको छ ।'

नागरिकता ऐन, २०६३ अनुसार नागरिकताको विवरण सच्याए वा सच्याउन लगाए ५ वर्षसम्म कैद हुने व्यवस्था छ । सहायक प्रजिअ अवस्थी भन्छन्, 'कानुनी व्यवस्था ख्याल नगरेर गरिने यस्ता सिफारिसका आधारमा नागरिकता दिन नसकिने भएकाले सेवाग्राहीले सास्ती भोग्नुपरेको छ ।

जिल्ला प्रशासन कार्यालयमा पठाइएका सिफारिसको अभिलेखसमेत वडा र सम्बन्धित कार्यालयहरूमा भेटिदैन । सिफारिसको प्रतिलिपि र दर्ता चलानी कार्यालयमा राखिनुपर्ने वडा तहका कर्मचारीहरू बताउँछन् । सिफारिस गर्नुअघि कर्मचारीलाई जानकारी नै दिइँदैन, जसले गर्दा कार्यालयमा गरिएको सिफारिसको अभिलेख भेटिदैनन् । अमरगढी नगरपालिकाका एक कर्मचारी भन्छन्, 'जनप्रतिनिधिले झोलामा राखेका कार्यालयका छाप प्रयोग गरेर हिँड्दा हिँड्दै सिफारिस दिने गरेकाले यस्ता समस्या आउने गरेका छन् ।' जनप्रतिनिधिहरू भने आफूले गलत सिफारिस गरिरहेको स्विकार गर्दैनन् । अमरगढी नगरपालिका १० का वडाध्यक्ष विष्णु भट्ट भन्छन्, 'कहींकतै त्रुटि हुनु स्वाभाविक हो । तर कानुनी रूपमा अधिकार नभएका विषयमा कुनै सिफारिस गरिएको छैन ।' कानुनले दिएको अधिकार प्रयोग गरेर सिफारिस गर्न पाउनु आफ्नो अधिकार भएको पनि उनले दाबी गरे ।

चुहिने अस्पतालमा बिरामीको बेहाल

■ **मेनुका दुंगाना** (अछाम)

मंगलसैन नगरपालिका १२ की चन्द्रा रावलका एक वर्षीय छोरालाई झाडापखाला लाग्यो । ४ घण्टा पैदल हिँडेर राति नै आमाले जिल्ला अस्पताल पुऱ्याइन् । डाक्टरको सल्लाहअनुसार ४ दिन बाल वार्डमा राखियो । मध्यरातिपरेको पानी बेडमा नै चुहिन थालेपछि उनले छोरालाई काखमा च्यापेर रात काटिन् ।

'छोरा बिरामी भयो । चाँडो सञ्चो होला भनेर अस्पताल ल्याएँ । बेडमा पानी चुहिएर रातभर जाग्राम बस्नुपर्दा आफू पनि बिरामी होला जस्तो भयो,' चन्द्राले भनिन्, 'छोरालाई निमोनियाले झन् च्यापेको छ । अर्कै रोग लागेको भनेर अस्पताल भर्ना गराएका चिकित्सकले अहिले त चिसोले गर्दा निमोनिया पनि भयो भन्छन् ।'

उनका अनुसार बच्चा भर्ना गर्ने वार्डमा भएका ३ वटै बेड पानी पर्न थालेपछि भिज्छन् । अन्य बेडको अवस्था पनि उस्तै हो । 'अर्को बेडमा बालकलाई सुताउन भनेर बाहिरको बेड हेर्न गएँ । त्यहाँ झन् पूरै भिजेको रहेछ ।'

चन्द्रालाई मात्र होइन । मंगलसैन २ की बिरु साउदलाई पनि बेडमा पानी चुहिने समस्याले सताएर रातभर जाग्राम बस्नुपर्ने समस्या आइलाग्यो । रूखबाट लडेर खुट्टा भाँचिएपछि ५ दिनअघि जिल्ला अस्पतालमा भर्ना भएकी थिइन् । पानीले पूरै बेड भिज्दा उनी बेडबाट न त ओर्लिन सकिन्, न त कसैलाई समस्या बताउन सकिन् ।

'बेड यताउता सार्न एक जना छेउमै बस्नुपर्छ । बाध्यताले यता बस्नुपरेको छ । घरमा बसेको भए यसरी चुहिने बेडमा त बस्नुपर्ने थिएन,' उनले अस्पताल बस्दाको पीडा सुनाउँदै भनिन् ।

जिल्ला अस्पताल अछामका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. मनोज विष्टका अनुसार अस्पतालमा सञ्चालनमा रहेका २८ शय्याको अवस्था बेहाल छ । ४ दशकअघि जस्तापाताले छाएको अस्पतालको सामान्य मर्मत भए पनि जस्तापाता फेर्न नसक्दा चुहिने समस्या रहेको उनी बताउँछन् । 'प्रसूति वार्ड, सुरक्षित गर्भपतन गराउने वार्ड, इमर्जेन्सी वार्ड र ओपीडी कक्षमा पानी परेको दिन पस्नै सकिँदैन,' डाक्टर विष्टले भने, 'एक महिनामुनिको बच्चा राख्ने वार्ड पनि जोखिममा छ । एउटा समस्याले अस्पताल भएका बिरामीले अर्को पनि समस्या भोग्नुपर्छ ।'

अस्पतालको पूर्वाधार मर्मत सुधारका लागि पटकपटक स्थानीय तह, प्रदेश र संघसम्म कुरा पुऱ्याए पनि मर्मतका लागि कसैले चासो नदेखाएको विष्ट बताउँछन् । अस्पतालमा पोस्टमार्टम गर्ने ठाउँको पनि अभाव छ । २४ सै घण्टा बिजुली हुँदैन । जेनेरेटर नहुँदा काम गर्ने वातावरण नै नभएको उनी बताउँछन् । 'आफूले गर्न सक्ने उपचार पनि उपकरण अभावमा रिफर गर्नुपर्ने अवस्था आउँदा दुःख लाग्छ,' डा. विष्टले भने ।

यसअघि सेवा प्रवाह तथा कार्यसम्पादनमा अछाम स्वास्थ्य कार्यालय सर्वोत्कृष्ट घोषणा भएको हो । तर मन्त्रालयले तोकेका केही सूचकहरू पूरा गर्दैमा अस्पतालको स्वास्थ्य सेवा नबदलिएको स्थानीय बासिन्दाहरू बताउँछन् । सामान्य प्रकारको स्वास्थ्य समस्या हुँदा पनि उपकरण, चिकित्सक, औषधि अभावलगायत कारण देखाउँदै बिरामीहरूलाई रिफर गर्ने गरिएकोप्रति स्थानीय बासिन्दा असन्तुष्ट रहँदै आएका छन् ।

सुशासन नीति ल्याउन माग

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय बासिन्दाले सुशासन नीति चाँडो ल्याउन आग्रह गरेका छन् । स्थानीय तहलाई पारदर्शी, जवाफदेही र सुशासनमैत्री बन्न उनीहरूले आग्रह गरेका हुन् ।

केआई सिंह गाउँपालिकाका जनप्रतिनिधिलाई वडा नम्बर ५ रानागाउँका स्थानीयले सामूहिक रूपमा यस्तो आग्रह गरेका हुन् । बुधबार जनप्रतिनिधि र स्थानीयबीच आयोजना गरिएको अन्तर्क्रियामा दुर्गासिंह रावलले गाउँपालिका अध्यक्ष लोकेन्द्रबहादुर शाहीलाई ध्यानाकर्षण पत्रसमेत हस्तान्तरण गरे ।

'हामी स्थानीय तह पारदर्शी र जवाफदेही होस् भन्ने चाहन्छौं, गाउँपालिकाले गरेका कार्यसम्पादनहरू सबै जनताले सहज रूपमा पाऊन् भन्ने हाम्रो माग हो,' रानागाउँ स्थानीय सभाका संयोजक रावलले पत्र बुझाउँदै भने, 'गाउँपालिकाले यथाशीघ्र सुशासन नीति र सामाजिक जवाफदेही कार्यविधि बनाएर कार्यान्वयन गरोस् ।'

हालसम्म कुनै पनि स्थानीय तहले सुशासन नीति बनाएका छैनन् । कानुन तथा कार्यविधि निर्माणमा कमजोर देखिएका यहाँका स्थानीय तहहरू कर्मचारी अभाव, विषयगत विज्ञताको अभावजस्ता समस्याले काम गर्न नसकेको बताउँदै आएका छन् ।

यसअघि रानागाउँका स्थानीयले वडाध्यक्ष रामचन्द्र राणामार्फत सुशासन नीति तथा कार्यविधि बनाउन गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्र बुझाएको लामो समय भइसक्दा पनि अझै नीति तथा कार्यविधि बन्न नसकेकाले कार्यदल बनाई अघि बढ्न सुझाव दिइएको रावलले बताए ।

गाउँपालिका अध्यक्ष लोकेन्द्र शाहीले स्थानीयको मागअनुसार गाउँपालिकाले नीति र कार्यविधिको मस्यौदामाथि छलफल गरिरहेको बताए । 'यस आर्थिक वर्षभित्र नीति तथा कार्यविधि बनाई अर्को आर्थिक वर्षमा कार्यान्वयनमा ल्याउँछौं', शाहीले भने, 'यहाँहरूले भनेझैं कार्यदल बनाएर मस्यौदामाथि स्थानीयसँग छलफल चलाइनेछ ।'

गाउँपालिकालाई सुशासनमैत्री बनाउन आफ्ना वेबसाइटमार्फत सूचना जारी गरिरहेको, गाउँपालिकाको कार्यालयमा डिजिटल बोर्डमार्फ सूचना प्रवाहका लागि तयारी भइरहेको अध्यक्ष शाहीले बताए ।

मदिरा व्यवस्थापन गर्न माग

सोही अन्तर्क्रियामा रानागाउँका महिलाहरूले गाउँपालिकाका जनप्रतिनिधिसँग मदिरा र जुवा नियन्त्रण तथा व्यवस्थापन गर्न माग गरेका छन् । उनीहरूले गाउँपालिकाका उपाध्यक्ष मीना विष्टलाई ज्ञापनपत्र बुझाए । मदिरा र जुवातासले महिलामाथि दैनिक घरेलु हिंसा बढ्दै गएको भन्दै रानागाउँ जमलकट्टेकी यशोदा शर्माले जनप्रतिनिधिलाई ज्ञापनपत्र दिएकी हुन् । 'महिलाले महिलाको पीडा बुझ्ने भएकाले उपाध्यक्ष विष्टलाई ज्ञापनपत्र दिएका हौं,' शर्माले भनिन्, 'हामीलाई उपाध्यक्ष विष्टमाथि ठूलो आशा छ, मदिराले हाम्रो घरबार बिग्रेकाले नियन्त्रणका लागि स्थानीय सरकारसँग माग गरिएको हो ।'

ज्ञापनपत्र बुझ्दै उपाध्यक्ष विष्टले मदिरा नियन्त्रण तथा व्यवस्थापनबारे गाउँपालिकामा छलफल भइरहेको बताइन् । उनले मदिराका कारण बढ्दै गएको विकृतिबारे आफू जानकार रहेको र त्यसका लागि स्थानीयको सहयोग मिलेमा अघि बढ्न तयार रहेको बताइन् । अध्यक्ष शाहीलगायत वडाध्यक्षहरूले मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि गाउँपालिका एक्लै लागेर सफल नहुने बताए ।